# धम्मपदट्ठकथा

## तेश्रो भाग

Dhamma.Digital

नेपाली अनुवादक

**धर्मरत्न शाक्य "त्रिशूली"**

शंखमूल चोक, नयां बानेश्वर

Downloaded from http://dhamma.digital

# धम्मपदट्ठकथा

## तेश्रो भाग

नेपाली अनुवादक

**धर्मरत्न शाक्य "त्रिशूली"**

शंखमूल चोक, नयां बानेश्वर

Downloaded from http://dhamma.digital

प्रकाशक:
बिद्या, बीणा र माया शाक्य
बुटवल

बुद्ध सम्बत २५४६
नेपाल सम्बत ११२३
विक्रम सम्बत २०५९
ईश्वी सम्बत २००३

पह्लिलो संस्करण: १०००

मूल्य : ४०|-

मुद्रण:
बागमती छापाखाना
गाबहाल, ललितपुर ।
फोन नं. ५३३८४७

Downloaded from http://dhamma.digital

# विषय सुची


| विषय : | पृष्ठ संख्या |
|---|---|
| १. संघनायक भिक्षु अनिरूद्ध महास्थविरको शुभकामना | क |
| २. दुई शब्द | ख |
| ३. मन्तव्य | घ |
| ४. फोटो | ङ |
| ५. प्रकाशकीय | च |
| ६. दिवंगत मेरा आमा बुबाको संक्षिप्त परिचय | ज |
| **५. बाल वर्ग** | |
| १. कुमुद कमल ल्याउने गरीब सेवकको कथा | १ |
| २. महा काश्यप स्थविरका शिष्यहरूको कथा | १८ |
| ३. आनन्द महाजनको कथा | २४ |
| ४. गाँठो फुकाल्ने चोरहरूको कथा | २८ |
| ५. उदायी स्थविरको कथा | ३० |
| ६. भद्रवर्गिहरूको कथा | ३२ |
| ७. सुप्पबुद्ध कोढीको कथा | ३३ |
| ८. कृषकको कथा | ३६ |
| ९. सुमन मालाकारको कथा | ३९ |
| १०. उत्पलवर्णा थेरीको कथा | ४६ |
| ११. जम्बुक आजीवकको कथा | ४९ |
| १२. सर्प प्रेतको कथा | ६१ |
| १३. सट्ठिकूट प्रेतको कथा | ६६ |
| १४. सुधम्म स्थविरको कथा | ७१ |
| १५. वनवासी तिस्स स्थविरको कथा | ८० |


Downloaded from http://dhamma.digital

## ६. पण्डित वर्ग


| | | |
|---|---|---|
| १. | राध स्थविरको कथा | ९९ |
| २. | अस्सजि पुनर्वसुहरूको कथा | १०४ |
| ३. | छन्न स्थविरको कथा | १०६ |
| ४. | महाकप्पिन स्थविरको कथा | १०७ |
| ५. | पण्डित श्रामणेरको कथा | १२० |
| ६. | लकुण्टक भद्दिय स्थविरको कथा | १३८ |
| ७. | काण माताको कथा | १४० |
| ८. | पाँचसय भिक्षुहरूको कथा | १४४ |
| ९. | धम्मिक स्थविरको कथा | १४८ |
| १०. | धर्म श्रवण गरेको कथा | १५० |
| ११. | आगन्तुक पाँचसय भिक्षुहरूको कथा | १५२ |


Downloaded from http://dhamma.digital

# संघनायक भिक्षु अनिरूद्ध महास्थविरको
# शुभ कामना

बौद्ध साहित्यमा "धम्मपद" अति महत्व पूर्ण छ । त्यो भन्दा पनि धम्मपदअट्ठकथाको महत्व सम्पूर्ण ऐतिहासिक बुद्धकालीन कथावस्तुहरू तथा गाथाहरू विस्तृत रूपमा भएकोले धम्मपद रूपी ताला खोल्ने साँचोको रूपमा लिन सकिन्छ ।

उक्त ग्रन्थ नेपाल भाषामा आयुष्मान भिक्षु अमृतानन्दको तर्फबाट प्रथम भाग अनुवाद भै प्रकाशित भयो । त्यसपछि भाग २ र ३ मेरो तर्फबाट अनुवाद भएकोलाई आनन्दकुटी विहार गुठीको तर्फबाट प्रकाशन भयो । त्यसपछि आफैले क्रमश: प्रकाशन गरें । हाल आएर बौद्ध विद्वान उपासक धर्मरत्न शाक्य "त्रिशुली" द्वारा धम्मपदअट्ठकथा नेपाली भाषामा अनुवाद गरी बौद्ध साहित्यमा महत्वपूर्ण कामगर्नु भएको छ ।

उहाँले बौद्ध धर्मका मूल ग्रन्थहरू समेत अनुवाद गरी सक्नुभएको छ । उहाँको बौद्ध विद्वतालाई हामीले मुल्याङ्कन गर्न सक्नु पर्दछ । उहाँले आफ्नो हृदयरोगलाई ध्यानद्वारा सम्हाली यसरी सम्पन्न गर्नु भएको सुकार्यको सराहना गर्दछु । साथै उहाँको सुस्वास्थ्य तथा दिर्घायुको कामना गर्दछु ।

बुद्ध सम्बत २५४४ चैत्र पूर्णिमा
आनन्दकुटी विहार, काठमाडौं ।

भिक्षु अनिरूद्ध



Downloaded from http://dhamma.digital

# दुई शब्द

बुद्ध वचन पालि त्रिपिटक सूत्र पिटक, विनय पिटक र अभिधर्म पिटक भनी तीन भागमा विभाजन गरी राखेको छ । यी मध्ये सूत्र पिटकमा दीघ निकाय, मज्झिम निकाय, संयुक्त निकाय अङ्गुत्तर निकाय र खुद्दक निकाय भनी पांच निकाय छन् । यही खुद्दक निकायमा भएका पन्ध्रवटा ग्रन्थमध्ये "धम्मपद" पहिलो गन्थ हो । यसमा भएका जम्मा ४२३ वटा गाथालाई २६ वर्गमा विभाजन गरी राखेका छन् । यी गाथाहरू कुनै ब्यक्ति वा कुनै समूहमा कुनैन कुनै घटना घट्नु वा कुनै कारण भएपछि सोही कारणमा भगवान बुद्ध द्वारा जुन उपदेश गाथाको रूपमा दिनुभएको छ त्यो उपदेशलाई नै धम्मपद नाउँ दिइराखेको हो । त्यसकारण धम्मपदको प्रत्येक गाथाको पछाडि कुनै एक ब्यक्ति वा कुनै समूहको कुनैन कुनै घटना वा कारण हुन्छ । सोही घटनालाई स्पष्ट गर्ने काम धम्मपद अत्थकथा बाट हुन्छ ।

धम्मपद अत्थकथाको लेखक आचार्य बुद्धघोष हुनुहुन्छ । यसमा धम्मपदको गाथामा आधारित सिद्धान्तलाई निदान विवरण तथा त्यो गाथाको उपदेश कहिले, कहाँ, कुन ब्यक्ति वा कुन समूहलाई लक्षित गरी उपदेश दिनुभयो, त्यस ब्यक्तिको काल स्थानको चर्चा गर्दै तात्कालीन परिस्थितिहरूको पनि उल्लेख भएको हुन्छ । साथै गाथाको कथनको शब्दार्थ र पदार्थ पनि समावेश गरिएको हुन्छ ।

नेपालमा पूज्य आचार्य महानायक अमृतानन्द महास्थविरबाट वि.सं. १९९८ मा सर्व प्रथम बुद्ध वचनलाई नेपाल भाषामा अनुवाद गरी प्रकाश गर्नुभएको यस धम्मपदलाई उहाँले नै यसको अत्थकथा पनि नेपाल भाषामा अनुवाद गर्नुभै २००२ सालमा नै प्रकाश गर्नु भएको र यसको दुतीय संस्करण समेत भैसकेको छ ।



Downloaded from http://dhamma.digital

त्यसपछि यसलाई निरन्तरता दिन वर्तमान नेपालका संघनायक पूज्य अनिरुद्ध महास्थविरज्यू बाट सम्पूर्ण धम्मपद अत्थकथा नेपाल भाषामा अनुवाद गरी प्रकाश गरी सक्नुभएको छ । यस्तो शिक्षाप्रद ग्रन्थ नेपालका सम्पूर्ण नेपाली भाषाभाषी जनसमुदायहरूले पनि अध्ययन गर्ने मौका पाउनु पर्छ भन्ने धारणा लिनुभई पूज्य आचार्य महानायक अमृतानन्द महास्थविरज्यू बाट २०४२ सालमा यसलाई नेपालीमा पनि अनुवाद गर्नुभै यसको २६ वर्गमा क्रमशः यमकवर्ग, अप्रमादवर्ग र चित्तवर्गलाई समावेश गरी धम्मपदअत्थकथा प्रथम भाग प्रकाश गरिसक्नुभएको छ । यसलाई नै निरन्तरता दिन उपयुक्त थानी चौथो पुष्प वर्ग लाई दोश्रो भागमा प्रकाश गरी त्यसपछिको यो बाल वर्ग र पण्डित वर्गलाई तेश्रो भाग गरी क्रमश पूरागर्ने मनसुवाले पूज्य अनिरुद्ध महास्थविर द्वारा अनुवादित ग्रन्थ र "विपश्यना विशोधन विन्यास इगतपुर" द्वारा प्रकाशित धम्मपद अत्थकथालाई आधार मानी अनुवाद गरेको छु ।

यो पुस्तक नेपालीमा अनुवाद गर्ने अनुमति तथा आफुले शुभकामना समेत दिनुभई प्रोत्साहित गर्नु भएकोमा पूज्य संघनायक अनिरुद्ध महास्थविर प्रति आभार व्यक्तगर्दछु ।

यो पुस्तकको भाषालाई शुद्ध गर्न सहयोग गर्ने छोरी सुशीला शाक्य अनि समयमा पुस्तक छापी दिने बागमति छापाखाना परिवारलाई धन्यवाद छ ।

अन्तमा यस पुस्तकलाई आफ्नो बुबा मुमाको पुण्यस्मतिमा प्रकाश गर्ने सुश्री बिद्या, बीणा र माया शाक्यलाई धन्यवाद नदिइ रहन सक्दिन । साथै पाठक वर्ग जसले यो पुस्तकलाई भाषाको दृष्टिले भन्दा पनि यसमा रहेको शिक्षालाई ग्रहण गर्नु हुनेछ भन्ने आशा लिएको छु ।

२०५९ फाल्गुण शुक्ल पूर्णिमा **धर्मरत्न शाक्य "त्रिशूली"**

शंखमूल चोक, नयांबानेश्वर



Downloaded from http://dhamma.digital

# मन्तव्य

धम्मपद बौद्ध साहित्यहरूमा महत्वपूर्ण ग्रन्थ हो । तयसमा पनि धम्मपदट्ठकथा झन महत्वपूर्ण छ । किनभने यसमा धम्मपदका प्रत्येक गाथा कहाँ, कसरी, कस्को निम्ति कसले उपदेश दिनुभएको हो भन्ने कुरा तथा गाथाको समेत स्पष्ट व्याख्या गरिएको छ ।

यस धम्मपदट्ठकथालाई नेपालमा पूज्य आचार्य महानायक अमृतानन्द महास्थविरले नेपाल भाषामा अनुवाद प्रारम्भ गरी प्रकाश गर्नुभएको हो । जसलाई पछि स्व. संघनायक अनिरूद्ध महास्थविरले सम्पूर्ण गर्नुभएको थियो । त्यसलाई फेरि अमृतानन्द महास्थविरज्यूले नै यसको २६ वर्ग मध्ये यमकवर्ग, अप्रमादवर्ग र चित्तवर्गलाई नेपाली भाषामा अनुवाद गरी प्रकाश गर्नुभएको हो । यसलाई पुन: निरन्तरता दिन धर्मरत्न शाक्य "त्रिशुली" ले वि. सं. २०५७ सालमा त्यसपछिको पुष्पवर्ग अनुवाद गरी दोश्रो भागको रूपमा प्रकाश गरेको थियो । आज फेरि त्यसपछिको बालवर्ग र पण्डितवर्ग अनुवाद गरी तृतीय भागको रूपमा प्रकाशनमा ल्याएको छ ।

यो तृतीय भाग पुस्तक जसको पुण्यस्मृतिमा प्रकाश गरिएको छ उनी श्री बाबुकाजी शाक्य तथा उनका धर्मपत्नी श्रीमती सुमनादेवी शाक्य पूज्य आचार्य महानायक अमृतानन्द महास्थविरज्यूका सहोदर भाई तथा बुहारी हुनु हुन्छ । आफ्ना पूज्यबुबा मुमाको पुण्यस्मृतिमा आफ्नी मुमाको ४५ दिनको पुण्यतिथिको उपलक्ष्य लिई यो पुस्तक धर्मदान स्वरूप प्रकाश गरेको हुनाले प्रकाशिका सुश्री बिद्या, बीणा र माया शाक्य धन्यवादका पात्र हुनुहुन्छ । साथै यस्ता अमुल्य ग्रन्थलाई नेपालीमा अनुवाद गर्नुभएकोमा अनुवादक श्री धर्मरत्न शाक्य "त्रिशुली" पनि धन्यवादका पात्र हुनुहुन्छ । उहाँलाई सदैव आरोग्य तथा दीर्घायुको कामनां गर्दछु ।

२०५९ साल फाल्गुण ७ गते

**भिक्षु मैत्री**
संस्थापक अध्यक्ष:
अन्तर्राष्ट्रिय बौद्ध समाज, लुम्बिनी



Downloaded from http://dhamma.digital



प्रातःस्मरणीय पिता स्व. बाबुकाजी शाक्य

जन्म : वि. सं. १९८० आषाढकृष्ण पंचमी शनिश्चरबार

मृत्यु : २०५९ बैशाख २१ गते चतुर्दशी आदित्यबार



प्रातःस्मरणीय माता स्व. श्रीमती सुमनादेवी शाक्य

जन्म : वि. सं. १९८० माघ पूर्णिमा सोमबार

(भगवान बुद्धको आयुसंस्कार त्यागदिन)

मृत्यु : २०५९ माघ २६ गते आदित्यबार (भीमाष्टमी)



Downloaded from http://dhamma.digital

# प्रकाशकीय

"सब्बदानं धम्मदानं जिनाति" अर्थात सबै प्रकारको दान मध्ये उत्तम दान नै धर्मदान हो भन्ने बुद्ध वचनलाई मनन गरी हाम्रा अन्नत गुणमयी आमा २०५९।१०।२६ गते आइतबार अष्टमीका दिन बिहान ११:१५ बजे दिवंगत हुनु भएकी श्रीमती सुमनादेवी शाक्यको ४५ औं दिनको पुण्यस्मृतिमा एउटा पुस्तक प्रकाशन गर्ने ईच्छा गर्‍यौं। २०५९।११।७ गते बुधवारका दिन लुम्बिनीमा गएर आमाको नाउँमा बत्ती बाली सकेपछि मैत्री भन्तेकहाँ गएर आफ्नो ईच्छा प्रकट गर्‍यौं। भन्तेले कस्तो पुस्तक प्रकाशन गर्ने भन्नुभएपछि हामीले "परित्राण धेरै नै प्रकाशन भैसकेको छ, बुबाको ४५ औं दिनको पुण्यस्मृतिमा श्रद्धेय अमृतानन्द भन्तेले प्रकाश गर्नुभएको पाठ्यसूत्रको अभावलाई ध्यानमा राखी प्रकाशन गरेका थियौं" भनेपछि वहाँले भन्नुभयो "अमृतानन्द भन्तेले धम्मपद अट्ठकथा तीन वर्गसम्म नेपाली भाषामा प्रकाशन गर्नु भएपछि बाँकी भाग मध्ये दोश्रो भाग पनि प्रकाशन भैसकेको छ, अहिलेको समयमा त्यसको तेश्रो भाग प्रकाश गरे हुन्छ" भन्नु भएपछि हामीलाई अति आनन्द भयो।

अब भौतिक वस्तुले आमालाई सेवा गर्न नसकेतापनि मंगल सूत्रमा रहेको "मातापितु उपट्ठानं" लाई मनन गरी दिवंगत हुनु भएकी अनन्त गुणले सम्पन्न हामीलाई यो संसार देखाउने आमाको सुगति तथा निर्वाणको हेतु बनोस् भन्ने कामना गरी यो सानो "धम्मपद अट्ठकथा धाग ३" प्रकाशित गरेका छौं। हामी अनाथ प्रति मैत्रीभाव राखी यो पुस्तक प्रकाशनमा ल्याउन सल्लाहका साथै प्रकाशनको सम्पूर्ण कार्यभार सम्हाल्नु भएका श्रद्धेय मैत्री भन्ते प्रति हामी हृदय



Downloaded from http://dhamma.digital

देखी हार्दिक कृतज्ञता प्रकट गर्दछौं । त्यस्तै अनुवादक बौद्ध विद्वान धर्मरत्न शाक्य "त्रिशुली" र समयमै प्रकाशन गरीदिने बागमती छापाखाना प्रति पनि आभारी छौं ।

विज्ञ पाठक वर्गमा पुगेको यो पुस्तकबाट सद्धर्म लाभ हुनेछ भन्ने आशाका साथै विश्वास गरेका छौं ।

मितिः २०५९।१२।११

**प्रकाशिका**

**छोरीहरू** : सुश्री बिद्यादेवी, बीणादेवी, मायादेवी शाक्य

**छोरा बुहारीहरू** : श्री रत्नकाजी/श्रीमती हिरादेवी शाक्य,
श्री महेन्द्रकाजी/श्रीमती सुवर्ण शाक्य,
स्व. श्री उत्तमकाजी/श्रीमती सुशीलादेवी शाक्य

**छोरी ज्वाई** : श्री सुरेशरत्न वज्राचार्य/श्रीमती शारदादेवी वज्राचार्य



Downloaded from http://dhamma.digital

# दिवंगत मेरा आमा बुबाको संक्षिप्त परिचय

अनन्त गुण सम्पन्न पूजनीय मेरो बुबा श्री बाबुकाजी शाक्यको जन्म वि. सं. १९८० आषाढकृष्ण पंचमी शनिबारका दिन स्व. हिराकाजी शाक्य तथा माता स्व. श्रीमती सुमना देवीको कान्छो छोराको रूपमा तानसेन भिमसेन टोलमा जन्मनु भएको थियो भने मेरो आमा श्रीमती सुमनादेवी शाक्यको जन्म वि.सं. १९८० माघशुक्ल पूर्णिमा सोमबारका दिन स्व. गर्भलाल वज्राचार्य तथा माता श्रीमती विष्णुकुमारी बज्राचार्यकी जेठी छोरीको रूपमा तानसेनमा जन्मनु भएको हो ।

मेरो बुबा जन्मले मात्र बौद्ध होइन कर्मले पनि बौद्ध हुनु भएको थियो । एक सप्ताहको निम्ति २०४२ साल मंसिर ९ गते हुन गएको नगर मण्डप श्रीकीर्ति विहारमा थाइल्याण्डका राजगुरु तथा उपसंघराजा परम पूज्य सोमदेत फ्रा. ज्ञानसंवर महास्थविरको उपाध्यायत्वमा शाक्य कुलपुत्रहरूको दुर्लभ प्रब्रज्याको अवसरमा उहाँ १२ औं नं. पर्नुभई राहुल भनने श्रामणेर हुनु भएको थियो भने २०४४ साल कार्तिकका धर्मश्रृंग (मुहान पोखरी) मा गुरु सत्यनारायण गोयन्काद्वारा संचालित १० दिने विपश्यना शिविरमा पनि साधक बन्नु भएको थियो । त्यस्तै आमा पनि आनन्द विहारको "बौद्ध महिला संघ"का सदस्य हुनुहुन्थ्यो भने पद्मचैत्य विहारको आजीवन सदस्य हुनुहुन्थ्यो । अति नै सरल जीवन तथा स्वाबलम्बी हुनुहुन्थ्यो ।

मेरो बुबाले बुद्ध-धर्म प्रचारको निम्ति काठमाण्डु जानुभई ज्ञानमाला भजन सिक्नुभई तानसेन आफ्नै घरमा ४/५ जना साथीहरू बटुली ज्ञानमाला भजनको तालिम दिनुभई आनन्द विहारमा ज्ञानमाला भजन संघ स्थापना गर्नु भयो । आनन्द विहार बनाउनुको निम्ति विश्वन्तर नाटक, सिद्धार्थको नाटकमा भाग लिनुभई अत्यन्त प्रशंसनीय पात्रको रूपमा परिचित हुनु भएको थियो । त्यस्तै विहारको निम्ति आइरहेको काममा कहिल्यै नहट्ने स्वभावको हुनुहुन्थ्यो । होलन्दी विहार निर्माण कार्यमा पानीको अभाव महसूस गरी त्यस बखत



Downloaded from http://dhamma.digital

बुटवल देखि तानसेनसम्म सडक विभागको गाडीमा एउटा पानीको टचाँकी राखी होलन्दी विहारलाई पानी दिनुभएको थियो ।

बालखकालमा उम्लेको पानीमा हात दुब्दा हत्केलामा औंलाहरू सबै ताँसिएको हुनाले बुबाको दाहिने हात सानो भएको कारण धेरैजसो काम बायाँ हातले नै गर्नुहुन्थ्यो । सानै उमेरदेखि बा आमाको बात्सल्यबाट बञ्चित हुनु भएतापनि दाज्यू लालकाजी शाक्य डा. आचार्य अमृतानन्द महास्थविर, बहिनी सूर्यमाया शाक्य साथै काका मोतिकाजी, सानुकाजी, नीरकाजी तथा काकी फुफुहरूको संरक्षणमा रही ठूलालाई आदर सत्कार र सानालाई माया गर्ने उहाँको बानी छ भन्ने कुरा श्रद्धेय भन्ते विमलानन्दज्यू स्वयंले पनि बुबा परलोक हुनुभएपछि बरोबर घरमा आउनुहुँदा उहाँको गुण बताउनु हुन्थ्यो । घरमा मौका छोपी बुबासंग कहिले काहीं पहिलेका सूर्यमाया अजि, काजीपौवामा बस्ने दानबहादुर बाजे, टोलका जमिन्दारहरूबाट सुनीराखेका दुःखका कुरा सोध्दा "हुनेकुरा भैसक्यो सहेर बस, अब त्यो कुरा सम्झेर के काम तिमीहरूको मन किन दुखाउने" भनी केही भन्नुहुन्नथ्यो । बायाँ हातले काम गरी ७ जना छोरा छोरीहरूको लालन पालन गरी आफ्नो खुट्टामा उभिन सक्ने कोशिस गराउनु भयो । छोराहरू तीनैजनालाई आनन्दकुटी विद्यापीठमा राखी पढाउनुभयो । यथार्थमा मेरा बुबा मुमा अत्यन्त स्वाबलम्बी र निस्वार्थी हुनु भएकोले आफ्नो काम कर्तव्यबाट कहिल्यै विचलित हुनु हुन्नथ्यो । आफ्नो अन्तिम घडीमा समेत अस्पतालबाट फर्केपछि "के भन्यो, औषधी दिएको छ ? " भनी सोध्दै थियो । त्यसको २ मिनेटमै यस संसारबाट अनित्य शरीर त्यागनुभयो । मलाई सबभन्दा दुःख लागेको के भने ७७ वर्ष ७ महिना ७ दिन ७ घठि ७ पलाको साइतमा महापरित्राण पाठ गराउने भनी सारा सामान जुटाई राखेको त्यो पुरा गर्न पाएन । अन्तिम घडिसम्म आफ्नै मेहेनतले बिताउनु भएका यस्ता बुबा आमा प्रति म हृदयदेखी नै कृतज्ञता ज्ञापन गर्दछु । अस्तु ॥

जेठी छोरी

**बिद्यादेवी शाक्य**



Downloaded from http://dhamma.digital

नमो तस्स भगवतो अहतो सम्मासम्बुद्धस्स ।

# धम्मपद अट्ठकथा

## बालवर्ग

### १. कुमुद कमल लिएर आउने गरीब सेवकको कथा

*"दीघा जागरतो रत्तिं"* भन्ने यो धर्मदेशना शास्ता जेतवन महाविहारमा बस्नु भएको बेलामा पसेनदि (प्रसेनजित) कोशल राजा र कुनै एकजना पुरुषको कारणले आज्ञा गर्नु भएको हो ।

राजा पसेनदि कोशल एक उत्सबको दिन अलंकारले सुसज्जित गरिराखेको सेतो पुण्डरीक भन्ने हाथी माथि चढेर महान राजानुभाव पूर्वक नगर प्रदक्षिणा गरी रहेका थिए । तमासा हेर्न आइरहेका धेरै नै जनताहरूलाई माटोको गिर्काले हान्दै लट्ठीले पिट्दै भगाउँदा पनि उनीहरू मुन्टो बटारेर अवश्यमेव फर्केर हेर्ने गर्थे । राजाले पहिलेको जन्ममा राम्रोसंग दान दिई, शील रक्षा गरी, कल्याणधर्म गरी आएकोको यो फल हो । कुनै एक गरीब व्यक्तिकी राम्री पत्नीले सात तले प्रासादको माथिल्लो झ्याल खोलेर राजालाई एकपटक हेरेर राजाले देखिने गरी भित्र पसिन् । राजाको मनमा पूर्णचन्द्र कालो बादलभित्र पसे जस्तो भयो । राजाले त्यस स्त्रीलाई देखेर आसक्त भई हाथीबाटै खस्लाकि जस्तो भयो । छिटो छिटो नगर प्रदक्षिणा गरी अन्तपुरमा पसेर आफ्ना विश्वासी एकजना मानिसलाई बोलाएर सोध्नुभयो - "भो! नगर परिक्रमा गर्दा एकठाउँमा मैले माथीतिर हेरेको प्रासाद तिमीले देख्यौ ?" "देखें महाराज !" "त्यहाँ झ्यालबाट तलतिर हेर्ने राम्री स्त्री एउटी देखेका थियौ होइन ?" "हो देखेको थिएँ



Downloaded from http://dhamma.digital

महाराज !" भनी बिन्ति गरेपछि "जाउ तिमी गएर त्यस स्त्री लोग्ने भएकी हुन् कि नभएकी, यो बुझेर आउ ।" त्यो मानिस त्यहाँ गएर त्यस स्त्री लोग्ने भएको भन्ने जानेर राजाकहाँ गएर "भो महाराज! त्यस स्त्री लोग्ने भएकी हुन्" भनी बिन्ति गरे । अनि राजाले "त्यसोभए उसको लोग्नेलाई यहाँ बोलाएर ल्याउ" भन्ने आज्ञा भएपछि त्यो राजपुरुष त्यहाँ गएर "भो पुरुष! आउ तिमीलाई राजाले डाकेको छ" भन्न गए । त्यो मानिसले मेरी स्त्रीको निम्ति मलाई भय उत्पन्न हुनलागेको होला भन्ने चिन्तना गरी राजाको आज्ञालाई नाईं भन्न नसकी राजाको अगाडी गएर हात जोडी उभिई रह्यो । अनि राजाले उसलाई तिमी आजदेखि मेरो सेवामा आउ भनी आज्ञा भयो । त्यस पुरुषले भो महाराज! मैले आफ्नो काम गरेर तपाईको कर तिर्दैछु । मेरो जीविका यसरी नै बिताउन पाउँ भनि बिन्ति गरेपछि राजाले तिम्रो कर मलाई आवश्यकता छैन आज देखि तिमी मेरो सेवामा हाजिर हुन आउनुपर्छ भनी उसलाई ढाल, तलवार दिन लगायो । राजाले सोचे कि "यसलाई कुनै एउटा दोषारोपण गरेर हत्या गराई यसको स्त्रीलाई दरवारमा ल्याउनु पर्‍यो ।" अनि त्यस मानिस आफु मर्ने भयले त्रशित भएर अप्रमादि भई राजाको सेवा गरीबसे ।

राजाले उसमा कुनै दोष नदेखेर काम तृष्णाले डाह भई यसलाई एउटा न एउटा दोषोपण गर्न मेरो हुकुम चलाउँछु भनी उसलाई डाक्न पठाई यसरी भने-- "भो पुरुष! तिमी यहाँबाट सय योजन टाढा नदीको तीरमा गई साँझको स्नान गर्ने बेलामा कुमुद कमल र अरुणवर्ण राती माटो लिएर आउ । तिमीले ती दुइथोक वस्तु लिएर मैले स्नान गर्नु भन्दा अगावै यहाँ आइपुग्न सकेनौ भने तिमीलाई राजदण्ड दिन्छु ।" त्यस राज सेवक चार प्रकारका दासहरू भन्दा पनि तल्लोमा रहने भयो । किनकि धन दिएर



Downloaded from http://dhamma.digital

किनिराखेका दासहरू पनि आज मेरो टाउको दुखेको छ, आज मेरो कम्मर दुखेको छ भनी काममा नगई बस्न सकिने तर त्यसलाई त्यस्तो भन्न नमिल्ने, हुकुम भएको काम नगरी नहुने हुन्थ्यो । त्यसकारण "कुमुद कमल र अरुणवर्ण रातो माटो नागभवनमा मात्र हुने वस्तु हो । त्यस्तो वस्तु मैले कहाँबाट लिएर आउन सकुंला" भन्ने चिन्तना गर्दै मरण भयले भयभीत भई घरमा गएर प्रिय! भात पाक्यो कि भनी सोधे । स्त्रीले चुलोमाथि नै छ स्वामी, भनि उत्तर दिएपछि त्यस मानिसले चुलोबाट भात ओन्हालेर पस्किने समय सम्म पनि पर्खन नसकेर माँड समेतको भात र अगाडि भएको ब्यञ्जन सहित भिजेकै अवस्थामा थैलिमा पोकापारी एक योजन जति बाटो हिंडे, जांदा जादै भात पाक्यो । भोक लागेपछि त्यस मानिस एक नदीको छेउमा बसेर जुठो गर्नु अगाडी अलिकति भात अलग राखी बाकि भात खाइरहेको बेला त्यहाँ एकजना बटुवा देखेर "साथी ! मैले जुठो नपारीकन अलिकति भात अलग राखेको छु इच्छा भये खाउ" भने । बटुवाले खायो । राजसेवकले बांकि रहेको भात एकमुठि पानीमा खसालेर मुख धोए अनि ठूलो स्वरले कराउँदै "यस नदी प्रदेशमा अधिग्रहित हुनु भएका नाग, गरुड, आदि देवताहरूले मेरो बचन सुन्नु हवस- "राजाले मलाई दण्ड दिने इच्छा गरी कुमुद कमल र अरुणवर्ण रातो माटो लिएर आउ भनी आज्ञा हुनु भएको छ । मैले एकजना बटुवालाई भात खुवांउंदा त्यसको हजार आनिशंस भयो । फेरी पानीमा माछाहरूलाई खुवाएको सय आनिशंस पुण्य प्राप्त भएकोछ । यी सबै तपाईहरूलाई अर्पण गर्दछु । मलाई कुमुद कमल र अरुणवर्ण रातो माटो ल्याइ दिनुहवस" भनी तीन पटकसम्म घोषणा गऱ्यो । त्यहाँ नजिकै वास गरी रहेका एउटा नागराजाले उसको शब्द सुनेर एउटा बुढो मानिसको भेष धारण गरेर त्यहाँ आई "तिमीले के भनिरहेको? भनि सोधे । उसले



Downloaded from http://dhamma.digital

कुरा फेरि दोहोऱ्याएर भनेपछि "मलाई पनि त्यस पुण्य भाग दिन्छयौ त?" भनी सोधे । "अवश्यमेव दिन्छु स्वामी" भनि दुई तीन पटक सम्म पुण्य प्रदान गराई त्यस भेषधारी बुढोले नागलोकमा गएर (कुमुद कमल) र अरुण वर्ण रातो माटो ल्याइदियो ।

राजाले चिन्तना गऱ्यो "मानिसहरूले धेरै नै मन्त्र विद्या जानेका हुन्छन् । कुनै एक उपाय गरेर उसले ती वस्तु समयमा नै लिएर आयो भने मेरो मनले चिताएको काम सफल हुदैन ।" भनी अगावै दरवारको ढोका बन्द गराई ताल्चा मार्नलगाई साँचो आफुसंग राखे । त्यस मानिसले पनि राजाले स्नान गर्नु भन्दा अगाडि नै त्यहाँ पुगी ढोकाबाट भित्र पस्न नपाएपछि द्वारपाललाई बोलाई ढोका खोल भने । "खोल्न सक्दिन, आज राजाले पहिले नै ढोका बन्द गराउन लगाई साँचो आफैले लिइराख्नुभएको छ" भनी उत्तर दिये । त्यस मानिसले मैले ढोका खोलिदेउ भन्दा पनि खोलि दिएन, मैले समयमा नै रातो माटो र कमल ल्याइदिएको हुं । अब मेरो जीवन बच्ने भएन, अब मैले के गर्नेहोला ? भनी चिन्तना गरी उत्तर ढोकाको संघारमा रातो माटोको दल्लो राखेर त्यसमाथी कुमुद कमलको माला राखी ठुलो ठूलो स्वरले कराउँदै "भो नगर वासी हो, मैले राजाको आज्ञा समयमा नै पालन गरेको भाव सबैले जान्नु हवस । राजाले मलाई कुनै दोष नभैकन विनाश गर्ने इच्छा गर्नुभयो" भनी तीन पटकसम्म घोषणा गरी, अब म कहाँगये ठीक होला भनी सोच्दै "भिक्षुहरूको हृदय स्वभावैले कोमल हुन्छन् विहार मा गएर सुत्न जानुपर्ला" भनी निश्चय गरे ।

मानिसहरू सुखभोग गर्ने बेलामा भिक्षुहरू छन् कि भन्ने कसैको वास्ता गर्दैनन् । आफुलाई दुःख पर्ने घडिमा मात्र भिक्षुहरूकहाँ र विहारमा जाने इच्छा गर्छन् । त्यसकारण उनी पनि अरु ठाउँमा शरण नभएर विहारमा गएर एउटा कुनामा



Downloaded from http://dhamma.digital

आफुलाई पायेक पर्ने ठाउँ छानेर पल्टिन गयो । राजा पनि ती स्त्रीलाई मात्र झलझल सम्झेर राती निदाउन नसकी कामरागले डाह भई रहे । राजाले चिन्तना गरे-- "भोलि बिहानै त्यस पुरुषलाई मार्न पठाई उनकी स्त्रीलाई दरवारमा ल्याउँने छु ।"

त्यसै बखत साठी योजन विशाल रहेको लोहकुम्भि नरकमा जन्मेका चारजना महाजनपुत्रहरू भात पकाइराखेको भांडोबाट माथि उम्लेर आएको चामल झैं, साठी हजार वर्ष सम्म तल भांडोमा दुबुल्कि मार्दै फेरी साठीहजार वर्ष सम्म भांडोको माथि उम्लंदै माथि पुग्न आयो । तिनीहरूले तेलबाट आफ्नो टाउको निकालेर आपसमा देखेर एकजनाले एउटा गाथा पढेर आफ्नो दुःख प्रकट गर्न खोजेको थियो, परन्तु गाथा पूरागर्न नपाउँदै एक एक अक्षर मात्र भन्नु पाउंदा फेरी तेल उम्लीरहेको लोहकुम्भि नरकको भांडो भित्रै डुबे । राजा निन्द्रा नआएको हुनाले अर्धरात्रीमा ती नरकमा रहेकाहरू कराएको डरलाग्दो शब्दले डराई त्राश मानेको चित्त हुनाले "म मृत्यु हुन लागें कि ? महारानी वा मेरा राज्य विनाश हुन लाग्यो कि ?" भन्ने चिन्तना गर्दा रातभर निदाउन सकेनछ । राजाले अरुणोदय हुनासाथ नै ज्योतिषी पुरोहितहरू डाक्न पठाई "हे आचार्य हो! मैले हिजो राती अर्धरातमा बिशब्द बिशब्दले कराएको भयानक चार शब्द सुनें । यसबाट राज्य अथवा महारानी वा मेरो कसको अन्तराय हुने होला ? केही जानेको छैन तसर्थ तिमीहरूलाई डाक्न पठाएको हो" भने । पुरोहितहरूले "महाराज, तपाईलें कस्तो शब्द सुन्नुभयो" भनी सोधे । "हे आचार्य हो! "दु" "स" "न" "सो" भन्ने यी चार शब्द सुने" भनी बताए । "यसको विपाक-फल के हुने होला, ज्योतिष शास्त्र अनुसार विचार गरेर मलाई बताउनु पर्‍यो । ब्राह्मण आचार्यहरूले महाअन्धकार भैराखेको कोठाभित्र पस्दा कुनै वस्तु देख्न नसकिएझैं त्यसको मतलब केही पनि बुझ्न सकेनन् । केही



Downloaded from http://dhamma.digital

थाहाछैन भनुं भने आफ्नो लाभ सत्कारमा हानी हुने हुंदा डराई डराई "महाराज! सारै नै नराम्रो भयो" भने । आचार्य हो! कसरी के नराम्रो भयो" भनी सोधेपछि यसबाट तपाईको जीवनलाई नै हानी हुने देखिन्छ भने । राजा अत्यन्त भयभीत भई "हे आचार्य हो! यसमा कुनै प्रतिकार गरेर बच्ने उपाय छ कि ? भनेपछि "छ महाराज! डराउनु पर्दैन हामीले तीनै बेद पढिराखेकाछौं" भने । राजाले के के सारदाम जोर्नु पऱ्योत ? भनी सोधेपछि महाराज! सर्वशतक भन्ने महान यज्ञ गरेर जीवन लाभ गर्नुपर्छ भने । राजाले आचार्य! के के सारदाम खोजेर ल्याउनु पऱ्योत भनी सोधेपछि-- "एकसय हाथी, एकसय गोरु, एकसय गाई, एकसय बोका, एकसय घोडा, एकसय कुखुरा, एकसय सुंगुर, एकसय पुरुष, एकसय स्त्री, यसरी एक एक थरि प्राणीहरू एक एक सय लिएर, फेरी यदि पशुहरू मात्र लियो भने आफुलाई खान मात्र लियो भन्ला भनी पशुहरूको साथमा मानिसहरू पनि लिन लगायो । राजाले मेरो जीवन मात्र लाभ भये पुग्छ भन्ने सोचेर भएभरका प्राणीहरू एक एक सय समातेर ल्याउ भनी आज्ञा दिए । कोशल संयुत्तमा भनेको पनि छ--

"त्यस बेलामा राजा पसेनदि कोशलको महायज्ञ हुन लागेको थियो । पांचसय गोरु, पांचसय सानासाना बाछा, पांचसय सानासाना गाई, पांचसय बोका, पांचसय घोडा, यज्ञको मौलामा बांध्न लगायो । यज्ञमा बलि दिन ल्याइराखेका दास दासीहरू पनि मरण भयले त्रशित भई रुञ्चेमुख लगाई रूदै त्यहां घुमीरहे । (सं०नि० १.१.१२०)

धेरै मानिसहरूले आआफ्ना छोरा छोरी ज्ञाति बन्धुहरूको निम्ति बिलाप गरेर ठूलो ठूलो स्वरले रोई कराई रहेकोले पृथ्वी नै थर्कमान भयेजस्तो भैरहेको थियो । मल्लिका महारानीले राजाकहां गएर "महाराज! यो के भैरहेको, तपाईको इन्द्रिय पनि स्वाभाविक



Downloaded from http://dhamma.digital

रूप देखिंदैन क्लान्त थाकेको देख्दछु" भनी सोधिन् । मल्लिका, तिमीले कसरी थाहा नपाएको, मेरो कानको नजिकै कालसर्प घुमीरहेको समेत तिमीले थाहा पाएकी छैनौ ?" "महाराज ! त्यसो भनेको मतलब के हो ?" "अर्धरात्रीमा मैले यस्तो शब्द सुनें । अनि मैले पुरोहितलाई डाक्न पठाएर यसको भविष्य सोध्दा तिनीहरूले तपाईलाई जीवन अन्तराय छ भनेकोले सर्व शतक यज्ञ गर्दा फेरी जीवन लाभ हुन्छ भनेको सुनेर मेरो जीवन मात्र लाभ भये पुग्छ भनी मैले यी प्राणीहरू ल्याउन लगाएका हुं ।" मल्लिकादेवीले "महाराज ! तपाई मुर्ख नै हुनु हुंदोरहेछ, यद्यपि तपाईले अनेक सूप ब्यञ्जन सहित एक द्रोंण भोजन खानुहुन्छ । दुईवटा राज्यमा राज्य गरि रहनु भये पनि तपाईसंग प्रज्ञा स्वल्प नै रहेछ । महाराज ! तपाईले अर्काको प्राण घात गरेर आफुलाई जीवन लाभ भएको पहिले कहिल्यै देख्नु भएको छ ? मूर्ख पुरोहित ब्राह्मणहरूको कुरा सुनेर किंन यत्तिका प्राणीहरूको हिंसा गर्नु हुन्छ ? हाम्रा विहारमा देवसहित लोकजनहरूमा अग्र पुद्गल हुनुभएका अतीत अनागत र वर्तमानमा नष्ट नहुने प्रज्ञा भएका शास्ता वास गरिरहनु भएको छ । उहांसंग सोधेर उहांले जे भन्नुहुन्छ त्यही गर्नु हवस" भनी राजा र महारानी दुवै हलुका यानबाट विहारमा गए । राजा आफु मृत्यु भयले त्रशित भएको हुनाले केही बोल्न नसकी शास्तालाई वन्दना गरेर एक छेउमा बसीरहे ।

अनि राजासंग शास्ताले "अहो महाराज ! यस्तो गर्मी समयमा कहांबाट आउनुभयो ?" भनी सोध्नुभयो । राजाको बक फुटेन । अनि मल्लिका महारानीले तथागतलाई बिन्ति गरिंन् "भन्ते ! राजाले अर्धरात्रीमा भयानक शब्द सुन्नु भयछ, त्यो कुरा पुरोहितहरूलाई सुनाउनु भएपछि पुरोहितहरूले यसबाट जीवन अन्तराय हुन्छ भनी सुनाएछन् । त्यो जीवन अन्तराय हटाउन



Downloaded from http://dhamma.digital

सर्वशतक यज्ञ गर्न प्राणीहरू जम्मागर्न लगाई तिनीहरूको गर्धनको रगतले यज्ञ गऱ्यो भने जीवन लाभ हुन्छ भनेछन् । राजाले प्राणीहरू जम्मागर्न लगाउनु भएछ । त्यसैले मैले राजालाई यहाँ लिएर आएकी हुं ।" "के यस्तै हो महाराज ?" "भन्ते, यस्तै हो ।" "महाराज! त्यस्तो के शब्द सुन्यौं ?" राजाले आफुले सुने अनुसार सबै कुरा तथागतलाई बिन्ति गऱ्यो । तथागतले त्यो कुरा सुन्ने बित्तिकै भविष्यमा हुने कुरा सबै छर्लङ्ग देख्नुभई तदनन्तर राजालाई आज्ञा गर्नुभयो --"महाराज! डराउनु पर्दैन यसबाट तपाई तथा तपाईको राज्यलाई केही हानी हुने होइन । यो शब्दत पहिले पहिले पापकर्म गरी आएका सत्व प्राणीहरूले आ आफ्नो दुःख प्रकट गर्नुको निम्ति यसरी नरकमा बसेर कराएको शब्द हो ।" "भन्ते! तिनीहरूले पहिले कुन पापकर्म गरेर आयो होला" भनी बिन्ति गरेपछि तथागतले तिनीहरूको कर्म बताउन "त्यसोभये महाराज राम्रोसंग सुन भनी अतीतका कुरा बताउनु भयो--

अतीत कालमा बीसहजार वर्ष आयु हुने मानिसहरूको बिचमा काश्यप तथागत लोकमा उत्पन्न हुनुभई बीसहजार क्षीणाश्रव भिक्षुहरू सहित देशचारिका गर्दै वाराणसी नगरमा पुग्नु भयो । वाराणसीवासी दुई चार जना र धेरै जनताहरू समूह समूह भेला भएर आगन्तुक दान दिन थाले । त्यस बखत वाराणसी नगरमा चालिस चालिस कोटी धन भएका चार महाजनपुत्रहरू साथी भैरहेका थिये । ती चारैजनाले आपसमा सल्हा गरे-- "हाम्रा घरमा अपार धन छ, यत्तिका धन कुन काममा लगाएर खर्च गर्ने ? यस्ता महान बुद्ध यहाँ चारिका गर्दै पाल्नुभएको बेलामा दान दिएर पुण्य आर्जन गरौं, शील पालन गरौं, पूजा गरौं भनी एक जनाले पनि भनेनन् एकजनाले भने-- "असल असल जांड रक्सि पिएर कलिला माछा मासु खाएर धन खर्च गरौं । यसरी धन सिध्याउनु हाम्रो जीवनको सार फल हुनेछ ।" अर्काले भने-- "तीन



Downloaded from http://dhamma.digital

चार वर्ष पुराना सुगन्धित चामलको भुजा संग नाना प्रकारका रसिला स्वादिला तरकारि राखी भोजन गर्नु उत्तम हुनेछ ।" फेरि अर्कले भने-- "अनेक प्रकारका सुस्वादिष्ट रोतिहरू पकाउन लगाई खाएर धन सिध्याउन पाए हुन्छ ।" फेरि अर्काले यस्तो सुझाव दिए-- "हे साथी हो, यत्तिमात्र गरेर यत्तिका धन हामीले सिध्याउन सकिंदैन । अरु थोक केही गर्ने होइन । धन दिउँला भनेपछि नमान्ने स्त्रीहरू कुनै हुँदैन । धनको प्रलोभन दिएर अर्काकी राम्री राम्री स्त्रीहरूसंग रसरंग गरौं ।" भनेपछि सबैले हुन्छ हुन्छ यस्तै गरेर यो अपार धन सिध्याउनु बेश होला भनी उसको कुरालाइ स्वीकार गरे ।

तिनीहरूले त्यसबेलादेखि राम्री राम्री स्त्रीहरूकहाँ धन पठाइ बीसहजार वर्ष सम्म परस्त्रीगमन कार्य गरी त्यहाँबाट मरेर अवीची नरकमा उत्पन्न हुनगए । तिनीहरू एक बुद्धान्तर सम्म नरकमा दु:ख क्रष्ट भोगेर त्यहाँबाट च्युत भई नरक भोग गर्नु पर्ने कर्मफल बांकि भएको हुनाले फेरी साठी योजन भएको लोहकुम्भि नरकमा जन्म भई साठीहजार वर्ष सम्म फलामको भाँडोमा तलतिर डुबी फेरी साठीहजार वर्ष सम्म माथि उम्लेर आउँदा लोहकुम्भि नरक (फलामे भाडोको) मुखमा आइपुग्दा आ आफ्नो दु:ख प्रकट गर्न एक एक जनाले एउटा एउटा गाथा भन्ने इच्छा गरेतापनि भन्न नसकी एक एक वटा अक्षर भन्नेबित्तिकै फेरी घोप्टिएर डुब्दै मुनितिर नै डुबेर गए । भन्नु हवस महाराज! तपाईले पहिले कुन शब्द सुन्नुभयो ? "दु" भन्ने शब्द सुने" भनेपछि शास्ताले तिनीहरूले सम्पूर्ण नहुने गरी एउटा अक्षर मात्र उच्चारण गरेको गाथालाई सम्पूर्ण गरी देखाउनु भई यसरी आज्ञा गर्नुभयो--

*दुज्जीवितं अजीविम्ह, ये सन्ते न ददम्हसे ।*
*विज्जमानेसु भोगेसु, दीपं नाकम्म अत्तनो"ति ॥*

(जा० १.४.५३: प० व० ८०४)



Downloaded from http://dhamma.digital

अर्थ-- हामीसंग भएको अपार सम्पत्ति कसैलाई दान नदिईकन खराब जीविका गरी आयें । आफुसंग भएको भोग सम्पत्ति आफुलाई रक्षा, आधार हुने द्वीप एउटा निर्माण गर्न सकिएन ।

तदनन्तर राजालाई यस गाथाको अर्थ प्रकाशित गरी सकेपछि, दोश्रो, तेश्रो, चौठो शब्द के सुन्यौ महाराज भनी सोधी राजाले भन्ते, "स" "न" "सो" भन्ने शब्द हो" भनी बताएपछि तथागतले ती एक एक अक्षरको एक एक गाथा पनि आज्ञा गर्नुभयो--

*सट्ठि वस्स सहस्सानि, परिपुण्णाति सब्बसो ।*
*निरये पच्चमानानं, कदा अन्तो भविस्सति ॥*

अर्थ-- नरकमा दु:ख कष्ट भोगि रहेको सबै प्रकारले साठीहजार वर्ष भैसक्यो (यो दु:ख कष्ट) कहिले मात्र अन्त हुने होला ?

*नत्थि अन्तो कुतो अन्तो, न अन्तो पतिदिस्सति ।*
*तदा हि पकतं पापं, मम तुहयञ्च मारिस ॥*

अर्थ-- हे साथी हो! त्यत्तिबेला तिमीहरूले र मैले गरी आएको पापले गर्दा (यो दु:ख) को अन्त भएन, कहाँबाट अन्त हुने हो आभास पनि देखिएको छैन ।

*सो हि नून इतो गन्त्वा, योनिं लद्धान मानुसिं ।*
*वदञ्ञू सील सम्पन्नो, काहामि कुसलं बहुं"ति ॥*

(जा० १.४.५४ - ५६: पे० व० ६०२,८०४३,८०५)--

अर्थ-- त्यसकारण हे साथीहो! एकान्त यहाँबाट च्युत भएर गई मनुष्य योनि लाभ गरेर, सुवच, शील सम्पन्न भएर धेरै नै कुशल कर्म गर्न जाऔं ।

यसरी क्रमश: चार गाथा आज्ञा हुनुभई अर्थ प्रकाश पार्नुभई महाराज! यसरी ती चारजना नरकवासीहरूले एक एक



Downloaded from http://dhamma.digital

गाथा भन्ने इच्छा गरी आएको हो तैपनि एक एक अक्षर मात्र उच्चारण गर्ने बित्तिकै तिनीहरू फेरी सोही लोहकुम्भि (फलामको भाँडो) नरकमा नै डुबेर गयो भनी आज्ञा गर्नु भयो ।

"प्रसेनजित कोसल राजाले त्यस शब्दहरू सुनेदेखि तिनीहरू आजसम्म पनि त्यहिं तल होलान् । यसरी हजारौं वर्ष बितेर गइसके" भनी यो धर्मदेशना सुनेर राजालाई ठूलो संवेग उत्पन्न भयो । राजाले यसरी परस्त्री गमन गरेर हिडनु ठूलो पाप रहेछ, एक बुद्धान्तर सम्म नरकमा बसेर त्यहाँ बाट च्युत भएर साठी योजन भएको लोहकुम्भि नरकमा उत्पन्न भई त्यहाँ साठी हजार वर्ष सम्म दु:ख कष्ट भोगे तैपनि तिनीहरू त्यो दु:ख बाट मुक्त हुने आभाष देखिएको छैन । म पनि अर्काकी स्त्री प्रतिको स्नेहले गर्दा रात भरि निदाउन सकिएन । आइन्दा आजदेखि अर्काकी स्त्रीहरूप्रति मन पठाउँदिन भन्ने चिन्तना गरी तथागतलाई यसरी बिन्ति गरे-- "भन्ते ! आज मैले रात लामो भएको मतलब थाहापाएँ ।" राजदण्ड भोगेको त्यो मानिस पनि त्यहिं बसीरहेको हुनाले त्यो कुरा सुनेर मलाई ठूलो आधार भयो भनी उनले शास्तालाई यसरी बिन्ति गरे-- "भन्ते ! राजाले आजको रात लामो भएको भाव जानेर लिनुभयो, मैले पनि हिजो आफुले एक योजनको बाटो पनि लामो भएको भाव जानेर लिएँ ।" शास्ता तथागतले दुवैको कारणलाई जोड्नु भई निंद नआउनेलाई रात लामो हुन्छ, अर्कालाई योजन लामो हुन्छ बाल मूर्खलाई यो संसार अत्यन्त लामो हुन्छ भनी आज्ञा हुनुभई धर्मदेशना गर्नुहुदै यो गाथा प्रकट गर्नुभयो--

*दीघा जागरतो रत्तिं, दीघं सन्तस्स योजनं ।*
*दीघो बालानं संसारो, सद्धम्मं अविजानतं"ति ॥*

अर्थ-- निंद नआउनेलाई रात लामो हुन्छ, थाकेकोलाई योजन लामो हुन्छ, सद्धर्म नजानेको हुनाले बाल मूर्ख जनहरूलाई यो संसार अत्यन्त लामो हुन्छ ।



Downloaded from http://dhamma.digital

(पदार्थ-- त्यहां *"दीघा"* भनेको रात्रि नाउँ भैरहेको रात तीन याम मात्र भएपनि निंद नआउनेलाई अत्यन्त लामो हुन्छ । दोबर तेबर भएजस्तो लाग्छ । त्यो रात लामो भएको भाव आफुलाइ उडुसपुञ्ज को खाना तुल्याई सूर्योदय नहोउञ्जेल कोल्टेफेर्दै पल्टिई रहनेहरूलाई, अति अल्छि मानिस उत्तम भोजन गरेर श्रीसय्यामा सुतेकालाई पनि (रात लामो भएको) थाहा हुदैन । रात भर भर ध्यान भावना गरी रहेका योगावचरहरू, धर्मकथा वाचन गरीरहेका धर्मकथिकहरू, आसनको नजिकै बसेर धर्मश्रवण गरीरहेकालाई, टाउको, निधार दुखाई रहेका, हात गोडा काटिएका वा वेदना सही रहेकाले पनि रातमा हिंडेका बटुवाहरूले पनि (रात लामो भएको) भाव थाहा हुन्छ भनेको हो । *"योजनं"* भनेको एक योजनको चार गावुत मात्र हो । क्लान्त भैसकेका थाकेकालाई यो निकै लामो हुन्छ, । दोबर तेबर भएजस्तो देखिन्छ । दिनभर बाटोहिंडेर थाकेको बटुवाले अगाडितिर आइरहेको देखेर "उतातिर जांदा गाउँमा पुग्न कति जानुपर्छ" भनि सोधेर अलि पर गइसकेपछि अर्को भेट्दा उसंग पनि सोधेर उसले पनि "एक योजन जानुपर्छ" भनि बताउँछ । फेरि अलि पर पुगेपछि अर्को भेटे उसंग पनि सोध्छन् । उसले पनि एक योजन बाकि छ भन्छ । उसले जतिजनासंग सोध्छ उति जनाले एक योजन बांकि छ भन्छ, यो योजनत सारै नै लामो रहेछ दुई तीन योजनलाई एक योजन तुल्याई राखेको जस्तो सम्फिन्छ । *"बालानं"* भनेको यहां यसलोक परलोक भन्ने थाहा नयाएका बाल मूर्खजनहरू, ससारचक्रलाई अन्त गर्न नसकेकालाई, जुनसुकै परंपराले पनि सैतिस बोधिपक्षिय धर्मको भेद, सद्धर्मलाई जानेर संसार अन्त गरिने हो त्यो सद्धर्म नजानेकालाई यो संसार अत्यन्त लामो हुनेछ । भनेको पनि छ-- "हे भिक्षु हो ! यो संसारको सीमा छैन यसको छेउ टुप्पो पनि चिनिदैन ।" (सं० नि० १.२.१२४) बाल मूर्ख



Downloaded from http://dhamma.digital

जनहरूले पनि अन्त गर्न नसकेर अत्यन्त लामो भनी सम्झेका हुन्छन् ।)

धर्मदेशनाको अन्तमा त्यो व्यक्ति स्रोतापत्ति फलमा पुग्न गयो । अरुहरू पनि स्रोतापत्ति आदि फलमा पुग्न गए । धेरै जनताहरूलाई धर्मदेशना सार्थक भयो ।

राजाले शास्तालाई वन्दना गरेर दरबारमा फर्कने बित्तिकै ती प्राणीहरूलाई बन्धनमुक्त गरीदिए । त्यहाँ ती बन्धनबाट मुक्त भएका स्त्री पुरुषहरू स्नान गरेर आआफ्ना घरमा जाँदै "हाम्रा आर्या मल्लिका महारानीको दीर्घायु होओस्, जसले गर्दा आज हामीहरूको जीवन रक्षा भयो" भन्दै मल्लिका महारानीको गुण वर्णन गरे । सन्ध्या समयमा धर्मसभामा चर्चा भयो "अहो ! पण्डिता विद्वान मल्लिका महारानी । आफ्नो प्रज्ञाले गर्दा यत्तिका सत्व प्राणीहरूको जीवन दान दिइन् ।" शास्ता तथागत त्यहाँ पाल्नुभई "हे भिक्षुहो ! अहिले यतिबेला तिमीहरूमा के कुरा भइरहयो" भनी सोध्नुभयो । भिक्षुहरूले भन्ते ! यो कुरा भइरहेको हो भनी बताए पछि "हे भिक्षुहो ! अहिले मात्र होइन मल्लिका महानीले आफ्नो प्रज्ञा को कारणले धेरै सत्व प्राणीहरूलाई जीवन दान दिएर आएको, पहिले पनि दिएर आएको छ" भनी आज्ञा हुनुभई त्यो अर्थ प्रकास गर्नुको निम्ति अतीतका कुरा बताउनुभयो ।

अतीत समयमा वाराणसी नगरका एक राजपुत्रले विशाल न्यग्रोध बृक्ष भएको ठाउँमा गएर त्यहाँ उत्पन्न देवतालाई भाकल गरे कि "स्वामी हे देवराज ! यदि मलाई पछि पिताको राज्य प्राप्त भयो भने, यस जम्बुद्वीपमा रहेका सय राजाहरू र महारानीहरू समातेर ल्याई ती राजाहरूको गर्धनको रगतले बलिकर्म गर्छु ।" पिता परलोक भएपछि त्यस राजकुमार राजा भए । "मेरा कुलदेवताको आनुभावले म राजा हुनपाएँ अब भाकल गरेको



Downloaded from http://dhamma.digital

बलिकर्म गर्नुपर्‍यो" भनी निकै सेना लिएर गई एक राजालाई आफ्नो बशमा पारी तिनीसंग मिलेर अरु अरु पनि सारा राजाहरू आफ्नो बशमा पारी महारानीहरू समेत लिएर गइरहेको बेलामा चूल उग्गसेन राजाकी दिन्ना नामकी महारानी त्यसबेला गर्भवती भएकी हुनाले उनी एकजनालाई छाडेर अरु सबै राजाहरूलाई मार्छु भनी बृक्षमुनि सफा सुग्घर गर्न लगायो । त्यहाँ बसेको देवताले "यस राजाले यत्तिका राजाहरूलाई मेरो कारणमा पक्रेर ल्याई यिनीहरूको गर्धनको रगतले मलाई बलि दिएर पूजा गर्ने इच्छा गर्‍यो । यदि यसले यिनीहरूलाई यहाँ ल्याएर मार्‍यो भने जम्बुद्वीपमा राजवंश उछिन्न भएर जान्छ । मेरो बृक्ष अपवित्र हुनेछ । यसलाई मैले यो कार्य नगराउन सक्लाकि भनि विचार गरी हेर्दा सकिंदैन भन्ने थाहा पाएर अरू आफ्ना साथी देवताहरूकहाँ गएर "तिमीहरूले यो कार्य रोक्न सक्छौ?" भनी सोधे । तिनीहरूले पनि सक्दैन भनेपछि सम्पूर्ण चक्रवालमा रहेका देवताहरू कहाँ गएर भन्न जाँदा उनीहरूले पनि सक्दैन भनेपछि चतुर्महाराजिक देवताकहाँगए उनले पनि हामीले त सक्दैनौं, परन्तु हाम्रा राजा हामीभन्दा पुण्य र प्रज्ञामा विशेषरूपले महान हुनुहुन्छ, उनिकहाँ गएर सोध्न जाउ भनी पठायो । त्यस बृक्षदेवताले शक्र देवराज इन्द्रकहाँ गएर "भो देवराज! यदि तपाईं पनि यस रोक्ने कार्यमा अनुत्साही हुनुभो भने जम्बुद्वीपमा क्षत्रीयवंश उच्छिन्न हुने भयो । तिनीहरूको रक्षक भईदिनुहवस ।" भनी बिन्ति गर्नगए । शक्र देवराज इन्द्रले मैले पनि उसलाई यस कार्यबाट रोक्न सकुंला जस्तो छैन परन्तु रोक्ने उपाय एउटा तिमीलाई बताउंछु भनी उपाय बताईदियो-- "तिमी गएर राजाले देख्ने गरी रातो वस्त्र लगाई आफ्नो बृक्षबाट निस्केर अन्तै जान लागेको जस्तो आभास देखाइदेउ । अनि राजाले देवता यहाँबाट जानलाग्यो रोक्नुपर्‍यो भनेर अनेक प्रकारले प्रार्थना याचना गर्ला ।



Downloaded from http://dhamma.digital

अनि राजालाई तिमीले यस्तो भन्नु-- "तिमीले महारानीहरू सहित सयजना राजाहरूको गर्धनको रगतले मलाई बलिकर्म गर्छु भनी भाकल गरेको होइन ? उग्रसेन राजाकी महारानी एकजनालाई छाडेर आयौ । म तिमीजस्ता झूठो बोल्नेको बलि स्वीकार गर्न सक्दिैन" भनेपछि राजाले ती महारानीलाई पक्रेर ल्याउनेछ । अनि तिनले राजालाई धर्मदेशना गरेर ती प्राणीहरूको जीवन दान दिनेछिन् । यसरी शक्र देवराज इन्द्रले बृक्षदेवतालाई उपाय बताइदियो । बृक्षदेवता गएर त्यस्तै गर्न गए ।

राजाले ती महारानीलाई पक्रन पठाई अगाडी ल्याई पुगेपछि महारानीले सबभन्दा तल छेउमा बसीराखेका आफ्ना स्वामी पतिलाई वन्दना गरिन् । कोसल राजाले "म सबभन्दा माथी प्रथम आसनमा बसिरहेको छँदाछँदै सबभन्दा तल्लो सानो आसनमा बसेको राजालाई पहिले वन्दना गऱ्यो" भनी रिसाए । अनि उसले राजालाई भने "भो महाराज! म र तपाई बिच पहिले कुनै सम्बन्ध थिएन । यो सबभन्दा सानो राजा मेरा स्वामी हुनुहुन्छ । मलाई महारानीको पदमा राखेर सुख ऐश्वर्य दिनुभएका हुन् । उहाँलाई वन्दना गर्नुभन्दा अगाडि तपाईलाई वन्दना गर्नुपर्ने कारण केहि छैन । बृक्षदेवताले तिनीहरूले देख्ने गरीकन आएर "त्यो कुरा सत्य हो भद्रे," भनी एक अंजुली फूलले महारानीलाई पुजा गरे । अनि फेरि राजाले भन्यो-- "मलाई वन्दना नगरे पनि मलाई राज्यसम्पत्ति दिलाईदिने महान आनुभाव सम्पन्न उनी बृक्षदेवतालाई किन वन्दना नगरेको ?" भनी सोधेपछि "महाराज! तपाईले आफ्नो पुण्य प्रतापले राजाहरूलाई पक्रेर ल्याउनु भएको हो, देवताले पक्रेर ल्याएको होइन । फेरि पनि ती महारानीलाई बृक्षदेवताले पहिले जस्तै "त्यो कुरा पनि सत्य हो भद्रे" भनी एक अंजुलि फूलले पूजा गऱ्यो । फेरि ती महारानीले राजालाई यसो भनिन् "मेरा देवताले यत्तिका राजाहरू पक्रेर ल्याइदिए" भनी



Downloaded from http://dhamma.digital

भन्नुभयो । अब त्यो देवताको रुखको टुप्पा आगोले खायो । त्यो त्यत्तिको आनुभाव सम्पन्न देवता भएर पनि उसले त्यो आगो किन निभाउन सकेन ? फेरि पनि त्यस बृक्षदेवताले "तिमीले ठीक कुरा गऱ्यौ भद्रे, भनी फेरि एक अंगुलि फूलले उसलाई पूजा गऱ्यो ।

ती महारानी यसरी कुरा गर्दा गर्दै एक पटक रोइन्, पछि फेरि हाँसिन् । अनि राजाले उन्लाई कसो तिमी बहुलई त भइनौ ? भनी सोधेपछि महाराज! मलाई किन यसो भन्नुभएको ? मजस्ती स्त्री बहुलइ हुन सक्ला र ? भनी सोधिन् । अनि राजाले तिमी किन पहिले रोयेर फेरि पछि हाँसेकी ?, महारानीले "सुन्नुहवस महाराज! म पहिलो जन्ममा एक कुलकी छोरी, पतिको घरमा बसीरहंदा मेरा स्वामीका साथी पाहुनाहरू घरमा आएको देखेर तिनीहरूलाई भोजन गराउन दासीलाई रुपैञां दिएर मासु किन्न पठायौं । त्यसदिन पर्वदिन भएको हुनाले दासी फर्केर मासु किन्ने छैन भनेपछि मेरो घर पछाडी सुतिरहेकी बाखीको टाउको काटेर मासु पकाई भोजन तयार गरिदिएँ । मैले त्यस एउटा बाखीको टाउको काटेर आएको पापले नरकभोग गर्दै आएको भोग गर्न र अझै बाकि भएकोले त्यस बाखीको एक एक रौं बराबर आफ्नो टाउको कटाएर आइसकें । महाराज! तपाईले यत्तिका मानिसहरू र सत्व प्राणीहरू मारेर कहिले मात्र यो दुःखबाट मुक्त हुनसक्ला ? भनी तपाईलाई पछि हुने महान दुःख कष्ट सम्झेर रोयेकीहुं" भनी यो गाथा पढेर सुनाइन्-

*एकिस्सा कण्ठं छेत्वान, लोमगणानाय पच्चयिं ।*
*बहुन्नं कण्ठे छेत्वान, कथं काहसि खत्तिया"ति ॥*

अर्थ- एउटा प्राणीको गर्धन छिनालेर आएको कर्मले उनको एक एक रौं प्रमाण आफ्नो टाउको कटाएर नरक भोग गर्नु पऱ्यो । हे क्षत्रीय महाराज! तपाईले यत्तिका सत्व प्राणीको गर्धन छिनाल्न लगाएर कसरी नर्कभोग गर्ने होला ?



Downloaded from http://dhamma.digital

अनि राजाले तिमी किन हाँसेको त ? भनी सोधेपछि महारानीले महाराज! त्यस दु:खबाट मुक्त हुनलागें भनी प्रसन्न भएर हाँसेको हुं भनी उत्तर दिइन् । बृक्षदेवताले फेरि पनि महारानीलाई यो कुरा सत्य हो भद्रे ! यो कुरा सत्य हो भद्रे" भनि साधुकार दिएर एक अंजुलि फुलले पूजा गरे । राजाले अहो! यो प्राणीहिंसा गर्ने भनेको कत्तिको ठूलो अपराध रहेछ, यस स्त्रीले एउटी बाख्रीलाई मारेर नरक भोग गर्न अझै बाकि रहेको र त्यस प्राणीको रौ प्रमाणले टाउको कटाएर आउनु पर्‍यो । मैले यत्तिका प्राणीहरू मारेर कहिले मात्र यस पापबाट मुक्त हुन सक्ने होला ?" भनि सबै राजाहरूलाई छाडेर आफुभन्दा जेठा जत्तिलाई वन्दना गरेर, कान्छोहरूलाई हात जोडेर सबैसंग क्षमायाचना गरी आआफ्ना नगरमा फिर्ता पठाईदिए ।

शास्ताले यस धर्मदेशना सुनाएर "हे भिक्षुहो! यसरी मल्लिका महारानीले आफ्नो प्रज्ञाद्वारा धेरै प्राणीहरूलाई जीवन दान दिएको यस पटक मात्र होइन पहिले पनि यसले जीवन दान दिएरै आएको थियो" भनि आज्ञा हुनुभई अतीतको कुरा प्रष्ट गर्नुभै त्यस बखतमा वाराणसी राजा हुने प्रसेनदि कोसल राजा हुन् । दिन्ना महारानी हुने मल्लिका हुन्, देवता हुने मैं हुं भनि स्पष्टिकरण दिनुभई फेरि धर्मदेशना गर्नुभयो "हे भिक्षुहो! प्राणीहिंसा गर्नु हुदैन प्राणीहिंसा गर्ने मानिसहरू धेरै काल सम्म शोक गरी रहनुपर्ने हुन्छ भनि आज्ञा भई यस गाथा आज्ञा हुनुभयो--

*"इध सोचति पेच्च सोचति,*
*पापकारी उभयत्थ सोचति ।*
*सो सोचति सो विहञ्ञति,*
*दिस्वा कम्मकिलिट्ठमत्तनो"ति" ॥*

अर्थ-- पाप गर्नेलाई यस लोकमा र परलोकमा दुवै लोकमा पनि शोक हुन्छ, आफुले गरेका नराम्रो कर्मलाई देखेर



Downloaded from http://dhamma.digital

उसलाई शोक हुन्छ तथा पीर हुन्छ ।

*एवं चे सत्ता जानेय्युं, दुक्खायं जाति सम्भवो ।*
*न पाणि पाणिनं हञ्ञे, पाणघाती हि सोचती"ति ॥*

अर्थ-- यस लोकमा जन्म हुनु दुःख भनि यसरी सत्व प्राणीहरूले जान्नुपर्‍यो । एक प्राणीले अर्को प्राणीलाई हत्या नगर्नु, प्राणहत्या गर्नेले शोक गर्नुपर्ला ।

कुमुद कमल ल्याउने गरीब सेवकको कथा सिद्धियो ।

.........................

## २. महा काश्यप स्थविरका शिष्यहरूको कथा

*"चरञ्चे नाधिगच्छेय्य"* भन्ने यो धर्मदेशना शास्ता श्रावस्तीमा बास गर्नुभएको समयमा महा काश्यप स्थविरका शिष्यहरूको कारणमा आज्ञा गर्नु भएको हो । यस धर्मदेशना राजगृह नगरमा शुरू भयो ।

स्थविर राजगृह नगरमा आश्रय गरी पिप्फलि गुफामा बास गर्नु भएको बेलामा उहाँका दुइजना शिष्य श्रामणेरहरूले सेवा गरीरहेका थिए । ती दुइजना मध्ये एकजनाले सांचै नै भित्री हृदयदेखि सत्कार पूर्वक आदर पूर्वक दिनहुं गर्नुपर्ने सेवा गर्दथ्यो भने अर्कोले उसले गरेको कामलाई आफुले गरेको जस्तो देखाई, मुखधुने पानी दतिवन ठीक गरिसकेको भाव जानेर स्थविर कहाँ गएर भन्ते ! मुखधुने पानी र दतिवन ठीक भैसक्यो मुखधुन आउनुभए हुन्छ भनि बिन्ति गर्न जान्थ्यो । गोडा पखाल्ने स्नान



Downloaded from http://dhamma.digital

गर्ने समयमा पनि उनले ठीक गरीसकेको जानेर आफु पहिले महास्थविरकहाँ गएर त्यस्तै बिन्ति गर्न जान्थ्यो । यस्तो देखेर पहिलोले चिन्तना गऱ्यो--"यसले जहिले पनि मैले गरेको कामलाई आफुले गरेको जस्तो देखाई हिंड्छ । पख अब यसलाई मैले गर्न जानेकोछु" भनि त्यस श्रामणेर भोजन सिघ्याई सुतिरहेको बेलामा स्नान गर्ने पानी तताई एउटा घ्याम्पोमा खन्याई पछाडिको कोठामा राख्यो । पानी तताउने भांडामा एकमाना जति मात्र पानी बाकि राखेर बाफ आउने गरिराख्यो । अर्को शिष्य सांझतिर जुरुक्क उठी त्यस भांडोबाट बाफ आइराखेको देखेर स्नान गर्ने कोठामा पानी तताई राख्यो होला भन्ने थानी चांडै गएर स्थविरलाई वन्दना गरी भन्ते! स्नान गर्ने कोठामा तातोपानी राखीसकें स्नान गर्न आउनु हवस भनि बिन्ति गरी स्थविर संगै नै कोठा भित्र पसे । स्थविरले पानी नदेखेर आयुष्मान! खोइ तातोपानी कहाँ छ ? भनी सोध्नुभयो । श्रामणेर अग्निशालाको भांडोमा पानी थोरै मात्र भएको भाव जानेर "दुर्विनीत दुष्टको काम देख्यौ ? खालि भांडो चुल्होमा बसालेर कहाँ गयोहोला त्यो ? मैले स्नान गर्ने कोठामा पानी छ भन्ने ठानी भन्तेलाई बिन्ति गर्न गएँ" भन्दै गालि गर्दै पानीको घडा लिई खोलातिर लाग्यो । यही बेला अर्कोले पछाडिको कोठाबाट पानी निकालेर स्नान गर्ने कोठामा राख्न ल्यायो ।

स्थविरले सोच्नुभयो "त्यस श्रामणेरले पानी तताई कोठामा राखीसकें स्नान गर्न आउनु हवस भन्न आयो । अहिले भने अर्को श्रामणेरलाई गालि गर्दै पानीको भांडो लिएर खोलातिर गयो । यो के भएको होला ? यत्तिका दिनसम्म त्यस श्रामणेरले गरेको काम सबै आफुले गरेको भनी देखाई रहयो" भन्ने थाहापाई सांझमा स्थविरलाई वन्दना गर्न आएको श्रामणेरलाई "हे आयुष्मान! श्रामणेर हरूले आफुले गरेको कामलाई मात्र आफुले गरें



Downloaded from http://dhamma.digital

भन्नुपर्छ, आफुले नगरेको अर्कोले गरेको कामलाई पनि आफुले गरेको भन्न हुदैन । तिमीले आज भन्ते! कोठामा तातोपानी राखीसकें स्नान गर्न आउनु हवस भन्दा तिमीसंगै त्यहाँ जाँदा तिमी पानीको भांडो लिएर गालिगर्दै खोलातिर गएको होइन ? प्रब्रजित भएकाहरूले यस्तो गर्नु हुदैन" भनी ओवाद उपदेश दिनुभयो । त्यस श्रामणेरले "स्थविरको काम देख्यौ ? अलिकति पानीको निम्ति पनि मलाई यस्तो भन्यो" भनी रिसाई भोलिपल्ट स्थविरसंग शहरमा भिक्षा नगइकन बसीदियो । स्थविर अर्कै श्रामणेरसंग भिक्षा जानुभयो । त्यस दुष्ट श्रामणेर तिनीहरू भिक्षाको लागी निस्कने बित्तिकै स्थविरका उपस्थापक दाताहरूको घरमा गयो । दाताले स्थविर खोइत भन्ते, भनि सोध्दा गुरू स्थविर अलि बिसञ्चो हुनु भएकोले विहारमैं बसिहनु भएको छ भनी बताए । त्यसोभए उनी भन्तेलाई के के भोजन चाहिएला भन्ते, भनी सोधेर "यो यो आहार दिनुहवस" भनेपछि उसले भने भनेको खाने पिउने पथ्यवस्तु बनाई पठाईदियो । तर त्यस श्रामणेरले ती सबै बीचबाटोमै खाएर विहारमा पसे । स्थविर भोजन गर्न जानुभएको ठाउँमा निकै कमलो एक टुक्रा कपडा प्राप्तभएको संगै गएको श्रामणेरलाई नै दिनुभयो । श्रामणेरले त्यस कपडा पहेंलो रंगले रंगाई ओढ्ने पछ्यौरा बनायो ।

स्थविर भोलिपल्ट आफ्नो दाताको घरमा जांदा भन्ते, हिजो तपाईं बिसञ्चो हुनुभो भनेको सुनेर श्रामणेरले भनेजस्तै भोजन बनाई पठाएँ । त्यस भोजन सेवन गरेर रोग शान्त भयोहोला भनी बिन्ति गर्दा स्थविर मौन भई चुपलाग्नुभयो । त्यसदिन विहारमा फर्कनुभई सन्ध्या समयमा वन्दना गर्न आएको श्रामणेरलाई यसो भन्नुभयो "आयुष्मान! तिमीले हिजो यस्तो यस्तो गर्‍यौ यस्तो गरी हिडनु प्रब्रजित भएकाहरूलाई सुहाउँदैन । गृहस्थकहाँ गएर मलाई यो यो वस्तु चाहियो भनी लिएर खानु



Downloaded from http://dhamma.digital

हुदैन" भनी अववाद दिनुभयो । त्यस श्रामणेर रिसाएर स्थविरमाथी द्वेषभाव राखी हिजो मलाई अलिकति पानीको निम्ति झूठो बोल्ने तुल्यायो । आज उहाँको दाताको कुलमा गएर दुइगाँस भोजन मागेर लिंदा गृहस्थको कुलमा गएर भनेर मागेर खान हुदैन भनी गालिगऱ्यो । एकटुक्रा कपडा भएको पनि उनकै मनपर्नेलाई दियो, मलाई दिएन । अहो! स्थविरको काम हेर, पर्ख मैले थाहाछ त्यसलाई गर्ने भनी मनमा द्वेष राखी भोलिपल्ट स्थविर भिक्षाको निम्ति शहरमा पस्नेबित्तिकै आफु विहारमै बसेर लट्ठि लिएर स्थविरले काम चलाउने भांडाकुंडा सबै फुटाली, विहारमा आगो लगाई आगोले नखाने सबै वस्तु हठौडाले बिगारी विहारबाट निस्केर भागे । पछि त्यस श्रामणेर मृत्युभई अवीची नरकमा उत्पन्न हुनगयो ।

मानिसहरूले चर्चागरे-- "स्थविरको एकजना चेलाले अववाद उपदेश दिएकोलाई ज्ञानदिएको भनी स्वीकार नगरी रिसाएर आश्रममा आगो लगाई भागे ।" त्यसपछि एकजना भिक्षु राजगृहबाट निस्केर शास्ताको दर्शन गर्ने इच्छागरी जेतवनमा गई शास्तालाई वन्दना गरी शास्तासंग कुशलवार्ता गरिसकेपछि शास्ताले तिमीहरू कहाँबाट आएका हौ भनी सोध्नुभएपछि राजगृहबाट आएका हौं भन्ते, भनी बिन्ति गरे । त्यहाँ मेरा पुत्र महाकाश्यप सञ्चैछ ? सञ्चैछ भन्ते, उनका एकजना चेलाले आफुलाई अववाद उपदेश दिनुभएकोमा रिसाएर आश्रममा आगो लगाएर भाग्यो । भनी बिन्ति गरेपछि भगवानले उनी अहिले मात्र अववाद उपदेश सुनेर रिसाएको होइन पहिलेको जन्ममा पनि उनी रिसाएर बिगारेर विनाश गरी गएको छ भनी आज्ञा हुनुभई अतीतको कुरा बताउनुभयो--

अतीत समयमा वाराणसी नगरमा ब्रह्मदत्त राजाले राज्य गरिरहंदा हिमालय प्रदेशमा एउटा सिङ्गिलि भन्ने चरा एउटा



Downloaded from http://dhamma.digital

रूखको हाँगामा आफ्नो गुंड बनाएर वास गरिरहेको थियो। एकदिन पानी परिरहेको बेलामा एउटा बांदर जाडोले थुरुथुरु कांप्दै त्यहाँनिर आयो सिङ्गिलि चराले त्यो देखेर करुणापूर्वक गाथा द्वारा यसो भन्यो--

*मनुस्ससो व ते सीसं, हत्थपादा च वानरा।*
*अथ केन नु वण्णेन, अगारं ते न विज्जती"ति॥*

अर्थ-- हे बांदर, तिम्रो हात गोडा टाउको समेत मानिसको जस्तो छ, तैपनि के कारणले गर्दा तिमीले आफु बस्ने घर एउटा नबनाएको ?

बांदरले यद्यपि मेरो हात गोडा मानिसको जस्तो भएपनि जुन प्रज्ञाद्वारा विचार गरेर घर बनाउने हो त्यो प्रज्ञा मसंग छैन भन्ने विचार गरी त्यो अर्थ प्रकाशगर्ने इच्छाले यो गाथा भन्यो--

*मनुस्सस्सेव मे सीसं, हत्थ पादा च सिङ्गिल।*
*याहु सेट्ठो मनुस्सेसु, सा मे पञ्ञा न विज्जती"ति॥*

अर्थ-- हे सिङ्गिल पंक्षि, मेरो हात गोडा र टाउको मानिसको जस्तो भएपनि मानिसहरूको बीचमा हुनुपर्ने जुन श्रेष्ठ प्रज्ञा भन्ने बुद्धि हो त्यो नै मसंग छैन।

अनि उसलाई यस्तो तिमीलाई घर गृहस्थीमा बस्ने काम कहिले सिद्ध हुनसक्छ ? भनी निन्दा गरेर सिङ्गिल पंक्षिले यी गाथाहरू भने--

*अनवट्ठितचित्तस्स, लहुचित्तस्स दुब्भिनो।*
*निच्चं अद्धुवसीलस्स, सुखभावो न विज्जति॥*
*सो करस्सु आनुभावं, वीतिवत्तस्सु सीलियं।*
*सीतवातपरित्तानं, करस्सु कुटवं कपी"ति॥*

अर्थ-- चित्त स्थिर नभएको, सानो चित्त भएको, दुष्टबुद्धि भएको, जहिले पनि स्थिरशील नभएको, त्यस्तो तिमीलाई सुख



Downloaded from http://dhamma.digital

हुदैन । त्यस्तो तिमी आनुभाव सम्पन्न हुन शीलवान भएर समय बिताउन खोज (हे बांदर) तिमीले जाडो र हावाबाट बच्न एउटा कुटि बनाएर बस्ने गर ।

बाँदरले "यसले मलाई चित्त स्थिर नभएको, सानो चित्त भएको, मित्रद्रोहि, नीच, दुश्शील तुल्यायो अब यसलाई मैले सुख हुने आकार देखाइ दिनुपर्‍यो" भनी छिटो छिटो रुखमाथि चढेर उसको गुंड विध्वंस गरि छता छुल्ल पारि दियो । सिङ्गिल चरो बांदरले गुंड भत्काउन आएपछि पछाडि पट्टिको प्वालबाट निस्केर भाग्यो । शास्ताले यो धर्मदेशना सुनाएर जातकको स्पष्टीकरण गर्नु भयो । त्यसबेलाको बांदर अहिले आश्रम भत्काउने तरुण श्रामणेर हो । सिङ्गिल चरो काश्यप स्थविर हो, भनी जातक स्पष्ट गर्नुभई यसरी हे भिक्षुगण हो! अहिले मात्र उसले अववाद उपदेश दिंदा रिसाएर आश्रम विनाश गरिदिएको होइन, पहिले पनि गरी आएको थियो । मेरो पुत्र काश्यप यस्ता मूर्ख दुष्टसंग बास गर्नु भन्दा यकलै बास गर्नु उत्तम छ, भनी आज्ञा गर्नु भई यो गाथा आज्ञा गर्नुभयो--

*चरञ्चे नाधिगच्छेय्य, सेय्यं सदिसमत्तनो ।*
*एकचरियं दल्हं कयिरा, नत्थि बाले सहायता"ति ॥*

अर्थ-- यो संसारमा जीवन यापन गर्दा आफु समान शील स्वभावको कोहि भएन भने यकलै बस्नु नै जाती हो, बाल मूर्खजनहरूको कुनै भरोसा सहायता छैन ।

(पदार्थ-- त्यहाँ *"चरं"* भनेको चारवटा इरियापथमा लाग्नेलाई नलिइकन आफ्नो इच्छानुसार हिंडने भनि जान्नुपर्‍यो । कल्याणमित्र खोजि हिडने भन्ने अर्थ हो । *"सेय्यं सदिस मत्तनो"* भनेको आफ्नो शील समाधि प्रज्ञागुण धेरै भएको अथवा समान भएको, यदि पाइएन भने *"एक चरियं"* भनेको यिनीहरू मध्ये उत्तम भएको पाए शीलादिमा बृद्धि हुन्छ, समान भए परिहानी



Downloaded from http://dhamma.digital

हुंदैन, हीन भए संगै बस्दा, उनीसंग सम्भोग परिभोग गरी हिंडदा शीलादि विनाश भएर जानेछ । त्यसैले भनिराखेको-- *"एवं रूपो पुग्गलो न सेवितब्बो न भजितब्बो न पयिरुपासितब्बो अञ्ञत्र अनुद्दया अञ्ञत्र अनुकम्पा"ति* भनी । अर्थात "त्यस्ता मानिस संग अनुकम्पा र अनुदया बाहेक सेवनगर्न, भजन, उपासनागर्न हुंदैन ।" त्यसकारण यदि करुणा राखेर यसले मेरो कारणले शीलआदि बृद्धि गर्ला त्यसबाट पुद्‌गललाई केहि लाभ हुने भए आशा नराखी उसलाई संग्रह गर्न हुन्छ, यस्तो गरिदिनु कुशल हो, यदि त्यसो गर्न सकिएन भने यकलै बस्ने दरिलो गरिलानु पर्छ, यकलै बस्ने स्थिर गरी, सम्पूर्ण इरियापथमा यकलै बसेर समय बिताउने गर, किन भने? मूर्ख दुष्टजनहरूको कुनै सहायता भरोसा हुंदैन । चूलशील मध्यमशील महाशील, दश कथावस्तु, तेन्ह धुतङ्गगुण विदर्शना गुण, चार मार्ग, चार फल, तीन विद्या, छ: अभिज्ञा, यी सहायक गुणहरू मूर्खहरूको निम्ति होइन भने ।

धर्मदेशनाको अन्तमा आगन्तुक भिक्षु स्रोतापत्ति फलमा प्रतिष्ठित हुन गयो । अरु पनि निकै मानिसहरू स्रोतापत्ति आदि फलमा पुग्न गए, धर्मदेशना धेरै जनताहरूलाई सार्थक हुन गयो ।)

महाकाश्यप स्थबिरका शिष्यहरूको कथा समाप्त भयो ।

....................

## ३. आनन्द महाजनको कथा

*"पुतामत्थि"* भन्ने यो धर्मदेशना शास्ता श्रावस्ती नगरमा विहार गर्नुभएको बेलामा आनन्द महाजनको कारणले आज्ञा गर्नु भएको थियो ।

श्रावस्ती नगरमा आनन्द महाजन भन्ने चालिस करोड धन सम्पत्ति भएर पनि साह्रै नै कंजूस - कप्ति महाजन थियो । उसले पक्षमा एक पटक आफ्ना ज्ञातीहरू भेला गरेर आफ्नो



Downloaded from http://dhamma.digital

छोरा मूलसिरिलाई दिनको तीन पटक यसरी अववाद - उपदेश दिनेगर्थ्यो-- "यो चालिस करोड धनलाई धेरै नसम्झनु । भएको धन अरुलाई दिन हुदैन । नभएको नयां नयां धन जोर्दै लानुपर्छ । एक रुपैञां भए पनि आफुसंग भएको धन खर्च गर्‍यो भने सकिएरै जान्छ । त्यसैले भनेको पनि छ--

*अञ्जनानं खयं दिस्वा उपचिकानञ्च आचयं ।*
*मधूनं च समाहारं पण्डितो घरमा वसे ति ॥*

अर्थ- गाजल सकिएको देखेर, धमिराले माटोको एक एक टुक्रा जम्मा गरी ल्याएझैं, माहुरीले मह संग्रह गरेझैं पण्डित जनहरूले घरमा घरगृहस्थि चलाउन जान्नुपर्छ ।

त्यस महाजनले पछि आफ्नो पांचवटा महानिधान छोराहरूलाई नबताईकनै अभिमान र कंजुसी मलले मलीन भएर त्यहाँबाट परलोक भई सोही नगरको एउटा द्वार ग्राममा एकहजार चाण्डाल परिवारहरू बास गरीराखेको थाउँमा एक चण्डालनीको गर्भमा जन्म लिन पुगे । राजाले त्यस महाजन परलोक भएको समाचार सुनेर उनको छोरो मूलसिरिलाई बोलाउन पठाई महाजनको पदमा राखी दियो । ती एकहजार चाण्डाल कुलहरू एकै ठाउँमा कुल्ली काम गरेर जीविका गरीरहेको बेलामा त्यस कप्ती महाजन प्रतिसन्धी ग्रहण गर्न पुगेदेखी कुल्ली काम नै नपाउने भयो । एक पेट धान्न नै मुस्किल हुने भयो । तिनीहरूले "हामीले यतिबिघ्न कामगरेर पनि आफ्नो एकपेट भर्न पनि सकिएन, हाम्रा बीचमा अवश्य पनि कुनै एक अलच्छिन मानिस जन्मिन आएको हुनुपर्छ" भनी उसलाई पत्तालगाउन तिनीहरू दुईभाग दुई समूह भएर अलग अलग भए । जबसम्म त्यो अलच्छिन जन्म लिन आएको आमा पत्ता लाग्दैन तबसम्म आफ्ना समूह आधा आधा भएर पत्ता लागेपछि उसको आमालाई आफ्नो समूहबाट निकाली दियो ।



Downloaded from http://dhamma.digital

ती महिलाले गर्भिणी हुन्जेल पनि जिउनुको निम्ति मुस्किलले मात्र आहार खोजेर खाई, पछि एउटा छोरो जन्माइन् । त्यस बच्चाको हात, गोडा, आंखा, नाक, कान र मुख हुनुपर्ने ठाउँमा नभैकन अन्यत्र नै पर्नगयो । त्यो बच्चा यसरी अङ्ग प्रत्यङ्ग विकलाङ्ग भएको, कालीमाटिको बनाइराखेको पिशाच जस्तै अत्यन्त कुरूप भई जन्म्यो । त्यस्तो भएपनि आमाले उसलाई छाडिनन् । दश महिनासम्म गर्भमा राख्ने आमाहरूको आफ्नो छोरा प्रति माया स्नेह बलवान भैरहन्छ । ती महिलाले त्यस बच्चालाई सान्है नै दु:ख खपेर पालन पोषण गरिन् । त्यस बच्चा लिएर गएको दिन उसलाई कुनै पनि कुल्ली काम पाएनन्, उसलाई घरमा राखी आफु एक्लै गएको दिन कुल्लीकाम पाउने भयो । अनि ती महिलाले त्यस बच्चालाई मागेर खान नसकुन्जेल अत्यन्त दु:ख कष्ट सहेर पाली ठूलो पारिन् । मागेर खान सक्ने भएपछि त्यस बच्चाको हातमा एउटा हाँडिको टुक्रा दिएर "तात! हामीले तिम्रो कारणले गर्दा महान दु:ख कष्ट भोगेर आइसकें । अबदेखी हामीले तिमीलाई पाल्न सकेनौं । यस नगरमा गरीब गुरुवाहरूलाई खुवाउने सदावर्त दान दिनेहरू छन् । त्यहाँ गएर भिक्षा मागेर जीविका गर्न जाउ" भनेर छाडीदिइन् । त्यस बालक प्रत्येक घरमा क्रमैसंग भिक्षा माग्न जांदा आफु आनन्द महाजन भइरहेको बेलाको घरमा पुग्दा आफ्नो पहिलेको जन्मको कुरा सम्झन सक्ने जातिस्मरण ज्ञान भएको हुनाले आफ्नो घर चिनेर सरासर भित्र पसे । उसले तीनवटा ढोका सम्म पस्दा पनि कसैलाई चिन्न सकेन । चारौं ढोका पसेपछि आफ्नो छोरा मूलसिरि महाजनलाई देखेपछि चिनेर मन आकुल व्याकुल भएर रोए । अनि उसलाई महाजनका मानिसहरूले निस्की अलच्छिन भनी पिटेर घरबाट निकालेर धुलोको खाडलमा खसालीदियो । सोही बेला शास्ता तथागत आनन्द स्थविर लाई पछि पछि राखी त्यहाँ भिक्षाचार



Downloaded from http://dhamma.digital

पाल्नुभई स्थविरतिर हेर्नुभयो । स्थविरले कारण सोधेपछि त्यो प्रवृत्ति बताउनु भयो । स्थविरलाई मूलसिरि महाजन डाक्न पठाएपछि त्यहाँ निकै मानिसहरू भेलाहुन आए । शास्ताले मूलसिरि महाजनलाई बोलाएर "यस बालकलाई चिनेकाछौ" भनी सोध्नुभयो । चिनेको छैन भन्ते, भनी उत्तर दिएपछि यस बालक तिम्रो पिता आनन्द महाजन हो भनी आज्ञा हुनुभयो । तिनीहरूले नपत्याएपछि तिमीले पहिले आनन्द महाजन हुंदा गाडिराखेको पांचवटा महानिधान देखाईदेउ जाउ भनी देखाउन लगाई पत्यार पार्न लगायो । त्यो बालक र मूलसिरि महाजन दुवै शास्ताको शरणमा गए । शास्ताले तिनीहरूलाई धर्मदिशना गर्नुभई तलको गाथा आज्ञा गर्नु भयो -

*"पुत्ता मत्थि धनमत्थि, इति बालो विहञ्ञति ।*
*अत्ता हि अत्तनो नत्थि, कुतो पुत्ता कुतो धन"न्ति ॥*

अर्थ -- बाल मूर्ख जनहरू मेरा छोरा छन्, मेरो धन छ भनी हैरान भैरहन्छन्, आफु नै आफुले भनेजस्तो हुदैन भने कहाँको छोरा छोरी र धन दौलत आफुले भनेजस्तो होला ?

(पदार्थ -- मेरा छोराहरू छन्, मसंग धन प्रसस्त छ भनी मूर्ख जनहरू छोरा छोरीहरूको तृष्णाले र धन दौलतको अभिमानले हैरान हुन्छन्, निकै हैरान हुन्छन्, दु:ख मान्छन् कि छोरा विनाश भैगयो भनी हैरान हुन्छन्, विनाश भैरहयो भनी हैरान हुन्छन्, विनाश हुन्छन् भनी हैरान हुन्छन् धन दौलतको बारेमा पनि यसरी नै बुझ्नुपर्‍यो; यसरी ६ आकारले हैरान हुन्छन् । पुत्र पत्नी पालन गर्छु भनी रात दिन नभनीकन स्थल जल आदि बाटोमा नाना प्रकारले उद्योग कोशिस गरेर पनि हैरान हुन्छन् । धन कमाउंछु भनिकन पनि खेती ब्यापार आदि अनेक व्यवसाय गरेर हैरान हुन्छन् । हैरान भैरहेकालाई पनि आफ्नो शरीर नै आफुले भनेजस्तो छैन भन्ने त्यो कष्टले दु:खी भएर आफुलाई



Downloaded from http://dhamma.digital

सुखी पार्न नसकेको प्रबृत्तिमा पनि आफु नै आफुले भनेजस्तो छैन, मरण शैय्यामा लडीराखेकालाई, मरणान्त वेदनाले आगोले पोलेझैं पोली राखेकोलाई, बन्धन छिनाल्न लागेको र हाडको सन्धि फुट्न लागेको, यस लोकमा आंखा चिम्लेर परलोकमा आंखा खोलेर हेरी राखेकालाई पनि, दिनको तीनपटक स्नान गराई तीन छाक खुवाई, सुगन्ध फुलको माला आदिले अलंकृत गरेर जन्मभर हेरबिचार गरी रहेपनि, मदत गर्ने रूपले दु:खबाट मुक्त गरिदिन नसकिने हुनाले, आफु नै आफुले भनेजस्तो छैन कहांको पुत्र पत्नी, कहांको धन दौलत आफुले भनेजस्तो होला ? मरणान्त हुने अवस्थामा पुत्र पत्नीहरूले अथवा धन दौलतले हामी लाई के उपकार गर्न सक्ला ? आनन्द महाजनले पनि कसैलाई केही नदिएर छोराको निम्ति धन संग्रह गरी पहिले पनि मरण शय्यामा पल्टीई रहेकाले केही गर्न सकेन । अब यो दु:खको अवस्थामा पुग्न आएकोलाई कहाँ छोराले कहाँ धनले पुत्र पत्नीहरूले अथवा धन दौलतले के दु:ख निवारण गरी दिन सक्ला ? के सुख उत्पन्न गरिदिन सक्ला ? भनेको हो ।)

धर्मदेशनाको अन्तमा चौरासीहजार प्राणीहरूलाई धर्म लाभ भयो । धर्मदेशना धेरै जनताहरूलाई सार्थक भयो ।

आनन्द महाजनको कथा समाप्त भयो ।

................

## ४. गाँठो फूकाल्ने चोरहरूको कथा ।

*"यो बालो"* भन्ने यो धर्मदेशना शास्ता जेतवन महाविहारमा विहार गर्नुभएको बेलामा गाँठो फुकाल्ने चोरको कारणले आज्ञा गर्नुभएको हो ।



Downloaded from http://dhamma.digital

ती दुइजना चोर साथीहरू धर्मश्रवण गर्नुको निम्ति जेतवनमा गईरहेका जनताहरूसंगै जेतवनमा गएर एकजनाले राम्रोसंग एकचित्तगरी धर्म श्रवण गर्दत्यो भने अर्कोले आफुले चोरेर लाने चीज बस्तु के छ भनी ताकी रहन्थ्यो। ती दुइजना मध्येमा राम्रोसंग ध्यानदिएर धर्मश्रवण गर्ने चाहिं श्रोतापत्ति फलमा प्रतिष्ठित भयो। अर्को ले एकजनाको पछ्यौराको टुप्पामा गाँठो पारी राखेको पांचआना जति पैसा चोरेर लियो। उसलाई त्यो चोरेर ल्याएको पैसाले एकछाक भात खान पुग्यो। अरुचांहिंको घरमा चुलोमा आगो बलेन। चुल्हो नबल्ने घरमा स्वास्नीले झगडा गरेर "तिमीले आफ्नो पण्डितताले गर्दा आज आफ्नो घरमा चुलोसम्म बाल्न पुग्ने कुनै सामान ल्याएन" भन्यो। लोग्नेचांहिंले "यसले मूर्ख नीच भावलाई नै पण्डितभाव थानीरहयो" भनी उसको प्रबृत्ति शास्तालाई बिन्तिगर्न आफन्तहरू सहित जेतवनमा गएर बिन्ति गर्न गयो। शास्ताले उसलाई धर्मदेशना गर्नुभई निम्न गाथा आज्ञा गर्नुभयो --

*"यो बालो मञ्ञति बाल्यं, पण्डितो वापि तेन सो।*
*बालो च पण्डितमानी, स वे "बालो"ति वुच्चती"ति॥*

अर्थ - जुन मूर्खले आफु मूर्ख छु भनी चालपायो भने उसलाई पण्डित नै भन्न सुहाउँछ, मूर्ख भएर पनि आफुलाई पण्डित सम्झी रहने व्यक्तिलाई यथार्थमा मूर्ख भनिन्छ।

(पदार्थ - त्यहाँ *"यो बालो"* भनेको जुन मूर्खले आफु पण्डित होइन अपण्डित समान आफु मूर्ख हु भन्ने भाव आफैले महसूस गर्छ, बुझ्छ। *"तेन सो"* भनेको त्यो कारणले गर्दा त्यसलाई पण्डित पनि भन्न सकिन्छ, पण्डित समान पनि सम्झन सकिन्छ। उसले म मूर्खछु भन्ने भाव जानेर अरु पण्डितहरूकहाँ जांदा उनले आफु पण्डित हुनुको निम्ति बिद्वानहरूले दिएको अववाद, उपदेश, अनुशासनलाई श्रद्धापूर्वक ग्रहण गरी पछि उ



Downloaded from http://dhamma.digital

पण्डित पनि हुन सकिन्छ । पण्डित भन्दा पनि माथी पर्न सक्छ । *"स वे बालो"* भनेको जुन मूर्खले अरु म समान बहुश्रुत अथवा धर्मधर अथवा विनयधर अथवा धुतवादी को होला ? भनी यसरी पण्डित अभिमानी भएर उसले अरु यथार्थ पण्डितहरूकहाँ नगईकन न परियत्ति सिकेर लिन्छ न प्रतिपत्ति नै पूरा गर्छ, एकान्त रूपले मूर्खभावमा नै पुग्न जान्छ, त्यो माथी बताई आएको गाँठो फुकाली पैसा चोर्ने चोर झैं हुनेछ त्यसकारण *"स वे बालो"* भनेको हो ।)

धर्मदेशनाको अन्तमा उसका आफन्तहरू सहित धेरै मानिसहरू श्रोतापत्ति आदि फलमा पुग्न गए ।

गाठो फुकाल्ने चोरको कथा समाप्त भयो ।

................

## ५. उदायि स्थविरको कथा

*"याव जीवम्पि चे बालो"* भन्ने यो धर्मदेशना शास्ता जेतवनमा विहार गर्नुभएको बेलामा उदायि स्थविरको काणले आज्ञा गर्नुभएको हो ।

उदायी स्थविर धर्म कथिक महास्थविरहरू फर्केपछि धर्म सभामा गएर धर्मासनमा बस्न जानुहुन्थ्यो । एकदिन उनलाई आगन्तुक भिक्षुहरूले देखेर उनी बहुश्रुत महास्थविर हुनुपर्छ भन्ने थानेर स्कन्ध आदि संयुक्त भैरहेको प्रश्न सोद्धा केही थाहा नपाएपछि "यिनी भिक्षु को रहेछ ? बुद्ध संगै एउटै विहारमा बास गरेर पनि स्कन्ध, धातु, आयतन भन्ने कुनै थाहा छैन" भनी निन्दा अपहास गरी तथागतकहाँ गएर बिन्ति गर्न गए । शास्ताले तिनीहरूलाई धर्मदेशना गर्नुभई यो गाथा आज्ञा गर्नुभयो:--



Downloaded from http://dhamma.digital

*"यावजीवम्पि चे बालो पण्डितं पयिरूपासति ।*
*न सो धम्मं विजानाति दब्बी सूपरसं यथा"ति ॥*

अर्थ-- बाल मूर्खजनले जन्मभर पण्डितजनको सत्संग गरेपनि दाडुले दाल तरकारीको स्वाद थाहा पाउन नसके जस्तै धर्मलाई जानी बुझी लिन सक्दैन ।

(पदार्थ-- माथीको गाथाको अर्थ "मूर्ख बालजनहरूले जन्मभर सम्म पण्डितहरूकहाँ गएर तिनीहरूको सत्संग गरे पनि यो बुद्ध वचन हो, बुद्ध वचन यति छ, परियत्ति धर्म भनेको यस्तो छ अथवा यो चार, विचार, आचार, गोचर हो, यो सदोष कार्य, यो दोष रहित कार्य हो, यो सेवन गर्नु हुने, यो सेवन गर्न नहुने, यो आचरण गर्न हुने, यो साक्षात्कार गरी लिन योग्य छ भनी यसरी प्रतिपत्ति प्रतिवेध धर्म भनेको थाहा हुँदैन । जस्तो दाडूले दाल; तरकारीको स्वाद थाहा पाउँदैन ।" जस्तो दाडुले परीक्षा गर्न भनी अनेक प्रकारका दाल तरकारी वल्टाई पल्टाई रहे पनि यो नून भएको, यो नून नभएको, यो गुलियो, तीतो, निकै पिरो, अमिलो, अमिलो नभएको, तर्रो, काशाय रस भएको, भनी तरकारीको स्वाद थाहा पाउन सकिँदैन, त्यस्तै नै बाल मूर्खजनहरूले जन्मभर नै पण्डित जनहरूको सत्सङ्ग गरे पनि माथी भने जस्तै धर्मलाई जानी लिन सकिँदैन भनेको हो ।)

धर्म देशनाको अन्तमा आगन्तूक भिक्षुहरूको चित्त आश्रवमुक्त भयो ।

उदायि स्थविरको कथा समाप्त भयो

....................



Downloaded from http://dhamma.digital

## ६. भद्रवर्गिहरूको कथा

*"मुहुत्तमपि चे विञ्ञू"* भन्ने यो धर्मदेशना शास्ता जेतवन महाविहारमा विहार गर्नुभएको बेलामा तीसजना पाथेय्यक भिक्षुहरूको कारणले आज्ञा गर्नुभएको हो ।

तिनीहरूलाई तथागतले कप्पासिक वनखण्डमा आइमाई खोजीरहेका बेला पहिले धर्मदेशना गर्नुभयो । त्यस बेला सबै भिक्षुहरू एहि भिक्खु भावमा पुगेर ऋद्धिद्वारा प्राप्त पात्र चीवर धारी भई तेऱ्हवटा धुतङ्ग धारण गर्ने भए, पछि धेरै समय बितेपछि शास्ताकहाँ गएर *अनमतग्ग* (चिन्तना द्वारा थम्याउन नसकिने) धर्मदेशना सुनेर सोही आसनमा अरहन्त हुनुभयो । अरु भिक्षुहरूले "अहो यिनीहरूले चाँडै नै धर्म अवबोध गरी लियो" भनी धर्मसभामा चर्चा गरे । सो कुरा सुनेर तथागतले "हे भिक्षु हो ! अहिले मात्र होइन पहिले पनि यिनीहरूले तीस जना साथीहरू धूर्त भईरहेको बेलामा (तुण्डिल जातकमा) महातुण्डिलको धर्मदेशना सुनेर चांडै नै धर्म बुझ्ने भएर पञ्चशील धारण गरेका थिये । सोही संस्कारले गर्दा अहिले यस अवस्थामा बसीराखेको आसनमा यसरी नै अरहन्त भाव प्राप्त भएको हो भनी आज्ञा हुनुभै यो गाथा आज्ञा गर्नु भयो:--

*"मुहुत्तमपि चे विञ्ञू पण्डितं पयिरुपासति ।*
*खिप्पं धम्मं विजानाति जिह्वा सूपरसं यथा"ति ॥*

अर्थ:-- ज्ञानी मानिसहरूले क्षणभर मात्र भएपनि पण्डितजनको सत्सङ्ग सेवन गरेता पनि चांडै नै सद्धर्मलाई जानेर बुझिलिने हुन्छ, जस्तै जिब्रोले दाल तरकारीको स्वाद बुझी लिन्छ ।

(पदार्थ: त्यसको अर्थ विज्ञ ज्ञानी मानिसले क्षणभर मात्र भएपनि पण्डितजनसंग सत्सङ्ग गरेर उनीकहाँबाट जानेर बुझेर प्रश्नगरेर चांडै नै परियत्ति धर्म जानीलिन्छ । त्यसपछि कर्मस्थान



Downloaded from http://dhamma.digital

देशना गर्न लगाएर प्रतिपत्ति धर्ममा उद्योग कोशिस गर्दै जिभ्रोले स्पर्श गरेको जिह्वाप्रसादले जिभ्रोको टुप्पामा राख्ने बित्तिकै नून भएको नभएको भेद जानेर बुझे जस्तै पण्डित जनहरूले चाँडै नै लोकोत्तर धर्मलाई जानी बुझी लिन्छ भनेको हो ।)

धर्मदेशनाको अन्तमा धेरै नै भिक्षुहरू अरहन्त भावमा पुग्न गए ।

**भद्रवर्गिहरूको कथा समाप्त भयो ।**

# ७. सुप्पबुद्ध कोढीको कथा

*"चरन्ति बाला दुम्मेधा"* भन्ने यो धर्मदेशना शास्ता वेलुवन महाविहारमा विहार गर्नुभएको बेलामा सुप्रबुद्ध कोढीको कारणमा आज्ञा गर्नु भएको हो । (सुप्पबुद्धको कथा उदान ४३ मा आये जस्तै हो)

त्यस बखतमा सुप्रबुद्ध कोढी परिषदको छेउमा बसेर तथागतको धर्मदेशना सुनेर स्रोतापत्ति फलमा प्रतिष्ठित भई आफुलाई प्राप्त भएको गुणधर्म शास्ता तथागतलाई बिन्ति गर्ने इच्छाले परिषदको माझमा प्रकाश गर्ने साहस नभएर परिषदहरू शास्तालाई वन्दना गरेर गइसकेपछि आफु एक्लै फेरी विहारमा फर्के । सोही क्षणमा शक्र देवराज इन्द्रले यो सुप्रबुद्ध कोढी शास्ताको शासनमा आफुलाई प्राप्त भएको गुणधर्म प्रकट गर्ने इच्छा गरी आइरहेको थाहा पाएर, यसलाई परीक्षा गरी हेर्नुपर्‍यो भनी आकाशमा बसेर यस्तो भन्यो-- "हे सुप्रबुद्ध! तिमी मानिसहरूको बीचमा दरिद्र र हीन व्यक्ति हौ । तिमीलाई मैलै अनन्त धन दिन्छु, बुद्धलाई बुद्ध होइन, धर्मलाई धर्म होइन, संघलाई संघ होइन, मलाई बुद्ध चाहियेको छैन, मलाई धर्म चाहियेको छैन, मलाई संघ चाहियेको छैन भनी भन ।" अनि सुप्रबुद्धले उनीसंग



Downloaded from http://dhamma.digital

तिमी कोहौ भनी सोधे । म शक्र हुं, भनेपछि हे शक्र! तिमी अन्धो मूर्ख निर्लज्ज रहेछौ तिमीले मलाई भन्न योग्य नभएको दरिद्र मगन्ते भन्यौ म गरीब छैन दरिद्र पनि होइन, म महाधनी भएर सुखपूर्वक बास गरीरहेको छु, भनी यसरी गाथा पढेर सुनाए--

*"सद्धा धनं सीलु धनं हिरिओत्तप्पियं धनं ।*
*सुतधनञ्च चागो च पञ्ञा मे सत्तमं धनं ॥*
*यस्स एते धनं अत्थि इत्थिया पुरिसस्स वा ।*
*अदलिद्दो"ति तं आहु अमोघं तस्स जीवितं"ति ॥*

अर्थ-- श्रद्धा धन, शील धन, लज्जा धन, भय धन, श्रुत धन, त्याग धन, अनि मेरो सातौंधन यो प्रज्ञा धन हो ।

स्त्रीमा होस् वा पुरुषमा होस् जसमा यस्ता धन हुन्छन् उसलाई दरिद्र भन्दैन, उसको जीवन निरर्थक हुदैन ।

जसमा यस्ता सात प्रकारका आर्य धन हुन्छ उसलाई बुद्ध अथवा प्रत्येकबुद्धहरूले दरिद्र भन्दैन । देवराज शक्रले उसको कुरा सुनेर उसलाई बाटोको बीचैमा छाडेर शास्ता तथागतकहाँ गएर उनीसंग प्रश्नोत्तर भएको कुरा बिन्तिगरे । अनि उसलाई तथागतले यसरी आज्ञा गर्नुभयो-- "हे शक्र देवराज! तिमी जस्ता सयजनाले हजारजनाले पनि सुप्रबुद्ध कोढीलाई बुद्ध होइन, धर्म होइन, संघ होइन भनी भनाउन सक्नेछैन ।" सुप्रबुद्ध पनि सन्तोष भई शास्ताकहाँ गएर कुशलवार्ता गरी आफुले साक्षात्कार गरी लिएको गुणधर्म सबै बिन्ति गरी आसनबाट उठेर फर्के । यसरी उनी फर्केर केही समय पछि नै बाटोमा आइरहेकी एउटी गाईले हानेर मारी दियो ।

ती गाई एउटी यक्षणी थिइन् । ती यक्षणीले पुक्कुसाति कुलपुत्र, बाहिय परिब्राजक दारूचीरिय, तम्बदाठि चोरघातक, सुप्पबुद्ध कोढी यी चारजनालाई एक एक सय आत्मभावमा गाई



Downloaded from http://dhamma.digital

भएर हानेर मारेर आइरहेकी थिइन् । ती चारजना पहिले अतीत कालमा महाजन पुत्र भई जन्मदा तिनीहरूले एउटी नगरशोभिनी (बेश्या) लाई उद्यानमा लगेर दिनभर कामसुख भोग गरी सांझमा यसरी सल्हागरे-- "यहाँ अरु कोही छैन यसलाई हामीले दिईराखेको एकहजार रूपैञा र यसको सबै वस्त्राभूषण छिनेर यसलाई यहिं मारेर जाउँ ।" ती स्त्रीले यिनीहरूको कुरा सुनेर यिनीहरूले मसंग निर्लज्ज भई संभोग गरेर अहिले मार्ने कुरा गरीरहेका छन् । यिनीहरूलाई मैले गर्न जानेकी छु भनी यिनीहरूले मलाई मारेपछि म यक्षणी भएर यिनीहरूले मलाई मारे जस्तै यिनीहरूलाई पनि मैले मार्न सकौं भनी प्रार्थना गरी प्राण त्यागीन् । सोही कारणले उक्त यक्षणीले गाईको रूप धारण गरेर यिनीहरूलाई मारी दिएका हुन् । धेरै भिक्षुहरूले सुप्रबुद्ध मऱ्यो भनी तथागतलाई बिन्ति गरी उसको के गति भयो ? उनी कुन् कारणले गर्दा कुष्ट रोगी हुनुपरेको ? भनी सोधे । शास्ताले सुप्रबुद्ध स्रोतापन्न भएर त्रायत्रिंश भवनमा उत्पन्न हुन गएको भाव र तगरसिखी प्रत्येकबुद्ध लाई देखेर निन्दा अप्रसन्न गरी धेरै काल सम्म नरकभोग गरी विपाक बाकि रहेको हुनाले अहिले यस जन्ममा पनि कुष्ट रोग लागेको भाव आज्ञा हुनु भई "हे भिक्षु हो! यी सत्व प्राणिहरू आफुले गरी आएका कर्मले आफैमा कष्ट दायक कर्मविपाक भोगगर्ने हुन्छन्" भनी आज्ञा हुनुभई हेतु कारण जोडी अरु पनि धर्मदेशना गर्नुभई यो गाथा आज्ञा हुनुभयो--

*"चरन्ति बाला दुम्मेधा, अमित्तेनेव अत्तना ।*
*करोन्ता पापका कम्म, यं होति कटुकप्फलं"ति ॥*

अर्थ-- दुर्बुद्धि, बाल जनहरूले दुष्ट साथीहरू संग लागेर जुन पापकर्म गर्छन् त्यसको विपाक फल आफुले अत्यन्त कष्टदायी तीतो भोग गर्नुपर्ने हुन्छ ।

(पदार्थ-- *"चरन्ति"* भनेको चार इरियापथले अकुशल



Downloaded from http://dhamma.digital

मात्र गरी हिंडने । *"बाला"* भनेको यो लोकको र परलोकको अर्थ नजान्नेहरूलाई यहाँ बाल भनेको हो । *"दुम्मेधा"* भनेको दुष्ट प्रज्ञा भएकोलाई भनेको हो । *"अमित्तेनेव"* भनेको मित्र नभएकोजस्तो शत्रु जस्तो । *"कटुकप्फलं"* भनेको कडा तीक्ष्ण तीतो फल विपाकलाई भनेको हो ।)

धर्मदेशनाको अन्तमा धेरैनै स्रोतापत्ति फल आदिमा पुग्न गए ।

सुप्पबुद्ध कोढीको कथा समाप्त भयो ।

## ८. कृषकको कथा

*"न तं कम्मं कतं साधु"* भन्ने यो धर्मदेशना शास्ता जेतवन महाविहारमा विहार गर्नुभएको बेलामा एउटा कृषकको कारणमा आज्ञा हुनु भएको हो ।

उनी श्रावस्ती नगर संगैको एक टुक्रा खेतमा हल जोती रहेको थिए । एक हूल चोरहरू पानीको कुलो भित्रबाट नगरमा पसेर एउटा धनी महाजनको घरमा सुरङ्ग खनेर भित्र पसी धेरैनै सुन चांदी इत्यादि धन सम्पत्ति चोरी पुनः पानीको कुलो भित्रबाटै नगरबाट बाहिर निस्के । एउटा चोरले आफ्ना अरु साथीहरूको आंखा छलेर एकहजार रुपैयांको थैली एउटा उनले हल जोतीरहेको कृषकको नजिकै लुकाएर गएछ । ती चोरहरू त्यहाँ बसेर चोरेर ल्याएका वस्तु बाँडेर फर्केर जांदा त्यो लुकाईराखेको थैली लिन बिर्सेर त्यसै छाडी गएछ । त्यसदिन शास्ताले बिहान सबेरै लोकमा ध्यानदृष्टि पुऱ्याउँदा त्यस कृषकलाई आफ्नो ज्ञानजालभित्र परेको देख्नुभई विचार गरी हेर्दा यस्तो देख्नुभयो -- "यो कृषक बिहान सबेरै खेत जोत्न आफ्नो खेतमा जानेछ । सम्पत्तिको धनीले चोरहरूको पाइलाको चिन्ह हेर्दै गएर त्यस हजार रुपैयां



Downloaded from http://dhamma.digital

भएको थैली त्यहाँ देखेर उसलाई पक्रनेछ । त्यतिबेला उसलाई म बाहेक त्यहाँ अरु साक्षि कोही हुंनेछैन । ती कृषक स्रोतापत्ति हुने उपनिश्रय सम्पत्ति भएको व्यक्ति पनि हो । म आज त्यहाँ जान योग्य छ" भन्ने मनमा राख्नुभयो । उनी कृषक बिहान सबेरै खेतजोत्न त्यहाँ गयो । शास्ता पनि आनन्द स्थविरलाई पछि पछि राखेर त्यहाँ जानुभयो । कृषकले शास्तालाई देखेर नजिकै गएर वन्दना गरी फेरी फर्केर आफ्नो खेत जोत्न थाल्यो । शास्ताले ती कृषकसंग कुनै कुरा नगरीकन एकहजार रुपैयां भएको थैली भएको थाउँमा पाल्नुभई त्यस थैली देखाएर आनन्द स्थविरलाई भन्नुभयो-- "देख्यौ आनन्द, त्यहाँ बिषधारी सर्प एउटा बसीरहेको छ । आनन्दले देखेर भन्ते! घोर बिष भएको सर्प हो ।" कृषकले त्यो कुरा सुनेर आफु त्यहिं बाट बेला अबेलामा हिंड्नु पर्छ । त्यहाँ सर्पलाई राखी छोड्नु ठीक छैन भनी बिचार गऱ्यो । शास्ता यति भन्नुभई त्यहाँबाट जानुभएपछि त्यस सर्पलाई मार्न उनी कठबांस लिएर गयो त्यहाँ जांदा एकहजार रुपैयां भएको थैली देखेर शास्ताले सर्प भन्नुभएको होला भनी उनी त्यस थैली लिएर फर्के । अब्यक्तताले गर्दा उसले त्यस थैली एक ठाउँमा राखेर माटोले छोपी फेरी खेत जोत्न थाल्यो । मानिसहरू पनि बिहान उज्यालो भएपछि घरमा चोरहरूले गरेको घटना देखेर चोरहरूको पाइलाको चिन्ह पछ्याउँदै त्यस खेतमा पुग्दा त्यस चोरहरूले चोरेर ल्याएका वस्तुहरू बाँडेर लिएको ठाउँ पत्ता लगायो । कृषकको पाइलाको चिन्ह पनि देख्यो । तिनीहरू उनको पाइलाको चिन्ह अनुसार गएर थैली छोपीराखेको ठाउँ पनि पत्ता लगाएर "तिमी डांकामारेर बडा खेत जोती रहने होइन ?" भनी धम्क्याई पिटेर हात पछाडि राखी पाताकसेर पक्रेर लगी राजालाई देखाउन लगे । राजाले त्यो कारण सुनेर त्यस चोरलाई मारीदेउ भनी आज्ञा दिए । राजपुरुषहरूले त्यस कृषकलाई बेस्संरी बांधेर कोर्राले



Downloaded from http://dhamma.digital

पिट्दै बधशालामा लगे । कोर्दाले पिट्दा उसले अरु केही नभनीकन "देख्यौ आनन्द, बिषधारी सर्प, देखें भन्ते, घोर बिष भएको सर्प हो ।" भन्दथ्यो । अनि राजपुरुषहरूले शास्ता र आनन्द स्थविरको नाउँ लिंदै गरेकोले यो के भनीरहेको भनी सोध्यो । उसले मलाई राजाकहाँ लगे मात्र यसको रहस्य राम्रोसंग बताउँछु भनेपछि उसलाई राजाकहाँ लगे । त्यो कुरा राजालाई बिन्ति गऱ्यो । अनि राजाले तिमीले तिमीलाई पिट्दा जहिले पनि किन त्यसो भन्ने गरेको भनी सोधे । उसले म चोर होईन भनी खेत जोत्न घरबाट निस्केदेखिको सबै बृतान्त कुरा राजालाई बिन्ति गऱ्यो । राजाले उसको कुरा सुनेर हे राजपुरुष हो, यसले लोकमा सबभन्दा अग्रपुद्गललाई साक्षिको ठाउँमा राख्यो । यसलाई दोषारोपण गर्नु योग्य छैन ।

त्यसपछि उसलाई लिएर सांझको समयमा शास्ताकहाँ गएर तथागतसंग यसरि सोध्नु भयो "भो भगवन्! तपाई आज बिहान आनन्द स्थविरसंग कृषकले खेत जोती रहेको ठाउँमा पुग्नुभएको हो" ? "हो महाराज! ।" "तपाईले त्यहाँ के देख्नुभयो?" "महाराज एकहजार रुपैयाभएको थैली देखें ।" "थैली देखेर के भन्नुभयो त ?" मैले यो कृषकले भनेजस्तै भनेको हुं ।" भन्ते! यदि आज यो मानिसले तपाईं जस्ता महापुरुषलाई साक्षिको रूपमा नराखेको भए यसको जीवन अन्त भैसक्थ्यो होला । तपाईले आज्ञा गर्नुभएको बचनलाई यसले दोहोऱ्याई रहेको हुनाले मात्र आज यसको जीवन रक्षा भयो भनी राजाले भनेको सुनेर शास्ताले हो महाराज! म पनि यत्तिको लागी नै आज बिहान त्यहाँ गएको हुं । पण्डित जनहरूले जुन काम गरेर पछि पश्चाताप भई रहनुपर्ने हुन्छ त्यस्तो काम गर्नु हुदैन भन्नुभई कारणाकारण मिलाई धर्मदेशना गर्नुभई तलका गाथा आज्ञा हुनुभयो-



Downloaded from http://dhamma.digital

*"न तं कम्म कतं साधु, यं कत्वा अनुतप्पति ।*
*यस्स अस्सुमुखो रोदं, विपाकं पटिसेवती"ति ॥*

अर्थ-- (यो संसारमा) मानिसहरूले जुन काम गरेर पछि पश्चाताप गरि रहनुपर्ने हुन्छ त्यस्तो काम नगर्नु नै उत्तम छ, जुन कामले गर्दा पछि आंखाभरि आंसु राखेर नराम्रो विपाक भोग गरि रहनुपर्ने हुन्छ ।

(पदार्थ-- त्यहाँ *"न तं कम्मं"* भनेको नरक आदिमा जन्म लिन लाने दुःख हुने कर्मले गर्दा जहिले सम्झे पनि पश्चाताप भई रहनु पर्ने, शोक भई रहने त्यस्ता काम असल छैन, श्रेयकर छैन साक्षात्कार गरी लिन योग्य छैन । *"यस्स अस्सुमुखो"* भनेको जसले आंसुले भिजेको अनुहार लिएर रुदै रुदै विपाक भोग गर्नु पर्ने हुन्छ ।)

धर्म देशनाको अन्तमा कृषक उपासक श्रोतापत्ति फलमा प्रतिष्ठित भयो । त्यहाँ भएका अरु भिक्षुहरू पनि श्रोतापत्ति मार्ग फल आदिमा पुग्न गए ।

कृषकको कथा समाप्त भयो ।

...................

# ९. सुमन मालाकारको कथा

*"तञ्च कम्मं कतं साधु"* भन्ने यो धर्मदेशना शास्ता वेलुवन महाविहारमा विहार गर्नुभएको बेलामा सुमन मालाकारको कारणमा आज्ञा हुनु भएको हो ।

सुमन मालाकारले दिनहुं बिहान सबेरै बिम्बिसार राजाको निम्ति सुमन फुलको आठवटा माला लगेर दिनको आठ रुपैयां लाभ गरी रहेका थिए । एकदिन त्यो मालाकार फूलको माला लिएर नगरमा प्रवेश गर्ने बित्तिकै भगवान तथागत महान



Downloaded from http://dhamma.digital

भिक्षुसंघले परिबृत भई आफ्नो शरीरबाट छ्वर्ण रश्मि प्रकाश गरी महान बुद्धानुभाव दर्साई नगरमा भिक्षाको निम्ति प्रवेश गर्नु भयो । तथागत कहिले कांहिं ६ प्रकारका छ्वर्ण रश्मि आफ्नो चीवरले ढाकेर अरु कुनै साधारण भिक्षाचार आएका भिक्षुभ्रैं नगरमा पस्नुहुन्थ्यो । तीन योजन हिंडेंर अंगुलिमाललाई अगुवाई गरेभ्रैं कहिले कांहिं ६ प्रकारका रश्मि फिंजाई कपिलवस्तु प्रवेश गरेजस्तै त्यसदिन पनि आफ्नो शरीरबाट ६ प्रकारका रश्मि फिंजाई महान बुद्धानुभावले बुद्धलीला दर्साई राजगृह नगरमा प्रवेश गर्नुभयो । सुमन मालाकारले तथागतको रत्न जडित सुवर्ण समानको आत्मभाव, बत्तीस महापुरुष लक्षण, अस्सी अनुब्यञ्जनले शोभायमान शरीर देखेर मन प्रसन्न गरी "मैले अब शास्तालाई कुन वस्तुले पूजा सत्कार गरौं" अरु कुनै चीज नदेखी "यही फूलको मालाले तथागतलाई पूजा सत्कार गर्छु" भन्ने मनले चिन्तना गऱ्यो । फेरी विचार गऱ्यो कि-- "यो फूलको मालात दिनहुं राजाकहाँ लगी दिनुपर्ने माला हो । राजालाई मैले यस फूलको माला दिन लगेन भने मलाई राजाले बांधेर पनि राख्न सक्छ, मार्न पनि सक्छ, देश निकाला गर्न पनि सक्छ अब मैले के गर्नुपर्ला ?" भनी विचार गऱ्यो । अनि उसको मनमा "राजाले मलाई चाहे बांधोस् वा मारोस्, चाहे देश निकाला गरोस्, राजाले मलाई धन दिए पनि यो आत्मभावको जीविका गर्नलाई मात्र हुनेछ । यस फुलको मालाले शास्ता तथागतलाई पूजा सत्कार गर्न पायो भने अनेक कल्पान् कल्पकोटि सम्म हित सुख हुन जानेछ" भनी आफ्नो जीवन तथागतको निम्ति अर्पण गरे ।

उसले "जबसम्म मेरो चित्त प्रसन्न भैरहन्छ तब सम्म पूजा गर्छु" भनी अत्यन्त हर्षले गद् गद् भई शास्तालाई आफ्नो हातमा भएको फूलको मालाले पूजा गरे । पहिले दुईवटा फूलको माला तथामतको माथीतिर उछाले, माथी सिरानीमा चंदुवा



Downloaded from http://dhamma.digital

तांगेजस्तै हुनगयो । अर्को दुइवटा फूलको माला उछाले, त्यो तथागतको दायांतिर माला बनेर झुण्डिन गयो । अर्को दुईवटा फूलको माला उछाले, त्यो तथागतको पछाडितिर झुण्डिन गयो । बाकि रहेको दुईवटा फूलको माला उछाले, त्यो पनि बायांतिर झुण्डिन गयो । यसरी आठवटा फूलको माला आठ झुप्पा तथागतको माथी दायां पछाडि बायां गएर झुण्डिन पुग्यो । अगाडितिर मात्र हिंडनु पर्ने हुनाले फुलमालाको ढोकाझैं आकाशमा अडिई रह्यो । फूलको दाँठ भित्रपत्ति परेर फुलको थुंगा बाहिर परी तथागतलाई चांदिको पाताले मोडेजस्तै शोभायमान भईरह्यो । फूलको माला बिनाचित्तको भएर पनि चित्त र श्रद्धा हुनेहरूले गर्दा झैं अलग अलग नभई भुमिमा नखसी शास्ता संगसंगै सर्दै गईरह्यो । तथागत अडेको ठाउँमा अडी नै रह्यो । शास्ताको शरीरबाट एकलाख विद्युत लताझैं रश्मि निस्कीरह्यो । अगाडि पछाडि दांयां बांयां र माथी शिर तथा निधारबाट निस्केको रश्मि अलग्गै, अगाडिबांट निस्केको ठाउंबाट लोप नभै सबै ज्योति रश्मि शास्तालाई तीन पटक परिक्रमा गरी तरुण तालबृक्ष समान अग्लो भई अगाडि मात्र बढ्दै जान थाल्यो । सम्पूर्ण नगर कम्पित भयो । नगर भित्र नौ करोड, बाहिर नौ करोड गरी अठार करोड मानिसहरू स्त्री होस वा पुरुष होस् दानदिने वस्तु केही नलिईकन निस्केका कुनै पनि थिएन । जनताहरू सिंहनाद गर्दै हजारौं बांसमा ध्वंजा चमर घण्ठ झुण्ड्याई घुमाउँदै शास्ताको अगाडि अगाडि गए । तथागतले मालाकारको गुण प्रकट गर्नको लागी तीन गावुत प्रमाणको नगरमा घण्ठाघोषण गरिने मार्गबाट नै जानु भयो । मालाकारको सम्पूर्ण शरीर पांच प्रकारका प्रीतिले परिपूर्ण भयो ।

उनी मालाकार अलिकति मात्र तथागत पछि पछि गएर मनोशिलाको रसमा डुबेझैं बुद्धरश्मि भित्र पसेर शास्तालाई स्तुति,



Downloaded from http://dhamma.digital

वन्दना गरी खाली धक्कि लिएर आफ्नो घर फर्के । अनि उनीसंग आफ्नी स्त्रीले "फूल खोई" भनी सोध्दा "मैले शास्तालाई पूजागरी आएँ" भनी सुनायो । स्त्रीले "राजाले अब हामीलाई के गर्ने होला" भनी सोध्दा "राजाले मलाई बाँधे पनि, मारे पनि, देश निकाला गरे पनि मैले आफ्नो जीवन अर्पण गरी शास्तालाई पूजा गरेको छुं । सबै फूल आठवटा माला भएर यत्तिको महान पूजा भयो । जनताहरूले हजारौं हर्षनाद गर्दै शास्ता संगसंगै पछिलागे । त्यस ठाउँमा निकै नै जनताहरूको यस्तो हर्षनाद भयो कि बयान गरी साध्ये छैन ।" अनि उनकी स्त्री महामूर्ख भएको हुनाले यस्तो प्रातिहार्य देखाउनु भएको बेलामा आफ्नो चित्त प्रसन्न नतुल्याई उसलाई गालिगर्दै "राजा एकपटक मात्र रिसायो भने हाम्रा हात गोडा काटीदिन सक्छ । धेरै नै अनर्थ गरीदिन सक्छ । तिमीले गरेको कामबाट मलाई पनि अनर्थ हुनसक्छ" भनी छोरालाई लिएर राजकुल तिर लागिन् । राजाले उसलाई डाकेर "तिमी यहाँ के भन्न आएकी" भनी सोध्नुभयो । अनि उनले "मेरो लोग्नेले तपाईको सेवाको निम्ति लिएर आएको फूल सबै शास्तालाई पूजागरी खालिहात घर फर्केको हुनाले मैले "फूल खोई" भनी सोध्दा उसले यस्तो भन्यो । मैले उसलाई गालि गरेर "राजा एकपटक मात्र रिसायो भने हाम्रा हात गोडा काटीदिन सक्छ । धेरै नै अनर्थ गरीदिन सक्छ । उनले गरेको दोषले गर्दा मलाई पनि अनर्थ हुनसक्छ भनी उसलाई धम्क्याएर म यहाँ आएकी छु, उसले गरेको काम राम्रो होस् अथवा नराम्रो होस उसलाई नै थाहा होला मैले उसलाई छाडि सकेको भाव जान्नु हवस् महाराज ! भनी बिन्ति गरिन् । राजा तथागतको प्रथम दर्शनबाट नै श्रोतापत्ति फलमा प्रतिष्ठित भई श्रद्धाले प्रसन्न भएर आर्यश्रावक भैसकेको हुनाले "अहो ! यी मूर्ख स्त्रीले यस्तो गुणमा आफ्नो मन प्रसन्न गरी लिन सकेनन् ।" राजाले रिसाएको जस्तो



Downloaded from http://dhamma.digital

भाव देखाई सोध्यो "हे नानी! तिमीले त्यो के भनीरहेकी ? मलाई सेवा गर्नको निम्ति ल्याएको फूलले पूजा गर्‍यो भनेको हो ?" "त्यस्तै हो महाराज!" अनि राजाले उसलाई यस्तो भन्नुभयो-- "तिमीले लोग्नेलाई छाडेको राम्रो भयो मेरो सेवाको निम्ति ल्याएको फूलले पूजागर्ने उसलाई गर्ने मैले जानेको छु" भनी ती स्त्रीलाई छाडी राजा हत्तरपत्त शास्ताकहाँ गई वन्दना गरी शास्ता संगसंगै नै हिंडन थाले ।

शास्ताले राजाको चित्त प्रसन्नतालाई जानेर घण्ठाघोषण गर्ने बाटोबाट नगर परिक्रमा गर्नु भई राजाको दरबार मुनि पुग्नुभयो । राजाले भिक्षापात्र लिएर तथागतलाई दरबार भित्र लान खोज्यो । शास्ताले दरबार मुनि प्राङ्गणमा नै बस्ने आभास देखाउनु भयो । राजाले यस भावलाई जानेर छिटै त्यहाँ मण्डप बनाउन आज्ञा गरी त्यहीबेला मण्डप बनाउन लगायो । भिक्षुसंघ सहित शास्ता त्यस प्राङ्गणमा नै बस्नुभयो । तथागत किन राजदरबारमा पस्नु भएन ?

शास्ताको मनमा "यदि म राजदरबार भित्र पसेर बस्न गएँ भने बढी जनताले मलाई हेर्न पाउने छैन । मालाकारको गुण पनि प्रकट हुने छैन । प्राङ्गणमा भए सम्पूर्ण जनताहरूले मलाई देख्ने छन्, अनि मालाकारको गुण पनि प्रकट हुनेछ । गुण भएकाहरूको गुण बुद्धलेमात्र राम्रोसंग प्रकट गर्न सक्छ । अरुले गुणवानहरूको गुण प्रकट गर्न कंजुसी गर्न सक्छ । चार जोडा फूलको माला चार दिसामा रह्यो, जनताहरू तथागतको चारैतिर रिंगै जम्मा हुन आए । राजाले बुद्ध प्रमुख भिक्षुसंघलाई प्रणीत आहार भोजन गराए । शास्ताले भोजन सिध्याएर अनुमोदन गरि सकेपछि पहिले जस्तै चारजोडा फूलको मालाले परिबृत्त हुनुभई सिंहनाद गर्नुहुंदै महाजनहरूद्वारा परिबृत्त हुनुभई विहारमैं फर्कनु भयो । राजा शास्ताको पछि पछि गएर शास्तालाई विहारमा



Downloaded from http://dhamma.digital

पुऱ्याई आफ्नो दरबारमा फर्की मालाकारलाई बोलाउन पठाई "मलाई ल्याएको फूलको माला तिमीले केगऱ्यौ ? तथागतलाई पूजा गऱ्यौ कि ?" भनी सोध्नुभयो । मालाकारले "महाराजले मलाई बांधे पनि, मारे पनि, देश निकाला गर्नु भए पनि मेरो जीवन नै अर्पण गरेर पूजा गरि आएँ महाराज!" भनी बिन्ति गरे । राजाले उसलाई "तिमी एउटा महापुरुष जस्तै हौ" भनी आज्ञा हुनुभई एक एक वस्तु आठ आठ वटागरी हाथी, घोडा, दास, दासी, वस्त्र अलंकार दिलाई आठहजार रुपैयां पनि राजकोषबाट दिन लगायो । उसलाई अत्यन्त राम्रो मूल्यवान वस्त्र अलंकार लगाउन दिई आठवटी स्त्री र उत्तम आठ गाउँ समेत गरी सब्बट्ठक दान भनिएको दान दिलाईदियो ।

आनन्द स्थविरले- "आज बिहान सबेरै हजारौ सिंहनाद हजारौ आकाशमा वस्त्र उछालेको घटना भयो, सुमन मालाकारलाई कुन विपाक फल प्राप्त हुने होला ?" भनी तथागतसंग प्रश्न गरे । अनि शास्ताले "हे आनन्द! यस मालाकारले सानो पुण्य गऱ्यो भनी नचिताउनु उनले आफ्नो जीवन अर्पण गरेर मलाई पूजा गऱ्यो । उनले यसरि मप्रति चित्त प्रसन्न पारी पूजा गरेको हुनाले एकलाख कल्पसम्म उनी दुर्गतिमा जाने छैन । देवलोक र मनुष्यलोकमा जन्म लिएर उसले गरेको कुशल कर्मको फलले गर्दा पछि त्यो सुमन नामको प्रत्येकबुद्ध हुनेछन् ।" भनी आज्ञा हुनुभयो ।

*"कप्पानं सतसहस्सं, दुग्गतिं न गमिस्सति ।*
*थत्वा देवमनुस्सेसु, फलं एतस्स कम्मुनो ।*
*पच्छा पच्चेकसम्बुद्धो, सुमनो नाम भविस्सती"ति ॥*

भन्नुभयो-- शास्ता विहारमा फर्केर गन्धकुटिमा पस्ने बित्तिकै त्यस फूलमालाको अलंकार ढोकाको संघारमा खसे । सांझ भिक्षुहरूले धर्मसभामा कुरा चलाए "अहो आश्चर्य, मालाकारको



Downloaded from http://dhamma.digital

काम एकपटक हेर, जीवमान बुद्ध प्रति आफ्नो जीवन नै परि त्याग गरी पुष्पपूजा गरी तुरुन्त तत्क्षणमै सर्बअष्टक अर्थात सबै वस्तु आठ आठको हिसाबले दान प्राप्त गरे ।" त्यस अवस्थामा शास्ता गन्धकुटिबाट निस्कनुभई तीन गमन मध्ये एक गमनद्वारा धर्मसभामा पाल्नुभई बुद्धासनमा बस्नुभई "हे भिक्षुहो! अहिले यस अवस्थामा तिमीहरू कुन विषयमा वार्तालाप गरिरहेका छौ ?" भनी सोध्नुभयो । भिक्षुहरूले हामी यस्तो कुरा गरीरहेको हो भनी बिन्ति गरेपछि "जुन काम गर्दा पछि पश्चाताप भई रहनुपर्ने छैन त्यस्ता कार्य आफ्नो मनमा जहिले जति पटक सम्झना भएपनि प्रसन्न उत्साहित मात्र हुनेछ, त्यस्ता कामलाई गर्दै लानुपर्छ, भनी आज्ञा हुनुभई कारणाकारण मिलाई धर्मोपदेश गर्नुभई तलका गाथा आज्ञा हुनुभयो :--

*"तञ्च कम्मं कतं साधु, यं कत नानुतप्पति ।*
*यस्स पतीतो सुमनो, विपाकं पटिसेवती"ति ॥*

अर्थ-- जुन काम गर्दा पछि पश्चाताप भई हैरान हुनु पर्दैन त्यस्तो काम गर्नु उत्तम छ । जुन कामको विपाक फल असल मनले सेवन गर्न पाउंछ त्यस्तो काम गर्दैलानु उत्तम हुन्छ ।

(पदार्थ-- त्यहाँ *"यं कत्वा"* भनेको जुन देव मनुष्य सम्पत्ति र निर्वाण सम्पत्ति प्राप्त गरीलिने समर्थ भएको सुख दिने कर्म गरेर आएका ब्यक्तिहरू पछि पश्चाताप भई रहनु पर्दैन । यही आत्मभावमा आफुले गरी आएको काम जहिले जतिपटक सम्झेपनि प्रीति पामोज्ज वेगले, सुमन= असल मन भएर, कुशल विपाक अनुभव गर्न, *"तं कम्मं कतं साधु"* त्यस्तो काम गर्दैलानु उत्तम छ, असल फल विपाक पनि पाउंछ भनेको हो ।) धर्मदेशनाको अन्तमा चौरासीहजार प्राणीहरूलाई धर्माभिसमय भयो ।

सुमन मालाकारको कथा समाप्त भयो ।

.......................



Downloaded from http://dhamma.digital

# १०. उत्पलवर्णा थेरीको कथा

*"मधूव मञ्ञति बालो"* भन्ने यो धर्मदेशना शास्ता जेतवन महाविहारमा विहार गर्नुभएको बेलामा उत्पलवर्णा स्थविराको कारणमा आज्ञा हुनु भएको हो ।

उनले पदुमुत्तर तथागतको चरण कमलमा प्रार्थना गरेर सयहजार कल्पसम्म पुण्यकर्म गर्दै देवलोक र मनुष्यलोकमा घुम्दै यस बुद्धोत्पाद समयमा देवलोकबाट च्युत भई श्रावस्ती नगरमा एक महाजनको कुलमा जन्म ग्रहण गरिन् । नीलो कमलको फूल जस्तो वर्ण भएकी हुनाले उनीलाई उत्पलवर्णा भनी नामकरण गरिएको हो । त्यसपछि ती कन्या बैष बढदै आएपछि सकल जम्बूद्वीपका राजाहरू महाजनहरूले उत्पलवर्णाका पिताकहाँ आएर केटी तिनीहरूलाई देउ भनी सन्देश पठाए । यसरी सन्देश पठाएको जम्बूद्वीपमा उत्ति थिएन । त्यसपछि बाबुचाहिंले विचार गर्‍यो -- "मैले सबैलाई चित्त बुझाउन सक्दैन, त्यसकारण एउटा उपाय गर्नुपर्‍यो" भनी आफ्नी छोरीलाई बोलाई "छोरी ! तिमी प्रब्रजित हुन सक्छचौ ?" भनी सोधे । ती कन्याले पहिले पहिलेको जन्ममा निकै पुण्य गरी आएकी हुनाले त्यस बचन उसको कानमा सयपटक पाक गरेको औषधी (तेल) खनिए जस्तै भयो । त्यसकारण उसले "बुबा ! म प्रब्रजित हुन जान्छु" भनि उत्तर दिइन् । महाजनले ती कन्यालाई ठूलो सत्कार पूर्वक भिक्षु आश्रममा लगेर प्रब्रजित गरीदिए । ती कन्या प्रब्रजित भएको धेरै समय नबित्दै उपोसथागारमा गएर व्यवस्था गर्ने पालो आइपुग्यो । तिनले उपोसथागारमा गएर बन्हारी बत्ति बाली त्यहीं बत्तिको ज्वालाको निमित्त लिई रहँदा रहँदा बारंबार बत्तिलाई हेर्दै तेजो कसिण आरम्मण ध्यान साक्षात्कार गरी सोही ध्यानलाई आधार गरी प्रतिसम्भिदा अभिज्ञा सहित अरहन्त हुनुभयो ।



Downloaded from http://dhamma.digital

उनी भिक्षुणी भएपछि जनपद चारिका गरी त्यहाँबाट फर्केर अन्धक वनमा पुनुभयो । त्यतिबेला भिक्षुणीहरूलाई अलग एक्लै बस्नजाने निषेध गरेको थिएन । त्यसैले उनी भिक्षुणी पनि त्यहाँ एउटा सानो कुटी बनाउन लगाई एउटा खात बिछ्याई चारैतिर पर्दा राख्न लगाई उनी भिक्षुणी श्रावस्तीमा भिक्षाको निम्ति गएर फर्कनु भयो । भिक्षुणीका मामाका छोरा नन्द मानवक भन्ने गृहस्थी बेला देखि नै उनी प्रति आसक्त भएकोले उनी फर्केको समाचार सुनेर स्थविरा त्यहाँ पस्नु अगावै अन्धक वनमा गई त्यस कुटी भित्र पसेर खातमुनि लुकीरहे । स्थविरा भिक्षाबाट फर्केर कुटीमा पस्नुभई ढोका थुनेर बस्ने बित्तिकै बाहिर घाममा तात्तिएर आएकी हुनाले आंखाको अन्धकार नहट्दै नै खात मुनिबाट निस्केर उनीमाथी चढे "हे मूर्ख! तिमीले मलाई नाश नगर" भनी स्थविराले छेक्दा छेक्दै उनले आफ्ना बल प्रयोग गरी उसलाई जितेर आफुले इच्छा गरीआएको कार्य पूर्णगरी गए । त्यसपछि उनको गुण धारण गरी रहन नसकी महापृथ्वी फुटेर त्यो दुष्ट मानिस त्यसमा बिलीन भई अवीचि नरकमा पतन भयो । स्थविराले यो समाचार भिक्षुणीहरूलाई बताइन् । भिक्षुणीहरूले भिक्षुहरूलाई बताएपछि भिक्षुहरूले तथागतलाई बिन्ति गर्न गए । शास्ताले त्यो, कुरा सुनेर भिक्षुहरू जम्मा गरेर "हे भिक्षु हो! भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरूको बीचमा कुनै एउटा मूर्ख मानिसले पापकर्म गरेकाले यस्तो पापकर्म गर्दा मह सक्खर आदि कुनै गुलियो रसास्वादन गर्ने मानिसले जस्तै अत्यन्त प्रसन्न भएर गद्गद् हुन्छ, भनी आज्ञा हुनुभई कारणाकारण मिलाई धर्मदेशना गर्नुभई निम्न गाथा आज्ञा गर्नुभयो:--

*"मधूव मञ्ञति बालो, याव पापं न पच्चत ।*
*यदा च पच्चति पापं अथ बालो दुक्खं निगच्छती"ति ॥*

अर्थ-- बाल मूर्खजनहरूले जबसम्म पाप पाक्दैन तबसम्म



Downloaded from http://dhamma.digital

पापलाई अत्यन्त गुलियो छ, स्वादिलो छ भनी सम्झी रहन्छन्, जब पाप परिपक्व हुन्छ अनि बाल मूर्ख जनहरूले दुःख कष्ट भोगी रहनु पर्ने हुन्छ ।

(पदार्थ-- त्यहा *"मधूव"* भनेको मूर्ख बाल जनहरूले गरेको पाप अकुशल कर्म गरीरहेकाले त्यो काम मह जस्तै गुलियो हुन्छ, स्वादिलो रस भएर इष्ट कान्त भई मनलाई मनपरेको वस्तुझैं देखिन्छ । यसरी उसले त्यसलाई गुलियो मीठो स्वाद नै सम्झी रहन्छ । *"याव"* भनेको जबसम्म उसलाई पापले पोल्दैन, यही आत्मभावमा अथवा अर्को आत्मभावमा भए पनि विपाक फल दिदैन तब सम्म उसले त्यस्तै सम्झी रहन्छ । *"यदा च"* भनेको जब उसलाई यही आत्मभावमा भए पनि अनेक प्रकारका काम गरी हिडनेलाई अर्को आत्मभावमा भए पनि नरक अपाय आदिमा महान दुःख कष्ट भोगी रहेकालाई त्यो पापले पोल्दा उनी मूर्ख बाल मानिसले दुःख भोग्छ, कष्ट अनुभव गर्छ भनेको हो ।)

धर्मदेशनाको अन्तमा धेरै मानिसहरू श्रोतापत्ति फल आदिमा पुग्न गए ।

पछि पनि जनताहरूले धर्मसभामा कुरा चलाए "क्षीणाश्रव भैसकेकीले पनि कामसुख अनुभव गर्छ होला, काम सेवन गरेपछि अरु केमात्र सेवन नगर्ला ? तिनीहरू कोलार भन्ने रुख जस्तै होइन, न त धमिराको माटोको थुप्रो नै हुन् । तिनीहरू पनि त हामी जस्तै आलो रगत मासुको शरीर भएका नै हुन् । त्यसकारण तिनीहरूले पनि कामसुख सेवन गर्छ होला" भन्ने कुरा चल्यो । शास्ता धर्मसभामा पाल्नुभई "हे भिक्षुहो! यस अवस्थामा तिमीहरूको बीचमा के कुरा भैरहेको" भनी सोध्नुहुंदा "भन्ते, यो कुरा भईरहेको हो" भनी बिन्ति गरेपछि शास्ताले "हे भिक्षु हो! क्षीणाश्रव भैसकेकाले कहिल्यै कामसुख सेवन गर्दैन, जस्तो कि कमल फूलको पात माथी पानीको थोपा अडदैन, फेरी जस्तो



Downloaded from http://dhamma.digital

भित्तामा रायो सर्स्युं ताँसिई रहदैन त्यस्तै नै क्षीणाश्रव भैसकेकाहरूको चित्तमा कामसुख ताँसिदैन, चित्तमा अडदैन" भनी आज्ञा हुनुभई कारणाकारण मिलाई धर्मदेशना गर्नुभई यो ब्राह्मणवर्गमा रहेको गाथा धर्म आज्ञा हुनु भयोः--

*"वारि पोक्खरपत्तेव, आरग्गेरिव सासपो ।*
*यो नलिप्पति कामेसु, तमहं ब्रूमि ब्राह्मण"न्ति ॥*

(यसको अर्थ ब्राह्मण वर्गमा प्रकट हुनेछ) शास्ताले राजा पसेनदि कोशललाई बोलाउन पठाई "हे महाराज! यो शासनमा कुलपुत्र जस्तै नै कुलपुत्रीहरू पनि धेरै आफन्तहरू भवभोग सम्पत्ति त्याग गरी प्रब्रजित भई जंगलमा बास गरी रहने हुन्छन्, त्यसरि एक्लै बास गरी रहेकालाई रागले ग्रष्ट भएका पापी मानिसहरूले अवमान अभिमानले गर्दा सास्ना गर्ला ब्रह्मचर्यवास समेत नष्ट गरीदिन सक्छ त्यसको निम्ति भिक्षुणी संघलाई नगरमा अथवा ग्रामको भित्रै बस्ने आवास बनाई दिनुपर्‍यो ।" भनी आज्ञा भएपछि राजाले हुन्छ हवस भन्ते, भनी स्वीकार गरी नगरको एकापत्ति नजिकै भिक्षुणी संघलाई बस्ने ठाउं बनाईदिने हुकुम भयो । त्यसबेला देखी भिक्षुणी संघहरू शहर र गाउं भित्रै बासगर्न हुने चलन चल्न थाल्यो आयो ।

उत्पलवर्णा थेरीको कथा समाप्त भयो ।

.....................

## ११. जम्बुक आजीवकको कथा

*"मासे मासे कुसग्गेन"* भन्ने यो धर्मदेशना शास्ता वेलुवनमा विहार गर्नुभएको बेलामा जम्बुक आजीवकको कारणमा आज्ञा हुनु भएको हो ।

अतीत कालमा काश्यप तथागतको समयमा गाउंमा



Downloaded from http://dhamma.digital

बसेको एउटा कुटुम्बिकले एकजना स्थविरलाई विहार बनाई त्यहाँ बस्ने भिक्षुलाई चतुप्रत्यय द्वारा उपस्थान गरीरहेको थियो । स्थविर दिनहुं उसको घरमा गएर भोजन गर्न जानुहुन्थ्यो । त्यसपछि एउटा क्षीणाश्रव भिक्षु एकदिन पिण्डाचरण गर्दै उसको घरमा पुग्नुभयो । कुटुम्बिकले उहाँको शान्त चाल चलनमा प्रसन्न भएर घरमा लगी सत्कार पूर्वक प्रंणीत भोजन चढाई "भन्ते! यो एकटुक्रा कपडा रँगाई ओढनुहवस" भनी एउटा ठूलो कपडा दान गऱ्यो । भन्ते! तपाईको कपाल लामो भयो कपाल काट्नलाई एउटा नाउ बोलाएर ल्याउँछु, तपाईं विहारमा पाल्नुहवस् । तपाई सुत्नलाई एउटा खात पनि बोकाएर ल्याउँछु भने । नेवासिक कुलूपक भिक्षुले उसलाई कुटुम्बिकले सत्कार गरेको देखी चित्त प्रसन्न पार्न सकेन । यसले त्यो केही घडि अगाडि मात्र आएको भिक्षुलाई यसरी सत्कार गऱ्यो । म धेरै समय अगाडिदेखि दिनहुँ यस घरमा आएर भोजन गर्नेलाई भने यसरी सत्कार सन्मान गरेन भनि चिन्तना गरी विहारमा फर्क्यो । क्षीणाश्रव भिक्षु पनि उनी संगै विहारमा जानुभई कुटम्बिकले दिएको कपडा रंगाई ओढ्नुभयो । कुटुम्बिक पनि नाउ एकजना लिएर स्थविरलाई कपाल खौरन लगाई, खात बिछ्याई भन्ते! यो खातमा सुत्नु हवस भनी निवेदन गरी दुवै स्थविरलाई भोलिको निम्ति निमन्त्रण गरी घर फर्के ।

नैवासिक स्थविरले क्षीणाश्रव भिक्षुलाई कुटुम्बिकले सत्कार गरेको हेरिरहन सकेन । अनि त्यस नैवासिक भिक्षुले सांझ क्षीणाश्रव भिक्षु पल्टिई रहनु भएको ठाउँमा गएर चार प्रकारको वचनले गालि गरे "हे आगन्तुक आयुष्मान! तिमीले कुटुम्बिकको घरमा गएर भोजन गर्नु भन्दा असुचि खाएर आये हुन्थ्यो; कुटुम्बिक ले ल्याएको नाउले कपाल खौरन लगाउनु भन्दा ताडबृक्षको लौरोले कपाल लुछ्न लगाये हुन्थ्यो; कुटुम्बिकले



Downloaded from http://dhamma.digital

दिएको कपडा ओढेर बस्नु भन्दा नाङ्गै बसीरहे हुन्थ्यो; कुटुम्बिकले ल्याइदिएको खातमा सुत्नु भन्दा भुईमै सुते हुन्थ्यो" भनी आक्रोश निकाल्यो । क्षीणाश्रव स्थविरले पनि त्यस मूर्ख भिक्षु मेरो कारणले गर्दा विनाश नहोउन् भन्ने मनमा राखी दिएको निमन्त्रणालाई पनि त्यागेर बिहान सबेरै उठी आफुलाई पायक पर्ने ठाउँमा जानुभयो । विहारमा बस्ने भिक्षुले बिहान सबेरै आफ्नो गर्नुपर्ने काम सिध्याएर भिक्षाचार जाने समय भएपछि आगन्तुक भिक्षु अहिले सम्म सुतिरहेको होला, अब यसलाई घण्टिको शब्दले उठाउनु पर्‍यो भनी नङ्को पाताले नसुनिने गरी घण्टिमा आवाज दिएर सबेरै नै गाउँमा पसे । कुटुम्बिकले सत्कार गर्न चाहिने वस्तु जोरजाम गरेर स्थविरहरू आउने बाटोतिर हेरीरहंदा नेवासिक भिक्षुलाई मात्र देखेर "भन्ते! स्थविर भन्ते खोई" भनि सोधे । नेवासिक भिक्षुले "उपासक! तिमीले के सोधीरहेको तिम्रो आगन्तुक भिक्षु हिजो तिमीकहाँबाट गएदेखि भित्र कोठामा सुतीरहेको म बिहान उठेर विहारमा बन्हारेको शब्द, पानी घडामा राखेको शब्द, खापामा टवाक् टवाक् गरेको शब्दले पनि उसलाई बिउँझाउन सकेन" भने । कुटुम्बिकले सोच्यो "हाम्रो आर्यको स्वभाव, चाल चलन राम्रो थियो अहिले सम्म सुतिरहेको होवोइन, उनलाई मैले सत्कार गरेको हेर्न नसकी अवश्य यस भिक्षुले उनलाई केही भन्यो होला ।" भन्ने आफ्नो पण्डित भावले बुझेर त्यस भिक्षुलाई सत्कार पूर्वक भोजन गराई, उसैको भिक्षापात्र राम्रोसंग पखालेर त्यसमा अनेक रसले युक्त भोजन भरेर "भन्ते! मेरो आर्य विहारमा देख्नुभयो भने यो भोजन उहाँलाई दिनुहवस" भने ।

कुलूपक भिक्षुले त्यो भोजन लिएर गई रहेको बेलामा सोच्यो -- "यदि उसले यस्तो भोजन खायो भने त्यो भिक्षु यही ठाउँमा लुब्ध भएर बसी रहन्छ" भनि त्यो भोजन बाटोको



Downloaded from http://dhamma.digital

बीचैमा पात्रबाट भुईंमा खन्याई स्थविर बसिराखेको ठाउँमा गएर हेर्न जांदा उसलाई त्यहां देखेन । अनि उसले यो पापकर्म गरेको हुनाले आफुले बीसहजार वर्ष सम्म गरेको श्रमणधर्म पनि रक्षागरी राख्न सकेन । आयु सकेपछि अवीचि महानरकमा जन्म लिई एक बुद्धान्तर सम्म महान दुःख कष्ट अनुभव गरी यस बुद्धोत्पाद समयमा राजगृह नगरमा निकै अन्न पान भएको एउटा कुलमा जन्म ग्रहण गरे । बालख कालमा हिंडन जानेदेखि आसनमा पनि बस्दैनथ्यो, भात खाने इच्छा पनि गर्दैनथ्यो, आफुले हगेको असुचि मात्र खाने गर्थ्यो । "बच्चा भएर केही नजानेको हुनाले त्यसो गरेको होला" भनी उसलाई घरका मानिसहरूले पालन पोषण गरीराखे । पछि ठूलो भइसक्दा पनि वस्त्र लगाउन नमान्ने नांङ्गै मात्र बस्न मान्ने, ओछ्यानमा सुत्न मन नपर्ने, कुनै अन्न नखाई आफुले हगेको असुचि आफैले खाईरहने भयो । आमा बाबुले समेत यसलाई कुलघरमा राख्न योग्य नदेखी आजीवकहरूकहां मात्र राख्न योग्य छ भनी तिनीहरूकहां लगेर त्यस बालकलाई प्रब्रजित गरिदेउ भनी सुम्पीदियो । तिनीहरूले उसलाई प्रब्रजित गरिदियो । प्रब्रजित गर्दा पनि उसलाई घांटिसम्म पुग्ने खाल्टोमा खसालेर दुवै कांधमाथी फलेक बिछ्यायेर त्यसमाथी बसेर ताडको लौरोले कपाल च्यापी कपाल लुछ्दै कपाल खौरने गऱ्यो । आजीवकहरूलाई उन्का आमा बाबुले भोलिको भोजनको निम्ति निमन्त्रणा गरेर आफ्नो घरमा फर्के ।

भोलिपल्ट आजीवकहरूले उसलाई "गाउँमा गएर भोजन गर्न जाउँ" भने । उसले तिमीहरू मात्र जाउ म यहिं बसीरहन्छु भनी जाने इच्छा गरेन । फेरी दोहऱ्याई तेहऱ्याई भन्दा पनि गाउँमा जान यच्छा नगरेको हुनाले उसलाई त्यहीं छाडी तिनीहरू मात्र गाउँमा गएर भोजन गर्न गए । उसले तिनीहरू सबै गइसकेको भाव बुझेर पाइखानाको फलेक निकालेर असुचि



Downloaded from http://dhamma.digital

खाल्डोमा झरेर दुवै हातले असुचि लिएर खाने गऱ्यो । आजीवकहरूले गाउँबाट उसलाई आहार भोजन ल्याएर दिंदा पनि उसले त्यो खान इच्छा गरेन । बारंबार भोजन गर भनी आग्रह गर्दा पनि मलाई यसको आवश्यकता छैन मलाई आहार प्राप्त भएको छ भने । कहाँबाट प्राप्त भयो ? भनी सोध्दा त्यसै यहीं प्राप्त भएको छ भने । दुई तीन दिन सम्म लगातार आजीवकहरूले गाउँमा गएर भोजन गर्न जान आग्रह गर्दा पनि उसले जाने इच्छा गरेन । आजीवकहरूले यो दिनहुं गाउँमा पनि जादैन हामीले ल्याइदिएको पनि खांदैन । मलाई यहिं आहार प्राप्त हुन्छ भनी रहन्छ, यसले के खांदो रहेछ एक पटक हेर्नैपऱ्यो भनी सबै गाउँमा गए जस्तै गरी एक दुई जना त्यहिं लुकेर बसे । उसले पनि तिनीहरू गाउँमा गएको भाव जानेर पहिले जस्तै असुचि खाडलमा झरेर असुचि खायो ।

ती लुकेर हेरीरहेकाहरूले उसको कर्तुत देखेर आजीवकहरूलाई बताए । त्यो कुरा सुनेर आजीवकहरूले "अहो यसले सारै नै नहुने कर्तब्य गऱ्यो यदि श्रमण गौतमका शिष्यहरूले थाहा पायो भने हामीलाई ठूलो निन्दा चर्चा गर्नेछन् । यसलाई हामीकहाँ राखी छोडन योग्य भएन भनी उसलाई त्यहाँबाट निकाली दिए । त्यो कर्मद्रोही मानिस तिनीहरूबाट निष्कासित भई गाउँबाट बाहिर धेरै जनताहरूले दिसा गर्न आउने खुल्ला ठूलो ढुंगा माथीको चेप्टो ढुंगामा गएर बस्न गयो । त्यहाँ उसले राती राती कसैले नदेखिने गरी असुची खाई मानिसहरू दिसा बस्न आउँदा एक हातले ढुंगाको टुप्पामा आड लिएर एउटा खुत्ता उठाई अर्को घुंडामा अडयाई माथी हावा आयेतिर हेरी आफ्नो मुख खोलेर बस्ने गरे । धेरै मानिसहरूले देखेर उसकहाँ गएर वन्दना गरी भन्ते! आर्य! तपाईले किन मुख खोलेर मुखबाई रहनु भएको ? भनी सोधे अनि उसले हावा मात्र खाएर जीविका गरीरहेको हो । मेरो कुनै आहार



Downloaded from http://dhamma.digital

छैन भनी बताउँथे । तपाईले एउटा खुत्ता किन घुंडामा टेकी र हनु भएकोत भन्ते? भनी सोध्दा "म उग्र तपस्या गरिरहेको, घोर तपस्या गरिरहेको हुं, मैले दुवै खुत्ताले भुईमा टेक्यो भने यो संसार कम्पमान हुन्छ तसर्थ एउटा खुत्ताले मात्र भुईमा टेकी अर्को खुत्ता घुंडामा अडयाई राखेको हो, म उभिएर मात्र समय बिताइरहेको, म बस्दिन पनि, सुत्दिन पनि, भनी बताउथे । प्राय साधारण मानिसहरू यस्ता कुरामा लागी रहने हुन्छन् । त्यसकारण अहो आश्चर्य यस्ता घोर तपस्वीत संसारमा कहिं हुदैन । हामीले पहिले यस्ता महान तपस्वी कोही देखेको छैन भनी धेरैजसो अंग मगध दुई देशका मानिसहरू महिनाको एकपटक त्यहाँ भेला भएर उसलाई अति महान सत्कार पूजा सम्मान गर्न आइरहन्थे । उसले मैले हावा मात्र खाइरहेको छु मेरा अरु आहार केही छैन, मैले अरु कुनै चीज वस्तु खाएं भने मेरो तपश्चर्या विनाश हुन्छ भनी तिनीहरूले ल्याएका कुनै पनि कुराको इच्छा गर्दैनथ्यो । मानिसहरूले भन्ते! हामीलाई नाश नगर्नु हवस् तपाई जस्ता घोर तपस्वीले हामीले ल्यायेको वस्तु परिभोग गर्नुभयो भने हामीलाई चिरकाल सम्म हित सुख हुनेछ भनी बारंबार याचना गरेपछि अरु आहार कुनै इच्छा नगरीकन धेरै मानिसहरूको याचनाले पीडित भएर तिनीहरूले ल्याएको घिउ मह आदि कुशको टुप्पाले छुवाई आफ्नो जिभ्रोको टुप्पामा राखेर मलाई यत्तिले पुग्छ, यत्तिले नै तिमीहरूलाई हित सुख हुने भयो भनी तिनीहरूलाई भन्ने गर्थ्यो । यसरी उसले पचपन्न वर्ष सम्म नाङ्गै बसेर, असुचि खाँदै, आफ्नो कपाल लुछाउँदै भुईमा सुतेर बितायो ।

बुद्धहरूले बिहान सबेरै लोकमा करुणा समापत्ति ध्यानद्वारा हेर्ने कहिल्यै छोडेको हुंदैन । त्यसकारण एकदिन बिहान सबेरै लोकमा करुणा समापत्ति ध्यानले हेर्नुहुंदा जम्बुक आजीवक करुणा जालभित्र देखापऱ्यो । शास्ताले पछि के हुन्छ भनी विचार गरी



Downloaded from http://dhamma.digital

हेर्नुभई त्यस आजीवक प्रतिसम्भिदा सहित अरहन्त हुने देख्नुभयो । मैले यसको कारणमा त्यहाँ गएर एउटा गाथा देशना गर्नेछु, धर्मदेशनाको अन्तमा चौरासीहजार प्राणिहरूलाई धर्मावबोध हुनेछ । यस कुलपुत्रको कारणले गर्दा निकै जनताहरूलाई शान्ति स्वस्ति हुनेछ भन्ने कारण जान्नुभई भोलिपल्ट राजगृह नगरमा भिक्षाटन गर्नु भई आनन्द स्थविरलाई भन्नुभयो "हे आनन्द! म जम्बुक आजीवक कहाँ जाँदैछु ।" "के भन्ते, तपाई एकलै जानुहुन्छ र ?" "हो आनन्द म एकलै जान्छु ।" यति भन्नुभई ठूलो रूख मुनि त्यो आजीवक भएको ठाँमा जानुभयो ।

देवताहरूले चिन्तना गरे "शास्ता जम्बुक आजीवक कहाँ जाँदै हुनुहुन्छ । त्यो भने फोहरी मल मुत्रले दतिवन इत्यादि गरी अंसुचिले भरिएको ढुंगामाथी बसीरहेको छ । ठाउँ पवित्र गर्नुको निम्ति वर्षा गराई दिनुपर्‍यो" भनी आफ्नो आनुभावले क्षणभरमा नै घनघोर वर्षा गरीदिए । त्यसपछि शास्ता स्वयं एकलै उसकहाँ जानुभई "जम्बुक" भनी बोलाउनुभयो । जम्बुकले यो कुन दुर्जन होला मलाई नाउँ लिए बोलाउने भनी मनमा राखी "तिमी को हौ?" भनी सोधे, तथागतले "म श्रमण गौतम हुं" भनी उत्तर दिनुभयो । "तिमी किन यहाँ आएको ?" भनी सोधेपछि तथागतले "हे जम्बुक! आज एकरात यहाँ बास बस्न मलाई एक टुक्रा ठाउँ देउ ।" हे महाश्रमण! मकहाँ तिमीलाई बस्न योग्य ठाउँ छैन ।" "हे जम्बुक! त्यसो नभन आज एक रातको निम्ति बस्न मलाई एकटुक्रा ठाउँ देउ । प्रब्रजितहरू प्रब्रजितहरूकहाँ नै आएर बास बस्न चाहन्छन्, मानिस हरू मानिसहरू संग, पशुहरू पशुहरू संग नै बस्न जान्छन् । त्यसकारण म तिमीकहाँ आएको हुं ।" "के तिमी प्रब्रजित हौ ?" "हो म प्रब्रजित भएर नै तिमीकहाँ बास बस्न आएको ।" "यदि तिमी प्रब्रजित हो भने तिम्रो तुम्बा खोई ? चिम्ता खोई ? जनेउ खोई ?" "त्यो सबै म संग छ,



Downloaded from http://dhamma.digital

अलग अलग लिएर हिंडन गाहारो भएको हुनाले ती सबै मैले भित्री मनले मात्र लिइराखेको छु ।" "खूब लिएर हिंडचौ तिमीले" भनी तथागत देखी निकै रिसायो । अनि शास्ताले उनलाई भन्नुभयो "भैगो जम्बुक! तिमी नरिसाउ मलाई बस्न एकटुक्रा ठाउँ देउ ।" "हे महाश्रमण! यहाँ मकहाँ कहिंपनि तपाईलाई बस्न योग्य ठाउँ छैन ।"

शास्ताले "जम्बुक! तिमी बसीराखेको ठाउँबाट नजिकैको माटोको थुम्को एउटा छ । त्यो माटोको थुम्कामा को बसेको छ ?" भन्नुभयो । "हे महाश्रमण! त्यहाँ कोही बसेको छैन ।" "त्यसोभए जम्बुक! त्यो ठाउँ एउटा मलाई बस्न देउ । अनि जम्बुकले तथागतलाई "हे महाश्रमण! तिमीले हेरी जे गर्नु पर्छ गर" भनी अनुमति दिएपछि तथागत त्यहा जानुभई आफ्नो संघाटि चीवर चारपत्र गरी पत्याई ओछ्याएर त्यसमाथी बस्नुभयो । रातको प्रथम प्रहरमा चतुर्महाराजहरू चारैदिसामा एकनासको आलोकले जाज्वल्यमान पारी शास्ता तथागतको सेवाको निम्ति आए । जम्बुक आजीवकले यस्तो अद्‌भुत आश्चर्यजनक आलोक प्रकाश देखेर यो कहाँबाट आयो यो कुन आलोक हो भनी चिन्तना गर्‍यो । रातको मध्यम याममा शक्र देवराज इन्द्रले पहिलेको भन्दा चर्को प्रकाश फैलाई त्यहाँ आइपुगे । जम्बुकले त्यो पनि देखेर यो को आएको होला भनी मनमा चिन्तना गरीरहे । रातको पश्चिम याममा एक औंलाले एउटा, दुई औंलाले दुइवटा, दश औंलाले दशवटा चक्रवाललाई आलोकित गर्ने समर्थ हुने महाब्रह्मा सम्पूर्ण जंगलमा एउटै आलोक फिंजाई तथागतको सेवाको निम्ति त्यहाँ आइपुगे । जम्बुकले त्यो पनि देखेर यो को आएको होला भनी चिन्तना गरीरहे । बिहान सबेरै आसनबाट उठेर शास्ता भगवान् कहाँ गएर कुशल वार्ता कुरा गरी एकछेउमा उभिएर यसरि प्रश्न गरे "हे महाश्रमण! तपाई कहाँ



Downloaded from http://dhamma.digital

चारै दिसालाई प्रकाशित पारेर को आएको ?" भनी सोधे । "चतुर्महाराज देवताहरू आएको हो" भने । "के कारण आएका" भने पछि "हे जम्बुक ! मेरो सेवा गर्न आएका हुन् ।" "त्यसोभये के तपाई चतुर्महाराज देवताहरू भन्दा ठूलो हो ?" "यस्तै हो जम्बुक ।" "रातको मध्यम याममा को आएको त ?" "हे जम्बुक! शक्र देवराज इन्द्र आएका हुन् ।" "इन्द्र तपाईकहाँ किन आएको त ?" "मलाई सेवा सत्कार गर्न आएका हुन् ।" "के तपाई शक्र देवराज इन्द्र भन्दा पनि ठूलो हो ?" "हो जम्बुक! शक्र देवराज इन्द्र म अस्वस्थ हुंदा सेवा गर्न आउने कप्पियकारक श्रामणेहरू जस्तै हो ।" "रातको पश्चिम याममा यो सम्पूर्ण जंगललाई प्रकाशले जाज्वल्यमान गरी आउने को हो त ?" "यो लोकमा जसलाई ब्राह्मण आदिहरूले बिहान सबेरै स्नान गरी मुख धोईसकेपछि "नमो ब्रह्माय" भनी नमस्कार गर्ने हो उनै महाब्रह्मा आएका हुन् ।" "कसो तपाई महाब्रह्मा भन्दा पनि ठूलो हो ?" "हो जम्बुक ! मलाई अतिब्रह्मा महाब्रह्मा भनेपनि हुन्छ ।" "तपाई महाश्रमण अत्यन्त आश्चर्य जनक व्यक्ति हुनु हुंदो रहेछ ! म यहाँ बसीरहेको पचपन्न वर्ष भैसक्यो । मलाई उपस्थान गर्नुकोलागी तिनीहरू मध्ये कुनै पनि आएको देखिन । म यहाँ यत्तिका समयसम्म हावा मात्र खाएर उभिएर मात्र समय बिताई सकें । तिनीहरू कुनै एक जना पनि मेरा उपस्थान सेवाकोलागी आएको थिएन" । भनेपछि उसलाई शास्ताले आज्ञा गर्नुभयो "हे जम्बुक ! तिमीले यस संसारमा धेरै मूर्ख जनताहरूलाई धोखा दिएजस्तै मलाई पनि छलेर धोका दिन खोजेको ? तिमीले पचपन्न वर्ष सम्म असुचि मात्र खाएर, भुईमा मात्र सुतेर, नाङ्गै घुमेर, ताडको लट्ठिले आफ्नो कपाल लुछ्न लगाई तिमीले लोक जनहरूलाई धोकादिन म हावा मात्र खाएर, एउटा खुत्ताले मात्र टेकेर, बस्न पनि नबस्ने, लेट्न पनि नलेट्ने भनी के तिमीले



Downloaded from http://dhamma.digital

मलाई पनि त्यस्तै धोका दिउँ, ठगौं भन्ने ठानेको हो? पहिलेको तिम्रो पापी नीच कुदृष्टिले गर्दा आजसम्म असुचि खाने, भुईमा सुत्ने, नाङ्गै बस्ने, ताडको लट्ठिले कपाल लुछ्न लगाउन पर्ने भयौ । अहिले पनि तिमीले पापी नीच कुदृष्टि नै ग्रहण गरी राखेको ?" भनी सोधेपछि हे महाश्रमण! मैले पहिले कुन पापी नीच कुदृष्टि गरेर आएँ ?" भनी प्रश्न गरे पछि तथागतले उसलाई उसले पहिले गरी आएको कुकर्म बताई रहंदा रहंदै उसलाई संवेग उत्पन्न हुन थाल्यो । लज्या शर्मले जम्बुक टुक्रुक्क बसे । अनि उसलाई तथागतले आफुले स्नान गर्दा लगाउने अन्तरावासक कपडा एकटुक्रा दिनुभयो । उ त्यो कपडाले बेरेर एक छेउमा बस्यो । शास्ताले उसलाई आनुपूर्वि कथा सहित धर्मोपदेश गर्नुभयो । जम्बुक आजीवक धर्मदेशनाको अन्तमा प्रतिसम्भिदा सहित अरहन्त भई आसनबाट उठेर तथागतलाई वन्दना गरी प्रब्रज्या र उपसम्पदा याचना गरे । यस बेला देखि उसले पहिले गरी आएको कुकर्म सबै नष्ट भयो । उसले पहिले एउटा क्षीणाश्रव महास्थविरलाई चारवटा आक्रोश वाक्यद्वारा गालीगरी आएकोले गर्दा जबसम्म यो महापृथ्वी एक योजन र तीन गावुत बृद्धि भएर आएन तबसम्म अवीचि महानरकमा दुःख कष्ट भोगेर त्यहाँबाट पाप नसकिएकोले पचपन्न वर्ष सम्म यसरी विकार युक्त दुःख कष्ट भोगेर बस्नु पऱ्यो । अबदेखि उसको त्यस कर्म क्षीण भएर गयो परन्तु बीसहजार वर्ष सम्म गरी आएको पुण्यकर्मको फल नाश भएर गएन । तसर्थ उसलाई शास्ताले दाहिने हात पसार्नु भई "आउ भिक्षु ब्रह्मचर्य आचरण गर सम्यकरूपले दुःखलाई अन्त गर" भन्ने बित्तिकै तत्क्षणमैं उसको आजीवक भेष लोपभएर अष्टपरिष्कार धारण गरेर साठि वर्षको महास्थविरझैं हुनगयो ।

अङ्ग र मगध दुई देशका जनताहरूले उसलाई सत्कार



Downloaded from http://dhamma.digital

गर्ने वस्तु लिएर पूजा गर्न आउने दिन सोही दिन परेको थियो । दुई राष्ट्रका जनताहरूले तथागत त्यहाँ आईरहनु भएको देखेर "हाम्रा आर्य जम्बुक महान हो कि श्रमण गौतम महान" भनी चिन्तना गरे । यदि श्रमण गौतम महान भए हाम्रा आर्य जम्बुक उनकहाँ जानुपर्थ्यो हाम्रा आर्य नै महान भएको हुनाले श्रमण गौतम हाम्रा आर्यकहाँ आएको होला भनी चिन्तना गरीरहे । शास्ता तथागतले मानिसहरूले चिन्तना गरिराखेको कुरा जान्नुभई "हे जम्बुक ! तिमीले सेवकहरूको शंका निवारण गरिदेउ" भन्नुभयो । जम्बुकले "मैले तपाईको आज्ञा प्रतिक्षा गरिरेहेको हुं" भन्ने उत्तर दिएर चतुर्थ ध्यानमा प्रवेश गरी ध्यानबाट उठेर ताडबृक्ष जति अल्गो माथी आकाशमाथी गई "मेरा शास्ता भन्ते भगवान् गौतम तथागत हुनुहुन्छ म उनका श्रावक शिष्य हुं" भन्दै आकाशबाट झरेर शास्तालाई वन्दना गरे । फेरि ताडबृक्ष दुईवटा जति माथी आकाशमाथी, यस्तै प्रकारले सातवटा ताडबृक्ष जति माथी आकाशमा माथीगई तथागतको अगाडि तल झरी त्यस्तै भन्दै वन्दना गरी आफु बुद्ध भगवानको शिष्य हुं भन्ने भाव बुझाईदियो । जम्बुकले यस्तो गरेको देखेर जनताहरूले "अहो ! बुद्ध भनेका अत्यन्त आश्चर्य हुंदोरहेछ भनी उनको उपमा दिई साध्य नभएको महान गुणलाई चिन्तना गरीरहे । शास्ता तथागतले महान जनसमूहलाई उपदेश गर्ने हिसाबले यस्तो आज्ञा गर्नुभयो "यो जम्बुक आजीवकले आज सम्म तिमीहरूले ल्याइदिएको भोजन इत्यादि वस्तु कुशको टुप्पाले छुवाई आफ्नो जिभ्रोमा राखी महान तपश्चर्या पूर्ण गरीरहेको भनी यहाँ बसीरहयो । यदि उनले यही चालले सयवर्ष सम्म तपश्चर्या पूर्ण गरेता पनि आर्य संस्कृत धर्मको अगाडि सोन्ह भागको एकभाग पनि पुगेको छैन भनी हेतु कारण मिलाई धर्मदेशना गर्नुभई तलको गाथा आज्ञा हुनुभयो:--



Downloaded from http://dhamma.digital

*"मासे मासे कुसग्गेन, बालो भुञ्जेय्य भोजनं ।*
*न सो सङ्खात धम्मानं, कलं अग्घति सोलसि"न्ति ॥*

अर्थ-- बाल मूर्ख जनहरूले महिनाको एक एक पटक मात्र कुशको टुप्पाले लिएर भोजन गरी तपश्चर्या गरेपनि त्यो त्यसको तपस्या चर्या संस्कृत आर्य धर्मको सोऱ्हखण्डको एक खण्ड पनि मूल्य हुँदैन ।

(पदार्थ-- यदि *"बाल"* मूर्ख जनहरूले आफुले नजानेको शीलादि गुणधर्मलाई अभ्यास गरी तीर्थंकरहरूको शासनमा प्रब्रजित भई तपस्या चर्या पूर्ण गर्छु भनी महिनामा एक पटक मात्र कुश को टुप्पाले छुवाई जिभ्रोको टुप्पामा राखी भोजन खाएर सय वर्षसम्म तपस्या चर्यामा रहनु, संस्कृत आर्य धर्मको अगाडि सोऱ्हखण्डको एकखण्ड जति पनि काम लाग्दैन । संस्कृत आर्य धर्म भनेको आफुले राम्रोसंग जानी बुझी तुलना गरी राखेका धर्म हुन, ती मध्ये सबभन्दा तल्लो तह श्रोतापन्न भएकाहरू संस्कृत आर्य धर्ममा रहेका हुन्छन् । सबभन्दा माथिल्ला क्षीणाश्रव भैसकेका अरहन्त व्यक्तिहरू हुन् । उनी संस्कृत आर्यहरूको बीचमा त्यो व्यक्ति सोऱ्हखण्डको एकखण्ड पनि काम लाग्दैन भन्ने यो पुद्गल अधिष्ठान देशना हो । त्यसको अर्को अर्थ जुन् उसको त्यो तपस्या चर्या पूर्ण गरीराखेकाको सयवर्षको चेतना र संस्कृत आर्य धर्मको समय अर्थात शंका भएर नखाएको एकपटकको भोजनको त्यागको कुशल चेतना, यो चेतनाको अगाडि त्यो धेरै कालसम्म गरी आएको कुशल चेतना सोऱ्हखण्डको एक खण्ड पनि सार हुंदैन भनेको हो । जुन संस्कृत आर्य धर्मको फललाई सोऱ्हभाग गरी त्यो एक एक भागलाई पनि फेरी सोऱ्ह सोऱ्ह भाग गरी त्यो एक भागको जति फल आउने हो त्यो पनि त्यस मूर्ख व्यक्तिको तपश्चर्या भन्दा महान फल हुन्छ ।)



Downloaded from http://dhamma.digital

धर्मदेशनाको अन्तमा चौरासीहजार प्राणीहरूलाई धर्माविबोध भयो ।

जम्बुक आजीवकको कथा समाप्त भयो ।

.........................

## १२. सर्प प्रेतको कथा

*"न हि पापं कतं कम्मं"* भन्ने यो धर्मदेशना शास्ता वेलुवनमा विहार गर्नुभएको बेलामा कुनै एक सर्प प्रेतको कारणमा आज्ञा हुनु भएको हो ।

एक दिन एकहजार जटिलहरूको बीचमा आयुष्मान लक्षण स्थविर र महामौद्गल्यायन स्थविर संगै राजगृह नगरमा भिक्षाटन गर्न गृद्धकूट पर्वतबाट झर्नु भयो । उहाँ दुईजना मध्ये आयुष्मान महामौद्गल्यायनले एउटा सर्पप्रेत देखेर जिउ सिरिङ्ग पार्नुभयो, अनि उहाँसंग लक्षण स्थविरले "आयुष्मान किन जिउ सिरिङ्ग" पार्नु भएको" भनी सोधे । स्थविरले "आयुष्मान, अहिले यहाँ यस प्रश्नको उत्तर दिने समय होइन, यस प्रश्नको उत्तर तथागतको सामुं मसंग सोध्नु" भन्नुभयो । उहाँहरू दुवै राजगृह नगरमा भिक्षाटन सिध्याई भगवान तथागतको सामुन्ने बसीरहेको बेलामा लक्षण स्थविरले महामौद्गल्यायन स्थविर संग सोधे "हे आयुष्मान महामौद्गल्यायन! हामी दुवै गृद्धकूट पर्वतबाट झरीर हेको बेलामा बाटोको बीचमा जिउ सिरिङ्ग पार्नुभयो । मैले तपाईसंग जिउ सिरिङ्ग पार्नु भएको कारण सोध्दा तपाईले तथागतको सामुंन्ने सोध भन्नुभएको थियो । त्यो कुरा अहिले बताउनु हवस ।" स्थविरले भन्नुभयो "हे आयुष्मान! मैले एउटा सर्पप्रेत देखेर जिउ सरिङ्ग पारेको हुं । त्यसको आत्मभाव कस्तो भने ? टाउको मात्र मानिसको जस्तो छ, अरु जिउ सबै सर्पको



Downloaded from http://dhamma.digital

जस्तो छ । त्यस्तालाई अहिप्रेत भन्छन् । उसको प्रमाण पांचयोजन लामो छ । उसको टाउकोबाट निस्केको आगोको ज्वाला पुच्छर सम्म फैलिदै गएको थियो । पुच्छरबाट निस्केको आगोको ज्वाला टाउको सम्म फैलिदै गएको थियो । जिउको बीचमा रहेको प्वालबाट निस्केको आगोको ज्वाला शरीरको दुवैतिर अन्तसम्म पुग्न गएको थियो । दुवैतिरको पुच्छरबाट निस्केको आगोको ज्वाला टाउको सम्म पुग्न गएको थियो । प्रेतहरूको दुवैतिरको शरीर आत्मभाव पच्चीस योजन जति भएको थियो । यी दुई प्रेत मध्ये त यो केवल अहिप्रेत मात्र हो । काकप्रेतलाई पनि महामौद्‌गल्यायन स्थविरले गृद्धकूट पर्वत माथी दु:ख भोगीरहेको देखेर उसले पहिले गरी आएको कर्म सोधेर यो गाथा भन्नुभयो:-

*"पञ्चयोजनिका जिह्वा, सीसं ते नवयोजनं ।*
*कायो अच्चुगतो तुहयं, पञ्चवीसतियोजनं ।*
*किं नु कम्मं करित्वान, पत्तोसि दुक्खमीदिस"न्ति ॥*

अर्थ-- तिम्रो जिभ्रो पांच योजन छ, टाउको मात्रै पनि नौयोजन लामो छ, तिम्रो शरीर लमाइमा पच्चीसयोजन लामो छ, तिमीले कुन कर्म गरेर आएकोले यस्तो दु:ख भोग्नु परेको ?

अनि स्थविरलाई प्रेतले भन्यो--

*"अहं भन्ते मोग्गलान, कस्सपस्स महेसिनो ।*
*संघस्स आभतं भत्तं, आहारेसिं यदिच्छक"न्ति ॥*

अर्थ-- "हे महामौद्‌गल्यायन! मैले काश्यप तथागतको समयमा संघको निम्ति ल्याएको भोजन दान दिनुभन्दा अगावै आफुले इच्छानुरूप खाएर आएं ।

गाथा भनिसकेपछि यसरी बतायो-- "भन्ते! काश्यप तथागतको समयमा धेरै भिक्षुहरू भिक्षाको निम्ति गाउँमा पस्नुभयो । मानिसहरूले स्थविरहरू आउनुभएको देखेर प्रसन्न भई आसन शालामा लगी बसाई यागु पिलाई रोटिहरू दान दिए ।



Downloaded from http://dhamma.digital

त्यसपछि भोजनको समय नहोउञ्जेल वहाँहरूको गोडा पखाली उपस्थान सेवा सत्कार गर्दै धर्मश्रवण गरीरहे । धर्मकथा सिद्धिएपछि स्थविरहरूको भिक्षापात्र लगी आआफ्नो घरबाट अनेक प्रकारका सुस्वादिष्ट भोजन भरेर ल्याइदियो । त्यसबेला म कागको जन्म लिई आसन शालाको छानामा लुकी रहेकाले त्यसरी भोजनले भरिएको पात्र ल्याईराखेको देखेर अगाडिको एउटा पात्रबाट चुच्चोभरी तीनगाँस भोजन लिएँ । त्यो भोजन संघको होइन संघलाई हस्तान्तरण गरेर दिएको पनि थिएन । भिक्षुहरूले भोजन गरि सकेपछि उप्रेको मानिसहरूले आआफ्नो घरमा फिर्ता लगेर खाने थियो । त्यसबाट मैले तीनगांस ब्यञ्जन सहित भोजन लिएर खाएर आएँ । भन्ते! मेरो पहिलेको कर्म यत्ति मात्र हो, अनि म त्यस योनीबाट मृत्यु भई त्यस कुकर्मको विपाकले गर्दा अवीचि नरकमा गई दु:ख भोग गर्न गएँ । त्यसको विपाक फल बाकि रहेकोले गर्दा अहिले यो गृद्धकूट पर्वतमा काकप्रेत भएर जन्मेर यो दु:खभोग अनुभव गर्दैछु" भनी बताए ।

यो भयो काक प्रेतको कथा ।

त्यसपछि स्थविरले अहिप्रेत (सर्पप्रेत) लाई देखेर जिउ सिरिङ्ग भएको हो भनी भन्नुभयो । तथागतले स्थविरलाई साक्षि राखेर साच्चै नै हो, हे भिक्षुहो! मौद्गल्यायनले भनेको कुरा, मैले पनि त्यस प्रेतलाई सम्यक्संबोधि लाभ भएकै दिन देखेको थिएँ । त्यसरी देखेर पनि मैले त्यतिबेला भनेको कुरा कसैले विश्वास गर्ने छैन, अनि उनीहरूलाई अहित होला भनी यो कुरा कसैलाई बताएको थिएन भनी आज्ञा हुनुभयो । लक्खण संयुक्तमा पनि-- "हे मौद्गल्यायन तिमीले देखेकै समयमा शास्ता त्यसको साक्षि हुनुभई यो कुरा बताउनुभयो । अहिले पनि त्यो कुरा त्यस्तै बताएको सुनेर भिक्षुहरूले त्यो अहिप्रेतको पहिलेको कर्म सोधे । शास्ताले तिनीहरूलाई यसरी भन्नुभयो--



Downloaded from http://dhamma.digital

"पहिले अतीत समयमा वाराणसी नगरमा आश्रय गर्दा नदीको तीरमा प्रत्येकबुद्धको निम्ति एउटा आश्रम बनायको थियो। उनी त्यस आश्रममा बास गर्नुभई दिनहुं नगरमा भिक्षाको निम्ति जानुहुन्थ्यो। नागरिकहरू पनि सांझ बिहान सुगन्ध फूल आदि लिएर प्रत्येकबुद्धको सेवामां जाने गर्दथ्यो। वारणसीमा बस्ने एकजनना मानिस त्यस ठाउँमा जाने बाटैमा परेको खेत जोती रहेका थिए। धेरै मानिसहरू सांझ विहान प्रत्येकबुद्धको सेवाको निम्ति जांदा उनीहरूले जोतीराखेको खेतमा कुल्चिएर जाने गर्दथे। कृषकले मेरो खेतमा टेकेर नजाउ भनी रोक्दा पनि रोक्न सकेको थिएन। अनि उसले चितायो कि-- "यदि यस ठाउँमा प्रत्येकबुद्धको आश्रम नभएकोभए मानिसहरूले मेरो खेत कुल्चने थिएन।" उसले प्रत्येकबुद्ध भिक्षा जानुभएको बेलामा त्यहाँका भांडा कुंडाहरू फुटालेर आश्रममा आगो लगाई दियो। प्रत्येकबुद्ध पनि आश्रममा आगो लागेको देखेर आफ्नो जानुपर्ने ठाउँमा जानुभयो। धेरै नै मानिसहरू सुगन्ध फुल हरू लिएर आउँदा आगोले खाएको आश्रम देखेर हाम्रा आर्य कहाँ जानुभयो होला ? भनी सोधेपछि त्यस मानिस पनि तिनीहरूसंगै आएर ती मानिसहरूको बीचमा बसी "मैले उसको आश्रममा आगो लगाई दिएको हुं" भनेपछि मानिसहरूले लौ यसलाई समात, यस पापीले गर्दा हामीले प्रत्येकबुद्धको दर्शन गर्न पाएनौं भनी लट्ठि आदिले पिटेर त्यहिं मारी दियो। त्यस मानिस अवीचि नरकमा जन्म हुनगई यस पृथ्वी एक योजन जति नबढेसम्म नरक भोग गरी त्यहाँ विपाक नसिद्धिएको हुनाले गृद्धकूट पर्वतमा अहिप्रेत भई जन्म ग्रहण गरे। शास्ताले उसको यस पहिलेको जन्मको कुरा बताउनु भई "हे भिक्षु हो! पापकर्म भनेको दूध समान हो। जस्तो दुध भनेको दुहुने बित्तिकै तुरुन्त परिवर्तन भएर जादैन बिस्तारै मात्र परिवर्तन भएर जान्छ। पाप भनेको पनि गर्नेबित्तिकै तुरुन्त नै फल दिंदैन।



Downloaded from http://dhamma.digital

जुनबेला फल दिन्छ त्यत्ति बेला यस्तो दु:ख कष्ट भोग गरी रहन पर्ला भन्नुभई कारण मिलाई धर्मदेशना गर्नुभई यो गाथा आज्ञा गर्नुभयो:--

*"न हि पापं कतं कम्मं, सज्जुखीरंव मुच्चति ।*
*डहन्तं बालमन्वेति, भष्मच्छन्नोव पावको"ति ॥*

अर्थ-- दुध दुहुनेबित्तिकै बिग्रदैन, त्यस्तै पापको फल पनि गर्नेबित्तिकै आउँदैन, भुमरोले बिस्तारै पोलिने जस्तै मूर्खहरूलाई पापको फलले बिस्तारै पोल्ने हुन्छ ।

(पदार्थ-- त्यहाँ *"मज्जु खीरं"* भनेको त्यही क्षणमा गाईको थूनबाट निस्केको धारोष्ण दूध । *"मुच्चति"* भनेको बदल्ने । यस्तो भनि रोखेको छ-- जस्तो दूध दुहुनेबित्तिकै तुरुन्तै परिवर्तन हुँदैन पहिलेको स्वभाव छोडदैन । तबसम्म कि भांडोमा दुही राखेको दूधमा महि आदि अमिलो राखिँदैन । जबसम्म दहि जमाउने भांडो आदिमा राखेर त्यसमा अमिलो आदि मिसाउँदैन तबसम्म आफ्नो प्रकृति, दूधको सरल स्वभाव छाडिदैन । पछि अमिलो इत्यादि मिसाएपछि मात्र दूधले आफ्नो स्वभाव छाडेर दही बन्छ । त्यस्तै नै पाप कर्म पनि पाप गर्नेलाई तुरुन्तै फल दिँदैन । त्यसरी तुरुन्तै फल दियो भने कसैले पनि पापकर्म गर्ने साहस गर्दैन । उसले गरीराखेको कुशल कर्मले उसलाई बचाई राख्छ । उसले गरी आएको कुशल कर्म सकेपछि मात्र नरक आदिमा जन्म हुन जान्छ । त्यहाँ दु:ख कष्ट भोगी रहन्छ । दु:ख भोगी रहेको ठाउँमा पनि आगोको उपमा दिईराखेको कस्तो भने-- खरानीले छोपीएको आगोझैं, जस्तो खरानीले छोपीएको गोलको आगोमा टेकिए पनि खरानीले छोपीएको हुनाले एकैचोटि पोलिदैन । पछि बिस्तारै छाला आदि तात्तिएर आई रौंहरू जलेर पोलिदै आउँछ । त्यस्तैं पापकर्म पनि जस्ले गर्छ त्यो मूर्खलाई दोश्रो अवस्था तेश्रो अवस्थाको आत्मभावमा नरक आदिमा जन्म भएर



Downloaded from http://dhamma.digital

आगोले पोलेझैं दुःख कष्ट भोग्न जान्छ भनेको हो ।) धर्मदेशनाको अन्तमा धेरै जनताहरू श्रोतापत्ति फल आदिमा पुग्न गयो ।

सर्प प्रेतको कथा समाप्त भयो ।

................

# १३. सट्ठिकुट प्रेतको कथा

*"यावदेव अनत्थाय"* भन्ने यो धर्मदेशना शास्ता वेलुवनमा विहार गर्नुभएको बेलामा सट्ठिकूट प्रेतको कारणमा आज्ञा हुनु भएको हो ।

यसभन्दा पहिलेको कथामा जस्तै महामौद्गल्यायन महास्थविर लक्षण स्थविर संगै गृद्धकूट पर्वतबाट झरीरहंदा एक ठाउँमा जिउ सिरङ्ग पार्नु भयो । लक्षण स्थविरले जिउ सिरिङ्ग भएको कारण सोध्नुहुंदा तथागतको सामुं मसंग सोध्नु भन्नुभयो । भिक्षाटन सिद्धिएपछि शास्तालाई भेटेर वन्दना गरी बसीरहेको बेलामा प्रश्न सोध्नुहुंदा भन्नुभयो-- "हे आयुष्मान! मैले तीन गावुत अल्गो आत्मभाव भएको, एउटा प्रेत देखें, उसको टाउकोमा आगोमा पोलेको ज्वाज्वल्यमान चम्कीरहेको साठीहजारवटा फलामको दण्डिले घोचीरहेको थियो । उसको टाउको ठाउँ ठाउँमा प्वालपरी पट्पटि फुटीरहेको थियो । प्वाल परेको ठाउँमा मासु पलाउँदै भरीरहेको थियो । मैले यस्तो आत्मभाव पहिले कहि पनि देखेन । मैले त्यस प्रेत देखेर जिउ सिरिङ्ग पारेको हुं ।

प्रस्तुतमा:--

*सट्ठिकूटं सहस्सानि, परिपुण्णानि सब्बसो ।*
*सीसे तुहयं निपतन्ति, वोभिन्दनेव मत्थक"न्ति ॥*

अर्थ-- सम्पूर्ण रूपले साठीहजार फलामको दण्डिले प्रहार गरेर तिम्रो टाउको फोर्दैछ । इत्यादि ।



Downloaded from http://dhamma.digital

यही प्रेतको निम्ति भन्नुभएको हो । शास्ताले स्थविरको कुरा सुन्नुभई-- "हे भिक्षु हो! मैले पनि त्यही प्रेतलाई बोधिमण्डपमा बसीरहेको बेला देखेको थिएँ । त्यतिबेला मैले भनेको कुरा कसैले विश्वास गर्ने छैन र उनीहरूलाई अहित होला भनी उनीहरू प्रति अनुकम्पा राखी यो कुरा कसैलाई बताएको थिएन" भनी आज्ञा हुनुभयो । यो कुरा सुनेर भिक्षुहरूले त्यस प्रेतको पूर्वजन्ममा गरीआएको कर्मको कुरा बताउन बिन्ति गरे । शास्ताले तिनीहरूलाई ती कुराहरू बताउनुभयो ।

परापूर्व कालमा वाराणसी नगरमा गुलेलीले माटोको गिर्का हान्ने विद्यामा पारंगत भएको एउटा लंगडो मानिस थियो । त्यस मानिस नगर द्वारको समीपमा एउटा बरको रूख मुनि बसेर माटोको गिर्काले हानी त्यस रूखको पातमा प्वाल पारेर, गाउँका बालकहरूले हामीलाई हाथीको रूप देखाउ, हामीलाई घोडाको रूप देखाउ भनेपछि तिनीहरूलाई मनपर्ने रुप बनाएर देखाई तिनीहरूसंग खाने पिउने वस्तु प्राप्त गरी जीविका गरी रहन्थ्यो । एकदिन राजा उद्यानमा जांदा त्यस ठाउँमा पुग्नुभयो । बालकहरू लंगडालाई बरको रूखमुनि छोडेर भागे । राजा शुद्ध मध्यान्हमा रूखको छायांमा पस्नुहुंदा प्वाल परेको छायांले सबै शरीरमा घाम पर्‍यो । राजाले यो के भएको भनी माथीतिर हेर्दा रूखको पातमा प्वाल परेर हाथी आदिको रूप देखेर यो कस्को काम हो भनी सोध्नुभयो । लंगडोले गरेको भन्ने बुझेर उसलाई डाक्न पठाई यस्तो भन्नुभयो-- "मेरो पुरोहित ब्राह्मण धेरै कुरौटे, सानो एक वचनले पुग्ने कुरालाई पनि धेरै कुरा गरेर दिक्क पार्छ । तिमीले उसले मुख बाउने बित्तिकै एकमाना जति बोकाको मल हानेर उसको मुख भित्र पसाउन सक्छचौ ?" "सक्छु महाराज! बोकाको मलको गेडा एक माना जति ल्याई तपाई पर्दा भित्र बसी कुरा गर्नुहवस, मैले उसलाई ठीक पारी दिन्छु" भनी बिन्ति गर्‍यो ।



Downloaded from http://dhamma.digital

"राजाले लंगडाले भनेजस्तै गर्न लगायो । लंगडोले गुलेलि एउटा लिएर बोकाको मलको गेडा एकमाना अगाडि राखेर पर्दा बाहिर बसी पर्दामा एउटा प्वाल पारी त्यस प्वालबाट पुरोहितले राजासंग कुरा गरिरहेको बेला पारी पुरोहितले जति पटक मुख बायो उत्ति पटक बोकाको मलको गेडा एक एक गरी हानी दियो । पुरोहितको मुखमा पसेजत्ति बोकाको मलको गेडा पुरोहितले निल्यो । लंगडाले मलको गेडा सिद्धिएपछि पर्दा हल्लाईदियो । राजाले यस संकेतलाई बोकाको मलको गेडा एक माना सकेको भाव जानेर आज्ञा गर्नुभयो-- "भो आचार्य! मैले तपाईसंग कुरा गरीराखेको विषय आज नहुने भयो । तपाई सारै नै कुरौटे भएको हुनाले एक माना बोकाको मलको गेडा निली सकेर पनि मुख बन्द भएन ।" भनी आज्ञा हुनुभयो । अनि पुरोहित ब्राह्मण बोलेन । यसबेला देखि पुरोहितले राजासंग धेरैबेर सम्म कुरागर्ने साहस गर्न सकेन । राजाले लंगडालाई डाक्न पठाई "तिम्रो कारणले मलाई आराम भयो" भनी प्रसन्न हुनुभई सर्वअष्टक भन्ने एक एक वस्तु आठ आठ वटा गरी उपहार दिएर चार दिसामा रहेको उत्तम गाउँ चारवटा पनि प्रदान गर्नुभयो । त्यो कारण जानेर राजाको अर्थ र धर्मानुशासक मन्त्रीले यो गाथा भने:--

*"साधु खो सिप्पकं नाम, अपि यादिस कीदिसं ।*
*पस्स खञ्जप्पहारेन, लद्धा गामा चतुद्दिसा"ति ॥*

(जातक० १.१.१०७) ।

अर्थ-- जस्तै भएपनि शिल्पविद्या भनेको सिकी राख्नु असल छ, यहाँ हेर गुलेलिले माटोको गिर्का हान्ने शिल्प राम्रोसंग जानेकोले चार दिसामा रहेको उत्तम चारवटा गाउँ लाभ भयो ।

त्यस बेलाका त्यस मन्त्री अहिले हाम्रा गौतम बुद्ध हुने बोधिसत्व थियो । एउटा मानिसले लंगडालाई प्राप्त भएको महान सम्पत्ति देखेर सोच्यो । "यो घस्रेर हिंडनुपर्ने लंगडोले पनि



Downloaded from http://dhamma.digital

आफ्नो शिल्पको कारणले गर्दा महान सम्पत्ति लाभ भयो । त्यो शिल्प मैले पनि सिक्नुपर्‍यो" भनी त्यस मानिसले त्यो लंगडोलाई भेटेर नमस्कार गरी "हे आचार्य! तपाईको त्यो शिल्प विद्या मलाई पनि सिकाई दिनुहवस" भन्नगए । लंगडोले "सिकाउन सक्दैन बाबु!" भन्ने जवाफ दिएपछि त्यस मानिसले उसले सिकाउँदैन भनेपनि मैले यसको सेवा सत्कार गर्न छोड्न हुदैन भनी उसको हात गोडा मलीदिने इत्यादि सेवा धेरै काजसम्म गरीरहे । उसले लंगडालाई बारंबार शिल्प सिकाइदेउ भनी प्रार्थना गरेपछि लंगडाले यसले मेरो निकै नै उपकार गरीसक्यो भनी उसको प्रार्थना अस्वीकार गर्न नसकेर शिल्प सिकाई दियो । उसले "बाबु! अब तिमी यस विद्यामा पारंगत भयौ । अब तिमीले यसबाट केगरी खान्छचौ" भनी सोधे । "अहिले पहिलेत म बाहिर गएर मैले सिकेको विद्या ठीक छ वा छैन परीक्षा गरी हेर्छु" भनेपछि "के गरी हेर्छौ ?" भनी सोधे । गाईलाई भएपनि मानिसलाई भएपनि हानेर मारी हेर्छु" भने । बाबु तिमीले गाई मार्‍यौ भने सय दण्ड, मानिस मार्‍यो भने हजार दण्ढ तिर्न पर्ने हुन्छ । यो दण्ड तिमीले छोरा छोरीको पाला सम्म पनि तिर्न सकिदैनौ । आफु विनाश हुने काम नगर, जसलाई हान्दा दण्डित हुनु पर्दैन त्यस्ता आमा बाबु बाल बच्चा नभएकालाई हेरेर हान्नु भने । हुन्छ भनी पोल्टाभरी माटोको गिर्का लिएर त्यस्तो मानिस खोज्दै घुम्न जांदा गाई देख्दा मालिक भएको भनी हान्न सकेन । मानिस देख्दा यिनीहरू आमा बाबु भएका भनी हान्न सकेन ।

त्यस बेला सुनेत्त भन्ने प्रत्येकबुद्ध नगरको आश्रय गरी नगरबाट बाहिर एउटा आश्रममा बस्नुहुन्थ्यो । उसले नगरको एउटा द्वारनिर भिक्षामा आउनु भएको देखेर यो आमा बाबु नभएका हुन्, यसलाई हान्योभने दण्ड दिने कोही हुदैन, यसलाई हानेर मेरो शिल्प परीक्षा गर्नुपर्‍यो भनी प्रत्येकबुद्धको दाहिने



Downloaded from http://dhamma.digital

कानको प्वालमा ताकेर माटोको गिर्काले हान्यो । त्यस माटोको गिर्का उहाँको दाहिने कानको प्वालबाट पसेर बायां कानको प्वालबाट छिरेर निस्क्यो । ठूलो दु:ख वेदना भयो । प्रत्येकबुद्ध भिक्षामा जान सक्नुभएन । आकाशबाट आफ्नो आश्रममा फर्कनुभई परिनिर्वाण हुनुभयो । मानिसहरूले प्रत्येकबुद्ध भिक्षा नआउनु भएकोले कुनै रोग लाग्यो होला भनी विचार गरी आश्रममा गएर हेर्न जांदा परिनिर्वाण भैराखेको देखेर रूदै बिलाप गरे । त्यस हान्ने मानिसले त्यहाँ धेरै नै मानिसहरू गैरहेको देखेर आफु पनि त्यहाँ गएर प्रत्येकबुद्धलाई चिनेर "भिक्षा गईरहेको बेलामा नगरको द्वारनिर देखेर, मेरो अगाडि आईरहेकालाई मैले आफ्नो शिल्प परीक्षा गरी हेर्न हानेको हुं" भनी भन्यो । मानिसहरूले यो पापी मानिसले प्रत्येकबुद्धलाई मार्‍यो, लौ समात, मार यसलाई भन्दै सबैले उसलाई समातेर पिट्न सम्म पिटेर त्यहिं मारेर फालीदियो । त्यहाँबाट मरेर गई यस महापृथ्वी जबसम्म एक योजन माथी आइपुगेन तबसम्म नरकमा दु:ख भोग गरी, विपाक नसकेको हुनाले गृद्धकूट पर्वतको टुप्पामा सट्ठिकूट प्रेत भएर जन्म भयो । शास्ताले उसको यो पहिले गरीआएको कर्म विपाकको कुरा बताउनु भई "हे भिक्षु हो! मूर्खहरूले शिल्प विद्या अथवा ऐश्वर्य प्राप्त गरेर आफुलाई अनर्थहुने काम गर्छ भनी कारणाकारण मिलाई धर्मदेशना गर्नु भई यस गाथा आज्ञा हुनुभयो:--

*"यावदेव अनत्थाय, ञत्तं ब्यलस्स जायति ।*
*हन्ति बालस्स सुक्कंसं, मुद्धमस्स विपातय"न्ति ॥*

अर्थ-- मूर्खहरूको बुद्धि सबै अनर्थकर हो, मूर्खहरूले आफ्नो मूर्खताले गर्दा आफ्नो प्रज्ञा तथा कुशलकर्म सबै ध्वंश गर्छ ।



Downloaded from http://dhamma.digital

(पदार्थ-- त्यहाँ *"यावदेव"* भनेको समय परिच्छेद जस्तै निपात पद हो । *"ञत्तं"* भनेको जानीलिने स्वभाव, जुन शिल्प विद्या जानी बुझी राख्छ, जसबाट ऐश्वर्य यश सम्पत्ति पनि स्थिर भईरहन्छ, उसलाई मानिसहरूले चिनीराख्छ, प्रकट र प्रसिद्ध हुन्छ । उसको त्यो शिल्प विद्याले गर्दा ऐश्वर्य लाभ हुन्छ । त्यो त्यस्तो हुने मूर्ख जनहरूको निम्ति अनर्थ हुनुको निम्ति मात्र भएर आउँछ । *"हन्ति"* भनेको विनाश भएर जान्छ । *"सुक्कंसं"* भनेको कुशल पुण्यभाग मूर्ख मानिसलाई, शिल्पै भएपनि ऐश्वर्य भएपनि उत्पन्न भइ आउने बेलामा कुशलभाग घाटक गर्नुको निम्ति मात्र सिद्ध भएर आउँछ । *"मुद्धं"* भनेको प्रज्ञालाई नै भनिएको नाउँ हो । *"विपातयं"* भनेको विध्वंस गर्दै उसको कुशलभागलाई, प्रज्ञारूपी शिरलाई पतन गर्दै, विध्वंस गरी छाड्छ ।)

धर्मदेशनाको अन्तमा धेरै मानिसहरू स्रोतापत्ति फल आदिमा पुग्न गए ।

सट्ठिकूट प्रेत कथा समाप्त भयो ।

.........................

## १४. सुधम्म स्थविरको कथा

*"असतं भावन"मिच्छेय्य"* भन्ने यो धर्मदेशना शास्ता जेतवनमा विहार गर्नुभएको बेलामा सुधम्म स्थविरको कारणमा आज्ञा हुनुभएको हो । देशना मच्छिकासण्ड भन्ने ठाउँमा उट्ठान भई, श्रावस्ती नगरमा समाप्त भयो ।

मच्छिकासण्ड नगरमा चित्र गृहपतिले पञ्चवर्गिय भिक्षुहरू मध्ये महानाम स्थविर भिक्षा पाल्नुभएको देखेर उनको इरियापथमा प्रसन्न भएर भिक्षापात्र लिएर घरमा भित्र्याई भोजन गराई



Downloaded from http://dhamma.digital

धर्मश्रवण गरी स्रोतापत्ति फलमा प्रतिष्ठित भई निश्चल श्रद्धा भई अम्बाटक वन भनिएको आफ्नो बगैचामा संघाराम बनाउने इच्छा गरी स्थविरको हातमा पानीको धारा बहाई यस बगैचा दान दिए । त्यस क्षणमा बुद्धशासन प्रतिष्ठित भयेकोले समुद्र पर्यन्त महापृथ्वी कम्पमान भयो । महासेठले आफ्नो उद्यानमा महाविहार बनाउन लगाई सम्पूर्ण दिशाबाट आउनुभएका भिक्षुहरूलाई सधैं आफ्नो द्वार खुला गरी राखे । मच्छिकासण्डमा सुधम्म स्थविर भन्ने एकजना भिक्षु नेवासिक त्यस विहारमा बास गरी बस्ने स्थविर भई बसे ।

पछि चित्त गृहपतिको गुण वर्णन सुनेर अग्रश्रावकहरू दुवैले उसलाई संग्रह गर्न मच्छिकासण्डमा पाल्नुभयो । चित्त गृहपतिले उहाँहरू आउनुभएको समाचार पाएर आधा योजन सम्म हिंडेर गई स्वागत गर्न गए । उहाँहरूलाई स्वागत गरी ल्याई आफ्नो विहारमा राखी आगन्तुक सेवा सत्कार सबै पुर्‍याई "भन्ते ! केही धर्मदेशना सुन्ने इच्छा भैरहेछ भनी धर्मसेनापति सारीपुत्र स्थविरलाई बिन्ति गरे । अनि उसलाई स्थविरले "हे उपासक ! हामीहरू यात्रा गरीरहेको हुनाले सारै थाकेकाछौं तैपनि अलिकति भएपनि श्रवण गर भनी उसलाई धर्म उपदेश सुनाउनु भयो । त्यस गृहपति धर्म श्रवण गर्दा गर्दै अनागामि फलमा पुग्न गयो । उनी गृहपतिले अग्रश्रावकहरूलाई वन्दना गरेर "भन्ते ! भोलि तपाईहरूको एकहजार भिक्षु परिवार सहित मेरो घरमा भिक्षा लिन आउनु हवस भनी निमन्त्रणा गरे । त्यसपछि सोही विहारमा बस्नुभएका नेवासिक भिक्षु सुधम्मकहाँ गएर "भन्ते ! तपाई पनि अग्रश्रावक भन्तेहरू संगै नै आउनु हवस" भनी निमन्त्रणा गरे । स्थविरले मलाई पछिमात्र निमन्त्रणा गरेको भनी रिसाई निमन्त्रणा स्वीकार गरेन । बारंबार प्रार्थना गर्दा पनि स्वीकार गरेन । यसरी निमन्त्रणा स्वीकार नगरे पछि गृहपतिले



Downloaded from http://dhamma.digital

भन्ते! पछि तपाईले यसको परिणाम थाहा पाउनु हुनेछ भनी फर्के। भोलिपल्ट आफ्नो घरमा महादान दिने सार्दाम जोरजाम गरे। सुधम्म स्थविर पनि बिहान सबेरै गृहपतिले अग्रश्रावक महास्थविरहरूलाई स्वागत सत्कार गर्ने कस्तो होला भनी सोची पहिल्यै पात्र चीवर लिई गृहपतिको घरमा पुगे।

श्रद्धावान गृहपतिले भन्ते! बस्नुहवस भन्दा पनि "म यहाँ बस्न आएको होइन, भिक्षाचारको निम्ति आएको हुं" भनी अग्रश्रावकहरूलाई सत्कार गर्न जोरजाम गरीराखेको सार्दाम हेरी "हे गृहपति! तिमीले अग्रश्रावकहरूलाई गर्न लागेको स्वागत सत्कार अत्यन्त महान छ तर मैले यहाँ एउटा वस्तु देखिन" भने। "भन्ते! त्यो के वस्तु हो ?" "तिलौरा एक थोक देखेन" यति भनी गृहपतिलाई कागको उपमा दिएर अप्रसन्न पारी रिसाएर तिम्रो विहार मलाई चाहिएको छैन, तिमीलाई नै भयो म यहाँबाट जादैछु भने, तीनपटक सम्म दाताले यसरी नरिसाउनु हवस भन्ते! भनी रोक्दा रोक्दै पनि नमानी शास्ताकहाँ पुगेर चित्त गृहपतिले भनेको कुरा र आफुले उसलाई भनेर आएको कुरा बताउन गए। शास्ताले तिमीले श्रद्धाले प्रसन्न भएका उपासकलाई हीन वचनले गालीगरेर आयौ भनी उसैलाई पटिसारणीयकम्म= पछि पश्चाताप गर्नुपर्ने दोषारोपण गर्नुभई भन्नुभयो "जाउ, तिमी गृहपतिकहाँ गएर क्षमा याचना गरी आउ"। उनी त्यहाँ गएर "हे गृहपति! मेरै दोष हो, मलाई क्षमागर्नु हवस" भनी क्षमा माग्न गएपनि "मैले क्षमा दिन सक्दिन" भनी गृहपतिले प्रतिक्षेप गरेपछि स्थविर केही नबोली फेरी शास्ताकहाँ फर्केर आए। शास्ताले उसलाई उपासकले क्षमा दिदैन भन्ने कारण थाहा पाएता पनि अभिमानले चूर भैरहेका त्यस भिक्षुलाई बत्तीस योजन फर्केर फेरी क्षमा याचना गर्न जाउ भनी उपाय नबताइकनै फर्काई दिनुभयो। अनि त्यस भिक्षु फेरी फर्कन लाग्दा उनीसंग पछिलागेर जाने दूत भिक्षु



Downloaded from http://dhamma.digital

एकजना दिनुभई "जाउ तिमी यिनीसंगै गएर गृहपतिसंग क्षमा याचना गराई आउ भनी आज्ञा गर्नुभयो । भिक्षुले यो मेरो विहार, यो मेरो बस्ने आवास, मेरो उपासक, मेरा उपासिका भनी अभिमान ईर्ष्या गर्नु हुदैन । यस्तो गरेमा ईर्ष्या, अभिमान र क्लेश बृद्धि हुन्छ भनी कारणाकारण मिलाई धर्मदेशना गर्नुभई यो गाथा आज्ञा गर्नुभयो:-

*"असन्तं भावनमिच्छेय्य, पुरेक्खारञ्च भिक्खुसु ।*
*आवासेसु च इस्सरियं, पूजा परकुलेसु च ॥*
*ममेव कतमञ्ञन्तु, गिही पब्बजिता उभो ।*
*ममेवातिवसा अस्सु, किच्चाकिच्चेसु किस्मिचि ।*
*इति बालस्स संकप्पो, इच्छा मानो च वड्ढती"ति ॥*

अर्थ-- असत्य इच्छा गर्ने भिक्षुले भिक्षु गणमा आफु ठूलो हुने इच्छा गर्छ, मठ र विहारको मालिक हुने इच्छा गर्छ, अर्काको कुलमा पूजित भैरहने इच्छा गर्छ, काम पर्ने बेलामा मैले भनेजस्तै हुनुपर्छ भन्ने इच्छा गर्छ, इत्यादि प्रकारले अभिलाषा गर्ने मुर्खको इच्छा र अभिमान बृद्धि हुन्छ ।

(पदार्थ-- त्यहाँ *"असन्तं"* भनेको मूर्ख भिक्षुले आफु संग नभएको गुणधर्मलाई आफुसंग छ भनी सम्भन्छ । आफु श्रद्धा नभएको भएर पनि म अत्यन्त श्रद्धावान भनी मानिसहरूले सम्भोस् भनी इच्छा गर्छ । निद्देशमा भनीराखेभैं आफु मूर्ख, श्रद्धाहीन, दुश्शील, अल्पश्रुत, विवेकहीन, खराब चित्त, स्मृत्ति थाउँमा नरहेको, ध्यानमा एकाग्रता नभएको, दुष्प्रज्ञ, र क्षीणाश्रव नभएको, भएर पनि अहो मलाई मानिसहरूले बहुश्रुत, एकान्तप्रिय, अत्यन्त उद्योगी, स्थिरस्मृत्ति, ध्यानी, प्रज्ञावान, क्षीणाश्रव हुन् भनी सबैले चिनोस भनी आफुमा नभएको गुणधर्म इच्छा गर्छ । *"पुरेक्खारं"* भनेको आफ्ना परिवारले अहो एकान्तले विहारमा बस्ने, सबै भिक्षुहरूले रिंगै बसेर प्रश्न सोध्ने होउँ भनी यस्तो



Downloaded from http://dhamma.digital

अर्को दुइवटा नदी पनि तरेर गए । शास्ताले तिनीहरू आइरहेको थाहा पाउनुभई आफ्ना चारैतिर रिङ्गै बसीरहेका भिक्षुहरू तिनीहरूले नदेखिने अधिष्ठान गर्नुभयो । अनोजा महारानीले बाटोमा गईरहेको बेलामा शास्ताको शरीरबाट निस्केका छवण्ण रश्मि देखेर त्यस्तै चिन्तना गरेर शास्ताकहाँ गई वन्दना गरी एक छेउमा बसेर बिन्ति गरिन् "भो भन्ते ! महाकप्पिन राजा तपाईको लक्ष गरी निस्कनु भएको हो यहाँ आइपुगेको हुनुपर्छ उहाँहरू कहाँ हुनुहुन्छ ? कृपापूर्वक हामीलाई पनि देखाई दिनुहवस ।" "तथागतले "हे महारानीहो ! बस, तिनीहरूलाई तिमीहरूले यहिं बसेर देख्नेछौ" भनी आज्ञा हुनुभएपछि तिनीहरू सबै हर्षित मनले त्यहिं बसेर हाम्रा स्वामीहरू दर्शन गर्न पाउने भयौं भनी त्यहिं बसिन् । शास्ताले तिनीहरूलाई आनुपूर्वि कथा बताउनु भयो । धर्मदेशनाको अन्तमा अनोजा महारानी परिवार सहित स्रोतापत्ति फलमा पुग्नगए । महाकप्पिन स्थविरले तिनीहरूलाई बताउनु भएको धर्मदेशना सुनेर परिवार समेत सबै प्रतिसम्भिदा सहित अरहन्त हुनुभयो । त्यस बेला तथागतले महारानीहरूलाई भिक्षुहरू देखाउनुभयो । तिनीहरू त्यहाँ आईपुग्ने बित्तिकै काषाय वस्त्र धारण गरिराखेका, शिर मुण्डन गरिराखेका आफ्ना स्वामीहरू देख्दा चित्त एकाग्र हुँदैन, तसर्थ तिनीहरूले मार्ग फल साक्षात्कार गरी लिन सकिदैन भनी तिनीहरूलाई निश्चल श्रद्धामा प्रतिस्थापित गरेर, भिक्षुहरू पनि अरहन्त भैसकेपछि मात्र ऋद्धि हटाई देखाउनु भयो ।

उनीहरूले पनि उहाँहरू देखेर पञ्चाङ्गपूर्ण गरी घोप्टो परी वन्दना गरी भन्ते ! तपाईहरूले त प्रव्रजित हुने कार्य सफल गरी सक्नुभयो भनी शास्तालाई वन्दना गरी एक छेउमा बसी प्रव्रज्या याचना गरिन् । त्यसरी महारानीहरूले प्रव्रज्या मागेपछि शास्ताले उत्पल्लवण्णा भिक्षुणी यहाँ आउनु पर्‍यो भनी चिन्तना



Downloaded from http://dhamma.digital

"भो महारानी! उहाँहरूले हामीलाई के सन्देश दिई पठाउनुभयो ?" भनी सोधिन् । "तिनीहरूले आआफ्नो सम्पत्ति सबै तिमीहरूलाई छाडिसके । अब तिमीहरूको इच्छानुसार त्यो सम्पत्ति तिमीहरूले परिभोग गर्नु ।" "भो महारानी तपाई केगर्नुहुन्छ?" "अम्म! उनी राजा भएर पनि बाटोको बीचैमा बसेर तीन सयहजार रुपैयांले तीन रत्नलाई पूजा गरेर आफ्नो सम्पत्तिलाई खकारझैं त्यागी प्रब्रजित हुन्छु भनी निस्कनु भयो । मैले तीन रत्नको समाचार सुनेर तीन रत्नलाई नौसयहजार रुपैयांले पूजा गरें, यस्ता सम्पत्ति भनेको केवल उनी महाराजलाई मात्र दु:खको कारण हुने होइन । मेरोलागी पनि दु:खको कारण हो । राजाले थुकेर जानुभएको खकारलाई कस्ले पिठ्युंमा थापेर मुखले चाट्ला र ? मलाई सम्पत्तिको आवश्यकता छैन । म पनि शास्ताकहाँ गएर प्रब्रजित हुन जान्छु" भन्नु भएपछि मन्त्रीहरूका जहानहरूले पनि "भो महारानी! हामी पनि तपाई संगै गएर प्रब्रजित हुन जान्छौं" भनी बिन्ति गरेपछि महारानीले सके त हुने हो अम्म! भनी आज्ञा गर्नुभयो । अनि तिनीहरूले हामीले त्यसो गर्न सक्छु महारानी भनी बिन्ति गरिन् । त्यसोभए मसंगै आउ भनी हजारवटा रथ जोत्न लगाई रथमा बसी तिनीहरू संगै निस्की बाटोको बीचमा पहिलो नदी देखेर जस्तो राजाले सोधेको थियो त्यस्तै सोधेर सबै प्रबृत्ति जानेर राजा जानुभएको मार्ग खोजीहेर भन्नुभयो । सिन्धव घोडाको पाइलाको दोप देखिंदैन महारानी भनी बिन्ति गरेपछि राजाले तीन रत्न लक्षगरी निस्कनुभई सत्यक्रिया गरेर जानु भयोहोला, म पनि तीन रत्न लक्ष गरेर निस्केकी हुं त्यसको आनुभावले गर्दा यो नदीको पानी पानीजस्तो नहोओस भनी अधिष्ठान गरी त्रिरत्नको गुण अनुस्मरण गर्दै हजार रथ पानीमाथी हाँकेर लगे, पानी ढुंगाको पाताझैं कडाभएर गयो । रथको पांग्राको नेमिको टुप्पो अलि अलि मात्र पानीले भिजियो । यसरी



Downloaded from http://dhamma.digital

यत्तिका धन यहाँ दिन लगायो ?" "भो महारानी ! अरु कारणले होइन राजालाई हामीले समाचार एउटा बताईदिएँ ।" भने । "हे महाजनहो ! त्यो समाचार हामीलाई पनि बताउन सक्छौ ?" "बताउन सक्छौं महारानी!" "त्यसोभए हे महाजनहो ! बताउ ।" "भोमहारानी! लोकमा बुद्ध उत्पन्न हुनुभयो" भनी बताउने बित्तिकै ती महारानी पनि त्यो समाचार सुनेर पहिले जस्तै प्रीतिले स्पर्श गरेको शरीर भएर तीनपटक सम्म केही विचार गर्न नसकी, चौथो पटकमा महारानीले बुद्ध भन्ने पद सुनी "हे महाजनहो ! तिमीहरूलाई राजाले कति धन दिनुभयो ?" "भो महारानी ! सयहजार रुपैयां दिनुभयो ।" "हे महाजनहो ! राजाले तिमीहरूलाई यस्तो समाचार सुनेर सयहजार रुपैयां दिएर अयोग्य काम गर्नुभयो । मैले मेरो यो तुच्छ भेट स्वरुप तीनसयहजार तिमीहरूलाई दिन्छु । तिमीहरूले राजालाई अर्को के समाचार सुनायौ ?" तिनीहरूले यो समाचार सुनाई आएँ भनी अर्को दुइवटा समाचार पनि सुनाए । महारानीले पहिले जस्तै प्रीतिले शरीर प्रफुल्लित भई तीन पटक सम्म स्मृति हराई चौठो पटकमा त्यस्तै सोधेर तीन तीनसयहजार रुपैयां बकस दिन लगाइन् । यसरी तिनीहरूले बाह्रसयहजार रुपैयां प्राप्त गरे ।

अनि तिनीहरूसंग तात ! अहिले राजा कहाँ हुनुहुन्छ भनी सोधिन् । "राजा शास्ताकहाँ गई प्रब्रजित हुन जान्छु भनी जानुभयो ।" "मलाई राजाले के आज्ञा हुनुभएको छ त?" भनी सोधेपछि "उहाँले सम्पूर्ण ऐश्वर्य तपाईलाई छाडि दिनुभएको छ । तपाईको इच्छानुसार जस्तो चाहनु हुन्छ त्यस्तो गर्नुहवस ।" "मन्त्रीहरू कहाँ छन् त ?" "भो महानी! उहाँहरू पनि राजा संगै प्रब्रजित हुन भनी जानुभयो ।" महारानीले मन्त्रीहरूका जहानहरू बोलाउन पठाई "अम्म तिमीहरूका स्वामीहरू राजासगै प्रब्रजित हुन भनी गईसके । अब तिमीहरू के गर्छयौं ?" भनी सोधेपछि



Downloaded from http://dhamma.digital

शास्ताको उद्देश्य गरी आइरहेको बेलामा महान हुनुभएका गौतम बुद्धले मलाई देख्नुभयो होला भन्ने मनमा चिताई, सोही अवस्थामा तुरुन्तै घोडाबाट ओर्ल्ही निहुरेर रश्मिको अनुसार शास्ताको नजिकै गएर मनशिलाको रसमा डुबे झैं बुद्धरश्मि भित्र पसेर शास्तालाई वन्दना गरी हजार मन्त्रीहरू सहित भई एक छेउमा बस्न गए । तनीहरूलाई शास्ताले आनुपूर्वि कथा बताउनुभयो । राजा धर्मदेशनाको अन्तमा परिवार सहित स्रोतापत्ति फलमा प्रतिष्ठित हुनुभयो । तदनन्तर सबै गएर तथागतसंग प्रब्रज्या याचना गरे । शास्ताले यी कुलपुत्रहरूलाई ऋद्धिमय चीवर प्राप्तहोला कि नहोला भनी विचार गर्नुभई यी कुलपुत्रहरूले पहिले हजारजना प्रत्येकबुद्धहरूलाई हजारवटा त्रिचीवर दान दिएर आएको थियो । काश्यप तथागतको समयमा बीसहजार भिक्षुहरूलाई पनि बीसहजार वटा चीवर दान दिएर आएको थियो, यिनीहरूलाई चीवर प्राप्त हुने कुनै आश्चर्यको कुरा होइन भन्ने बुझ्नुभई, दाहिनेहात पसार्नु भई "भिक्षुहो ! आउ राम्रोसंग दुःखलाई अन्त गर्नुको निम्ति ब्रह्मचर्यलाई आचरण गर" भनी आज्ञा हुनुभयो । तिनीहरू सबै तुरुन्तै सोही क्षणमा नै अष्टपरिष्कार धारण गरेका स्थविरझैं भई आकाश माथी गई फेरी तल झरी शास्तालाई वन्दना गरी आआफ्ना आसनमा बस्न गए ।

ती ब्यापारीहरू पनि राजकुलमा गई राजाले पठाएको कारण बताउन गए । रानीले दरबार भित्र आउ भनी खबर गरी सकेपछि भित्र पसी वन्दना गरी एक छेउमा बसीरहे । अनि तिनीहरूसंग रानीले सोधिन् "हे ब्यापारीहो ! तिमीहरू यहाँ के कारणले आएका हौ ?" "भो महारानी ! हामीलाई राजाले तपाईकहाँ पठाएको हो । हामीलाई राजाले तीनसयहजार रुपैयां बकस दिनुभयो ।" "तिमीहरूले धेरै धन भन्यौ । तिमीहरूले राजालाई के गरिदियौ ? तिमीहरूदेखि राजा कुन कारणले खुशि भएर



Downloaded from http://dhamma.digital

अवंरच्छा हो महाराज !" "यस नदीको परिमाण कति छ ?" "एक गावुत गहिरो दुई गावुत चौडाई छ महाराज!" "यहाँ कुनै नाउँ वा डुंगा छकि ?" "छैन महाराज !" "हामीले नाउँहरू खोज्न लाग्यौं भने जन्मनु पर्ने बुढो हुनुपर्ने हुन्छ, मैले जरा मरणको चिन्तना नगरीकन त्रिरत्नको आधार लिएर निस्केको हुं । तिनीहरूको आनुभाले गर्दा यो पानी पानीझैं नहोओस् भनी त्रिरत्नको स्मरण गर्दै *"इतिपि सो भगवा अरहं सम्मासम्बुद्धो विज्जाचरण सम्पन्नो"* भनी बुद्धानुस्मृति स्मरण गरी परिवारहरू सबै हजार घोडा सहित पानीको माथीबाट गए । सिन्धव घोडाहरू ढुंगा माथीबाट गएझैं पानीको माथीबाट गए, घोडाको खुरको टुप्पामात्र पानीले भिजियो ।

राजा त्यस नदी पार तरेर गएपछि अर्को पनि एउटा नदी देखेर यस खोलाको नाउँ केहो ? भनी सोध्नुभयो । "यस नदीको नाउ नीलबाहिनी हो महाराज !" "यो नदीको परिमाण कति छ" "गहिराईमा आधा योजन, चौडाईमा पनि उत्ति नै छ महाराज !" *"स्वाक्खातो भगवता धम्मो"* भनी धर्मानुस्मृति स्मरण गरी त्यस नदी पनि पार तरी गएर अर्को पनि नदी एउटा देखी "यस नदीको नाउँ के हो" भनी सोध्नुभयो । "चन्दभागा भन्ने नदीको नाउँ हो महाराज !" यो नदीको परिमाण कति छ ?" "गहिराइमा एक योजन छ, चौडाईमा पनि त्यत्ति नै छ महाराज !" "अरु कुरा सबै पहिले जस्तै हो । यस नदी देखेर *"सुपटिपन्नो भगवतो सावक संघो"* भनी संघानुस्मृति स्मरण गरेर नदी पार भईगए । त्यो नदी पार गरी जांदा नदीको पारी शास्ताको शरीरबाट निस्केको छःप्रकारको रश्मि देखियो । न्यग्रोध बृक्षको हाँगा बृक्षको झाङ् सुवर्ण वर्णझैं पहेंलो भईरहचो । राजाले चिन्तना गऱ्यो-- यो प्रकाश चन्द्रमाको पनि होइन, सूर्यको पनि होइन, ब्रह्मा, नाग, गरुड आदिको पनि होइन, निश्चयनै मैले



Downloaded from http://dhamma.digital

मन्त्रीहरूले "महाराज ! तपाईं के गर्नु हुन्छ त ?" भनी सोधेपछि "भो मन्त्रीहो ! म त बुद्ध उत्पन्न भयो, धर्म उत्पन्न भयो, संघ उत्पन्न भयो भन्ने शब्द सुनीसकेपछि दरबारमा फर्कने छैन । शास्ताकहाँ गएर प्रब्रजित हुन जान्छु ।" अनि मन्त्रीहरूले भने "महाराज ! त्यसोभए हामी पनि तपाईं संगै नै आएर प्रब्रजित हुन आउँछौं ।" राजाले सुवर्ण पत्रमा अक्षर लेख्न लगाई ब्यापारीहरूलाई भन्नुभयो "अनोजा भन्ने महारानीले तिमीहरूलाई तीनसयहजार रुपैयां दिनेछिन् । तिमीहरूले उसलाई यसरी पनि सुनाई देउ "राजाले तिमीहरूलाई सुख ऐश्वर्य सबै छाडीसक्नु भयो । तिमीहरूको इच्छानुसार सम्पत्ति परिभोग गर्नु । यदि तिनीहरूले राजा खोई भनी सोधे शास्ताकहाँ गएर प्रबजित हुन जान्छु भनी गइसक्यो भन्नु भनी पठायो । मन्त्रीहरूले पनि आआफ्ना जहानहरूलाई त्यस्तै समाचार पठाई दियो । राजाले ब्यापारीहरूलाई दरबारमा पठाई सकेपछि हजार मन्त्रीहरूले परिबृत्त भई सोही क्षणमा त्यहाँबाट प्रस्थान गरे ।

शास्ताले त्यसदिन बिहान सबेरै ध्यानबाट हेर्नुहुंदा महाकप्पिन राजाका परिवारहरू देख्नुभई महाकप्पिन राजा ब्यापारीहरूबाट त्रिरत्न उत्पन्न भएको समाचार सुनेर तिनीहरूको बचनलाई तीनसयहजार रुपैयांले पूजा गरी राज्य सबै त्यागी हजार मन्त्रीहरूले परिबृत्त भई मकहाँ आई प्रब्रजित हुने इच्छा गरी भोलि निस्कनेछन् । राजा परिवार सहित प्रतिसम्भिदा सहित अरहन्त हुनेछन् । उसलाई लिन जान पर्‍यो भनी भोलिपल्ट चक्रवर्ती राजाले सानो गाउँको द्वारेलाई लिन गएझैं आफैले पात्र चीवर लिनुभै एकसयबीस योजनको बाटोबाट जानुभई चन्दभागा नदीको तीरमा रहेको न्यग्रोध बृक्षमुनि ६ प्रकारका रश्मि फिंजाई बस्नुभयो । "राजा पनि बाटोमा आउँदा एउटा नदी भएको ठाउमा पुगेर यस नदीको नाउँ के हो ?" भनी सोध्नुभयो । "यस नदीको नाउँ



Downloaded from http://dhamma.digital

क्लेशबाट मुक्त भएको चित्त भएर पण्डित जनहरू अरहन्त भावमा पुग्न गई एकान्त पूर्वक निश्चित रुपले निर्मल र प्रसन्न चित्त भई रहन्छ भनेको हो ।)

धर्मदेशनाको अन्तमा धेरै मानिसहरू स्रोतापत्ति आदि फलमा पुग्न गए ।

काण माताको कथा समाप्त भयो ।

.................

# ८. पाँचसय भिक्षुहरूको कथा

*"सब्बत्थ वे सप्पुरिसाचजयन्ति"* भन्ने यो धर्मदेशना शास्ता जेतवनमा विहार गर्नुभएको बेलामा पांचसय भिक्षुहरूको कारणमा आज्ञा हुनुभएको हो । यो धर्मदेशना वेरञ्जामा उत्पन्न भएको हो ।

भगवान बोधिज्ञान प्राप्त गर्नुभई, पहिले वेरञ्जामा जानुभई, वेरञ्जाका ब्राह्मणले निमन्त्रणा गराई, पांचसय भिक्षुहरू सहित वर्षावास बस्नुभयो । वेरञ्जा ब्राह्मणलाई मारले आफ्नो बशमा पारी राखेको हुनाले एक दिन पनि उसले तथागत र भिक्षुसंघलाई सम्झन सकेनन् । वेरञ्जामा दुर्भिक्ष भयो । भिक्षुहरूलाई वेरञ्जा नगर भित्र बाहिर भिक्षा जांदा कहिं पनि भिक्षा प्राप्त नभएपछि निकै नै दुःख कष्ट सहनु पर्‍यो । भिक्षाचार जाने भिक्षुहरूलाई दया करुणा राखी एकजना घोडाब्यापारीले एक एक अञ्जुलि घोडालाई खुवाउने दाना दिन लगायो । ती भिक्षुहरूले दुःख कष्ट भोगी रहेको देखेर महामौद्गल्यायन स्थविरले पृथ्वी भित्रको ओजस खुवाउने इच्छा गरे, उत्तरकुरु प्रदेश तिर भिक्षाचार पठाउने इच्छा प्रकट गरे । तथागतले त्यसलाई अनुमति दिनुभएन । भिक्षुहरूलाई



Downloaded from http://dhamma.digital

अर्थ-- जहाँ एउटा बिरालो हुन्छ, त्यहाँ अर्को पनि बिरालो उत्पन्न हुन्छ, फेरी त्यहाँ तीन चारवटा बिरालाहरू भएर आउन सक्छ यसरी बिरालो बढेर आउने द्वार खुल्छ । भनी यो बिरालोको जातक बिस्तार पूर्वक बताउनु भयो । त्यसबेला चारजना बृद्ध भिक्षुहरू सोही चारवटा बिराला थिए । मुसोहुने काण उपासिका हुन्, मणिकार त मै हुं, भनी जातक कथा बताई सकेपछि " हे भिक्षु हो! यसरी पहिले पनि काण उपासिका आकुल ब्याकुल भै विक्षिप्तचित्त हुंदा मेरो बचनले गर्दा निर्मल पानीको पुष्करणी जस्तै प्रसन्न चित्त पारी प्रमुदित भएर गएको थियो भनी कारणाकारण मिलाई धर्मदेशना गर्नुभै यो गाथा आज्ञा गर्नु भयो--

*"यथापि रहदो गम्भीरो, विप्पसन्नो अनाबिलो ।*
*एवं धम्मानि सुत्वान, विप्पसीदन्ति पण्डिता"ति ॥*

अर्थ-- जस्तो निर्मल पानी भएको पुष्करणी गंभीर र सङ्लो भई राम्रो भईरहन्छ, त्यस्तै नै पण्डित भनेकाले पनि धर्मको कुरा सुनेर निर्मल भई अत्यन्त प्रसन्नता प्राप्त गर्छ ।

(पदार्थ-- त्यहाँ *"रहदो"* भनेको जुन चार अंगले सम्पूर्ण भैरहेका सेनाहरूले चलाए पनि चंचल नहुने त्यस्तो निर्मल पानी भएको महासमुद्र, र समुद्र सबै प्रकारले चौरासी हजार योजन गहिरो भई नीलो भैरहेको महासमुद्रलाई "रहद" भनिएको हो । त्यसको पनि तल चालीसहजार योजन फैलिएको ठाउँमा माछाहरूले पानी चलाई रहन्छ, माथी पनि उत्तिकै ठाउँमा हावाले पानी चलाई रहेको हुन्छ ती दुईको बीचमा चारहजार योजन जतिको ठाउँमा पानी निश्चल भएर स्थिर भई रहन्छ । यसलाई नै गम्भीर भएको पुष्करणी भनेको हो । *"एवं धम्मानि"* भनेको देशना धर्ममा यस्तो भनिराखेको छ, जस्तो त्यो रहद भनिने पुष्करणी निश्चल, स्वच्छ, आकुल ब्याकुल रहित भई स्थिर भई रहन्छ, त्यस्तै नै मेरो धर्मदेशना सुनेर स्रोतापत्ति मार्ग आदि प्रकारले



Downloaded from http://dhamma.digital

त्यसपछि सबै सम्पत्तिले पूर्ण भैरहेको एकजना मन्त्रीले "भो महार ाज! मैले तपाईको छोरीलाई राम्रोसंग पालन गरी राख्छु ।" भनी बिन्ति गरी काण उपासिकालाई आफ्नो घरमा लगी सबै ऐश्वर्य सम्पत्ति दिई "तिम्रो जस्तो इच्छा छ त्यस्तो पुण्यकर्म गर्नु भनी छाडीदियो । त्यसबेलादेखि काण उपासिकाले आफ्नो घरमा चार दिशामा चारवटा ढोकामा मानिसहरू राखेर उसकहाँबाट भिक्षु र भिक्षुणीहरूलाई भिक्षा प्राप्त भएन भन्ने नहुने गरी आफ्नो घरको संघारमा तयार गरीराखेको खान पानका सामानहरू नदी प्रबाहबाट पानी बगेभैं सबैलाई प्राप्त भैरह्यो । धर्मसभामा भिक्षुहरूले कुरा चलाए । "आयुष्मानहो! पहिले पहिले भये चारजना बृद्ध भिक्षुहरूले काण उपासिकालाई रिसाउन लगाई भिक्षुहरूलाई गालि गर्ने तुल्यायो । अहिले तथागत त्यहाँ जानुभई उसलाई श्रद्धासम्पन्न तुल्याई दिनुभई उसकहाँ फेरी भिक्षुहरू जानहुने तुल्याई दिनुभयो । उसले उपस्थान सेवा सत्कार नगरेका भिक्षुहरू खोज्दा पनि भेट्टाउन सकिदैन । अहो ! आश्चर्य ! बुद्धको महान आनुभाव" भन्ने कुरा चलाए । शास्ता त्यहाँ जानुभई "भिक्षुहो ! तिमीहरू के कुरा गरी रहेको" भनी सोध्नुभयो । भिक्षुहरूले "भन्ते हामीहरूमा यस्तो कुरा भैरहेको हो" भनी बिन्ति गरेपछि "हे भिक्षुहो ! उनी बृद्ध भिक्षुहरूले काण उपासिकालाई अहिले मात्र रिसाउन लगाएको होइन पहिले पनि यस्तै नै रिसाउन लगाएको छ । अहिले मात्र मैले काणलाई भनेको कुरा मान्न लगाएको होइन पहिले पहिले पनि मान्नै लगाएको छु भनी आज्ञा हुनु भई त्यस पहिलेको कुरा सुन्ने इच्छा गर्ने भिक्षुहरूले प्रार्थना गरेपछि—

*"यत्थेको लभते बब्बु, दुतियो तत्थ जायति ।*
*ततियो च चतुत्थो च, इदं ते बब्बुका बिल"न्ति ॥*

(जा० १.१.१३७)



Downloaded from http://dhamma.digital

श्रावकहरूको के दोष ?" "भन्ते ! आर्यहरूको कुनै दोष छैन । उसकै दोष हो ।" भनेपछि शास्ताले काणलाई भन्नुभयो हे काण! मेरा श्रावकहरूले भिक्षाचार गर्दै तिम्रो ढोकामुनि आईपुगेपछि तिनीहरूलाई तिम्री आमाले रोति दिएको भए मेरा श्रावकहरूको के दोष ?" "भन्ते ! आर्यहरूको कुनै दोष छैन । उसकै दोषहो ।" भनी शास्तालाई वन्दना गरी क्षमा मागिन् ।

अनि उसलाई शास्ताले आनपूर्वी कथा बताउनु भयो । उनले स्रोतापत्ति फल प्राप्त गरिन् । शास्ता आसनबाट उठेर विहारमा फर्कंदा राजाको दरबारमुनिबाट जानुभयो । राजाले देखेर शास्ता आउनुभएको जस्तो लाग्छ माणवकहो ! भनी सोधदा "हो महाराज !" भनी बिन्ति गरे । राजाले "जाउ तिमीहरू गएर मैले शास्तालाई वन्दना गर्न आउँदैछु भन्ने समाचार उहाँलाई बिन्ति गर्न जाउ" भनी पठाउनुभयो । राजाले राजाङ्गणमा उभिई रहनुभएको शास्तालाई भेटेर वन्दना गरी "भन्ते ! कहाँबाट आउनुभएको ?" भनी सोधे । "महाराज! काण माताको घरमा गएर आएको हो ।" "भन्ते! कुन कामले त्यहाँ जानुभएको ?" "महाराज ! काणले भिक्षुहरूलाई गालिगरी हिडिन् भनेको हुनाले त्यहाँ गएर आएका हुं ।" "भन्ते ! कसोत उनले भिक्षुहरूलाई गालि नगर्ने गरी आउनु भयोत ?" हो महाराज! भिक्षुहरूलाई गालि नगराउने गरी उसलाई लोकोत्तर कुटुम्बिकको स्वामी पनि गरी दिईसकें ।" "भन्ते ! उसलाई तपाईले लोकोत्तर कुटुम्बिकको मालिक गरी दिनुभयो । मैले उसलाई यस लौकिक कुटुम्बिकको स्वामी गरी दिन्छु ।" भनी बिन्ति गरी शास्तालाई वन्दना गरी आफ्नो दरबारमै फर्के । तदनन्तर कसैले थाहा नपाउने गरी काण उपासिकालाई आफ्नो दरबारमा डाक्न पठाई सम्पूर्ण बस्त्र आभूषण लगाउन दिई आफ्नी सबभन्दा जेठि छोरीको ठाउँमा राखी दिनुभयो । अनि मेरी छोरीलाई पाल्न सक्नेले लिएर जानु भनी आज्ञा हुनुभयो ।



Downloaded from http://dhamma.digital

# ७. काण माताको कथा

*"यथापि रहदो"* भन्ने यो धर्मदेशना शास्ता जेतवन महाविहारमा बास गर्नुभएको बखतमा काण माताको कारणमा आज्ञा गर्नु भएको हो । यसको कथा विनय पिटक (पाचि० २३०)मा आए जस्तै हो ।

त्यसबेला काण माताले आफ्नी छोरीलाई खालिहात हुने नगरी उसको पतिघरमा पठाउन रोटि पोल्न सिध्याएर, चार पटक सम्म चारजना भिक्षुहरूलाई दान गरेको समयमा शास्ताले त्यस कुरामा शिक्षापद बनाउनुभएपछि काणको लोग्नेले अर्को पत्नी बिवाह गरी ल्यायो । काणले त्यो समाचार सुनेर "यिनीहरूले मेरो घर गृहस्थी नाश गरीदियो भनी देखेजत्ति भिक्षुहरूलाई निन्दा गर्दै गालिगरी हिडिन् । भिक्षुहरूले त्यस बाटोबाट जाने साहसै गरेन । शास्ताले त्यस्तो समाचार जान्नुभई त्यहाँ जानुभयो । काण माताले शास्तालाई वन्दना गरी बिछ्याई राखेको आसनमा बसालेर यागु आदि रोतिहरू दान गरिन् र शास्ताले विहानको जलपान सिध्याउनु भई "काण उपासिका खोई ?" भनी सोध्नु भयो । "भन्ते ! उनी तपाईलाई देखेर केही नबोलीकन रोई रहेकी छिन् ।" "उनी किन रोएकी ?" "भन्ते ! उसले भिक्षुहरूलाई निन्दा गरी गालीगरी हिंडिन् त्यसकारण तपाईलाई देखेर उत्साह हीन भएर रोइरहेकी हुन् ।" अनि उसलाई शास्ताले डाक्न पठाउनुभई "हे काण! किन मलाई देखेर उत्साह हीन भई लुकेर रोईरहेकी ?" अनि काण माताले भएको सबै कुरा बताइन् । तदनन्तर "कसो काण माता! मेरा श्रावकहरूले तिमीले दिएको मात्रै लियो कि नदिएको पनि लियो ?" "दिएको मात्र लिएको हो ।" "यदि मेरा श्रावकहरूले भिक्षाचार गरी तिम्रो ढोकामुनि आईपुगेपछि तिनीहरूलाई तिम्री आमाले रोटि दिएको भए मेरा



Downloaded from http://dhamma.digital

तिनीहरू देखी कहिल्यै रिसाउनु हुन्नथ्यो । द्वेषभाव पनि गर्नु हुन्नथ्यो । धर्मसभामा कुरा चल्यो । "हे आयुष्मानहो ! लकुण्टक स्थविरलाई देखेर श्रामणेरहरूले यसरी सास्ती गरीरहेछ । उहाँ तिनीहरू देखी कहिल्यै रिसाउन हुन्न । द्वेषभाव पनि गर्नु हुन्न ।" भनी कुरा निकाले । शास्ता त्यहाँ जानुभई "भिक्षुहो ! तिमीहरू के कुरा गरी रहेको" भनी सोध्नुभयो । भिक्षुहरूले "भन्ते ! हामीहरूमा यस्तो कुरा भैरहेको हो" भनी बिन्ति गरेपछि "हो आयुष्मानहो ! क्षीणाश्रवहरू रिसाउँदैन, कसैलाई द्वेषभाव पनि गर्दैन, ठूलो ढुंगा, पर्वत समान भैरहन्छ, तिनीहरू निश्चल हुन्छ, कम्प हुदैन भन्नुभई कारणाकारण मिलाई धर्मदेशना गर्नुभई यो गाथा आज्ञा गर्नभयो--

*"सेलो यथा एकघनो, वातेन न समीरति ।*
*एवं निन्दा पसंसासु, न समिञ्जति पण्डिता"ति ॥*

अर्थ-- जस्तो एकधिक्का भैरहेको पहाड पर्वतलाई हावाले डेग चलाउन सकिदैन, त्यस्तै नै विद्वान पण्डित जनहरूलाई निन्दा र प्रशंसाले डेग चलाउन सकिदैन ।

(पदार्थ-- त्यहाँ *"निन्दा पसंसासु"* भनेको यद्यपि दईवटा मात्र लोकधर्म भनीराखेता पनि अर्थ मा आठैवटा लोकधर्म अगाडि ल्याएर बुझाई दिनु पर्दछ । जस्तो एउटा ठूलो छिद्र नभएको ढुंगा, पर्वतलाई पूर्व इत्यादि दिशाबाट आएको हावाले हल्लाउन सकिदैन, ढल्काउन सकिदैन, कम्पन गर्न सकिदैन, त्यस्तैनै आठ प्रकारका लोकधर्म सेवन गरीरहंदा पण्डित जनहरू चंचल हुदैन, द्वेषभावले अथवा मैत्रीभावले चंचल हुदैन, कम्पन हुदैन भन्ने अर्थ हो ।)

धर्मदेशनाको अन्तमा धेरै मानिसहरू स्रोतापत्ति फल आदिमा पुग्न गए ।

लकुण्टक भद्दिय स्थविरको कथा समाप्त भयो ।

....................



Downloaded from http://dhamma.digital

ठाउँको माटो काटेर खाल्टोहरू पुरेर भुईं लिपेर भएपनि, काठको नाली राखेर भएपनि आफुले चाहेको ठाउँमा लगिने पानीलाई भनिन्छ, लानेलाई *नेत्तिक* भन्छन् । *"ते जना"* भनेको काठको लौरो आदिलाई भनेको हो । यस्तो भनीराखेको छ कि नेत्तिक भनेकाले दिनहुं नटुटाईकन काम गर्नेले आफ्नो इच्छानुसार पानी बसार्छ । तीर बनाउनेले पनि आगोमा तापेर तताई बाङ्गो काठको लौरो आदिलाई सोझ्याउँछ । सिकर्मीहरूले नेमि (रथको चक्कामा रहने काठको पाता) इत्यादिलाई तासेर आफ्नो इच्छानुसार बङ्ग्याउनुपर्ने ठाउँमा बङ्ग्याउँछ सोझ्याउनु पर्ने ठाउँमा सोझ्याउँछ यसरी यस्ता कामलाई आरम्मण गरेर पण्डित विद्वान जनहरूले स्रोतापत्ति फल आदि उत्पन्न गर्दै आफुलाई आफैले दमन गरीराख्छ । अरहन्त भावमा पुग्न जांदा भने सांचैनै आफुले आफुलाई दमन गऱ्यो भनी भनिन्छ ।)

धर्मदेशनाको अन्तमा धेरैनै मानिसहरू स्रोतापत्ति फल आदिमा पुग्न गए ।

पण्डित श्रामणेरको कथा समाप्त भयो।

.....................

# ६. लकुण्टक भद्दिय स्थविरको कथा

*"सेलो यथा"* भनेको यो धर्मदेशना शास्ता जेतवन महाविहारमा बास गर्नुभएको बखतमा लकुण्टक भद्दिय स्थविरको कारणमा आज्ञा हुनुभएको हो ।

पृथग्जन भैरहेका श्रामणेरहरूले पुड्को स्थविरलाई देखेर टाउकोमा भएपनि, कानमा भएपनि, नाकमा भएपनि समातेर "कसो हो काका ! यो शासनमा अलसी मान्नु हुन्छकि ? अथवा रमाइलोसंग समय बिताउनु हुन्छ ?"भनी सोध्थे । स्थविरले



Downloaded from http://dhamma.digital

गरीरहने काम पनि छाडे । शक्र देवराज इन्द्रले डोरी टाँगी राखेको ठाउँमा बसेर सुरक्षा गरी बस्ने काम पनि छाडिगए । सूर्य एकैचोटि मध्याण्ह नाघी तल झरे ।

भिक्षुहरूले निन्दा चर्चा गर्नथाले । घामको छायां यहाँ पुगीसक्यो । सूर्य मध्याण्ह नाघेर गई तल पुगीसक्यो । श्रामणेले भरखर भोजन गर्न सिध्यायो । यो कस्तो आश्चर्य भएको ? शास्ताले त्यस समाचार थाहा पाएर भिक्षुसभामा जानुभई सोध्नुभयो "हे भिक्षुहो! त्यो तिमीहरूले के भनीरहेको ?" यस्तो भनी रहेको हो भनी बिन्ति गरेपछि "हो भिक्षुहो ? पुण्यवानहरूले श्रमणधर्म गरिहेको बखतमा चन्द्र देवपुत्रले चन्दमण्डललाई, सूर्य देवपुत्रले सूर्यमण्डललाई तानेर रोकीराख्यो । चारजना चतुर्महाराजहरूले विहारको उपवनमा चारैतिर बसेर सुरक्षा गर्न आए । शक्र देवराज इन्द्र आएर डोरि टांगी राखेको ठाउँमा बसेर आरक्षा गर्न आए । म स्वयं पनि बुद्ध हुं भन्ने वास्ता किस्ता नगरी चुपलागेर बस्न नसकी संघारमा गएर मेरो पुत्रलाई सुरक्षागरी बसें । कामदारहरूले माटोको घडामा पानी ल्याईरहेको देखेर, तीर बनाउनेहरूले तीर सोझ्याईरहेको देखेर, बोसिहरूले काठ तासीरहेको देखेर, यो यति आरम्मण लिएर पण्डित जनले आफुले आफैलाई दमन गरी अरहन्त भाव साक्षात्कार गेरेरै छाडने छ भन्नुभई कारणाकारण मिलाई उपदेश दिनुभई यो गाथा आज्ञा गर्नुभयो-

*"उदकञ्हि नयन्ति नेतिका, उसुकारा नमयन्ति तेजनं ।*
*दारुं नमयन्ति तच्छका, अत्तानं दमयन्ति पण्डिता"ति ॥*

अर्थ-- कामदारहरूले पानी ल्याईरहेको, तीर बनाउनेले तीर सोझ्याईरहेको, बोसिहरूले काठ तासीरहेको देखेर पण्डित जनले आफुले आफैलाई दमन गरी लिन्छ ।

(पदार्थ-- *"उदकन्ति"* भनी त्यहाँ यस पृथ्वीमा अग्लो



Downloaded from http://dhamma.digital

त्यहाँ सोध्नु भएको प्रश्नः-- शास्ताले सोनुभयो "हे सारीपुत्र! तिमीलाई के लाभ भयो ?" भन्ते ! आहार लाभ भयो ।" "सारीपुत्र आहारबाट के उत्पन्न हुन्छ ?" "भन्ते ! वेदना उत्पन्न हुन्छ ।" "सारीपुत्र ! वेदनाबाट के उत्पन्न हुन्छ ?" "भन्ते रूप उत्पन्न हुन्छ ।" "सारीपुत्र ! रूपबाट के उत्पन्न हुन्छ ?" "भन्ते ! स्पर्श उत्पन्न हुन्छ ।" त्यहाँको अभिप्राय यो हो कि भोक लागेकाले आहार अनुभव गरेपछि उसको भोक रूपी दुःखलाई मिटाएर सुखवेदना उत्पन्न गरीदिन्छ । आहार परिभोग गर्नाले सुखी भएको सुखवेदना उत्पन्न भएकोले गर्दा आफ्नो शरीरमा वर्ण सम्पत्ति बृढि हुन्छ । यसरी वेदनाले गर्दा रूपलाई बलदिन्छ । सुखी मानिस आहाररूपको अनुसार उत्पन्न भएको सुख सोमनस्सले आजिद आश्वाद भयो भनी पल्टीरहे पनि, बसीरहे पनि सुखको स्पर्शले गर्दा सुख अनुभव गरीरहन्छ ।

यसरी यी चार प्रश्नका उत्तर दिइरहंदासम्ममा श्रामणेर प्रतिसम्भिदा सहित अरहन्त पदमा पुग्नगए । शास्ताले स्थविरलाई भन्नुभयो "जाउ सारीपुत्र ! तिम्रो श्रामणेरलाई भोजन गराउन जाउ ।" स्थविर जानुभई ढोकाको खापामा त्वाक् त्वाक् गर्नुभो । श्रामणेर ढोका खोलेर निस्की स्थविरको हातबाट भिक्षापात्र लिई एकछेउमा राखी टाडपत्रको पंखा लिएर स्थविरलाई पंखा हम्काई रहे । अनि उसलाई स्थविरले भन्नुभयो "श्रामणेर ! भोजन गर्न जाउ ।" "भन्ते! तपाईको नि ?" "मैले भोजन गरीसकेको छु । तिमी गएर भोजन गर्न जाउ ।" सात वर्षको बालक, प्रब्रजित भएर आठौं दिनमा सोही ठाउँमा फर्केर फुलेको कमल झैं प्रत्यवेक्षणा गर्नुपर्ने ठाउँमा प्रत्यवेक्षणा गर्दै बसेर भोजन गर्न थाल्यो । उसले पात्र पखालेर एकातिर राखी सकेपछि चन्द्र देवपुत्रले चन्द्रमण्डललाई छाडिदियो । सूर्य देवपुत्रले सूर्यमण्डललाई छाडिदियो । चतुर्महाराज देवताहरू चारैजनाले चारदिशामा आरक्षा



Downloaded from http://dhamma.digital

दिनको भोजन गर्नुभन्दा पहिल्यै आफ्नो आत्मभाव विचारगरी तीन फलमा पुग्नगए ।

स्थविरले पनि श्रामणेर विहारमा बसीरहेको छ उसलाई योग्य भएको भोजन यस कुलमा भिक्षा गयोभने प्राप्त हुनेछ भनी प्रेम र गौरवले संयुक्त भैरहेको कुलमा जानुभयो । त्यहाँ पनि मानिसहरूले त्यसदिन रोहित माछा लाभ भएकोले स्थविर आउनुहुने बाटो तिर हेरी रहे । तिनीहरूले स्थविर आउनुभएको देखरे "भन्ते! तपाई यता आउनुभएको सारै असल भयो भनी घरभित्र लगी यागु खाने पिउने अर्पण गरी रोहित माछाको रस भएको भोजन चढायो । स्थविर भिक्षा ग्रहण गरी त्यहाँबाट उठेर विहारमा जानुभयो । मानिसहरूले त्यहिं बसेर भोजन गर्नु हवस भन्ते! विहारमा लैजान पनि प्राप्त हुनेछ भनी स्थविरले भोजन गर्न सिद्धिएपछि पात्र पखालेर त्यसमा रोहित माछाको रस सहित भोजन भरेर अर्पण गरे । स्थविरले श्रामणेरलाई भोक लागीरहेको होला भनी छिटो छिटो जानुभयो । शास्ता पनि त्यसदिन पहिल्यै भोजन सिद्धयाई विहारमा जानुभई पण्डित श्रामणेरले आफ्नो उपाध्यायलाई पात्र चीवर दिई श्रमणधर्म गर्छु भनी विहारमा फर्केका थिए, उसको प्रब्रज्या सफल भयोकि भएन भनी विचार गर्नुभई तीन फलमा पुगीसकेको कारण विदित भई अरहन्त हुन सक्ने हो कि होइन भनी विचार गर्नुहुंदा अरहन्त हुने हो भनी जानी लिनुभयो । अनि शास्ताले यस्तो मनमा लिनुभयो "श्रामणेरको भोजन लिएर आउने छिटो छिटो आईरहेछ । म त्यहाँ गएर ढोकामा बसेर रोक्न जानु पऱ्यो, सुरक्षा पनि गरी रहनु पऱ्यो । अनि गुरुचाहिंसंग चारवटा प्रश्न गर्नेछु, उसले मेरो प्रश्नको उत्तर दिन सिद्धिने बित्तिकै श्रामणेर पनि प्रतिसम्भिदा सहित अरहन्त हुनेछ । शास्ता त्यहाँ पाल्नुभई संघारमा पर्खेर त्यहाँ आईपुगेको स्थविर संग चारवटा प्रश्न सोध्नुभयो । तथागतले सोध्नुभएको प्रश्नलाई स्थविरले उत्तर दिनुभयो ।



Downloaded from http://dhamma.digital

तताएर सोझ्याउन सकिन्छ भने हामी चित्त भएकाहरूले त्यस चित्तलाई आफ्नो बशमा राखी किन श्रमणधर्म गरी बस्न नसक्नु ।" त्यस श्रामणेरले यी तीनवटा कारण देखेर "भन्ते ! यदि तपाईले आफ्नो पात्र चीवर लिन सक्नुभये म विहारमा फर्कन्छु" भनेपछि स्थविरले यो भर्खर श्रामणेर भएर आएको बालकले मलाई बोध नभएको समान गरी यसरी भनीरह्यो भन्ने मनमा नराखी फर्केर "मेरो पात्र चीवर ल्याउ श्रामणेर !" भनी आफुले लिनुभयो ।

श्रामणेर पनि उपाध्यायलाई वन्दना गरी फर्कन लाग्दा "भन्ते! मलाई आहार लिएर आउनुहुंदा रोहित माछाको रस सहित मात्र लिएर आउनुहवस ।" भनी निवेदन गरे । स्थविरले "आवुसो प्राप्त होला ?" भनी सोधेपछि "भन्ते! तपाईको पुण्यले प्राप्त नभए पनि मेरो पुण्यद्वारा अवश्य प्राप्त हुनेछ" भने । स्थविरले बालक श्रामणेर बाहिर बसी रहयोभने कुनै बाधा उत्पन्न हुन सक्छ भनी कोठाको सांचो दिएर "म बस्ने कोठामा ढोका खोलेर भित्र पसेर बसी रहनु, जाउ," भन्नुभयो । श्रामणेर त्यस्तै गरेर आफ्नो शरीरमा ज्ञान भित्र्याएर आफ्नो आत्मभावलाई परीक्षा गर्दै बसीरह्यो । अनि उसको गुणको प्रतापले शक्र देवराज इन्द्रको आसन तात्तिएर आयो । इन्द्रले के कारणले यस्तो भएको भनी विचार गरी पण्डित श्रामणेरले उपाध्यायलाई पात्र चीवर दिएर श्रमणधर्म गर्छु भनी विहारमा फर्के । म पनि त्यहाँ जान योग्य छु भनी मनमा चिताई चतुर्महाराजहरू चार जनालाई डाकेर "विहारको चारैतिरको उद्यानमा रहेका चराहरू लखेटेर चारैतिर सुरक्षा गर्न जाउ" भनी आज्ञा दिएर चन्द्र देवपुत्रलाई चन्द्रमण्डल तानेर अड्याई राख भनी आज्ञा दिई आफु विहारमा गई चीवर सुकाउने डोरी टांगी राखेको ठाउँमा बसेर आरक्षा गरीरहे । विहारमा सुकेको पात एउटा खसेको शब्द पनि नसुनिने शान्त वातावरण भैरह्यो । श्रामणेरको चित्त एकाग्र भई उसले



Downloaded from http://dhamma.digital

मिलाई राख्न सिद्धियेपछि मात्र गाउँमा पस्यो । किनभने ? तीर्थंकरहरू कोही नभएको विहारमा पसेर "श्रमण गौतमका श्रावक शिष्यहरू बस्ने ठाउँ एकपटक हेर कत्तिको फोहर गरीराखेको भनी निन्दा अपहास नगरोस भनी सबै विहार जम्मै सुव्यवस्था गरी मात्र पछि श्रामणेरहरू गाउँमा जाने गर्छन् । त्यसकाण त्यसदिन पनि स्थविरले श्रामणेरलाई पात्र चीवर समात्न लगाई पछि मात्र गाउँमा पस्नुभयो ।

श्रामणेर आफ्ना उपाध्याय संगै गाउँमा गइरहंदा बाटोको बीचमा पानीको कुलो देखेर "भन्ते! यो के हो?" भनी सोधे । स्थविरले "श्रामणेर! यसलाई पानी जाने कुलो भनिन्छ" भनी बताउनु भयो । "भन्ते! यसबाट के काम लिने गरिन्छ ?" "श्रामणेर! यो कुलोबाट यता उतै पानी लगेर आआफ्नो खेतमा धान रोप्ने काम लिने गरिन्छ ।" "कसो भन्ते ! पानीको चित्त हुन्छ ?" "श्रामणेर! त्यस्तो केही छैन ।" "भन्ते ! यस्तो चित्त नभएको वस्तुलाई आआफ्नो ठाउँमा लाने हो ?" "त्यस्तै हो श्रामणेर ! श्रामणेरले चिन्तना गऱ्यो "यस्तो कुनै चित्त नभएको वस्तुलाई पनि आफ्नो मन परेको ठाउँमा लगेर काम लिन सकिन्छ भने हामी चित्त भएकाहरूले त्यस चित्तलाई आफ्नो बशमा राखी किन श्रमणधर्म गर्न नसक्ने ?" त्यहाँबाट अगाडि जांदा जाँदै तीर बनाउने मानिसहरूले तीरको लट्ठिलाई आगोमा तताउँदै एउटा आंखा चिम्ली एउटा आंखाले तीरको लट्ठिलाई हेरी तीर सोझ्याई रहेकोलाई देखेर "यिनीहरूले के गरीरहेको भन्ते!" भनी सोध्यो । "यिनीहरू तीर बनाउने मानिसहरू हुन् आवुसो ।" "भन्ते! यिनीहरूले के बनाइरहेको ?" श्रामणेर! यिनीहरूले तीरको लट्ठिलाई आगोमा तताउँदै तीरको लट्ठिलाई सोझ्याई रहेको हो ।" "भन्ते तीर लट्ठिमा चित्त छ कि?" "छैन आवुसो ।" श्रामणेरले चिन्तना गऱ्यो "यदि चित्त नभएको वस्तुलाई पनि आगोमा



Downloaded from http://dhamma.digital

आमाचाहिंले मेरो छोराको इच्छा बिगार्नु हुदैन भनी मनमा राखिन् । त्यस बालक सातबर्षको भएपछि आमाचाहिंलाई भने "आमा! म स्थविरकहाँ गई प्रब्रजित हुन जान्छु ।" "हुन्छ तात! मैले तिम्रो इच्छालाई बिगार्दिन भनी पहिल्यै देखि मनमा सोची राखेकोछु भनी स्थविरलाई निमन्त्रणा गरी भोजन गराई "भन्ते ! तपाईको दासले प्रब्रजित हुने इच्छा प्रकट गऱ्यो मैले यसलाई साँझतिर विहारमा ल्याउँछु" भनी बिन्तिगरी स्थविरलाई विहारमा फर्काई ज्ञातिबन्धु आफन्तहरू सबै जम्मा गर्नलगाई मेरो छोरालाई गृहस्थको अवस्थामा गर्नुपर्ने सत्कार सम्मान सबै आजै गरेर पठाउँछु भनी महान सत्कार सम्मान गर्न लगाई त्यस बालकलाई लिएर विहारमा गई "भन्ते ! यो बालकलाई प्रब्रजित गरी दिनु हवस" भनी स्थविरलाई सुम्पीदियो ।

स्थविरले प्रब्रजित हुंदा गारो हुने कारण बताउनु भएपछि त्यस बालकले "भन्ते ! मैले तपाईको अववाद उपदेश सबै पालन गर्छु" भनी बिन्ति गऱ्यो । त्यसोभये यहाँ आउ भन्नुभई उसको कपाल भिजाई तचपञ्चक भन्ने कर्मस्थान भावना सिकाई बताई प्रब्रजित गरीदियो । उसको आमा बाबुहरू सातदिन सम्म विहार मै बसेर भिक्षुसंघहरूलाई रोहित माछाको रस सहित भोजन प्रदान गरी, सातौं दिनमा सांझमा आफ्नो घर फर्के । स्थविर आठौं दिनमा गाउँभित्र भिक्षा जानुभएको बेलामा भिक्षुसंघहरू संगै त्यस नयां श्रामणेरलाई लिएर जानु भएन । किन भने उसले पात्र समाउने, चीवर लगाउने इत्यादि काम राम्रोसंग जानीसकेको थिएन । फेरी अरु अरु पनि विहारमा स्थविरलाई सेवा सत्कारगर्ने काम जान्न सिक्न पर्ने धेरै नै बाकि थियो । स्थविर र भिक्षु संघहरू गाउँमा भिक्षा गैसकेपछि श्रामणेरले सबै विहारमा उता उति गई बन्हार्नुपर्ने ठाउँमा बन्हारी, पानी राख्नुपर्ने ठाउँमा पानी राखी, राम्रोसंग ठाउँमा नराखिएको खात, कुर्सि आदि ठाउँ ठाउँमा



Downloaded from http://dhamma.digital

जीवनभर अरु पनि अनेकानेक दान पुण्य कर्म गरी मनुष्य आयु सिद्धियेपछि देवलोकमा जन्म लिन गयो ।

एक बुद्धान्तर समय सम्म दिब्य सम्पत्ति अनुभव गरी बस्न गए । यस बुद्धोत्पाद समयमा देवलोकबाट च्युत भएर श्रावस्ती नगरमा सारीपुत्र महास्थविरका उपस्थापिकाहरूको कुलमा एक महाजनको छोरीको गर्भमा जन्म लिन गयो । अनि उसको आमा बाबुहरूले गर्भ रहेको समाचार सुनेर उसलाई गर्भिणीलाई गर्नुपर्ने कर्तब्य सबै पूरा गरीदिए । ती महिलाको पछि यस्तो दोहल (स्त्रीहरूको गर्भिणी हुंदा उत्पन्न हुने इच्छा) उत्पन्न भयो कि "अहो! मैले धर्मसेनापति प्रमुख पांचसये भिक्षु संघहरूलाई रोहित माछाको तरकारी सहित भोजन गराई काषाय बस्त्र पहिरी सबभन्दा छेउको आसनमा बसी उनी भिक्षुहरूको जुठो भोजन खान पाए कति उत्तम हुनेहोला ।" उनी स्त्रीले आफ्ना आमा बाबुलाई निवेदन गरी त्यस्तै आफ्नो दोहल अनुसार दान दिन लगाई भन्तेहरूको जुठो थालमा रहेको भात खाइन् । मनमा आंएको दोहल सबै परिपूर्ण भयो । पछि अरु अरु पनि सातवटा मङ्गल समयमा रोहित माछाको रस सहित नै धर्मसेनापति प्रमुख पांचसय भिक्षुहरूलाई भोजन दान गर्न लगाइन् । अरु सबैकुरा तिस्स कुमारको कथामा भनी आएको अनुसार बुझ्न पर्‍यो । यो कथामा महादुग्गत भएर आएको समयमा दान दिएर आएको रोहित माछाको पुण्यकार्यले गर्दा त्यो बालकको नामकरण गर्ने दिन आमाचाहिंले भन्ते ! दासलाई शिक्षापद दिनुहवस भनी प्रार्थना गरेपछि स्थविरले सोध्नुभयो "यो बच्चाको नाउँ के हो?" "भन्ते! यो बच्चा मेरो गर्भमा आए देखि आफ्नो घरमा रहेका जड, मूढ, लाटा, गौज्याङ्गाहरू पनि पण्डित भएर आएको हुनाले यो बालखको नाउँ पण्डितकुमार भनीराख्ने इच्छा गरें" भनी बिन्ति गरेपछि स्थविरले शिक्षापद दिनुभयो । त्यो बच्चा जन्मेदेखि



Downloaded from http://dhamma.digital

घरमा सप्तरत्नले भरियो, घरभित्र बस्ने ठाउँनै रहेन ।" भनी लोग्नेलाई बताइन् । महादुग्गतले आजै हामीलाई हाम्रो दानको विपाक फल दियो भनी चिन्तना गरेर राजाकहाँ गएर नमस्कार गरेपछि "तिमी किन यहाँ आएको" भनी राजाले सोध्नुभयो । उसले बिन्ति गऱ्यो "महाराज! मेरो घर सबै सप्तरत्नले भरिभराउ भयो । त्यो धन तपाईले लिनुहवस । राजाले बुद्धलाई दिएको दानको फल यसलाई आजै प्राप्त भयो भन्ने मनमा चिताई उनीसंग सोधे "अब मैले तिमीलाई के गरीदिनुपऱ्यो त?" "महाराज! त्यो धन यहाँ ओसारेर ल्याउन बैल गाडा पठाई दिनुपऱ्यो ।" राजाले हजार वटा गाडा पठाई त्यो धन वसार्न लगाई राजाको पटांगिरीमा थुप्रो लगाउन लगाए । त्यस सप्तरत्नको धन थुप्रो लगाउंदा ताडको रुख जति अल्गो भयो । राजाले नगर बासी सबै जम्मा गराई यस नगरमा कसैको यत्तिको धन छकि ? भनी सोध्नु भएपछि नगबासीहरूले "कसैको छैन महाराज" भनी उत्तर दिए । यसरी महान धन रासी भएकालाई केगर्नु उचित छ ? भनी राजाले सोधेपछि "महाजनको पदबि दिन योग्य छ महाराज!" राजाले उसलाई ठूलो सत्कार सम्मान गरी नगरको महाजन पदबी दिन लगायो ।

अनि उसलाई पहिले पहिलेका महाजनहरू बसेर पुरानो एउटा ठाउं हेरी "यहाँ उम्रीरहेका रुख झारपात सफा गर्नलगाई महल बनाई बस" भन्ने आज्ञा दिनुभयो । महादुग्गतले त्यहाँ रुख झारपात काट्न लगाई भुईं सम्म पारी घर बनाउन भनी जग खन्न लगाउँदा कोदाली खनेको ठाउँमा ठक्कर खाएर पहिलेका महाजनले गाडीराखेको निकै धन निस्क्यो । राजाकहाँ गए सूचना दिन जांदा त्यो तिम्रो पुण्यले निस्केको धन तिमीलाईनै लेउ भन्ने आज्ञा भयो । उसले त्यहाँ नयां घर बनाउन सिद्धियेपछि, सातदिन सम्म बुद्ध प्रमुख भिक्षुसंघहरूलाई भिक्षा दान दिए । त्यसपछि



Downloaded from http://dhamma.digital

शास्ता दुग्गतको घरमा सिद्धा भएर नै भित्र पस्नुभई मानिसको भेष लिईरहेको इन्द्रले बिछ्याइएको आसनमा बस्नुभयो । राजाले भने "महादुग्गत! तिमीले हामीले याचना गर्दा शास्ताको भिक्षापात्र हामीलाई दिएनौ, अहिले तिमीले शास्तालाई गरिने सत्कार कस्तो छ हामीले हेरीहालौं । अनि उपासक रूपी इन्द्रले भोजन आदि भाँडाको बिर्को उघारी देखाई दियो । त्यो भोजनको सुगन्ध सम्पूर्ण नगर भरी नै फिंजियो । राजाले यागु इत्यादि हेरीसकेपछि तथागतलाई यसरी बिन्ति गरे "भन्ते! मैले महादुग्गतको दान कति नै होलार? भनी मनमा चिताएर यसले दान दिई सकेपछि शास्तालाई मेरो दरबारमा लगी मलाई जोरजाम गरीराखेको आहार दान गर्छु भनी चिन्तना गरी आएको थिएँ । मैले यस्तो अमुल्य आहार पहिले कहिल्यैं देखेको थिएन । म यहां बसीरहें भने महदुग्गतलाई कष्ट महसूस होला । म फर्कन्छु ।" भनी बिन्ति गरी शास्तालाई वन्दना गरी फर्के । उपासकरूपी इन्द्रले शास्तालाई यागु, भोजन आदि अर्पण गरी सत्कार पूर्वक राख्ने काम गरीरहे । शास्ता भोजन गरी सक्नुभएंपछि अनुमोदन गरी आसनबट उठेर विहारमा नै जानुभयो ।

भान्छे भैरहेका इन्द्रले महादुग्गतलाई इसारा गऱ्यो । महादुग्गतले शास्ताको भिक्षापात्र लिएर शास्ताको पछि पछि लागे । भान्छे भैराखेको इन्द्र अलि पर गएर शास्तालाई पुऱ्याउन गई त्यहाँबाट फर्केर महादुग्गतको ढोकामुनि बसेर आकाशमा हेरे । आकाशबाट सप्तरत्न बृष्टि भई उसको घरमा भएका भाँडाहरू सबै भरेर पनि घरभरी नै भरियो । उसलाई बस्ने ठाउँ सम्म पनि भएन । उसको जहानले बाल बचाहरू समेटी घरबाट निस्केर बाहिर बस्न आए । महादुग्गत शास्तालाई विहार सम्म गई पुऱ्याई घर फर्कंदा तिनीहरू घरको बाहिर बसीरहेको देखेर "तिमीहरू त्यहाँ के गरी रहेका" भनी सोधे । जहानले "हाम्रो



Downloaded from http://dhamma.digital

ब्यापारी साहु महाजनहरू नगर भित्र पसेको देखेर यिनीहरू यात्रागरी थाकेर आईरहेछ, अवश्य यिनीहरूको तर्फबाट कुनै शुभ समाचार सुन्न पाइएला भनी तिनीहरूलाई डाक्न पठाई तिमीहरू कुन देशबाट आएकाहौ ? भनी सोध्नुभयो । "भो महाराज ! यहाँबाट सय योजन ताढा श्रावस्ती भन्ने एउटा नगर छ । हामी त्यहाँबाट आईरहेका हौं ।" "तिमीहरूको देशमा कुनै नयां समाचार उत्पन्न भएको छ कि ?" "महाराज ! अरु त केही छैन । परन्तु सम्यक्संबुद्ध उत्पन्न हुनुभएको छ ।" भनी बताउने बित्तिकै राजा त्यसबेला पांच प्रकारका प्रीतिले स्पर्शगरेको शरीर भई केही सम्झन नसक्ने भई अलिकति विश्राम गरेर "भो ब्यापारी हो ! अहिले भरखर तिमीहरूले के भनेको ?" भनी सोध्नुभयो । "महाराज ! बुद्ध उत्पन्न हुनु भयो ।" राजाले दोश्रोबार तेश्रोबार पनि त्यस्तै भन्न लगाई समय बिताई चौठो पटक के भनेको ब्यापारीहो ? भनी सोध्नु भई "महाराज बुद्ध उत्पन्न हुनुभो" भनी सुनाए पछि राजाले ब्यापारीहो ! तिमीहरूलाई सयहजार रुपैयां बकस दिन्छु भनी आज्ञा हुनु भई अर्को पनि केही समाचार छ कि ? भनी सोध्नु भएपछि "छ महाराज ! धर्म उत्पन्न भएको छ ।" त्यो समाचार पनि सुनेर पहिले जस्तै तीनपटक भन्न लगाएर समय बिताई सकेपछि चौठो पटक धर्म उत्पन्न भएको छ भन्ने शब्द उच्चारण गर्ने बित्तिकै यसमा पनि तिमीहरूलाई सयहजार रुपैयां बकस दिन्छु भनी आज्ञा भएर अर्को पनि केही समाचार बांकि छकि ब्यापारीहो ? भनी सोध्नुभयो । "छ महाराज ! संघ उत्पन्न भएको छ" भनी बताए पछि त्यो पनि सुनेर त्यस्तै तीन पटक सम्म बिश्राम लिएर समय बिताई चौठो पटक संघ भनी शब्द उच्चारण गर्नेबित्तिकै यहां पनि सयहजार रुपैयां बकस दिन्छु भनी आज्ञा भई मन्त्रीहरूतिर हेरी "भो मन्त्रीहो ! तिमीहरू के गर्छौ ? भनी सोध्नु भयो ।



Downloaded from http://dhamma.digital

गरी एक बुद्धोत्पाद समयमा देवलोकबाट च्युत भई नाइके कुटुम्बिक चाहि कुक्कुटवती भन्ने नगरको राजकुलमा जन्मी महाकप्पिन भन्ने नाउँका राजा भए । अरु साथीहरू सबै मन्त्रीहरूको कुलमा जन्म ग्रहण गरे । कुटुम्बिक नाइकेकी स्त्री मद्द देशमा सागल नरका राजा का कुलमा जन्म गहण गरिन् । अनोज फूलको रंगको शरीर भयो । उसलाई अनोजादेवी भनी नामाकरण गरीराखे । वैश पुगेपछि कप्पिन राजाको दरबारमा आई अनोजा महारानी हुन गइन् । अरु स्त्रीहरू पनि मन्त्रीहरूको कुलमा जन्मी वैश पुगेपछि तिनै मन्त्रीहरूकै घरमा विवाह हुन पुगिन् । तिनीहरू सबैले राजाहरूको सम्पत्ति सरह सम्पत्ति अनुभव गरे ।

जुनबेला राजा सम्पूर्ण वस्त्राभरणले सुसज्जित भई हाथी चढी जान्थे त्यतिबेला तिनीहरू पनि त्यस्तै नै हाथी चढेर जान्थे । राजा घोडा चढेर वा रथ चढेर जांदा तिनीहरू पनि त्यस्तै नै घोडा वा रथमा चढेर गएको हुन्थे । यसरी ती सबै एक समूह भई पुण्य गरी आएको हुनाले एक समूह भएर नै सम्पत्ति अनुभव गरी हिंडे । त्यस राजाको बालो, बालबाहनो, पुप्फो, पुप्फबाहनो, सुपत्त भनेका पांचवटा घोडा थिए । राजाले ती पांचवटा घोडा मध्येमा सुपत्त भन्ने घोडा आफुले चढेर अर्का चारवटा घोडा समाचार ल्याउनुको निम्ति दिनुभयो । राजाले तिनीहरूलाई बिहान सबेरै खान पिन गराई जाउ तिमीहरू दुई तीन योजन सम्म घुमेर बुद्ध धर्म संघ उत्पन्न भएको समाचार सुनेर मलाई शुभ समाचार बताउन आउ भनी पठाई दिए । तिनीहरू नगरको चारैतिरको चार ढोकाबाट निस्केर तीन योजन सम्म घुमेर कुनै त्यस्तो समाचार सुन्न नपाई त्यसै फर्के ।

त्यसपछि एकदिन राजा घोडा चढेर हजार मन्त्रीहरूले परिबृत्त भई उद्यानमा गईरहेको बेलामा थाकेर आएका पांचसये



Downloaded from http://dhamma.digital

कुटुम्बिकहरू धर्म श्रवण गर्न आआफ्ना जहान परिवारहरू संगै विहारमा पुगे। तिनीहरू विहारको माझमा पुग्नेबित्तिकै ठूलो वर्षा भयो। जुन कुलपुत्रहरूका आफन्त श्रामणेर इत्यादि छन्, उनीहरू तिनीहरूको पिरिवेणमा पसे। अरुहरू त्यसरी आफन्त नपरेका भएर कसरी पस्ने भनी लाज मानेर विहारको माझमा बाहिर पानीले भिजिएरै बसीरहे। अनि तिनीहरूलाई नाइके कुटुम्बिकले भने "हामीहरूको दसा एकपटक हेर, कुटुम्बिक भनेकाले यत्तिबाट लज्जा मान्न योग्य छ।" "भो मालिक! अब हामीले के गरौं?" "विश्वासी कोही नभएको कारणले नै आज हामीहरूको यो दसा भयो, अब हामी सबै मिलेर धन जम्मा गरी एउटा विहार बनाउनुपर्‍यो।" "हुन्छ आर्य भनी सबै मानेपछि नाइकेले हजार रुपैयां राखीदियो। अरुले पांच पांच सये र महिलाहरूले दुईसये पचास दुईसये पचास रुपैयां दिईन्। तिनीहरूले त्यो धन सबै जम्मा गरेर हजार गजूर भएको शास्ता बास गराउन महान पिरिवेण विहार बनाउने काम थाले। काम ठूलो भएको हुनाले धन नपुगी फेरी पहिले दिएकोको आधी आधी रुपैयां दिन लगायो। पिरिवेण विहार तयार भएपछि विहारको पनिस्था गर्दा बुद्ध प्रमुख भिक्षु संघलाई सातदिन सम्म महान दान दिएर बीसहजार भिक्षुहरूलाई त्रिचीवर जोरजाम गरे। कुटुम्बिक नाइकेको जहानले अरुले दान दिएको भन्दा विशेष दान दिने इच्छा गरी शास्तालाई दान दिन्छु भनी अनोज फूलको रंग भएको हजार मुल्य जाने पछ्यौरा संगै अनोज फूलको धक्कि लिन लगाई अनुमोदन गर्नुहुंदा शास्तालाई त्यसले पूजागरी, त्यो पछ्यौरा शास्ताको चरण कमलमा राखी "भन्ते! म जहां जन्मे पनि जन्म भएको ठाउंमा मेरो शरीर अनोज फूलको रंगको होओस।" भनी प्रार्थना गरीन्। शास्ताले त्यस्तै होओस् भनी आशिर्वाद दिनुभयो। तिनीहरू सबै आयु छउन्जेल त्यहां बसेर त्यहांबाट मृत्युभई देवलोकमा जन्म ग्रहण



Downloaded from http://dhamma.digital

बनाउन लगाई, आसन बिछ्याई, भोलिपल्ट प्रत्येकबुद्धहरूलाई त्यहाँ बसाई, प्रणीत भोजन अर्पण गरी, भोजन सिद्धियेपछि त्यस गाउँका सबै स्त्रीहरूलाई जम्मा गरी प्रत्येकबुद्धहरूलाई वन्दना गरी "भन्ते! यो वर्षावास तीन महिना यहिं बस्ने बचन दिनुहवस भनी बचन लिएर फेरी गाउँमा गई, "भो बुवा मुमाहो ! एक एक कुलबाट एक एक जना पुरुषहरू बसिला, आरा आदि ज्याभलहरू लिएर जंगलमा गई कुटि बनाउन चाहिने सामान ल्याई आर्यहरूलाई बस्न सुत्न ठाउँ बनाई दिनुहवस" भनी आग्रह गरिन् । गाउँका मानिसहरूले ती स्त्रीको अववाद उपदेशमा रहेर प्रत्येक जनाले एक एक वटा गरी दिउँसो बस्ने ठाउँ र राती बस्ने हजारवटा आश्रम बनाउन लगाई, आआफ्नो आश्रममा बर्षावास गर्नुभएका प्रत्येकबुद्धहरूलाई "मैले राम्रोसंग उपस्थान गर्छु" "मैले उसले भन्दा राम्रोसंग उपस्थान गर्छु" भनी सेवा सत्कार गरे । बर्षावास सिद्धिएपछि आआफ्ना आश्रममा बर्षावास बस्नुभएका प्रत्येकबुद्धहरूलाई त्रिचीवर र पछ्यौरा एउटा एउटा तयार गर्नलगाई, प्रत्येक प्रत्येकबुद्धलाई हजार हजार मूल्य जाने चीवर दान गर्न लगाईन् । प्रत्येकबुद्धहरू बर्षावास समाप्त भएपछि अनुमोदन गरी आआफ्नो ठाउँमा फर्कनुभयो ।

गाउँमा बस्ने मानिसहरू पनि यस पुण्यकर्मले गर्दा, त्यहाँबाट मृत्यु भएर त्रायत्रिंश देवलोकमा जन्मन गई, गणदेवपुत्र हुनगए । तिनीहरूले त्यहाँ दिब्य सम्पत्ति अनुभव गरेर काश्यप तथागतको समयमा बाराणसी नगरमा तानबुन्ने कुटुम्बिकहरूको कुलमा जन्म ग्रहण गरे । बुनकर नाइके चाहिं मूल कुटुम्बिकको छोरा भई जन्म ग्रहण गरे । तिनीहरू सबै युवक युवती भएपछि अर्काको कुलमा जांदा पनि उनीहरूकै कुलहरूमा विवाह भए । त्यसपछि एकदिन विहारमा धर्मदेशना हुने घोषणा भएपछि शास्ताले धर्मदेशना गर्नु हुन्छ भन्ने समाचार सुनेर तिनीहरू सबै



Downloaded from http://dhamma.digital

गरी संसारमा संसरण गर्दै बाराणसी नगर नजिकै तान बुन्नेहरूको गाउँमा बुनकर नाइकेको कुलमा जन्म हुन पुगे । त्यस बेला हजार प्रत्येकबुद्धहरू आठ महिनासम्म हिमालयमा बास गर्नुभै बर्षात पछि जनपद पाल्नुभई बास गर्नुहुन्थ्यो । एकदिन उहाँहरू बाराणसीको नजिकै आकाशबाट उत्रनु भई सेनासन (बस्ने थाउँ) बनाउन सहयोग मागेर आउ भनी राजाकहाँ आठजना प्रत्येकबुद्धहरू पठाउनु भयो । त्यसबेला राजाको रोपाईं मङ्गलको समय थियो । बाराणसी राजाले प्रत्येकबुद्धहरू आउनुभयो भन्ने खबर सुनेर दरबारबाट बाहिर निस्की प्रत्येकबुद्धहरू आउनुभएको कारण सोधेर, "भन्ते! आज हामीलाई फुर्सत छैन भोलि हामीहरूको रोपाईं मङ्गल हो, पर्सि तपाईहरूको काम गरिदिन्छु" भनी प्रत्येकबुद्धहरूलाई निमन्त्रणा नदिईकनै दरबार भित्र पसे । प्रत्येकबुद्धहरू अर्कै ठाउँमा गएर सहयोग माग्न जानुभयो । त्यसबेला बुनकर नाइकेकी स्त्री कुनै कामले बाराणसी शहरमा गैरहेको बेला प्रत्येकबुद्धहरूलाई देखेर वन्दना गरी "कसो भन्ते! असमयमा पाल्नुभो भनी, सुरूदेखी अन्तसम्म समाचार सुनेर श्रद्धा सम्पन्न भएकी बुद्धिमतीले "भोलीकोलागी भन्तेहरूले हाम्रो भिक्षा दान स्वीकार गर्नु हवस" भनी निमन्त्रणा गरिन् । "हामीहरू धेरै छौं उपासिका" भन्नुभएपछि "तपाईहरू कतिजना हुनुहुन्छ ?" भनी सोधेर "हामीहरू हजार जना छौ" भनी उत्तर दिनुभएपछि भन्ते ! यस गाउमा पनि हजार तानबुन्ने हरूको घर छ, एक एक घरमा एक एक जना भन्तेलाई दान दिन्छौं । हामीले नै तपाईहरूलाई बस्ने ठाउँ बनाई दिन्छौं" भनी बिन्ति गरिन् । प्रत्येकबुद्धहरूले तिनीहरूको निमन्त्रणा स्वीकार गर्नुभयो ।

ती स्त्री गाउमा पसेर मैले हजार प्रत्येकबुद्धहरूलाई निमन्त्रणा गरेर आईसकें उहाँहरूलाई बस्ने ठाउँ र यागु भोजनादि जोरजाम गरीदेउ भनी घोषणा गरिन् । गाउँको माझमा मण्डप



Downloaded from http://dhamma.digital

कर्ममा लाग्न जाने तथा यी दुवैथरी पापी मित्रहरू पनि अधम पुरुष हुन् यिनीहरूको भजन नगर्नु सेवन नगर्नु भनेको हो ।

धर्मदेशनाको अन्तमा धेरै मानिसहरू स्रोतापत्ति फल आदिमा पुग्न गए ।

छन्न स्थविरले भने अववाद उपदेश सुनेर पनि पहिले जस्तै भिक्षुहरूलाई गालि गरे निन्दा गरे । भोलिपल्ट शास्तालाई त्यो कुरा बिन्ति गर्नगए । शास्ताले "हे भिक्षुहो ! म बांचुञ्जेलसम्म छन्नलाई शिक्षा दिन सकिदैन, म परिनिर्वाण भैसकेपछि मात्र उसलाई शिक्षा दिन सकिन्छ" भन्नुभयो । परिनिर्वाण हुने बेलामा आयुष्मान आनन्द स्थविरले "भन्ते ! हामीले छन्न स्थविरसंग कसरी व्यवहार गर्ने हो ?" भनी सोधेपछि तथागतले "हे आनन्द ! छन्नलाई ब्रह्मदण्ड दिनुपर्छ" भनी आज्ञा गर्नुभयो । उसले शास्ता परिनिर्वाण भैसकेपछि आनन्द स्थरिले आरोपन गरेको ब्रह्मदण्ड सुनेर छन्न स्थविर दुःखी दुर्मन भएर तीनपटक सम्म दोहोऱ्याई तेहऱ्याई सुनेर "भन्ते! मलाई नाश नगर्नु हवस भनी याचना गरी राम्रोसंग ब्रत नियम पुऱ्याई चांडै नै प्रतिसम्भिदा सहित अरहन्त हुनुभयो ।

छन्न स्थविरको कथा समाप्त भयो ।

........................

## ४. महाकप्पिन स्थविरको कथा

*"धम्मपीति सुख सेति"* भन्ने यो धर्मदेशना शास्ता जेतवन महाविहारमा विहार गर्नुभएको बेलामा महाकप्पिन स्थविरको कारणमा आज्ञा हुनु भएको हो ।

उहांको यो क्रमानुसारको कथा हो । अतीत समयमा आयुष्मान महाकप्पिन पदुमुत्तर तथागतको चरण कमलमा संकल्प



Downloaded from http://dhamma.digital

# ३. छन्न स्थविरको कथा

*"न भजे पापके मित्ते"* भन्ने यो धर्मदेशना शास्ता जेतवन विहारमा विहार गरी रहनुभएको बेलामा छन्न स्थविरको कारणमा आज्ञा हुनु भयेको हो ।

उनी आयुष्मान "म मेरा आर्यपुत्र संगै महा अभिनिष्क्रमण गरी निस्कँदा त्यसबखत उहाँसंग कोही पनि निस्केको देखेन । अब भने म सारीपुत्र भन्ने हुं । म मौद्गल्यायन हुं । हामी अग्रश्रावक हौं । भनी तिनीहरूले फूर्ति गरीरहेका छन्" भनी यसरी दुवै अग्रश्रावकहरूलाई छन्न स्थविरले निन्दा अपहास गरी गालि गरी हिंडे । शास्ताले भिक्षुहरूको तर्फबाट यो कुरा सुन्नुभएर स्थविर लाई डाक्न पठाई अववाद अनुशासन गर्नुभई सम्झाई बुझाई गर्नु भयो । उनी स्थविरले त्यसबेला चूपलागी सहेर फेरी पनि गएर स्थविरहरूलाई निन्दा चर्चा गरी गालिगरी नै रहे । यसरी तीन पटक सम्म गालि गरीरहेकालाई डाक्न पठाउनुभई शास्ताले अववाद उपदेश दिनुभई "हे छन्न! दुई अग्रश्रावक भनेका कल्याणमित्र हुन्, उत्तम पुरुषहरू हुन् । यस्ता कल्याणमित्रहरूको सेवन गर भजन गर" भनी धर्मदेशना गर्नुभई यो गाथा आज्ञा हुनुभयो:-

*"न भजे पापके मित्ते, न भजे पुरिसाधमे ।*
*भजेथ मित्ते कल्याणे, भजेथ पुरिसुत्तमे"ति ॥*

अर्थ-- पापी मित्रहरूसंग संगत नगर्नु । अधर्मीहरूसंग संगत नगर्नु । कल्याणमित्रहरूसंग संगत गर । सत्पुरुषहरूसंग संगत गर ।

(पदार्थ-- त्यसको अर्थ काय दुश्चरित्र आदि अकुशल कर्ममा लागीरहेका पापी मित्रलाई भनिराखेको हो । गारो फोर्ने आदि अथवा एक्काईस प्रकारका खोजी हिंडने प्रभेदमा नहुने



Downloaded from http://dhamma.digital

(पदार्थ-- त्यहाँ *"ओवदेय्यं"* भनेको कारण उत्पत्ति भएपछि निग्रह गर्नेलाई ओवाद दिने भन्छ । उत्पन्न नभएको अपयश पनि हामीमा हुन सक्छ भन्ने इत्यादि प्रकारले आई नपुगेको भय देखाई अनुशासन गर्छ भनेको हो । सन्मुखैमा भन्नेलाई ओवाद दिने भनिन्छ । पछाडि दूतलाई पठाएर भएपनि पत्र बाट भएपनि बोध गर्नेलाई अनुशासन गर्ने भनिन्छ । एकपटक मात्र भन्नेलाई ओवाद भनिन्छ । फेरी फेरी बारंबार भन्नेलाई अनुशासन गर्ने भनिन्छ । ओवाद गर्दागर्दै नै अनुशासन गर्ने हो भनी यसरी ओवाद गर्ने र अनुशासन गर्ने हो । *"असब्भा च"* भनेको अकुशल धर्मलाई छेकीराख्ने कुशलधर्मलाई प्रतिस्थापना गर्ने भनेको हो । *"सतं हि सो पियो होति"* भनेको यस्ता मानिस बुद्ध आदि सत्पुरुषहरूलाई प्रिय हुन्छ । जुन धर्म नदेखेका, परलोक पार नभएकाहरू आमिसचक्षु भैरहेका, जीविकाको निम्ति मात्र प्रब्रजित भैरहेका, असत्पुरुषहरूले ओवाद गर्ने अनुशासन गर्नेहरूलाई "तिमी मेरो उपाध्याय होइन आचार्य पनि होइन हामीलाई किन ओवाद गर्न आयौ ? भनी वचन रूपी शस्त्रले घोच्ने अप्रिय भई मन पराउँदैन ।

धर्मदेशनाको अन्तमा धेरै मानिसहरू स्रोतापत्ति आदिमा पुगे । सारीपुत्र मौद्गल्यायनहरू पनि त्यहाँ गएर ती भिक्षुहरूलाई ओवाद अनुशासन गर्नु भयो । कुनै कुनै भिक्षुहरू ओवाद ग्रहण गरी सदाचारी भयो । कसै कसैले चीवर छाडीगए, अरुलाई पब्बाजनीय कर्म गरी पठाई दिनुभयो ।

अस्सजि पुनर्वसुहरूको कथा समाप्त भयो ।

................



Downloaded from http://dhamma.digital

# २. अस्सजि पुनर्वसुहरूको कथा

*"ओवदेय्यानुसासेय्य"* भन्ने यो धर्मदेशना शास्ता जेतवनमा बास गर्नुभएको बेलामा अस्सजि पुनर्वसु भिक्षुहरूको कारणमा आज्ञा हुनभएको हो ।

धर्मदेशना कीटागिरीमा उत्पन्न भयो । तिनीहरू दुवै भिक्षुहरू अग्रश्रावकका शिष्य थिए । पछि तिनीहरू दुवै लाज नमान्ने पापिष्ट भिक्षु भएर निस्क्यो । ती दुवै आफ्नो परिवार भएका पांचसये भिक्षुहरू साथमा लिएर कीटागिरीमा बास गरी रहंदा आफैले फूलको बिरुवा पनि रोपी हिडे, अरुलाई पनि रोप्न लगाए । तिनीहरूले यस्ता अनेकौ अनाचार, कुलदूषण हुने काम गरेर त्यसबाट उत्पन्न हुने प्रत्ययबाट जीवन यापन गर्दै त्यस आवासलाई शीलवान भिक्षुहरू बस्न अयोग्य तुल्याई दियो । शास्ताले त्यो समाचार सुनेर तिनीहरूलाई *पब्बाजनीयकर्म* (संघबाट निकाल्ने कर्म) गर्नु भयो । परिवार सहित सारीपुत्र मौद्गल्यायन अग्रश्रावक दुवैजनालाई आमन्त्रण गर्नुभई "जाउ सारीपुत्र ! ती दुईजना मध्ये जसले तिमीहरूको वचन सुन्दैन, तिनीहरूलाई *पब्बाजनीय कर्म* गरी निकाली देउ । जस्ले तिमीहरूले भनेजस्तो मान्छ तिनीहरूलाई आफ्ना मानिस सदाचारी तुल्याउँदै लैजाउ, तिनीहरूलाई अववाद देउ, अनुशासन गर्न जाउ । अववाद दिन जाने अनुशासन गर्नजाने पण्डित नभएकालाई अप्रिय हुनेछ, पण्डितहरूलाई प्रिय मनाप हुन्छ मनपर्छ भन्ने कारणाकारण मिलाई धर्मदेशना गर्नुभई निम्न गाथा आज्ञा गर्नुभयो--

*"ओवदेय्यानुसासेय्य, असब्भा च निवारये ।*
*सतं हि सो पियो होति, असतं होति अप्पियो"ति ॥*

अर्थ-- अववाद गर, अनुशासन गर, अकुशल कर्म गर्नबाट रोकीराख, त्यस्तो गर्नु सत्पुरुषहरूलाई प्रिय हुन्छ, असत्पुरुषहरूलाई अप्रिय हुन्छ ।



Downloaded from http://dhamma.digital

समातौंला, कायल गरौंला भनी अर्काको छिद्र मात्र खोजीरहने । जानेको दोष अरुलाई प्रकाशगर्न जानीसकेको दोष समातेर शील आदिले उसलाई बृद्धि गरीदिन त्यस्तो त्यो दोष देखाई माथी उचाली दिने स्वभावमा रहेको । यहाँ यसको मतलब यो गरीब मानिस हो भनी बुझेर तर्साएर वा पिटेर भएपनि निधान गरीराखेको धन देखाई दिने देखी रिसाउदैन खुसी मात्रै भईरहन्छ । त्यस्तै नै त्यस्ता मानिसले अयोग्य वा भूल भएको काम देखेर बताई देखाई दिने मानिस देखेर रिसाउनु हुदैन सन्तोष मात्र भई रहनु पर्छ । भन्ते हामीले ठूलो अपराध गर्न पुगें हाम्रा आचार्य उपाध्यायको स्थानमा बसेर अववाद दिएर फेरी अपराध गऱ्योभने फेरीपनि करुणा राखी बारंबार उपदेश अववाद दिनुहवस भनी प्रार्थना गर्न सक्नुपर्छ । उसले यो शासनमा फोहर कचिंगल फैलाई दिन्छ । जसले त्यस्ता दोष देखेर, दोष अनुसार तर्साई निहुऱ्याई मोडी दण्डकर्म सजाय गर्दै विहारबाट निकालेर भएपनि सिकाउने बताउने गर्छ त्यस्तालाई यथार्थमा *"निग्गहय्यवादी"* भन्छ । जस्तो कि सम्यक्संबुद्धले आज्ञा हुनु भयो "हे आनन्द ! मैले निग्रह गर्नु पर्नेलाई निग्रह गर्छु, प्रशंसा गर्नु पर्नेलाई प्रशंसा गर्छु, जसमा ठोस सार भएको बुद्धि हुन्छ उ यस शासनमा टिकीरहन्छ ।" *"मेधावी"* भनेको धर्मज प्रज्ञाले सम्पूर्ण भैरहेकालाई भनेको हो । *"तादिसं"* भनेको त्यस्ता पण्डितको भजन गर्नुपर्छ सेवन गर्नुपर्छ त्यस्ता पण्डित आचार्यको सेवन भजन गर्नेलाई, त्यस्ताका चेला हुन जानेलाई भलो मात्र हुन्छ, कुभलो हुदैन । बृद्धि मात्रै हुन्छ हानी हुदैन ।)

धर्मदेशनाको अन्तमा धेरै मानिसहरू स्रोतापत्ति आदि फलमा पुग्न गए ।)

राध स्थविरको कथा समाप्त भयो ।

................



Downloaded from http://dhamma.digital

गरीलिनु, सबै सयोजन दुःखलाई निर्मूल गरी क्रमैसंग निर्वाणमा पुग्न खोज ।

यसरी दुक निपातमा रहेको अलीनचित्त जातक विस्तार पूर्वक बताउनुभयो । त्यतिबेला कर्मिहरूले खुत्तामा भएको आफ्नो घाउ निको पारी दिएको उपकार सम्झेर सर्वाङ्गसेतो सानो हाथी दिने, एक्लै घुम्ने हाथीहुने सारीपुत्र स्थविर नै हो भनी यसरी स्थविरको कारणले गर्दा जातक कथा बताउनुहुदै "हे भिक्षु हो राध स्थविर जस्तै सुवच हुन सक्नुपर्छ, आफ्नो दोष देखाइ उपदेश दिनेहरू देखी रिसाउनु हुँदैन, आफुलाई अववाद उपदेश दिनेहरु गाडीराखेको धन निकालेर देखाई दिने जस्तै देख्न सक्नुपर्छ भनी कारणाकारण मिलाई धर्मदेशना गर्नुभई निम्न गाथा उपदेश गर्नुभयो--

*"निधीनंव पवत्तारं, यं पस्से वज्जदस्सिनं ।*
*निग्गहय्यवादीं मेधाविं, तादिसं पण्डितं भजे ।*
*तादिसं भजमानस्स, सेय्यो होति न पापियो"ति ॥*

अर्थ-- आफ्नो दोष देखाई दिनेलाई गाडीराखेको धन देखाई दिने कल्याणमित्र भनी थान्नुपर्छ, पण्डितहरूले आफुलाई निग्रह गर्दै सिकाउने बताउनेहरूसंग सत्संग गर्छ; त्यस्तासंग सत्संग गर्नेलाई अभिवृद्धि नै हुन्छ सिवाय हानी हुँदैन ।

(पदार्थ-- त्यहाँ *"निधीनं"* भनेको त्यहाँ त्यहाँ त्यस त्यस ठाउँमा गाडीराखेको सुन चांदीले भरिएको निधान गरी राखेको घडा लाई भनेको हो । *"पवत्तारं"* भनेको दुखपूर्वक जीविका गरीरहेको गरीब मानिसलाई दया करुणा राखी मसंग आउ मैले तिमीलाई सुखपूर्वक जीविका गर्ने उपाय देखाई दिन्छु भनी निधान गरी गाडीराखेको घडा भएको ठाउँमा लगी देखाउन लानेलाई भनेको हो । *"वज्जदस्सीनं"* भनेको दुई प्रकारले दोष देखाउने, यसलाई यसरी नराम्रोसंग अथवा अपराधले संघको बीचमा



Downloaded from http://dhamma.digital

सारीपुत्र स्थविर उसलाई लिएर चारिकाबाट फर्कनुभई शास्तालाई वन्दना गरी एक छेउमा बसे । अनि शास्ताले स्थविर संग कुशलबार्ता सिद्धिएपछि आज्ञा हुनुभयो "हे सारीपुत्र! तिम्रो यो चेला सुवच छ कि ?" "छ भन्ते ! अत्यन्त सुवच छ, यसलाई जुनसुकै दोष देखाएपनि रिसाउने स्वभाव छैन ।" "हे सारीपुत्र! तिमी यस्ता चेलाहरू भए कतिसम्म बनाउन चाहन्छयौ ? "धेरै नै बनाउन चाहन्छु भन्ते !" त्यसपछि एकदिन भिक्षुहरूले धर्मसभामा कुरा निकाले "सारीपुत्र स्थविर कृतज्ञ भएर अर्काको स्वल्प मात्र गुण पनि सम्भने हुनुहुन्छ । एक चम्मच मात्र भोजन दान दिएको गुणलाई सम्भेर यस गरीब ब्राह्मणलाई प्रव्रजित गरी दिनुभयो । उसलाई भोजनशालामा सबभन्दा पछिल्लो आसन प्राप्त भयो । राथ स्थविर पनि अववाद उपदेश सुन्न चाहनेलाई त्यस्तै गुरु भेट्टाइयो भन्ने कुरा चलीरहयो । शास्ताले तिनीहरूको कुरा सुन्नुभएर "हे भिक्षुहो ! अहिले मात्रै होइन, सारीपुत्र स्थविर कृतज्ञता= अरुले गरेको स्वल्प मात्र गुण सम्भीराख्ने, पहिले पनि सारीपुत्र कृतज्ञ कृतवेदी हुदै आएको छ भनी आज्ञा हुनुभई यसरी अर्थ प्रकट गर्नुभयो:--

*"अलीन चित्तं निस्साय, पहट्ठा महती चमू ।*
*कोसलं सेनासन्तुट्ठं, जीवग्गाहं अगाहवि ॥*
*"एवं निस्सयसम्पन्नो, भिक्खु आरद्धवीरियो ।*
*भावयं कुसलं धम्मं, योगक्खेमस्सपत्तिया ।*
*पापुणे अनुपुब्बेन, सब्बसंयोजनक्खय"न्ति ॥*

(जा० १.२.११-१२)--

अर्थ--अलीनचित्त कुमारको निम्ति ठूलो लडाई जितीदियो । कोसल राजाका सेनाहरू खुसि भयो । शत्रु राजालाई जिउँदै पक्रेर ल्यायो । यस्तै नियममा अडिग भएका, उद्योगशील भिक्षुहरूले योगक्षेम निर्वाण साक्षात्कार गरी लिनुको लागी कुशलधर्म भावना



Downloaded from http://dhamma.digital

संग्रह गरी विहारमा बस्न दिए । प्रब्रजित गर्न भने कसैले इच्छा गरेनन् । त्यो ब्राह्मण प्रबजित हुन नपाउँदा मन खिन्न भई झन झन दुब्लाउँदै गए । त्यसपछि एकदिन शास्ताले विहान सबेरै लोकमा ध्यानद्वारा विचार गरीहेर्दा त्यस ब्राह्मण अरहन्त हुने ब्यक्ति हो भन्ने जान्नुभई सांझतिर विहारमा घुम्न जानुभई ब्राह्मणलाई भेटेर "हे ब्राह्मण ! तिमी के गरीरहेका छौ" भनी सोध्नुभयो । अनि "भन्ते भिक्षुहरूको ब्रत परिब्रत (सेवा) गरी र हेकोछु" भनी जवाफ दिए । तिनीहरूबाट तिमीलाई केही उपकार भएको छ त ?" "भएको छ भन्ते! भोजन प्राप्त भएको छ, तर मलाई कसैले प्रब्रजित गरीदिने इच्छा गर्नुभएन ।" शास्ताले यस विषयलाई लिएर भिक्षुसंघ भेला गराई कारण सोध्नुभई "हे भिक्षुहो! तिमीहरू मध्ये यो ब्राह्मणको उपकारलाई सम्झने कोही छ कि" भनी सोध्नुभयो । सारीपुत्र स्थविरले बिन्ति गऱ्यो "भन्ते यो ब्राह्मणले म एकपटक राजगृहमा भिक्षा गईरहेको बेलामा आफुले मागेर ल्याएको भोजन एक चम्मच मेरो पात्रमा राखीदियेको उपकार मैले सम्झीराखेको छु ।" अनि तथागतले सारीपुत्र स्थविर लाई भन्नुभयो "त्यसोभए सारीपुत्र! तिमीलाई उपकार गरीराखेको ब्राह्मणलाई तिमीले दुःखबाट मुक्त गरीदिनु पर्दैन त ?" पर्छ भन्ते ! भनी बिन्ति गरी सारीपुत्र स्थविरले त्यो गरीब ब्राह्मणलाई प्रब्रजित गरीदियो । उसलाइ भोजनशालामा सबभन्दा पछिल्लो आसन लाभ भयो । यागु, भोजन आदिले कष्ट भोगी रहेको त्यस ब्राह्मणलाई लिएर सारीपुत्र स्थविर चारिकामा जानुभयो । सधैंभरी उसलाई स्थविरले तिमीले यो गर्नु हुन्छ, यस्तो गर्नु हुदैन भनी अववाद अनुशासनमा तालिम गर्नुभयो । त्यस ब्राह्मण सुवच (भनेको कुरा मान्ने) हुदै आयो । उपदेश दिएको जत्ति सबै ग्रहण गरेर तदनुसार शील पालन गरी रहेकोले उनी समय धेरै नबित्दै अरहन्त भयो ।



Downloaded from http://dhamma.digital

हुन्छ, चित्त विवेक त्यो परिशुद्ध चित्त भएका, अत्यन्त उज्यालो भई परिशुद्ध जन्मलिन जानुपर्ने हुन्छ, उपधि विवेक पनि उपधि नभएका पुद्गलहरूको निम्ति, जन्मनु नपर्ने मानिसहरूको संस्कार ले युक्त भएकालाई भनीराखेको हो ।

यसरी यी माथी भनीआएका तीन प्रकारका विवेक बृद्धि गरी, त्यसको नजिकै गएर बास गरीरहेकालाई भनिएको अर्थ हो ।)

धर्मदेशनाको अन्तमा धेरैनै मानिसहरू श्रोतापत्ति फल आदिमा पुग्न गए ।

वनवासी तिस्स स्थविरको कथा समाप्त भयो ।

------------------------

बालवर्ग वर्णन समाप्त भयो ।
पांचौ वर्ग सिद्धियो

-------

# ६. पण्डितवर्ग

## १. राध स्थविरको कथा

*"निधीनंव पवत्तारं"* भन्ने यो धर्मदेशना शास्ता जेतवन विहारमा बास गर्नुभएको बेलामा आयुष्मान राधको कारणमा आज्ञा गर्नुभएको हो ।

उनी गृहस्थको समयमा श्रावस्ती नगरमा एउटा गरीब ब्राह्मण थियो । भिक्षुहरूकहाँ गएर जीविका गर्न जानु पऱ्यो भन्ने मनमा लिई विहारमा गएर घांस उखेल्ने, परिवेणमा बढार्ने, पानीको भाँडामा पानी भर्ने इत्यादि काम गरेर विहारमैं बास गरी बस्न थाल्यो । भिक्षुहरूले पनि त्यो ब्राह्मणलाई खान पानबाट



Downloaded from http://dhamma.digital

थालमा औंला सोझोगरी मात्र चोप्लेर निकाल्यो भने औलामा तांसिएर आएको मात्र आफुलाई पाउंछ, औंला बङ्ग्याएर तान्दा खीरको डल्लो समेत निस्किन्छ । यस्तै नै शरीर बङ्ग्याउंदा मात्र लाभ सत्कार धेरै हुने हुन्छ । यो धार्मिक नभएको लाभ सत्कार भयो । जुन पूर्वजन्मलाई मान्नु, चीवर धारण गर्नु, बहुश्रुत भै रहनु, परिवार तुल्याउनु, जंगलमा गएर बस्नु इत्यादि यस्तो कारणले उत्पन्न हुने लाभ सत्कार धार्मिक हुनजान्छ । निर्वाणमा जाने प्रतिपदा पूर्ण गरीरहेको भिक्षुहरूले शरीर बङ्ग्याउने आदि काम त्याग गर्नुपर्छ । आंखाले देखे पनि नदेखेझैं गरी रहनु पर्छ, कुरा गर्न जाने पनि लाटो जस्तो भई रहनुपर्छ, कानले सुने पनि नसुन्ने गरी रहनुपर्छ । छल कपट नगरीकन माया जाल नगरीकन काम गरी रहनुपर्छ । *"एवमेतं"* भनेको यसरी यो लाभ उत्पन्न हुने प्रतिपदा, यो निर्वाण जाने प्रतिपदा भन्ने राम्रोसंग जानी बुझी सबै संस्कृतधर्म असंस्कृतधर्म अवबोध भएकोले गर्दा बुद्धको नजिकै बसेर उनले दिनुभएको अववाद अनुसासन राम्रोसंग सुन्ने भएको हुनाले श्रावक भिक्षुहरूले अधार्मिक भएको चार वटा प्रत्यय सत्कार स्वीकार नगर्नु । धार्मिक लाभ सत्कारलाई निन्दा पनि नगर्नु । काय विवेक आदि विवेकलाई पनि बृद्धि गर्दैलानु । त्यहां *"काय विवेक"* भनेको शरीरलाई एकलै एकान्तमा राखीछोड्नु, *"चित्त विवेक"* भनेको अष्टसमापत्ति । *"उपधि विवेक"* भनेको जन्मनु नपर्ने विवेक निर्वाणलाई नै भनेको हो । यी दुई मध्ये काय विवेकले मानिसहरूको समूहबाट अलग पारीदिन्छ, चित्त विवेकले क्लेश समूहबाट अलग्ग पारीदिन्छ । उपधि विवेकले संस्कार समूहबाट अलग्ग गरीदिन्छ । काय विवेक चित्त विवेकको प्रत्यय हुन्छ । चित्त विवेक जन्मनु नपर्ने उपधि विवेकको प्रत्यय हुन्छ । भनेको पनि छः-

काय विवेक त्यो अनित्य शरीरको नैष्क्रम्यमा लागी रहने



Downloaded from http://dhamma.digital

यस्तो लाभ सत्कार सबै त्याग गरेर जंगलमा गएर सबै कुरा मिसिएको आहार सेवन गरी जीविका गरीरहेको छ । तिस्स श्रामणेरले निकै नै दु:ख कष्ट खप्न सक्दो रहेछ" भनी कुरा चलीरहेको ठाउँमा शास्ता पाल्नुभई भिक्षुहो ! अहिले यस अवस्थामा के कुरा चलीरहेको हो भनी सोध्नु भई यस्तो कुरा चलीरहेको थियो भनी बिन्ति गरेपछि "हो भिक्षुहो ! लाभ सत्कार पाउने अर्कै बाटो हो निर्वाणको मार्ग अर्कै हो भनी आज्ञा गर्नुभयो । यसरी लाभ सत्कार धेरै प्राप्त गर्न भनी आरण्यक धुताङ्ग साधना गरीरहेका, यसबाट नै लाभ सत्कार गराई रहेका भिक्षुहरूलाई चार अपायको ढोका खुल्ला भै रहन्छ । निर्वाण साक्षात्कार गर्ने इछा गरी प्रतिपदा धर्म पालन गरीरहेकाहरू भैरहेको लाभ सत्कार त्यागगरी जंगलमा पसेर उत्साह कोशिस गरी उद्योग गरी अरहन्त पदमा पुग्छ भनी कारणाकारण मिलाई धर्मदेशना गर्नुभै यो गाथा आज्ञा गर्नुभयो:-

*"अञ्ञाहि लाभूपनिसा अञ्ञा निब्बाणगामिनी ।*
*एवमेतं अभिञ्ञाय, भिक्खु बुद्धस्ससावको ।*
*सक्कारं नाभिनन्देय्य, विवेकमनुब्रूहये"ति ॥*

अर्थ-- लाभ हुनेमार्ग अर्कै हो निर्वाण लाभ हुने मार्ग अर्कै हो । भिक्षुहरूले बुद्धशासनमा यो कारणलाई जानेर सत्कार लाभ गर्ने इच्छा नगरी एकान्त बास गर्ने चर्या बृद्धि गरी लानु पर्दछ ।

(पदार्थ-- त्यहाँ *"अञ्ञाहि लाभूपनिसा अञ्ञा निब्बाण गामिनी"* भनेको लाभ सत्कार प्राप्त गरी रहने यो अर्कै मार्ग हो । निर्वाणमा जाने प्रतिपदा अर्कै हो । लाभ सत्कार धेरै तुल्याउने भिक्षुहरूले अलि अलि अकुशलकर्म पनि गरेर लानुपर्ने हुन्छ । शरीर बाङ्गो तुल्याउनु पर्ने काम आदि गरी लानु पर्ने हुन्छ, जुन समयमा शरीर बङ्ग्याउनुपर्ने कुनै काम गर्न खोज्छ त्यसबेला लोभ उत्पन्न भएर आउँछ । खीर भोजनले भरिएको



Downloaded from http://dhamma.digital

लिएर हिंडनै स्थविर छउञ्जेल हामीलाई शास्ता भए सरह नै भैरहेको थियो अहिले हाम्रा शास्ता साच्चै नै परिनिर्वाण हुनुभयो भनी फट्फटाउदै हिंडे ।

फेरी शास्ताले श्रामणेरसंग सोध्नभुयो "हे तिस्स! तिमी यो जंगलमा चितुवा आदिको शब्दले डरायौ कि डराएनौ ?" "भगवन् ! डराउँदिन । मलाई तिनीहरूको शब्द सुन्दा झन जंगलमा आनन्द आउँछ" भनी बिन्ति गरी बत्तीसवटा गाथा द्वारा वन जंगलको वर्णन गरी सुनायो । अनि उसलाई तथागतले "हे तिस्स ! भनी बोलाउनु भयो "भन्ते ! किन" भनी उत्तर दिएपछि "हामी फर्कन्छौं तिमी हामीसंगै आउँछौ कि तिम्रो ठाउँमा फर्कन्छौ ?" भनी सोध्नु भएपछि "भन्ते ! मेरा उपाध्यायले मलाई लानुभए संगै जान्छु नभए म बसीराखेको जंगलमा नै फर्कन्छु ।" शास्ता भिक्षुसंघ संगै फर्कनुभयो । श्रामणेरको आफ्नै ठाउँमा फर्कने विचार भएको स्थविरले जान्नुभई "हे तिस्स ! तिमी तिम्रो ठाउँमा जाने इच्छा भए त्यहीं फर्क" भन्नुभयो । श्रामणेरले शास्तालाई र भिक्षुसंघलाई नमस्कार गरी आफ्नै ठाउँमा फर्क्यो । शास्ता जेतवन विहारमा फर्कनुभयो ।

भिक्षुहरूले धर्मसभामा कुरा निकाले "अहो ! वनवासी तिस्स श्रामणेरले कठिन काम गऱ्यो । उनी गर्भमा छंदा देखि उनका आफन्तहरूले सातवटा मङ्गल दिनमा पांचसय भिक्षुहरूलाई थोरै मात्र पानी भएको दूधमा पकाएको खीर र मह मात्र दान दियो । प्रब्रजित हुंदा आफ्नो विहारमा बुद्ध प्रमुख भिक्षुसंघलाई सातदिन सम्म लगातार थोरै मात्र पानी भएको दूधमा पकाएको खीर भोजन गरायो । प्रब्रजित भई आठौं दिनमा गाउँमा प्रवेश गरी दुईदिनमा हजार पछ्यौरा सहित हजार पिण्डपात लाभ गऱ्यो । फेरी एक दिन हजार कम्बल प्राप्त गऱ्यो । यसरी उसलाई यहाँ रहंदा नै महान लाभ सत्कार उत्पन्न भयो । अहिले



Downloaded from http://dhamma.digital

सातौं दिनमा म परिनिर्वाण हुने भयो भनी सबैलाई सूचित गर्नुभयो । त्यस समाचार सुनेर रोहिणी नदीको दुवैतिरका मानिसहरू मध्ये वारी बस्नेहरूले हामीले स्थविरलाई धेरैनै उपकार गरी राखेकाछौं तसर्थ आनन्द स्थविर हामीहरूको ठाउँमा परिनिर्वाण हुन आउनुहुन्छ भन्दै हिंडे । पारी बस्नेहरूले पनि हामीले स्थविरलाई धेरै नै उपकार गरी राखेकाछौं तसर्थ आनन्द स्थविर हामीहरूको ठाउँमा परिनिर्वाण हुन आउनुहुन्छ भन्दै हिंडे । स्थविरले उनीहरूको वचन सुनेर मलाई नदीको दुवैतिरका मानिसहरूले उपकार गरीराखेको छ । यो एकजनाले त मलाई उपकार गरेको छैन भन्न सुहाउने कोही छैन । यदि म नदीको वारीतिर परि निर्वाण भएँ भने पारी बस्नेहरूले धातु लिनको लागी झगडा गर्न आउँछन्, यदि म पारी गएर परिनिर्वाण हुन गएँ भने वारी बस्नेहरूले पनि त्यस्तै गर्नेछन् । झगडा मेरै कारणमा हुनेछन् । शान्त भएपनि मेरै कारणले हुनेछन् भन्ने विचार गर्नुभै वारी बस्ने पनि मलाई उपकार गरीराख्ने हुन् । पारी बस्नेहरू पनि मलाई उपकार गरी राख्ने हुन् । मलाई उपकार नगर्ने कोहीपनि छैन । पारी बस्ने मानिसहरू पारी नै जम्मा भईराख भन्नुभयो । वारी बसेका मानिसहरू वारी नै जम्मा भईराख भन्नुभयो । त्यसपछि सातौ दिनमा नदीको बीचमा ताडबृक्ष सातवटा जति अल्गो ठाउँ आकाशमा पलेंटि मारेर बस्नुभई, धेरैनै जनताहरूलाई धर्मोपदेश सुनाई त्यस्तै नै आकाशमा बस्दाबस्दै तेजोधातु समापत्तिमा प्रवेश गर्नुभयो । शरीरबाट आगोको ज्वाला निस्क्यो । शरीर दुईभाग भई एकभाग वारी अर्को भाग पारी नदीको तीरमा खसे । धेरै जनताहरूले बिलाप गरे पृथ्वी नै कम्पायमान हुनेगरी शोकले बिलाप गरेको शब्द ब्यापक भयो । शास्ता परिनिर्वाण भएको समयमा भन्दा पनि शोकले बिलाप गरेको चर्को भयो । मानिसहरू चार महिनासम्म रुदै बिलाप गर्दै शास्ताको पात्र चीवर



Downloaded from http://dhamma.digital

अर्थ-- चार समुद्रको पानी स्वल्प हुनसक्छ, यो भन्दा बढि आंखाको आंसु हुनसक्छ । दुःखले छोएका मानिसहरूको शोकरूपी आंसुको अन्त छैन । त्यसकारण हे साथी ! तिमी कुन कारणले प्रमादी भैरहेको ?

तथागतले श्रामणेर संग फेरी सोध्नुभयो - "तिस्स ! तिमी कहां वास गरीरहेका छौ ?" "भन्ते ! यस पहाडमा ।" "त्यहांवास गरेर तिमीले के चिन्तना गर्‍यौ त ?" "भन्ते ! म मृत्युभएर यस ठाउँमा शरीर त्याग गरेको यत्ति उत्ति भन्ने प्रमाण छैन भन्ने चिन्तना गरेको छु ।" साधु! साधु! तिस्स! यसरी यी सत्वप्राणीहरू यस पृथ्वीमा पल्टेर मृत्यु नभएको ठाउं भनेको कहिं पनि छैन भनी आज्ञा हुनुभई --

*"उपसालक नामानि, सहस्सानि चतुद्दस ।*
*अस्मिं पदेसे दड्ढानि, नत्थि लोके अनामतं ॥*
*"यम्हि सच्चञ्च धम्मं च, अहिंसा संयमो दमो ।*
*एतं अरिया सेवन्ति, एतं लोके अनामत"न्ति ॥*

(जा० १.२.३१ - ३२)

अर्थ-- उपसाल्हक भन्ने नामले चौधहजार पटक यस प्रदेशमा मलाई जलाई सके, यस पृथ्वीमा म मृत्यु नभएको ठाउं कहिं पनि छैन । जस्ले सत्य धर्म अहिंसा, संयम र इन्द्रिय दमन गरीरहन्छ ती आर्यहरूलाई नै मृत्युहुनु नपर्ने भनिन्छ ।

यो गाथा दुक निपातमा उपसाल्ह जातकमा बताउनु भएको हो । यसरी शरीर छाडि मृत्यु भएर गएका सत्व प्राणीहरू यस पृथ्वीमा मृत्यु नभएको प्रदेश भन्ने छैन । आनन्द स्थविर एक मात्र पहिलं पहिले मृत्यु नभएको ठाउँमा गएर परिनिर्वाण हुनभयो ।

आनन्द स्थविर एकजनाले भने एकसयबीस वर्षको बैसमा आफ्नो आयु संस्कार हेरेर आयु सिद्धिएको भाव जानेर आजको



Downloaded from http://dhamma.digital

लाभ भयो । तिमीहरूलाई उत्तम लाभ भयो" भनी आज्ञा भएपछि मानिसहरूले विचार गरे कि "अहो हामीलाई महान लाभ भयो । भगवान बुद्ध र महाश्रावक संघहरू आराधना गर्न समर्थ भएको आर्यको दर्शन गरी दान दिईरहन पायौं" भनी श्रामणेर प्रति रिसाएका मानिसहरू पनि प्रसन्न भए, प्रसन्न भएका मानिसहरू झन बढि प्रसन्न भए । अनुमोदनको अन्तमा धेरै नै मानिसहरू स्रोतापत्ति फल आदिमा पुगे । शास्ता आसनबाट उठेर जानुभयो । मानिसहरू शास्ताको पछिलागेर अलि परसम्म पुऱ्याई आआफ्नो घर गए । शास्ता श्रामणेर संगै बिस्तारैं जानुभई श्रामणेरसंग यो ठाउँलाई के भन्छ ? यो ठाउँको नाउँ के हो ? भनी सोध्दै जादै गर्नु भयो । श्रामणेरले पनि पहिले उपासकहरूले बताई राखे अनुसार भन्ते ! यो ठाउँको नाउँ यस्तो भन्छन्, यो ठाउँको नाउँ यस्तो हो भनी ठाउँको नाउँ बताउँदै गईरहचो । शास्ता श्रामणेरसंग पाल्नुभई पर्वतको टुप्पामा पुग्नुभयो । माथीबाट हेर्दा टाढाको समुद्रमा देखिन्थ्यो । शास्ताले श्रामणेर संग सोध्नुभयो- "हे तिस्स ! यस पर्वतको टुप्पामा बसेर यता उती हेर्दा तल के देख्छचौ ?" "भन्ते ! महासमुद्र देखिन्छ ।" "त्यस महासमुद्र देखेर तिम्रो मनमा के आउँछ ?" "भन्ते ! म दुखी भएर दुःख भोगीरहेको बेलामा रोयेको आंसु यो चार महासमुद्र भन्दा पनि बढि होला भन्ने मनमा आउँछ" भनी बिन्ति गरे । शास्ताले साधु! साधु!! तिस्स! त्यस्तै हो ।" एउटा एउटा सत्व प्राणीहरूको दुःख कष्ट हुने बेलामा बग्ने आंसु चार महासमुद्रको पानीभन्दा पनि बढि हुन सक्छ भनी आज्ञा गर्नुभई तलका गाथा आज्ञा गर्नुभयो:---

*"चतुसु समुद्देसु जलं परित्तकं,*
*ततो बहुं अस्सु जलं अनप्पकं ।*
*दुक्खेन फुट्ठस्स नरस्स सोना,*
*किंकारणा सम्म तुवं पमज्जसी"ति ॥*



Downloaded from http://dhamma.digital

गरी आसन बिछ्याई संघहरू आउने बाटो हेरीरहे । भिक्षुहरू पनि शरीरको नित्यकृया सिध्याई भिक्षाको समय भएपछि गाउँमा पस्न श्रामणेरकहाँ गएर सोध्न गए । "कसो तिस्स ! तिमी हामीसंगै गाउँमा जान्छौ कि पछिमात्र आउँछौ ?" "भन्ते ! म बेला भएपछि मात्र जान्छु, तपाईहरू जानुहवस" भनेपछि भिक्षुहरू पात्र चीवर लिएर गाउँ प्रस्थान भए ।

शास्ता जेतवन विहारमा बसी चीबर पहिरी पात्र चीवर लिई एक चित्तक्षण भित्रै ऋद्धिबाट भिक्षुसंघको सबभन्दा अगाढि उभिएर आफुलाई दर्साउनु भयो । सम्यक्संबुद्ध पनि आउनुभयो भनी सम्पूर्ण गाउँमा एउटै मात्र कोलाहल भईरह्यो । मानिसहरूले प्रसन्न चित्त गरी बुद्ध प्रमुख भिक्षुसंघलाई आसनमा बसाई यागु रोटी आदि दान दिए । श्रामणेर पनि गाउँमा पस्नुभयो । गाउँका मानिसहरूले घरबाट निस्केर उनलाई सत्कार पूर्वक भिक्षा दिए । श्रामणेरले पनि आफुलाई चाहिंदो मात्र भिक्षा ग्रहण गरी भिक्षापात्र लगेर शास्तालाई अर्पण गरे । शास्ताले ल्याउ तिस्स भन्नुभई हात पसारी भिक्षापात्र लिनुभई-- "हेर सारीपुत्र! तिम्रो श्रामणेको भिक्षापात्र भनी स्थविरलाई देखाउनुभयो । स्थविरले शास्ताको हातबाट भिक्षापात्र लिई श्रामणेर को हातमा दिई "जाउ श्रामणेर तिमी आफुलाई प्राप्त भएको ठाउँमा बसेर भोजन गर्न जाउ" भन्नुभयो ।

गाउँमा बस्ने मानिसहरूले बुद्ध प्रमुख भिक्षुसंघलाई भोजन गराई सकेपछि शास्तासंग अनुमोदन गर्न प्रार्थना गरे । शास्ताले अनुमोदन गर्नुभई यसरी आज्ञा गर्नु भयो-- "हे उपासकहो! तिमीहरूलाई महान लाभ भयो, तिमीहरूलाई कुलूपक श्रामणेरको कारणले गर्दा सारीपुत्र, मौद्गल्यायन, काश्यप र अस्सी जना महाश्रावकहरूको दर्शन प्राप्त भयो । म पनि तिम्रा कुलूपक श्रामणेरको कारणले गर्दा नै यहाँ आउनु परेको हो । तिमीहरूलाई यसको कारणले गर्दा बुद्धको पनि दर्शन पायौ । महान



Downloaded from http://dhamma.digital

धर्म अलग अलग छुटयाई अरहन्तको चुलि अनुसार धर्मदेशना गरी "भन्ते ! यसरी अरहन्त भैसकेकोलाई सुख हुन्छ, अरहन्त भावमा पुगेर नै दुःखबाट मुक्त हुनेछ । अरु मानिसहरू जन्मनु पर्ने दुःख आदिले गर्दा नरकमा जाने दुःख आदिबाट मुक्त हुन सकिदैन" भनी धर्मदेशना गर्नुभयो । "साधु! साधु!! श्रामणेर! तिम्रो आशिर्वादको पद अनुसार धर्मदेशना सारै राम्रो छ अब तिमीले यसलाई स्वर छन्द सहित मिलाई धर्मदेशना गर भन्नु भएपछि श्रामणेरले छन्द सहित गरी धर्म देशना गर्दा गर्दै नै उज्यालो भएपछि श्रामणेरका उपासकहरू दुई भागमा बांडिए । कुनै कुनैले हामीले पहिले कहिल्यै यस्तो कठोर हृदय भएको श्रामणेर देखेका छैनौं, किन उहांले यत्तिबिघ्न राम्रोसंग धर्मदेशना गर्न जानेर पनि आज सम्म हामीले आमा बाबुको स्थानमा बसेर उपस्थान सेवा गरीरहेकालाई धर्मको एउटा पद पनि बताउनु भएन भनी रिसाए । कुनै कुनै मानिसहरू हामीलाई लाभ भयो महान लाभ भयो, हामीले यस श्रामणेरको गुण पनि नजानी, अवगुण पनि नजानीकन सेवा सत्कार उपस्थान गर्दै आयौं । अहिले हामीले उहांको धर्मदेशना श्रवण गर्न पायौं भनी प्रसन्न भए ।

तथागत सम्यक्संबुद्धले पनि त्यसदिन बिहान सबेरै लोकमा ध्यान दृष्टिले हेर्नुहुंदा वनवासी तिस्स श्रामणेरका उपासकहरू आफ्नो ज्ञानजालभित्र देख्नुभयो । पछि केहुने होला भनी विचार गरी हेर्नुभएपछि अर्थ लाभ हुने देख्नुभएर सोच्नुभयो । "वनवासी तिस्स श्रामणेरको उपस्थापक दाताहरू कुनै प्रसन्न हुने छन्, कुनै रिसाउँदै छन् । मेरा पुत्र समान श्रामणेर देखी रिसाई नरकगामिनी हुनेछन् । म अवश्य त्यहां जानुपर्छ । म त्यहां गएपछि तिनीहरू सबैमा श्रामणेर प्रति मैत्रीचित्त उत्पत्ति भई दुःखबाट मुक्त हुनेछन्" । ती उपासकहरूले पनि भिक्षुसंघलाई निमन्त्रणा गरी गाउँमा गएर मण्डप बनाउन लगाई यागु भोजन आदि तयार



Downloaded from http://dhamma.digital

गएर "उनी आर्यहरू सारीपुत्र स्थविरप्रमुख अस्सी महाश्रावकहरू आआफ्ना परिवार सहित श्रामणेर भन्तेकहाँ आउनुभयो, खात पीडा, तन्ना, तेल आदि लिएर छिटै निस्कनु" भनी घोषणा गरे। मानिसहरू पनि तुरन्तै खात आदि लिन लगाई स्थविरहरूको पछि पछि गएर उहाँहरू संगै नै विहारमा पुगे। श्रामणेरले भिक्षुसंघ आउनुभएको थाहा पाएर दुई चार जना स्थविरको पात्र चीवर लिएर आगन्तुक सेवा सत्कार गऱ्यो। उनी स्थविरहरूलाई बस्ने बास देखाई पात्र चीवर सम्हाल्दैमा अंध्यारो भयो। सारीपुत्र स्थविरले उपासकहरूलाई भन्नुभयो-- "उपासकहो! तिमीहरू आआफ्नो घरमा फर्क। दिन बितीसक्यो अंध्यारो भैसक्यो।" "भन्ते ! आज हाम्रो धर्मश्रवण गर्ने दिन हो हामी फर्कन्नौं, धर्मश्रवण गरीरहन्छु यसभन्दा पहिले धर्मश्रवण गर्ने थिएन" भनि बिन्ति गरेपछि त्यसोभये "हे श्रामणेर ! बत्ति बालेर धर्मश्रवण गर्ने समय घोषणा गर" भन्नुभयो। श्रामणेरले त्यस्तै गरिदियो। अनि श्रामणेरलाई स्थविरले भन्नुभयो-- "हे तिस्स ! तिम्रा उपासकहरूले धर्मश्रवण गर्ने इच्छा गऱ्यो। तिनीहरूलाई धर्मको कुरा सुनाई देउ भन्नु भएपछि उपासकहरू एकैचोटि उठेर "भन्ते ! हाम्रा आर्यलाई "सुखी होस्, दु:खबाट मुक्त होस्" भन्ने यही दुई पद बाहेक अर्को धर्म केही आउँदैन हामीलाई अर्कै धर्मकथिक भन्ते दिनुहवस भनी बिन्तिगरे। श्रामणेरले भने अरहन्त भैसकेपछि पनि तिनीहरूलाई धर्मदेशना गर्नु भएन।

त्यसबेला उसलाई उपाध्याय भन्तेले "हे श्रामणेर ! कसरी दु:ख हुन्छ, कसरी दु:खबाट मुक्त हुने हो ? यी दुई पदको अर्थ खुलाई बताई देउ" भनी आज्ञा हुनु भयो। श्रामणेरले "हुन्छ हवस भन्ते" भनी सिंगारी राखेको पंखा हातले समाती धर्मासनमा बसी पांच निकायको अर्थ र कारणाकारण खिंचेर चारै द्वीपमा घनघोर रूपले बर्षा हुने बादलझैं स्कन्ध, धातु, आयतन, बोधिपाक्षिक



Downloaded from http://dhamma.digital

भन्नुहुन्थ्यो । उनी त्यहाँ वर्षावासको प्रथम महिना र दोश्रो महिना बिताएर तेश्रो महिना बितेपछि प्रतिसम्भिदा सहित अरहन्त हुनुभयो ।

त्यसपछि उनले श्रामणेरका उपाध्याय गुरु सारीपुत्र स्थविर महापवारणा सिध्याई शास्तालाई भेटेर वन्दना गरी बिन्तिगयो-- "भन्ते! म तिस्स श्रामणेरकहाँ जादैछु ।" तथागतले "जाउ गएर आउ" भनी आज्ञा हुनु भयो । उनी आफ्ना पांचसये परिवार लिएर प्रस्थान गरी आयुष्मान मौद्गल्यायन ! म तिस्स श्रामणेरकहाँ जादैछु ।" भन्नुभयो । मौद्गल्यायन स्थविरले म पनि आयुष्मान संगै जान लागींरहेको छु भनी आफ्ना पांचसय परिवार भिक्षुहरू संगै निस्कनुभयो । यही आकारले महाकाश्यप स्थविर, अनुरुद्ध स्थविर, उपालि स्थविर, पूर्ण स्थविर तथा सबै महाश्रावकहरू आआफ्ना परिवारहरू पांच पांचसये भिक्षुहरू संगै निस्कनु भयो । सबै महाश्रावकहरूको परिवारहरू चालीस हजार भिक्षुहरू थिए । उनीहरू सबै एकसये बीस योजनको बाटो गएर गोचर गाउँमा पुग्न जानुभयो । श्रामणेरलाई दिनहुं उपस्थान गरीरहेका उपासकहरूले गाउँको मूलद्वारमा नै स्थविरहरू देखेर अगाडि गएर वन्दना गरी उभिईरहे ।

अनि उनीहरूसंग सारीपुत्र स्थविरले सोध्नुभयो-- "हे उपासक हो ! यस प्रदेशमा कुनै आरण्यक विहार छ कि ?" "छ भन्ते !" "भिक्षुहरू भएको विहार होकि ?" "हो भन्ते!" "के नाउँको भिक्षु वास गरीरहेको छ ?" "वनवासी तिस्स स्थविर हो भन्ते !" "त्यसोभए हामीलाई त्यहाँ जान बाटो देखाई देउ ।" भन्ते तपाईहरू को हुनुहुन्छ ?" "उपासक ! हामी श्रामणेरकहाँ आएका हौं" भनेपछि उपासकहरूले धर्मसेनापति प्रमुख महाश्रावकहरूलाई चिनेर तिनीहरू अत्यन्त हर्ष र उत्साहित मन गरेर "भन्ते ! यहाँ केहीबेर बस्नुहवस्" भनी छिटो छिटो गाउँमा



Downloaded from http://dhamma.digital

भयो । अनि उसलाई त्यहिंबाट बाटो नदेखाई म संगै आउनुहवस् भन्ते ! भनी आफु संगै लिएर गयो । श्रामणेर त्यस उपासक संगै जांदा बाटोको बीचमा अनेक प्रकारका फूल र फलले स्वभायमान भैरहेको पांच छवटा प्रदेश देखेर, "यस प्रदेशको नाउं के हो ?" भनी सोध्दै र उपासकले पनि श्रामणेरलाई सोधेका देशहरूको नाउं बताउंदै गए, आरण्यक विहारमा पगेपछि "भन्ते ! यो एकान्त, सुबिधा पूर्ण ठाउं हो, यहांबास गर्नुहवस तपाईको नाउं के हो भनी सोधेर, भोलि हामीहरूको गाउंमा भिक्षा पाल्नुहवस भनी निमन्त्रणा गरी आफ्नो गाउंमा फर्केर वनवासी तिस्स भन्ने श्रामणेर विहारमा आउनुभएको छ उनलाई यागु भोजन आदि ठीक गरीराख्नु भनी गाउंलेहरूकहां गएर सुनाए ।

श्रामणेरको नाउं पहिले तिस्स थियो, त्यसपछि पिण्डपातदायक तिस्स, कम्बलदायक तिस्स र वनवासी तिस्स भन्ने तीनवटा नामले प्रसिद्ध भएर सातवर्ष मात्रको उमेरमा नै चारवटा नाम लाभ गऱ्यो । उनी भोलिपल्ट बिहान त्यस गाउंमा भिक्षाटन गर्न जानुभयो । मानिसहरूले भिक्षा दिएर वन्दना गरे श्रामणेरले सुखी होस्, दुःखबाट मुक्त होस् भनी आशिर्वाद दिनुभयो । कुनै एकजना पनि उहांलाई भिक्षा दिएर तुरुन्तै घर फर्कन सकेनन्, सबैले उहांलाई मात्र आंखा नचिम्लीकन हेरीरहे । उनले पनि आफुलाई चाहिंदो मात्र भिक्षा लिए । त्यसपछि सबै गाउंलेहरू जम्मा भएर आई उनको पाउमुनि घोप्टो परी "भन्ते! तपाई यो वर्षावास तीन महिना यहिं बिताउनु हवस । हामीलाई त्रिशरण पञ्चशीलमा राखी पक्षमा एकपटक अष्टाङ्ग उपोषथ शील लिन लगाउनुभई तपाई यहीं बस्छु भनी हामीलाई वचन दिनुहवस" भनी बिन्ति गरेपछि उनले पनि तिनीहरूको उपकारलाई सम्झेर त्यहां बस्ने वचन दिएर दिनहुं त्यही गाउंमा भिक्षाटन गरी बस्नुभयो । गाउंलेहरूले वन्दना गर्दा सुखी होस्, दुःखबाट मुक्त होस् भन्ने दुईशब्द मात्र



Downloaded from http://dhamma.digital

भिक्षुहरूलाई बांडी दियो । त्यसबेला देखी उसलाई कम्बलदायक तिस्स भनी नामकरण गरिदियो । यसरी नामकरण गरेको दिन दान गरेको कम्बलको आनुभावले उनी सात वर्षको अवस्थामा एकहजार कम्बल लाभ भयो । अलिकति मात्र दान दिंएको फल धेरै हुने, धेरैनै दान दिएको फल अत्यन्त धेरै हुने क्षेत्र यही बुद्धशासन छाडी अन्यत्र कहिं पनि छैन । तसर्थ तथागतले भन्नुभएको छ--

"हे भिक्षु हो! यो भिक्षुसंघ यस्तो हो जुन भिक्षुसंघमा थोरै मात्र दान गरे पनि धेरै फल प्राप्त हुन्छ धेरै दिएकोको अत्यन्त धेर्रै फल दिन्छ ।"

(म० नि० ३.१४६)

यसरी श्रामणेरले एउटा कम्बल दान गरेर आएकोले गर्दा सातवर्ष मात्र भएको बेलामा नै हजार वटा कम्बल लाभ भयो । श्रामणेर जेतवनमा बास गरीरहेको बखतमा दिनहुं नै आफन्त दायकहरू आएर कुरागर्न आउंथे । उसले चिन्तना गऱ्यो "म यहां बसीरहंयो भने आफन्त दायकहरू आफुकहां आएर कुरागर्न आईरहन्छ, तिनीहरूसंग कुरा गरीरहें भने मैले मेरो प्रतिष्ठाको काम केही गर्न सकिदैन । मैले शास्ताकहां गएर कर्मस्थान सिकेर जंगलमा पस्न पाए अति उत्तम हुने छ ।" उसले शास्ता भेटेर अरहन्त सम्मको कर्मस्थान बताउन लगाई उपाध्याय भन्तेलाई वन्दना गरी बिदा लिएर पात्र चीवर लिई विहारबाट निस्केर, यदि म नजिकै बसें भने मलाई आफन्तहरूले बोलाउन आउन सक्छ भनी एकसये बीस योजन टाढा गए । त्यसपछि उनी एउटा गाउंको मूलद्वारमा पुग्दा एउटा बुढो मानिस देखेर सोधे-- "कसो, महाउपासक! यस प्रदेसमा बस्न योग्य आरण्यक विहार छ कि ?" "छ भन्ते !" "त्यसोभये मलाई त्यहांको बाटो देखाई दिनुपऱ्यो ।" बुढो उपासकलाई पनि श्रामणेर देख्ने बित्तिकै पुत्रस्नेह उत्पन्न



Downloaded from http://dhamma.digital

पांचसये कम्बल फैलाई पसल खोली राखेको पसले एउटा देखेर भने– "ओ पुरुष ! एउटा श्रामणेरले कम्बल जम्मा गर्दै आईरहेकोछ । तिमीले पनि यो कम्बल ओढाई दिन्छौ कि?" "कसो उसले दिएको मात्र लिन्छ कि, नदिएको पनि लिन्छ?" "दिएको मात्र लिने हो ।" त्यसोभए मेरो इच्छा भए दिन्छु इच्छा नभए दिन्न तिमी यहाँबाट जाउ भनी उसलाई पठाईदियो । कन्जुस मूर्ख मानिसहरू यसरी अरुले दान दिएकोमा सहन नसकेर असदृश दान देखेर मनमा डाह भएको मन्त्री झैं नरकमा जन्मलिन जान्छ (ध० प० ११७) ।

पसलेले विचार गऱ्यो "आफ्नो बाटोलागीरहेको यस मानिसले तिम्रो कम्बलले ओढाई देउ भनेर गयो । मैले पनि "कसो उसले दिएको मात्र लिन्छ कि, नदिएको पनि लिन्छ?" भन्दा "दिएको मात्र लिने हो" भने "त्यसोभए मेरो इच्छा भए दिन्छु इच्छा नभए दिन्न तिमी यहाँबाट जाउ" भनी उसलाई पठाईदिएं । । अगाडि देखिएको वस्तु दान दिन सकिएन भने लाजमान्नुपर्ने हुन्छ आफ्नो वस्तु लगेर दान दिनुमा कुनै दोष छैन । यी पांचसये कम्बल मध्ये दुईटा कम्बल सयहजार मूल्य पर्छ । यी दुबै कम्बल लगेर ओढाई दिनुपऱ्यो भनी दुवै कम्बल कुना कुना जोडेर पटयाई अर्को कम्बलको बीचमा राखी दियो । श्रामणेर पनि हजार भिक्षुहरू संगै त्यस ठाउँमा आइपुग्दा श्रामणेर हरू देख्ने बित्तिकै आफ्नो पुत्रस्नेह उत्पन्न भएर आयो । उसले विचार गऱ्यो कि "कम्बल दिने परैजाओस् यो बालक देखेर त आफ्नो मुटु नै दिन योग्य रहेछ भनी दुवै कबल झिकेर श्रामणेरको चरणकमलमा राखी वन्दना गरी "भन्ते! तपाईले साक्षात्कार गरी लिनुभएको धर्मलाई मैले पनि साक्षात्कार गरी लिन सकुं भनी प्रार्थना गऱ्यो । उसले पनि "उपासक ! त्यस्तै होओस्" भनी अनुमोदन गऱ्यो ।

श्रामणेरले नगर भित्र पनि पांचसये कम्बल लाभ गरी



Downloaded from http://dhamma.digital

श्रावस्ती निवासीहरू आज श्रामणेर भिक्षा मागन आउने छन् उनलाई सत्कार गर्नुपर्छ भनी पांचसये गाडाको लाइन लगाई पांचसये भिक्षाको सामान जोरजाम गरी भिक्षा आउने बाटोमा लाइन लागी उभिईरहे । भोलिपल्ट विहारको नजिकैको उद्यानमा आएर भिक्षा दिन आए । यसरी श्रामणेरले दुई दिन भित्र नै हजार श्रावकहरूसंग हजार पिण्डपात्र लाभ गरी भिक्षु संघलाई दिलायो । श्रामणेर पहिले ब्राह्मण भएर आएको बेलामा बाक्लो पछ्यौरा दान दिएर आएको यो फल हो । अनि उसलाई भिक्षुहरूले पिण्डपातदायिक तिस्स अर्थात पिण्डपात भिक्षा दिलाउन सक्ने तिस्स भनी नाउँ राखे ।

फेरी एकदिन हिउँदमा श्रामणेर विहारमा घुम्न जांदा भिक्षुहरू ठाउँ ठाउँमा अग्निशाला आदिमा बसेर आगो तापीरहेको देखेर "कसो ? भन्तेहरू आगो तापी रहनु भयेको ?" "हो श्रामणेर ! हामीलाई जाडो भयो ।" "भन्तेहरू हिउँदमा कम्बलले ओढ्नु पर्छ र त्यसबाट जाडोलाई रोक्न सकिन्छ ।" "हे श्रामणेर ! तिंमी पो महान पुण्यवान भएर कम्बल लाभ भयो । हामीलाई कहाँबाट कम्बल पाउला र ?" "त्यसो भए कम्बल चाहिने भन्तेहरू म संग आउनु हवस" भनी सबै विहारमा घोषणा गऱ्यो । भिक्षुहरू श्रामणेरको कारणले गर्दा कम्बल लाभ गर्न भनी हजार श्रामणेरहरू पछिलागे । उसले यत्तिका भिक्षुहरूलाई त्यत्तिका कम्बल कहाँबाट लाभ होला भन्ने सम्म पनि विचार नगरी तिनीहरूलाई लिएर नगरतिर गए । पहिले राम्रोसंग दान गरी आएको यस्तो आनुभाव प्राप्त भएको हुनसक्छ । श्रामणेरले नगर बाहिर नै घरैपिच्छे लहरै भिक्षाचरण गरी पांचसये कम्बल लाभ गरी नगरमा पसे । मानिसहरूले यताबाट उताबाट कम्बल निकाल्दै गरे ।

एउटा मानिस बजारको द्वारबाट भित्र पसीरहेको बेला



Downloaded from http://dhamma.digital

मनमा चिताई राखेको छु, प्रव्रजित हुन जाउ तात! भनी अनुमति दिएर स्थविरलाई घरमा निमन्त्रण गरेर भिक्षा दिई भन्ते! तपाईको दासले प्रव्रजित हुन्छु भनीरहेको छ, यो बालक लिएर हामी सांझतिर विहारमा आउँछु भनी बिन्ति गरी स्थविरलाई विहारमा फर्काई सांझतिर ठूलो सत्कार सम्मान सहित विहारमा गई छोरा स्थविरलाई सुम्पी दियो । स्थविरले त्यस बालकलाई भन्नुभयो "हे तिस्स! प्रव्रज्या हुनु भनेको सजिलो छैन तातो चाहिने बेलामा चिसो, चिसो चाहिन बेलामा तातो प्राप्त हुने हुन्छ । प्रव्रजित भै रहनेले दुःख कष्ट भोगी जीविका गरी रहेका हुन्छन्, तिमी भने सुखपूर्वक बसीरहेको । उसले भन्ते! मैले तपाईले भन्नुभए मुताबिक सबै पालन गर्न सक्छु भनी बिन्ति गर्‍यो । स्थविरले त्यसोभए हुन्छ भनी उसलाई अनुकूल हुने गरी तचपञ्चक कर्मस्थान भावना सिकाउँनु पर्ने सिकाई प्रव्रजित गरी दिनुभयो । (यसमा सबै बत्तीस प्रकारको शरीरको अङ्गप्रत्यङ्ग भन्नु पर्ने हो । सबै भन्न नसक्नेले तचपञ्चक पाँचओटा अङ्गत नभनी हुदैन । यो कर्मस्थानलाई सम्पूर्ण बुद्धहरूले छाडेका हुन्नन् । कपाल आदि एक एक वटा भागले अरहन्तभएका भिक्षु भिक्षुणीहरू, उपासक उपासिकाहरू भन्ने परिच्छेद छुटचाई राखेको छैन । अव्यक्त भएका भिक्षुहरूले प्रव्रजित गर्दा अरहन्त हुने नाश गरी दिन्छन् त्यसकारण स्थविरले कर्मस्थान बताएर नै प्रव्रजित गरी दशशीलमा प्रतिष्ठित गर्नु भयो ।)

आमाबाबुले दुवै छोरालाई प्रव्रजित सत्कार गरी सातदिन सम्म विहारमा बसी बुद्ध प्रमुख भिक्षु संघलाई ठोरै मात्र पानीभएको दूधमा पकाई राखेको खीर र मह नै दान दिईरहे । भिक्षुहरू दिनहुं खीर भोजन मात्र गरेर बस्न गारो मानेर दिक्क माने । बालखको आमाबाबुहरू सातौं दिनको सांझतिर आआफ्ना घर गए । श्रामणेर आठौं दिनमा भिक्षुहरू संगै भिक्षामाग्न गए ।



Downloaded from http://dhamma.digital

जन्मेको दिनको मङ्गलकार्यमा बच्चालाई बिहान सबेरै स्नान गराई गहना लगाई श्रीशयनमा सयहजार मूल्य जाने कम्बलमा सुताई राखे । त्यस बच्चा पल्टिंदा पनि स्थविर तिर हेरी उनी मेरा पहिलेका आचार्य हुन्, उहाँले गरेर मलाई यो सम्पत्ति प्राप्त भएको हो, मैले उहाँलाई एउटा वस्तु परित्याग गरी दिनुपर्‍यो भनी शिक्षापद ग्रहण गर्न बामेसर्नलाग्दा उनले त्यस मूल्यवान कम्बल कान्छिऔंलाले बेरेर ल्यायो । अनि त्यस बच्चाको औंलामा कम्बल अड्कियो भनी छुटाउन खोज्दा त्यो बच्चा बेसरी रोयो । उनका आफन्तहरूले हटेर जाउ बच्चालाई नरुवाउ भनी कम्बल समेत उथाई ल्यायो । स्थविरलाई वन्दना गराउँदा कम्बलबाट औंला निकालेर कम्बल स्थविरको चरणमा खसालीदियो । आफन्तहरूले "बच्चाले नजानेर गरेको होला भनी नभनी "भन्ते! मेरो छोराले छाडीदिएको यो कम्बल तपाईलाई परित्याग गरें, भन्ते! सयहजार मूल्य पर्ने कम्बल पूजागर्ने तपाईको दासलाई शिक्षापद दिनुहवस" भनी बिन्ति गरे । स्थविरले त्यस बच्चाको नाउँ केहो ? भनी सोध्नहुंदा "भन्ते! यस बच्चाको नाउँ तपाईको नाउँ जस्तै तिस्स भनी नामाकरण गरी राखेको छु भनी बताए । स्थविरको पनि पहिले गृहस्थीमा छंदा उपतिस्स मानव भन्ने नाउँ थियो । आमाचाहिंले चिन्तना गरिन्, मेरो छोराको मन बिगार्नु हुदैन । यसरी त्यस बच्चाको नामाकरण मङ्गल उत्सब सिध्याइ सकेपछि अन्नप्रासन गर्ने मङ्गलको दिनमा, कान छेड्ने मङ्गलको दिन, पछ्यौरा ओढाउने मङ्गलको दिनमा, कपाल खौरने मङ्गल दिनमा पनि, सारीपुत्र स्थविरप्रमुख पांचसय भिक्षुहरूलाई थोरैमात्र पानी भएको खीर र महनै दान गरे ।

बालक ठूलो भएर सात वर्षको भएपछि आमालाई भने-- "आमा! म स्थविरकहाँ गएर प्रब्रजित हुन जान्छु । आमाले "हुन्छ तात! बेसै भयो पहिल्यै देखि मैले तिम्रो इच्छा बिगार्दिन भन्ने



Downloaded from http://dhamma.digital

स्थविरप्रति अत्यन्त स्नेह गऱ्यो । स्थविर प्रति धेरै स्नेह गरेर त्यहाँबाट मृत्यु भई श्रावस्तीमा सारीपुत्र स्थविरको उपस्थापक दाताको कुलमा जन्म ग्रहण गर्नपुगे । आमाले गर्भ रह्यो भन्ने थाहापाई स्वामीलाई बताइन् । उसले पत्नीलाई गर्भिणी भएको बेलामा गर्नुपर्ने सबै संरक्षणको प्रबन्ध गरीदियो ।

धेरै तातो, धेरै चिसो तथा निकै अमिलो, निकै पिरो आदि सेवन नगराई सुखपुर्वक गर्भधारण गरीरहेको गर्भिणीलाई यस्तो एउटा दोहल (बच्चा गर्भमा रहंदा गर्भिणी स्त्रीहरूको मनमा हुने तीव्र इच्छा) उत्पन्न भयो । "अहो! मैले सारीपुत्र स्थविर प्रमुख पांचसय भिक्षुहरूलाई निमन्त्रणा गरेर घरमा बसाई थोरै मात्र पानी भएको दूधमा खीर पकाई दान गरी आफुले पनि काषाय वस्त्र पहिरी सुनको कचौरा लिएर बिछ्याई राखेको आसनको छेउमा बसी सबै भिक्षुहरूको जुठो खीर खान पाए कति असल हुने थियो होला" भन्ने दोहल उत्पन्न भयो । तिनको त्यस चीवरवस्त्र लगाउने दोहल गर्भमा रहेको छोरो बुद्धशासनमा प्रव्रज्या हुने पहिलो निमित्त हो । फेरी उसका आफन्तहरूले हाम्री चेली धार्मिक हुन भनी दोहलले नै देखाई रहेछ भनी सारीपुत्र स्थविरलाई संघनायक तुल्याई पांचसय भिक्षुहरूलाई थोरै मात्र पानी भएको दूधमा खीर पकाउन लगाई दान दियो । उनले पनि एउटा चीवरले बेरिई एउटा चीवर ओढी सुनको कचौरा लिई आसनको छेउमा बसेर भन्तेहरूले जुठो गरीसकेको खीर खाइन्, दोहल सफल भयो । उनले बच्चा जन्माउनु भन्दा पहिले बीच बीचको मङ्गल कार्य र दश महिना पुगेपछि बच्चा जन्मेको बेलाको मङ्गल कार्यमा पनि सारीपुत्र स्थविर प्रमुख पांचसय भिक्षुसंघलाई थोरै मात्र पानी मिसिएको मधुर खीर नै भोजन दान गरिन् । यी सबै त्यस बालक पहिले ब्राह्मण भई आएको बेलामा खीर दान दिई आएकोको फल हो ।



Downloaded from http://dhamma.digital

छैन जस्तो छ, मसंग दिने वस्तु भनें केही छैन" भनी ब्राह्मण सारीपुत्रको अगाडि जान नसकी लुकीरहयो । स्थविर भोलिपल्ट पनि त्यहिं भिक्षाटन जानुभयो, ब्राहमण त्यस्तै लुके । ब्राह्मणले दिने वस्तु केही भएपछि दान दिउँला भनी चिन्तना गर्दा पनि कुनै वस्तु लाभ भएन । त्यसपछि एकदिन ब्राह्मणहरूलाई पाठ गराएकी एउटा सभामा बाक्लो पछ्यौराको साथै खीर एकथाली लाभ भएपछि घरमा ल्याई स्थविरलाई सम्झना गऱ्यो-- "यो खीर भोजन स्थविरलाई चढाउन योग्य छ ।" सोही क्षणमा स्थविर पनि ध्यान सिध्याई समापत्तिबाट उठ्दा त्यस ब्राह्मणलाई देखी "उसले दान दिने वस्तु लाभ भएकोले मलाई त्यहाँ आउने प्रतिक्षा गरी रहेको छ, म त्यहाँ जान्छु" भनी संघाटि ओढेर भिक्षा पात्र लिई उसको घर दैलो मुनि उभिएर आफुलाई देखाउनुभयो ।

स्थविरलाई देख्नेबित्तिकै ब्राह्मणको मन प्रसन्न भयो । अनि उसले नजिकै गएर वन्दना गरी मैत्रीपूर्वक स्वागत गर्दै घर भित्र ल्याई आसनमा बसाली खीर भएको थाल ल्याई स्थविरको भिक्षा पात्रमा खन्याई दियो । स्थविरले आधि खन्याई सकेपछि हातले पात्र ढाक्नुभयो । अनि ब्राहमणले "भन्ते! यो खीर एकजनाको लागी मात्र हो मलाई परलोकको निम्ति संग्रह गर्नुहवस, यस लोकको निम्ति होइन, अलिकति पनि बाँकि नरहने गरी दान दिने इच्छा भैरहेछ" भनी सबैं खन्याई दियो । स्थविरले त्यहिं बसी भोजन गर्नु भयो । भोजन सिद्धिएपछि ब्राह्मणले त्यस पछ्यौरा एउटा पनि ल्याएर चढाई यसरी प्रार्थना गऱ्यो "भन्ते! म पनि तपाई जस्तै धर्मलाई देख्ने हुन सकुं ।" स्थविरले "तेस्तै होस ब्राह्मण" भनी उसलाई आशिर्वाद दिई आसनबाट उठेर क्रमैसित चारिका गर्दै जेतवनमा पुग्नुभयो । गरीब भएको बखतमा श्रद्धापूर्वक दिएको दान प्रभावशाली हुन्छ । ब्राह्मणले पनि त्यो दान दिएर प्रसन्न मन प्रमुदित चित्त भई



Downloaded from http://dhamma.digital

दुनामा राखी स्थविर बस्नुभएको ठाउँमा लगी भन्ते! मलाई संग्रह गर्नु हवस भनी भिक्षा पात्र लिएर त्यसमा भोजन भरी स्थविरको हातमा अर्पण गरी त्यस फूलले पूजा गरी, जस्तो मैले यो स्वादिष्ट भोजन र फूलले मन प्रसन्न गरी तपाईलाई पूजागरें यस्तै नै म जन्म लिनजाने ठाउँमा हजारौं कोसेलि लिएर आई मेरो चित्त सन्तोष गरोस्, पंचरंगी पुष्प बृष्टि होउन् भनी प्रार्थना गरे । उसले जन्मभरी कुशलकर्म गरेर देवलोकमा जन्म ग्रहण गऱ्यो । जहाँ जन्म भए पनि घुंडा घुंडा सम्म दिब्य पुष्प बृष्टि भयो । अहिले पनि उनी जन्मेको दिन र उनी यहाँ आएको बेलामा पनि पुष्प बृष्टि भएको, कोसेलि दिन आएको र सात प्रकारका रत्नले उसको गाडा भरी दिएको सबै त्यही कर्मको विपाक फल हो ।

सुधम्म स्थविरको कथा समाप्त भयो ।

....................

# १५. वनवासी तिस्स स्थविरको कथा

*"अञ्ञाहि लाभूपनिसा"* भन्ने यो धर्मदेशना शास्ता जेतवनमा विहार गर्नुभएको बेलामा वनवासिक तिस्स स्थविरको कारणमा आज्ञा गर्नु भएको हो । देशना राजगृहमा उत्पन्न भएको थियो ।

सारीपुत्र स्थविरको पिता वङ्कन्त ब्राह्मणको साथी महासेन ब्राह्मण राजगृहमा वास गरिरहेको थियो । एकदिन सारीपुत्र स्थविर पिण्डाचरण (भिक्षा) जानुभएको बेलामा उनी ब्राह्मण प्रति अनुकम्पा राखेर उनको घरको दैलो मुनि पुग्नुभयो । उनी ब्राह्मण भने धन सम्पत्ति सकिएर दरिद्र भैरहेको थियो । उसले "मेरो छोरो मेरो घरको दैलो मुनि भिक्षाचरण गर्दै भिक्षाको निम्ति उभिई रहेछ, म भने गरीब, म दरीद्र भएको उसलाई थाहा



Downloaded from http://dhamma.digital

पालन पोषण गरी फर्कने छ । भन्ते! यो कसरी ?" त्यस उपासक तथाईकहाँ आएर नै यो लाभ सत्कार उसलाई प्राप्त भएको हो, अथवा अन्त गए पनि त्यस्ता सत्कार सम्मान प्राप्त हुने हो ?" "आनन्द! उनी उपासकलाई मकहाँ आएपनि अन्त गएपनि त्यस्तै प्राप्त हुन्छ । यो उपासकको श्रद्धा प्रसन्न छ, शील सम्पन्न छ, यस्ता मानिस जुन प्रदेशमा जान्छ त्यहीं उनलाई लाभ सत्कार उत्पन्न हुन्छ" भन्नुभई पकिण्णक वर्गमा रहेको निम्न गाथा आज्ञा गर्नुभयो:--

*"सद्धो सीलेन सम्पन्नो, यसो भोगसमप्पितो ।*
*यं यं पदेसं भजति, तत्थ तत्थेव पूजितो"ति ॥*

यसको अर्थ त्यहीं प्रकट हुनेछ ।

यसरी आज्ञा भएपछि आनन्द स्थविरले चित्त गृहपतिको पहिलेको कर्म विपाक सोधे । तदनन्तर तथागतले बताउनुहुँदै यस्तो आज्ञा हुनुभयो--

"आनन्द! यसले पद्मोत्तर तथागतको चरण कमलमा गरी आएको प्रार्थना भएको हुनाले, सय हजार कल्प देवलोक र मनुष्यलोकमा घुम्दै काश्यप तथागतको समयमा शिकारीको कुलमा जन्मंदा ज्ञानवान भएपछि एक दिन वर्षा भैरहेको बेलामा मृगको शिकार गर्न भाला लिंएर जंगलमा मृगको खोजी गरीरहंदा एउटा भीरमा टाउको सबै ढाकेर बसीरहेको एउटा भिक्षु देखेर एकलै श्रमणधर्म गर्न आउनुभएको होला, उहाँलाई भोजन ल्याई दिनुपर्‍यो भनी बेगले घरमा गई एउटा चुल्होमा अघिल्लो दिन ल्याइराखेको मासु पकाई अर्को चुल्होमा भात पकाउन लगायो । अरु पनि भिक्षाचार गर्न आउनुभएका भिक्षुहरू देखेर तिनीहरूको पनि भिक्षापात्र लिई बिछ्याइ राखेको आसनमा बसाई भोजन तयार गरी दान देउ भनी अरुलाई अऱ्हाई आफुले भोजन दुनामा राखी लगी रहेको बेलामा बाटोमा अनेक प्रकारका फूल टिपेर



Downloaded from http://dhamma.digital

आफ्नो गाडाको कुनै वस्तु निकालेर खर्च गर्नु परेन । देवता र मानिसहरूले लिएर आएको कोसेलिले नै सबै काम सम्मन्न भयो । गृहपतिले शास्तालाई वन्दनागरी बिन्तिगरे- "भो शास्ता ! मैले तपाईलाई दान दिन्छु भनी आइरहेको एक महिना भयो । यहाँ बसीरहेको पनि एक महिना बितीसक्यो । मैले लिएर आएको वस्तुहरू कुनै पनि खर्च गर्ने सौभाग्य पाएन यत्तिका समय सम्म देवताहरू र मानिसहरूले ल्याइदिएको कोसेलि वस्तु मात्र खर्च गरी दान दिइ रहेको छु । यदि म यहाँ एकवर्ष बसे पनि मैले लिएर आएको दानवस्तु दान दिन पाउने छैन । बैल गाडामा रहेको सम्पूर्ण वस्तु निकालेर जाने इच्छा छ । यी वस्तुहरू राख्ने एउटा ठाउँ बताई दिनुहवस ।

शास्ताले आनन्द स्थविरलाई आज्ञा गर्नुभयो-- "हे आनन्द! गृहपतिलाई एउटा ठाउँ खालि गरीदेउ ।" स्थविरले त्यस्तै गरी दिनुभयो । चित्त गृहपतिलाई उनले ल्याएको वस्तु राख्न योग्य भूभाग एउटा छाडीदियो । गृहपतिले पनि आफु संगै आएका तीन हजार मानिसहरू संगै खालि भएको बैल गाडा संग फर्कन थाल्यो । देवता र मानिसहरूले आर्यहरू खालि गाडा लिएर फर्कन लाग्यो भनी सप्त रत्न ल्याई गाडा भरीदिए । गृहपतिले आफुलाई ल्याइदिएको कोसेलि वस्तुले नै जनताहरूलाई पालन पोषण गरी फर्के । आनन्द स्थविरले शास्तालाई वन्दना गरी बिन्ति गरे-- "भन्ते! गृहपति तपाईकहाँ आउँदा पनि बाटोमा एक महिना समय बिताएर आयो । यहाँ पनि एक महिना बस्यो । यत्तिका समय सम्म आफुलाई ल्याइदिएको कोसेलि वस्तुले मात्रै दान दिए । अहिले पांचसय गाडा खालि गरेर बाटोमा एक महिना बिताएर जांनेछ, देवताहरू र मानिसहरू आएर आर्य तपाईले खालि गाडा लिएर जान लाग्नुभयो भनी सप्तरत्नले गाडा भरीदिए । फेरी उसले आफुलाई ल्याइदिएको कोसेलि वस्तुले नै मानिसहरूलाई



Downloaded from http://dhamma.digital

छांयां भएको रुखमुनि चित्त गृहपतिले पांचसय उपासकहरूले परिबृत भएर यहाँ आई मलाई वन्दना गर्न आउनेछ" भनी आज्ञा हुनुभयो । आनन्द स्थविरले "भन्ते! तपाईलाई गृहपतिले वन्दना गर्न आउँदा तपाईले कुनै ऋद्धि प्रातिहार्य देखाउनु हुन्छ कि ?" "हुन्छ आनन्द ।" "भन्ते! कुन प्रातिहार्य देखाउनु हुन्छ ?" "गृहपति आएर मलाई वन्दना गर्ने बेलामा राजालाई सम्मान गर्ने रूपले आठ करीस भूमी प्रदेशमा घुंडा घुंडा सम्म पांच रंगको दिब्य पुष्पको बर्षा हुनेछ । त्यो कुरा सुनेर नगरवासीहरू यस्तो महान पुण्यवान चित्त गृहपतिले आज शास्तालाई वन्दना गर्न आउंछ यस्ता महान आश्चर्य जनक प्रातिहार्य हुनेछ, हामीले पनि उनी महान पुण्यवान ब्यक्तिलाई हेर्न पाउनेछ भनी कोसेलि दिने वस्तुहरू हातमा लिई बाटोको दायां बायां लाइन लागी उभिन आए । विहारको नजिक पुगेपछि पांचसय भिक्षुहरू अघि अघि आइरहे, चित्त गृहपति तिमीहरू भन्तेहरूको पछि पछि जादैगर भनी महाउपासिकाहरूलाई अन्हाएर आफु पांचसय उपासकहरूले परिबृत्त भई शास्ताकहाँ पुगे ।

उभिईरहेका भएपनि बसीरहेका भएपनि तथागतको अगाडि यताउती हूलकूल गरी रहँदैन । तथागत पाल्नुहुने बाटोमा दायां बायां निश्चल भई रहन्छन् । चित्त गृहपतिले निश्चल बुद्धमार्गमा पाइला टेके । तीन फलमा पुगेका आर्यश्रावकले जता हेऱ्यो उतै पृथ्वी कम्पायमान भयो । चित्त गृहपति भनेका यिनै हुन् भनी महान जनताहरूले हेरे । गृहपतिले शास्ताको छवण्ण रश्मि भित्र पसेर तथागतको पाउको दुवै कुर्कुच्चा समाई वन्दना गरे । सोही क्षणमा पांच रंगको फूल बृष्टि भयो । हजारौं साधुकार दिए । गृहपति एक महिनासम्म त्यहाँ बस्दा बुद्ध प्रमुख भिक्षु संघहरूलाई विहारमै बसाई महादान दिए । आफुसंगै आएका सम्पूर्ण परिषदलाई पनि विहार भित्रै राखी पालन पोषण गरीराखे । एक दिन पनि



Downloaded from http://dhamma.digital

सुधम्म स्थविर पनि यस अववाद उपदेश सुनेर शास्तालाई वन्दना गरी आसनबाट उठेर प्रदक्षिणा गरी दूत भएर आएको साथी भिक्षुसंगै गएर गृहपतिको अगाडि आफ्नो दोष स्वीकार गरी क्षमा मागे । गृहपतिले "भन्ते! मैले क्षमा गरें, यदि मेरो पनि कुनै दोष भए मलाई पनि क्षमा गरी दिनुहवस भनी क्षमा मागें । स्थविरले पनि शास्ताले दिनुभएको उपदेश अववादमा बसेर दुई चार दिन भित्र प्रतिसम्भिदा सहित अरहन्त हुनुभयो । उपासकले पनि बिचार गऱ्यो कि "मैले शास्ताको दर्शन नगरीकन नै स्रोतापत्ति र अनागामि फलमा प्रतिष्ठित भैरहें, अब मैले पनि शास्ताको दर्शन गर्न जानुपऱ्यो" भनी चिताएर गृहपतिले तील, चामल, घिउ, सखरपानी छोप्ने कपडा आदि भरेर पांचसय गाडा लिएर शास्ताको दर्शन गर्न जाने इच्छा भयो म संगसंगै आउनु हवस बाटोमा भिक्षा भोजन आदि कुनै कष्ट हुँदैन भनी भिक्षु भिक्षुणी संघहरूलाई र उपासक उपासिकाहरूलाई पनि सुनाए । गृहपति संगै पांच पांच सय भिक्षु भिक्षुणीहरू र उपासक उपासिकाहरू निस्के । उसले तिनीहरूको र आफ्नो परिषदहरू गरी तीनहजार मानिसहरूलाई तीस योजनको बाटोमा भोजन आदि कुनै कुराको दु:ख कष्ट नहुने गरी सुप्रबन्ध गरी लगें । गृहपति त्यहाँबाट निस्किसकेको थाहा पाई प्रत्येक योजनमा बासस्थान बनाई देवताहरूले दिब्य रोती आदिको भोजन खानपान आदि ती जन समूहलाई उपस्थान सेवा गराई राखे । कुनैलाई पनि दु:ख कष्ट भएन । यसरी देवताहरूबाट उपस्थान सेवा सत्कार गराई दिनको एक एक योजन बाटो जांदा जांदा एक महिना बिटेपछि श्रावस्ती पुगे । पांचसय गाडामा सार्दाम भरी ल्याएको पहिले जस्तै भरीरह्यो । बाटोमा देवताहरू र मानिसहरूले ल्याइदिएको कोसेलि आदि मात्र खर्च भए ।

शास्ताले आनन्द स्थविरलाई बोलाएर "हे आनन्द! राम्रो



Downloaded from http://dhamma.digital

इच्छागरी भिक्षुहरूको अगाडि बस्ने इच्छा गर्छ । *"आवासेसु"* भनेको सांघिक आवास, आराम, जुन् कि विहारको माझमा राम्रोसंग प्रणीताकारले बिछ्याई राखेको आसन, आफुले चिनेका, आफुले बोलाई ल्याएका भिक्षुहरूलाई तपाईं यहाँ बस्नुहवस भनी, आफुले अन्याय रूपले श्रेष्ठ आसन, सयनाशन लाभ गरी, बाकी आगन्तुक भिक्षुहरूलाई तलको, नराम्रो सयनासन, फेरी भूत प्रेत भएको ठाउँमा तिमीहरू यहाँ बस भनी प्रबन्ध गरी दिन्छ, यसरी आवासमा बस्ने ठाउँमा पनि आफु मालिक हुने इच्छा गर्छ । *"पूजा परकुलेसु च"* भनेको आफ्नो आमा बाबु पनि होइन, अरु कुनै नाता परेको पनि होइन, अर्कै कुल वंशमा गएर "अहो! यिनीहरूले निश्चयनै मलाई मात्र दान दिनुपर्छ । अरुलाई नदेओस्" भनी यसरी चतुप्रत्यय आफैलाई मात्र दान दिलाई पूजा गराउन चाहन्छ । *"ममेव कमञ्ञन्तु"* भनेको जुन मूर्ख भिक्षुको कुनै एउटा विहारमा सीमा उपोसथागार आदि बनाउने नयां काम र सबै काम हाम्रा स्थविरले नै गराएको भनाउने इच्छा हुन्छ । यसरी गृहस्थ प्रब्रजित दुवै थरिले मैले नै गराएर सिध्याएको भन्ने सम्भुन् भन्ने संकल्प उत्पन्न हुन्छ । *"ममेवातिवसा"* भनेको गृहस्थ र प्रब्रजितहरू सबै मेरो बशमा रहुन्, गाडा, बयल, बसिला, बञ्चरो आदि वस्तु भएपनि मलाई नै प्राप्त हवोस । सबभन्दा तल्लो काम अलिकति पानी तताएर खाने आदि पनि मेरै बशमा रहोस् । मसंगै सोधेर गरून् भनी संकल्प उत्पन्न हुन्छ । *"इति बालस्स"* भनेको जुन मूर्खमा यस्तो संकल्प उत्पन्न हुन्छ उसलाई विदर्शना मार्ग फलादि बृद्धि हुदैन । केवल उसलाई चन्द्रमा उदाउँदा समुद्रको पानी माथी उठेर आए जस्तै ६ द्वारमा उत्पन्न हुने नयां नयां तृष्णा मात्रै उत्पन्न भई, बृद्धि भएर आउँछ भनेको हो ।)

धर्मदेशनाको अन्तमा धेरै मानिसहरू स्रोतापत्ति फल आदिमा पुग्न गए ।



Downloaded from http://dhamma.digital

गर्नुभयो । कुनैले यस्तो पनि भनेको छ "शास्ताले ती उपासिकाहरूलाई "भिक्षुणीहरूकहाँ गएर प्रब्रजित हुन जाउ भन्नुभयो ।" तिनीहरू सबै क्रमैसग चारिका गर्दै जांदा बाटोको बीचमा धेरै जनताहरूले स्वागत सत्कार गराई एकसयबीस योजन हिंडेरै भिक्षुणीहरूकहाँ गएर प्रब्रजित भई अरहन्त हुनु भयो । शास्ता हजार जना भिक्षुहरू लिएर आकाशबाटै जेतवनमा फर्कनुभयो । त्यहाँ आयुष्मान महाकप्पिन रात र दिनमा बस्ने ठाउँमा बसेर "अहो सुख! अहो सुख!" भनी उदान (प्रीति वचन) बोली रहने भयो । भिक्षुहरूले तथागतकहाँ गएर बिन्ति गर्नगए । "भन्ते ! महाकप्पिन भिक्षु "अहो सुख! अहो सुख!" भनी उदान (प्रीति वचन) बोल्दै घुमीरह्यो, आफ्नो राजसुखलाई सम्झेर यसरी कराई रहेको जस्तो छ । शास्ताले उसलाई बोलाउन पठाई "साच्चै नै हो कि हे कप्पिन ! तिमीले राजसुखलाई सम्झेर उदान वचन बोलिरह्यो भनेको ?" "भन्ते भगवान ! तपाईले मैले जस्को लागी उदान वचन भनी हिंडेको हो त्यो जान्नु भएकै छ ।" भनेपछि शास्ताले "होइन भिक्षुहो ! मेरा पुत्रले राजसुखको लागी उदान वचन भनी हिडेको होइन, मेरा पुत्रले त धर्मप्रीति धर्मरति उत्पन्न भएको हुनाले अमृत महानिर्वाणको निम्ति उदान (प्रीति वाक्य) भनीरहेको हो" भनी आज्ञा हुनु भई कारणाकारण मिलाई धर्मदेशना गर्नु भई यो गाथा आज्ञा हुनु भयो:----

*"धम्मपीति सुखं सेति, विप्पसन्नेन चेतसा ।*
*अरियप्पवेदिते धम्मे, सदा रमति पण्डितो"ति ॥*

अर्थ-- धर्ममा प्रीतिगर्ने मानिसहरू चित्त अत्यन्त प्रसन्न गरी, सखपूर्वक निदाउँछ, पण्डित व्यक्तिहरू आर्यहरूले बताउनु भएको धर्ममा सधैंभरि रमाइलो मानी लीन भई रहन्छन् ।

(पदार्थ-- त्यहाँ *"धम्म पीति"* भनेको धर्मको रस पान गर्नेले धर्मरस पिई रहन्छ भन्ने अर्थ हो । धर्मरस भनेको कुनै



Downloaded from http://dhamma.digital

एउटा भांडोमा राखेर पिए जस्तै पिउन हुने होइन । नौ प्रकारका लोकोत्तरधर्म नामकायमा स्पर्श हुंदा आरम्मणले साक्षात्कार गर्दै परिज्ञाभिसमय आदिले दु:ख आदि आर्यसत्यलाई जानेर लिई धर्मको रस पान गर्छ भन्ने अर्थ हुनजान्छ । *"सुखं सेति"* भनेको धर्मदेशना गर्ने बित्तिकै चार इरियापथमा सुखपूर्वक बास गरीरहन्छ भनेको हो । *"विप्पसन्नेन"* भनेको शुद्ध निर्मल भएर क्लेश कुनै पनि नभएको ।*"अरियप्पवेदिते"* भनेको बुद्धादि आर्य पुद्‌गलहरूले बताउनु भएको स्मृतिप्रस्थान इत्यादि भेद भएको बोधिपक्षिय धर्ममा । *"सदा रमति"* भनेको यस्ता धर्मरूपी प्रीतिमा अत्यन्त प्रसन्न चित्त लिएर बास गरी पण्डित गुणले संयुक्त भई सदा सर्वदा रमण गरी रहन्छ, अत्यन्त प्रमुदित भई रहन्छ भनेको हो ।)

धर्मदेशनाको अन्तमा धेरै मानिसहरूले स्रोतापन्न आदि फल प्राप्त गरे ।

........................

# ५. पण्डित श्रामणेरको कथा

*"उदकञ्हि नयन्ति"* भन्ने यो धर्मदेशना शास्ता जेतवन महाविहारमा विहार गर्नुभएको बेलामा पण्डित श्रामणेरको कारणमा आज्ञा गर्नु भएको हो ।

अतीतकालमा काश्यप सम्यक्संबुद्ध बीसहजार क्षीणाश्रव भिक्षुहरूले परिबृत्त हुनुभई वाराणसी नगरमा पाल्नुभयो । मानिसहरूले आआफ्नो समर्थ अनुसार आठ दश जनाको समूह मिली आगन्तुक दान आदि प्रदान गरे । त्यसपछि एक दिन शास्ताले भोजनोपरान्त अनुमोदन धर्मदेशना गर्नुभयो । "हे उपासक उपासिकाहो ! कुनैले संसारमा आफुले मात्र दान दिनुपर्छ, अरुलाई सहभागी तुल्याएर



Downloaded from http://dhamma.digital

दान गरेर केगर्ने भनी आफ्नो सम्पत्ति मात्र दान दिन्छ । अरुलाई सहभागी बनाउँदैन । त्यो व्यक्तिले जहाँ जन्म हुंदा पनि त्यहाँ भोग सम्पत्ति मात्र लाभ गर्ने हुन्छ परिवार सम्पत्ति लाभ गर्न सक्दैन । कुनैले अरुलाई मात्र दान दिन लगाई आफुले दान गर्दैन त्यो मानिस जहाँ जन्म भएपनि परिवार सम्पत्ति मात्र लाभ गर्ने हुन्छ भोग सम्पत्ति लाभ गर्न सक्दैन । कुनैले आफुले पनि केही दान गर्दैन अरुलाई पनि दान दिन लगाउँदैन त्यो मानिस जहाँ जन्म भएपनि उसले परिवार सम्पत्ति र भोग सम्पत्ति दुवै लाभ गरी लिन सक्दैन । अर्काको जुठो टिपेर खानुपर्ने हुन्छ । जसले आफुले पनि दान दिएर अरुहरूलाई पनि सहभागी तुल्याउँछ त्यो मानिस जहाँ जन्म भएपनि परिवार सम्पत्ति र भोग सम्पत्ति दुवै लाभ गर्ने हुन्छ ।"

यस धर्मदेशना सुनेर त्यहाँ नजिकै बसीरहेको एक जना विद्वानले विचार गऱ्यो "अब मैले यस्तो गर्नुपऱ्यो जसबाट मलाई यो दुवै सम्पध्त्ति लाभ होओस" उसले शास्तालाई वन्दना गरी बिन्ति गऱ्यो "भन्ते ! भोली मेरो भोजन ग्रहण गर्नुहवस ।" "तिमीलाई कतिजना भिक्षु चाहिन्छ ?" "भन्ते! तपाईंको परिवार कति छ ?" "बीसहजार भिक्षुहरू छन् ।" भन्ते ! उहाँहरू सहित भोलि मेरो भोजन स्वीकार गर्नुहवस ।" "शास्ताले स्वीकार गर्नु भयो । त्यो उपासक गाउँमा गएर "भो आमा बाबुहो ! मैले भोलिको निम्ति बुद्ध प्रमुख भिक्षु संघहरूलाई भोजनको निमन्त्रणा दिएर आईसकें । तपाईहरूले कति कति जना भिक्षुहरूलाई दान दिन सकिने हो त्यत्ति त्यत्तिलाई दान दिनुहवस । भनी घोषणा गरेपछि आआफ्नो समर्थ अनुसार हामीले दुई जनालाई दान दिन्छु, हामीले बीस जनालाई दान दिन्छु, हामीले सय जनालाई दान दिन्छु, हामीले पांचसय जनालाई भोजन गराउँछु भनेपछि सबैको वचन एउटा कागतमा टिपेर लियो ।



Downloaded from http://dhamma.digital

महादुग्गत क्रि.गरि - ५/५/०८

त्यस बेला त्यस नगरमा अत्यन्त गरीब भएकोले उसको नाउँ महादुग्गत भनी प्रसिद्ध भैरहेको एकजना मानिस थियो । दान संग्रह गरीरहेको उपासकले उसलाई पनि अगाडि आइरहेको देखेर" हे साथी महादुग्गत ! मैले भोलिको लागी बुद्ध प्रमुख भिक्षुसंघलाई भोजन निमन्त्रणा गरी आएको छु । भोलि हामी सबै नगर बासीहरूले दान दिनेछौं तिमीले कतिजना भिक्षुलाई भोजन गराउँछौ ?" "स्वामी मलाई भिक्षुहरू किन चाहियो र भिक्षु भनेका सम्पन्न भएकाहरूलाई मात्र अर्थ हुन्छ, मसंग भोलि यागु पकाउन एकसिता चामल त छैन, म कामगरी जीविका गर्नेलाई भिक्षुहरू किन ?" चन्दा लिई हिंडने हरूले कुरा गर्न निकै जान्नुपर्दछ । त्यसकारण उसले छैन भनेपनि चुप नलागीकन यसो भन्यो "साथी महादुग्गत! यस नगरमा मिठो मिठो खाएर नरम वस्त्र पहिरी अनेक गहना लगाई, राम्रोसंग सुख सयन गरी, धेरैले आआफ्नो सम्पत्ति अनुभव गरी रहेकाछन् । तिमीले भने दिनभरी काम गरेर पनि पेटभरी खान पाएका छैनौ । तैपनि तिमीले मैले पहिले दानादि कुनै पुण्य गरेर नआएको हुनाले यो जुनिमा केही नहुने भई रहनु पर्‍यो भन्ने कुरा थाहा पाएनौ" भनेपछि मालिक मैले त्यो कुरा थाहा पाएको छु" भनी उत्तर दियो । त्यसोभए अहिले किन पुण्य नगरेको त ? तिमी तन्नेरी छौ । तिमीले ज्यामी काम गरेर भएपनि आफुले सक्दोलाई किन दान नगरेको ?" ती महादुग्गतले उपासकले यस्तो भन्ने बित्तिकै संवेग उत्पन्न गरी "मलाई पनि एउटा भिक्षु दिनुहवस भनी कागतमा गन्ती लेखन लगायो । जुन भएपनि ज्यामी काम गरेर धन तुल्याई भिक्षा दिन्छु भने । त्यस उपासकले एकजना मात्र भिक्षुलाई दान दिने भिक्षा यस कागतमा के टिपेर लिने भनी नटिपीकन गयो । महादुग्गतले आफ्नो घरमा गएर जहानलाई भन्यो-- "प्रिये! नगरबासीले भोलि संघहरूलाई भोजन दान दिने निर्णय गर्‍यो । मैले पनि चन्दा लिन



Downloaded from http://dhamma.digital

आउनेले एउटा भिक्षुलाई भएपनि दान देउ भनेको हुनाले हामीले पनि भोलि एकजना भिक्षुलाई भएपनि भोजन दान गराऔं ।" उसको जहानले हामी गरीब, तिमीले दानदिने किन स्वीकार गरी आएको ? नभनीकन स्वामी ! तिमीले असलै काम गऱ्यौ । पहिले पनि हामीले दान गरी आएको नहुनाले गर्दा अहिले गरीब भई बस्नुपऱ्यो । हामी दुवैले ज्यामी काम गरी ज्याला लिएर एकजना भिक्षुलाई भएपनि दान दिनुपर्ला भनी दुवै ज्यामी काम गर्न बाहिर निस्के ।

एउटा महाजनले महादुग्गतलाई देखेर केहो महादुग्गत ज्यामी काम गर्छौ ? भनी सोधे । "गर्छु आर्य ।" "के गर्छौ त ?" "तपाईले जे गराउनु भयो सोही काम गर्छु ।" "त्यसोभए हामीले दुई तीन सये भिक्षुहरूलाई भोजन गराउनु छ, आउ दाउरा चिरीदेउ" भनी बसिला बञ्चरो निकाली दियो । महादुग्गतले बलियो गरी लंगाटि कसेर महान उत्साह पूर्वक बसिला छाडेर बञ्चरो लिएर, बञ्रो छाडेर बसिला लिएर दाउरा चिरीरह्यो । अनि महाजनले उसलाई भन्यो " सौम्य ! आज तिमीले निकै उत्साह पूर्वक काम गरीरह्यो यसको कारण के हो?" "आर्य! भोलि मैले एकजना भिक्षुलाई भोजन गराउनुछ ।" त्यो कुरा सुनेर महाजनले प्रसन्न मन गरेर चिन्तना गऱ्यो "अहो ! यसले दुष्कर कार्य गऱ्यो, आफु गरीप भनी चुपनलागीकन ज्यामी काम गरेर एक जना भिक्षुलाई भोजन गराउंछु भन्छ । महाजननीले उसको जहानलाई देखेर अम्म ! तिमी के काम गर्छौ ? भनी सोधिन् "तपाईले जुन काम गराउनुहुन्छ सोही काम गर्छु भनेपछि ढिकि कुटने ठाउंमा लिएर गई ढिकि कुट्न लगायो । उसले नाचेको जस्तै गरी खुसी प्रसन्नताका साथ ढिकि कुटेर चामल पनि निफनी दियो । अनि उनीसंग महाजननीले सोधिन् "अम्म आज तिमी निकै खुसी प्रसन्न भएर काम गऱ्यौ कारण केहो?" "आर्य !



Downloaded from http://dhamma.digital

आज यो काम गरेर ज्याला लगेर हामीले एकजना भिक्षुलाई भोलि भोजन गराउँदैछौं ।" यो कुरा सुनेर साहुनीले अहो ! यसले महान दुष्कर काम गर्‍यो भनी उनीदेखी खुसी प्रसन्न भइन् । महाजनले महादुग्गतलाई दाउरा चिर्न सिद्धिएपछि यो तिम्रो ज्याला भनी चार माना चामल दिन लगाई अर्को पनि यो मैले खुसी भएर दिन लगाएको भनी फेरी चारमाना चामल दिन लगायो ।

उसले घरमा गई जहानलाई भन्यो मैले ज्यामी काम गरेर यो चामल हामीलाई आहारको निम्ति भयो । तिमीले काम गरी ल्याएको ज्यालाबाट घिउ, तेल, दाउरा, पिरो अमिलो वस्तु इत्यादि लिएर आउ । साहुनीले उसलाई घिउको ठेकि एउटा र दहीको भाँडा एउटा अनि पिरो अमिलो वस्तु र शुद्ध असल चामल एकमाना दिन लगायो । यसरी ती दुईजनालाई पांचमाना चामल भयो । तिनीहरूले हामीलाई दान दिने वस्तु भयो भनी हर्ष प्रसन्न भएर बिहान सबेरै उठेर स्त्रीचाहिंले महादुग्गतलाई भनिन् "जानुहवस स्वामी पातखोजेर ल्याउनु हवस् । उसले बजारमा पात नदेखेर नदीको किनारमा गई आज आर्यलाई भोजन गराउन पायो भनी मनमा प्रसन्न गरी गीत गाउँदै पात टिप्न लाग्यो । ठूलो जाल हानीरहेका मछुवाहरूले यो शब्द महादुग्गतको हुनुपर्छ भनी उसलाई बोलाएर सोध्यो "तिमी आज निकै खुसी प्रसन्न भएर गीत गाइरहेछौ, यसको कारण के हो ?" "पात टिप्न आएको हुँ ।" "केगर्न ?" "एकजना भिक्षुलाई भोजन गराउन ।" "अहो ! सुखपूर्वक बसीरहेका भिक्षुहरूले के तिम्रो पातमा भोजन गर्ला र ?" "केगरौं साथीहो ! आफ्नो गच्छे अनुसार भोजन गराउन लागेको ।" "त्यसोभए तिमी यहाँ आउ ।" "के गर्नुपर्‍यो र साथीहो ?" "यो टिपी राखेका माछाहरू चारआना जाने, एक मोहर जाने, एक रुपैयां जाने अलग अलग छुटचाई देउ ।" उसले त्यस्तै गरीदिए । टिपेजत्ति माछा भिक्षुहरूलाई निमन्त्रणा गरीराखेका नगरमा रहेका



Downloaded from http://dhamma.digital

मानिसहरूले किनेर लगे । उसले माछा छुटयाउँदा छुटयाउदैमा भिक्षाचरणको समय भयो । उसले समय जानेर साथी ! म जानलागें भिक्षुहरू आउने बेला भयो भने । "छानी राखेको माछा बाकि छ कि ?" "छैन सबै सिद्धियो" "त्यसोभए मैले आफ्नो लागी भनेर बालुवामुनि लुकाईराखेको रोहित माछा चारवटा छ यदि तिमीले भिक्षु भोजन गराउने भए यो माछा लिएर जाउ भनी उसलाई दिईपठायो ।

त्यसदिन शास्ताले बिहान सबेरै ध्यानदष्टिबाट हेर्नुहुंदा महादुग्गतलाई आफ्नो ज्ञानजालमा देख्नुभई के हुने होला भनी विचार गरी हेर्नुभयो । महादुग्गतले एउटा भिक्षुलाई भोजन गराउन भनी आफ्नो जहान संगै हिजो ज्यामी काम गर्न गए । कुनचाहिं भिक्षुलाई भोजन गराउला भनी विचार गरी हेर्नुभई मानिसहरूले आआफ्नो नाउँमा लेखिएका भिक्षुहरूलाई आआफ्नोघरमा बसाई भोजन गराउनेछ । महादुग्गतलाई म बाहेक कुनै भिक्षु प्राप्त हुने छैन भनी चिन्तना गर्नुभयो । बुद्ध भनेकाले प्राय गरीबहरूलाई मात्र अनुकम्पा राख्नुहुन्छ । तसर्थ तथागत बिहान सबेरै शारीरिक कृत्य सिध्याई महादुग्गतलाई संग्रह गर्न भनी गन्धकुटीभित्र पसी बसीरहनु भयो । महादुग्गत पनि माछा लिएर घरमा पस्नेबित्तिकै देवराज इन्द्रको पण्डुकम्बल शीलासन तात्तिएर आयो । कारण बिचार गर्दा हिजो महादुग्गतले एकजना भिक्षुलाई दान दिन भनी आफ्ना जहान संगै ज्यामी काम गर्न गए । कुनचाहिं भिक्षुलाई दान गर्ने होला? भनी चिन्तना गरी हेर्दा उसलाई अरु कुनै भिक्षु प्राप्त हुनेछैन, शास्ता महादुग्गतलाई संग्रह गर्न भनी गन्धकुटी भित्र बसीरहनुभयो । महादुग्गतले आफ्नो गच्छे अनुसार यागु भोजन पातमा सूप ब्यञ्जन तथागतलाई अर्पण गर्ने भयो । मैले महादुग्गतको घरमा गएर भान्से हुन पाये अति उत्तम हुनेछ भनी कुनै एकजना नचिनेको मानिसको भेष लिएर उसको घर नजिकै



Downloaded from http://dhamma.digital

गएर "तिमीले मलाई कुनै काम गराउनु पर्ने छकि ?" भनी सोध्न गयो । महादुग्गतले उसलाई देखेर भन्यो "साथी ! तिमीले केकाम गर्न जानेकोछ ?" मालिक ! मैले जुनसुकै काम पनि जानेकोछु, मैले गर्न नजानेको काम केही छैन । यागु आदि भात पनि पकाउन जानेकोछु ।" भनेपछि "साथी मलाई तिम्रो कामको आवश्यकता छ परन्तु तिमीलाई दिने ज्याला भने मसंग केही देख्दिन । "तिमीलाई मैले के गरीदिन पर्‍यो भनी सोधेपछि "एकजना भिक्षुलाई भोजन दान दिने इच्छा गरीरहेको हुं भोजन दान दिनलाई यागु भोजन ब्यञ्जन आदि तुल्याईदिये अति उत्तम हुनेछ ।" "के मैले मात्र पुण्य गर्नुपर्दैन र ।" "त्यसोभए बेसैभयो साथी ! भित्र आउ भनी घरभित्र लगे । उसले चामल तरकारी इत्यादि चाहिंदो सामान लिइसकेपछि "तिमी जाउ तिमीलाई प्राप्त भएको भिक्षुलाई लिएर आउ" भनी महादुग्गतलाई पठाईदियो । दान व्यवस्था गर्ने उपासकले कागतमा लेखीराखेका भिक्षुहरूलाई धमाधम भोजन दाताहरूको घरमा पठाउँदै गरे ।

महादुग्गत उसकहाँ गएर मलाई प्राप्त हुने चिक्षु एकजना देउ भनी भन्न गयो । उसले त्यसबेला सम्झेर हेर्दा तिमीलाई दिने भिक्षु एकजना मात्र भएकोले कागतमा टिप्न बिर्सें भन्यो । महादुग्गतलाई धारिलो शस्त्रले पेटमा घोचे जस्तै मनमा बिस्मात भयो । अनि उसले उपासकलाई भन्यो "साथी ! मलाई मात्र तिमीले किन नाश गर्नलागेको ? हिजो तिमीले सहयोग माग्न आएको बेलादेखी मैले आफ्नो जहान संगै दिनभरी ज्यामी काम गरेर ज्याला लिएर आज बिहान सबेरै पात र सागहरूको निम्ति खोलाको तीरमा घुमेर आइसकें । त्यसो नगर मलाई एउटा भिक्षु जसरी भएपनि देउ भनी दुवै हात जोडी बिलाप गरे । त्यहाँ मानिसहरू भेला भएर "यो के भएको महादुग्गत!" भनी सोध्न आए । उसले भएभरको कुरा सबैलाई बताईदियो । तिनीहरूले



Downloaded from http://dhamma.digital

व्यवस्था गर्नेसंग सोध्यो "हे साथी ! तिमीले उसलाई ज्यामी काम गरेर भएपनि रुपैयां कमाएर दान दिनुपर्छ भनी उत्साहित गरेको सांचैनै होकि ?" "हो उपासकहो ।" "त्यसोभए तिम्रो यो ठूलो गल्ति हो तिमीले यत्तिका भिक्षुहरूको भोजन व्यवस्था गरेर त्यस बिचरालाई एकजना भिक्षु पनि जुराई दिन सकेन कि कसो ? उसले तिनीहरूले भनेको कुरा सुनेर केही नबोलीकन चुप लागेर महादुग्गतलाई भन्यो (“साथी महादुग्गत! मेरो इज्जत लिने नगर म तिम्रो कारणले निकै नै हैरान भैरहेको छु । मानिसहरूले आआफ्नो लीष्टमा लेखीराखेको अनुसार आफुलाई प्राप्त भएका भिक्षुहरू लिएर गैसके । आफ्नो घरमा बसाई राखेका भिक्षुहरूलाई उठाएर अन्यत्र पठाउन कसैले इच्छा गर्दैन ) शास्ता स्नान गरी गन्धकुटिमा बस्नुभएकोछ । राजा, युवराज सेनापति आदि शास्ता गन्धकुटिबाट बाहिर निस्कने बित्तिकै भिक्षापात्र लिएर जान भनी प्रतिक्षा गरी रहनुभएको छ । तिमी विहारमा गएर भन्ते ! म अत्यन्त गरीब व्यक्ति हुं मलाई संग्रह गर्नु हवस भनी शास्तालाई वन्दना गर्न जाउ । यदि तिम्रो भाग्यमा भए अवश्य लाभ हुनेछ ।"

महादुग्गत विहारमा गयो । हिजो अस्तिको दिनमा उसलाई विहारमा जुठो खान आउनेहरूको समूहमा देखेको हुनाले राजा युवराज आदि हरूले "हे महादुग्गत भोजन गर्न सिद्धिने बेला भएको छैन तिमी किन त्यहां जान लागेको ?" भनी सोधे । "भोजन सिद्धिने बेला भएको छैन भनेर मैले पनि जानेको छु आर्य, म शास्तालाई वन्दना गर्न भनी जानलागेको हुं" भन्दै गएर गन्धकुटीमा ढोकाको संघारमा टाउको अड्याएर घोप्टो परी वन्दना गरी "भन्ते! यस नगरमा म जत्ति दरिद्र अरु कुनै छैन । मलाई आधार भैदिनुहवस । मलाई संग्रह गर्नु हवस" भनी बिन्ति गरे । शास्ताले गन्धकुटीको ढोका उघार्नु भई भिक्षापात्र निकाली महादुग्गतको हातमा राखी दिनुभयो । उसलाई चक्रवर्ती राजा



Downloaded from http://dhamma.digital

भएको समान नै भयो । राजा, युबराज आदिहरूले आपसमा मुखामुख गरी हेरीरहे । महादुग्गतको हातमा शास्ताले दिनुभएको भिक्षापात्र आआफ्नो हाँक धांक देखाई खोसेर लिने आंत यो संसारमा कसैको थिएन । तिनीहरूले उसलाई यस्तो भने "साथी महादुग्गत! शास्ताको भिक्षापात्र हामीलाई देउ तिमीलाई हामीले यति रुपैयां दिन्छु । तिमी गरीब हो तिमीले धन लिएर त्यो पात्र हामीलाई देउ तिमीलाई के गर्ने?" महादुग्गतले भन्यो "कसैलाई पनि दिन मलाई धन चाहिएको छैन । मलाई शास्तालाई भोजन चढाउन पाये पुग्छ । अरुले उनिसंग याचना गरेर पात्र प्राप्त नभएपछि दिक्क मानेर आआफ्नो घरमा फर्के । "महादुग्गतलाई धनको लोभ दिएरपनि शास्ताको भिक्षापात्र छाडेन । शास्ताले स्वयं उसको हातमा दिनुभएको भिक्षापात्र अरु कसैले लिने साहस गर्न आंटन सकेन । यसले शास्तालाई कतिनै दान गर्न सक्ला र? भनी यसले शास्तालाई दान दिईसके पछि मैले शास्तालाई आफ्नो दरबारमा लगेर मलाई भनी बनाईराखेको आहार भोजन चढाउँछु" भनी चिन्तना गरी राजा शास्ताको पछि पछि नै सवारी भयो । इन्द्रले पनि भात सागपात इत्यादि तुल्याएर शास्तालाई बस्न योग्य हुनेगरी आसन बिछ्याई पर्खीरहे ।

महादुग्गतले शास्ता लाई लिएर आई घरमा भित्र पस्नुहवस् भन्ते ! भनी निवेदन गऱ्यो । उसको घर निकै होचो भएको हुनाले ननिहुरीकन कोही पनि भित्र पस्न सकिदैनथ्यो । बुद्ध भनेकाले कसैको घर भित्र पस्नुपर्दा शिर निहुऱ्याएर कहिल्यै पस्नुहुन्नथ्यो । कसैको होचो घरमा पस्नुहुंदा महापृथ्वी नै तल भासिएर जान्छ, घरको ढोका नै माथी उँचा भैदिन्थ्यो । त्यस्तो हुने कारण तथागतहरूको पहिले पहिलेका जन्ममा गरी आउनु भएको पुण्यको फल हो । पछि फेरी घरबाट बाहिर निस्की सकेपछि पहिले जस्तो घरथियो त्यस्तै भएर जान्थे । त्यसकारण



Downloaded from http://dhamma.digital

एकदिन पनि भिक्षाको कारणले सन्तोष हुन पायेन । इच्छा आचार त्यागेर नै समय बिताउनु पर्‍यो । तथागतले तीन महिनासम्म त्यहाँ समय बिताउनुभई वेरञ्जा ब्राह्मणलाई दोषारोपण नगरीकन उसबाट सत्कार सम्मान गराई, उसलाई शरणशीलमा पतिष्ठापित गरी, त्यहाँबाट निस्केर, क्रमश: चारिका गर्नुहुँदै, एक समयमा श्रावस्तीमा आइपुग्नुभई, जेतवन महाविहारमा बास गर्नुभयो, श्रावस्ती निवासी जनताहरूले शास्ता सहित सबै भिक्षुसंघलाई आगन्तुक भोजन आदि दान गरे । त्यसबेला पांचसय जुठो खाएर जीविका गरीरहने मानिसहरू भिक्षुहरूको आश्रय लिएर विहार भित्रै बसीरहेका थिए । तिनीहरू भिक्षुहरूको भोजन सिद्धिएपछि बाकी रहेको प्रणीत भोजन खाएर, सकेसम्म सुतेर उठिसकेपछि नदीको तीरमा गई, ठूलो ठूलो स्वरले चिच्याई अलग अलग कुष्टि खेली रहन्थे । विहारको भित्र बाहिर नचाहिंदो कामनलाग्ने अनाचार काम गरेर मात्र समय बिताई रहन्थे । धर्मसभामा तिनीहरूको कुरा उठ्‌थान भयो । "देख्यौ आयुष्मानहो ! यी जुठो खाएर जीविका गरीरहेका मानिसहरू दुर्भिक्ष भैरहेको बेलामा वेरञ्जामा एकजना पनि देखा परेन, अहिले भने यस्ता प्रणीत भोजन खाएर अनेक प्रकारका विकार दर्शाई रहे । भिक्षुहरू दुर्भिक्ष हुंदा वेरञ्जामा शान्त भईरहे अहिले पनि शान्त नै भईरहेकाछन्" भनी कुरा उठ्‌थान गरे । शास्ता धर्मसभामा जानुभई "भिक्षुहो ! तिमीहरू के कुरा गरी रहेको" भनी सोध्नुभयो । भिक्षुहरूले "भन्ते ! हामीहरूमा यस्तो कुरा भैरहेको हो" भनी बिन्ति गरेपछि "हे भिक्षुहो ! यिनीहरू पहिले पनि गदाहाको योनीमा उत्पन्न हुंदा पांचसय आजानीय सिन्धव घोडालाई पानी थोरै भएको अंगूरको रस खुवाएर बाकी रहेको जुठो कस्सरलाई पानीमा मुछेर बोराको टालोमा छानेको, स्वल्प रस, हीन रस भांडा माझेको पानीमा मिलाएको यस्तो रस पिएर, मस्तभै माहुरीभैं



Downloaded from http://dhamma.digital

कराई घुमीरहेका हुन्" भनी आज्ञा हुनुभई तलका गाथा आज्ञा गर्नुभयो--

*"वालोदकं अप्परसं निहीनं,*
*पीत्वा मदो जायति गद्रभानं ।*
*इमञ्च पीत्वान रसं पणीतं,*
*मदो न सञ्जायति सिन्धवानं ॥*
*"अप्पञ्च पीत्वान निहीनजच्चो,*
*सो मज्जति तेन जनिन्दपुठ्ठो ।*
*धोरहचसीली च कुलम्हि जातो,*
*न मज्जति अग्गरस पिवित्वा"ति ॥*

(जा० १.२.६५) ।

अर्थ-- हीन, धेरै रस नभएको कस्सरको रस पिएर, गदाहाहरू मस्त भएर स्मृति हीन भईरहे, प्रणीत, असल अंगुरको रस पिएर पनि असल जातका सिन्धव घोडाहरूलाई कुनै विकार भएन ।

भो महाराज! नीच जातीका मानिसहरू मुल्य नभएको, स्वल्प रस अलिकति मात्र पिएर पनि त्यसबाट मात्तिएर हिंडछ, असल उत्तम कुलमा जन्मेका चरित्रवान मानिसहरूले अग्र उत्तम रस पिएर पनि मस्त भएर मात्तिएर हिंडदैन ।

भन्ने यो वालोदक जातक विस्तारपूर्वक बताउनु भई "हे भिक्षु हो ! यसरी सत्पुरुषहरूले लोभ स्वभावलाई छाडेर, सुखी भैरहेको बेलामा पनि, दुःखी भैरहेको बेलामा पनि विकार रहित भै रहन्छन् भनी कारणाकारण मिलाई धर्मदेशना गर्नुभई यो गाथा आज्ञा गर्नुभयो--

*"सब्बत्थ वे सप्पुरिसा चजन्ति,*
*न कामकामा लपयन्ति सन्तो ।*
*सुखेन फुठ्ठा अथवा दुखेन,*
*न उच्चावचं पण्डिता दस्सयन्ती"ति ॥*



Downloaded from http://dhamma.digital

अर्थ-- सत्पुरुषहरूले निश्चय नै सबै ठाउँमा त्याग गर्छन्, सन्त सत्पुरुषहरूले कामतृष्णाको कुरा गर्दैन सुख भएपनि दुःख भएपनि विद्वान् पण्डित हरूले उच्च नीचको व्यवहार गरेर देखाउँदैन ।

(पदार्थ-- त्यहाँ *"सब्बत्थ"* भनेको पञ्चस्कन्ध भेद आदिमा सबै धर्ममा भनेको हो । *"सप्पुरिसा"* भनेको असल उत्तम पुरुषहरूलाई भनेको हो । *"चजन्ति"* भनेको अरहन्त मार्गज्ञानले तानेर लगी छन्दरागलाई हटाई दिन्छ, छाडीदिन्छ भनेको हो । *"कामा कामा"* भनेको कामरागको इच्छा गरेर, कामराग हुनुको निम्ति, कामराको कारणको लागी भनेको हो । *"नालपन्ति सन्तो"* भनेको बुद्धादि सन्त महात्माहरूले कामरागको हेतुले आफुसंग पनि कुरा गर्दैन अरुलाई पनि कुरा गर्न दिदैन । जसले भिक्षाको लागी नगरमा पसेर इच्छानुसार बसेर, "कसो उपासक! तिम्रा छोरा जहानहरू सुखी छन् कि ? राजा र चोरहरूको तर्फबाट, दोपाय चौपाया सत्व प्राणीहरूलाई कुनै उपद्रवत भएको छैन ? भनी पहिले यस्तै कुराहरू शुरू गर्छन् भनेको हो । यस्तो भन्दा "हो भन्ते ! हामीलाई सुख कहाँ हुन्छ र ? हामीहरूको घरमा केही उपद्रव हुनसक्छ । अहिले यो अवस्थामा हामीसंग धेरै खाने पिउने चीजहरू छन्, तपाईं यहिं बस्नुहवस" भनी आफुलाई निमन्त्रण गराउनुको निम्ति कुरा गर्नेलाई भनेको हो । सत्पुरुषहरूले यी दुई किसिमको कुरा समेत गर्नु हुन्न । *"सुखेन फुट्ठा अथवा दुखेन"* भनेको देशना मात्र हो । अष्टलोक धर्मबाट स्पर्श नगरीने भएका, सन्तुष्टभावले चुपलागेर बस्ने, वर्णन गर्ने र निन्दा चर्चा गर्ने आकारले अलग भएका, उच्च नीच भाव गर्ने आदि पण्डित जनहरूले देखाउँदैन भनेको हो ।)

धर्मदेशनाको अन्तमा धेरै मानिसहरू स्रोतापत्ति आदि फलमा पुगन गए ।

पांचसय भिक्षुहरूको कथा समाप्त भयो ।

........................



Downloaded from http://dhamma.digital

# ९. धम्मिक स्थविरको कथा

*"न अत्तहेतु"* भन्ने यो धर्मदेशना शास्ता जेतवन महाविहारमा बास गर्नुभएको बेलामा धम्मिक स्थविरको कारणमा आज्ञा गर्नुभएको हो ।

श्रावस्ती नगरमा एउटा उपासक धार्मिक रूपले समान रूपले घर गहस्थीको काम चलाई जीविका गरीरहेका थिए । एकदिन त्यस उपासक प्रब्रजित हुने इच्छा गरी आफ्ना जहानसंग सुखपूर्वक बसेर कुरागर्दै यस्तो भन्यो "हे प्रिये ! म प्रब्रजित हुन जान्छु ।" "स्वामी! जबसम्म यो मेरो गर्भको बच्चा जन्मदैन तब सम्म पर्खनु हवस् । त्यस उपासक त्यत्ति बेलासम्म पर्खेर बच्चा जन्मेर बालक अलिकति हिंडन जानेपछि फेरी जहानसंग सोध्दा "पर्खनु हवस् स्वामी! यस बालक तन्नेरी त हुन दिउँ" भनी उत्तर दियो । उपासकले अब म यसलाई पर्खेर केगर्ने ? मैले आफु दु:खबाट छुटने कामगर्न जानुपर्छ भनी घरबाट निस्केर प्रब्रजित हुन गयो । उसले शास्तासंग कर्मस्थान लिएर कोशिस गर्दै आफु प्रब्रजित भएको काम सफल गरी, पूर्ण गरी आफ्ना परिवारहरू हेर्न फेरी श्रावस्तीमा गएर आफ्ना छोरा जहानहरूलाई धर्म उपदेश दिए । छोराचाहिं पनि घरबाट निस्की समय धेरै नबित्दै जीवनमुक्त भए । जहानचाहिंले चिन्तना गरिन् जसको लागी म घरमा बसेर रहेको हुं, ती दुवैजना प्रब्रजित भएर गईसके । अब म एक्लै घरमा बसेर केगर्ने ? म पनि प्रब्रजित हुन जान्छु भनी प्रब्रजित भई धेरै समय नबित्दैमा अरहन्त भइन् । अनि एक दिन धर्मसभामा कुरा चल्यो । "हे आयुष्मानहो ! धम्मिक उपासक आफु धर्ममा रहेको हुनाले निस्केर प्रब्रजित भई अरहन्त भैसकेपछि आफ्ना छोरा तथा जहानहरूको पनि प्रतिस्था आधार भयो" भन्ने कुरा चलायो । शास्ता धर्मसभामां जानुभई "भिक्षुहो! तिमीहरू के



Downloaded from http://dhamma.digital

कुरा गरी रहेको" भनी सोध्नुभयो । भिक्षुहरूले "भन्ते ! हामीहरूमा यस्तो कुरा भैरहेको हो" भनी बिन्ति गरेपछि "हे भिक्षुहो! पण्डित हरूले आफ्नो र अर्काको समृद्धि मात्र चिन्तना गर्ने होइन, चिन्तना गरे जस्तै धार्मिक भएर धर्मको प्रति शरण जानु सक्नुपर्छ भनी आज्ञा हुनुभई कारणाकारण मिलाई धर्मदेशना गर्नुभई यो गाथा आज्ञा गर्नुभयो--

*"न अत्त हेतु, न परस्स हेतु,*
*न पुत्तंच्छिे न धनं न रट्ठं ।*
*न इच्छेय्य अधम्मेन समिद्धिमत्तनो,*
*स सीलवा पञ्ञवा धम्मिकोसिया"ति॥*

अर्थ-- न आफ्नो निम्ति, न अर्काको निम्ति, पुत्रको निम्ति पनि इच्छा नगर्नु, धन र राष्ट्रको पनि इच्छा नगर्नु, अधर्मबाट आफ्नो समृद्धि पनि इच्छा नगर्नु, त्यस्तो नगर्ने मानिसलाई शीलवान, प्रज्ञावान धार्मिक व्यक्ति भनिन्छ ।

(पदार्थ-- त्यहाँ *"न अत्तहेतु"* भनेको पण्डितहरूले आफ्नो कारणमा अथवा अरुको कारणले गर्दा पाप गर्दैन । *"न पुत्तमिच्छे"* भनेको छोरा भएपनि, धन भएपनि, राष्ट्र भएपनि, पापकर्म बाट इच्छा गर्दैन, इच्छा गरे पनि पाप कर्म गर्दैन भनेको हो । *"समिद्धिमत्तनो"* भनेको उसले आफ्नो समृद्धि पनि अधर्मद्वारा इच्छा गर्दैन, आफुलाई समृद्धि हुने कारणले भएपनि पापकर्म गर्दैन भनेको हो । *"स सीलवा"* भनेको त्यो त्यस्ता मानिस मात्र शीलवान, प्रज्ञावान र धार्मिक पनि हुन सक्छ अरु हुन सकिदैनभन्ने अर्थ हो ।)

धर्मदेशनाको अन्तमा धेरै मानिसहरू स्रोतापत्ति आदि फलमा पुग्न गए ।

धम्मिक स्थविरको कथा समाप्त भयो ।

........................



Downloaded from http://dhamma.digital

# १०. धर्म श्रवण गरेको कथा

*"अप्पका ते मनुस्सेसु"* भन्ने यो धर्मदेशना शास्ता जेतवन महाविहारमा बास गर्नुभएको बेलामा धर्म श्रवण गर्ने कारणमा आज्ञा गर्नुभएको हो ।

श्रावस्ती नगरको एउटा मार्गमा रहेका मानिसहरू सबै मिलेर गठबन्धन गरी, दान दिएर एक महिना लगातार धर्मश्रवण गर्ने कार्यक्रम बनाए । परन्तु एक महिना लगातार धर्मश्रवण गर्न सकिएन । कुनै कामरागले गर्दा फेरी आफ्नो घर फर्के । कुनै द्वेषको कारणले, कुनै शरीर र चित्तको आलस्यभावले गर्दा त्यहिं बसेर पनि उँघीरहेको हुनाले धर्म श्रवण गर्न सकिएन । भोलिपल्ट भिक्षुहरूले सोही कुरा धर्मसभामा निकाले । । शास्ता धर्मसभामां जानुभई "भिक्षुहो ! तिमीहरू के कुरा गरी रहेको" भनी सोध्नुभयो । भिक्षुहरूले "भन्ते ! हामीहरूमा यस्तो कुरा भैरहेको हो" भनी बिन्ति गरेपछि "हे भिक्षुहो ! जुन सत्व प्राणीहरू धेरैजसो भव संसारमा ताँसिई रहेका हुन्छन् तिनीहरू त्यसमै मात्र संलग्न भएर बास गरी रहन्छन् । नदी पार जाने स्वल्प मात्र हुन्छन् भन्नुभई कारणाकारण मिलाई धर्मदेशना गर्नुभई यी गाथा आज्ञा गर्नुभयो-

*"अप्पका ते मनुस्सेसु, ये जना पारगामिनो ।*
*अथायं इतरा पजा, तीरमेवानुधावति ॥*
*ये च खो सम्मदक्खाते, धम्मे धम्मानुवत्तिनो ।*
*ते जना पारमेस्सन्ति, मच्चुधेय्यं सुदुत्तर"न्ति ॥*

अर्थ-- यो संसारमा निर्वाणरूपी नदी पारी पुग्न जाने मानिसहरू स्वल्प मात्र हुन्छन्, अरु बाकी भैरहेका प्रजागण प्राय धेरैजसो नदीको तीरै तीर दगुरी रहन्छन् ।



Downloaded from http://dhamma.digital

जुन व्यक्ति राम्रोसंग बताईराखेको धर्ममा धर्मानुकूल आचरण गर्ने हुन्छन् उनिहरू मात्र अत्यन्त जित्न गाहारो भैरहेको क्लेशमार संख्यामृत्युलाई जितेर निर्वाण रूपी नदी पारी पुग्न जान्छ ।

(पदार्थ-- त्यहाँ *"अप्पका"* भनेको अलिकति मात्र धेरै होइन । *"पारगामिनो"* भनेको निर्वाणरूपी पार जानेहरू । *"अथायं इतरा पजा"* भनेको जुन् बाकि रहेका प्रजाहरू सत्कायरूपी नंदीको तीरमा दगुरी रहन्छन्, त्यस्ता मानिसहरू नै धेरै हुन्छन् भनीराखेको हो । *"धम्मे"* भनेको देशना गरीराखेको धर्ममा । *"धम्मानुवत्तिनो"* भनेको त्यो धर्मको कुरा सुनेर त्यसलाई योग्य रूपले प्रतिपत्ति पूरा गरी मार्ग फल साक्षात्कार गरी धर्मानुसार गएका । *"पार मेस्सन्ति"* भनेको यस्ता मानिसहरू निर्वाणरूपी नदी पारी पुग्न सकिन्छ । *"मच्चु धेय्यं"* भनेको क्लेशमार संख्यामृत्युको घर समान भैरहेको त्रैभूमिक संसार दुःखबाट । *"सु दुत्तर"* भनेको तिनीहरूले धर्म अनुसार प्रतिपत्ति धर्म पूर्ण गरी, तरेर जान अत्यन्त गाहारो भैहेको दुःख कष्ट सहन गरी पार भई जानुपर्ने मृत्युलाई पार गरी निर्वाणको पारी पुग्न जान्छ भनेको हो ।)

धर्मदेशनाको अन्तमा धेरै मानिसहरू स्रोतापत्ति आदि फलमा पुग्न गए ।

धर्म श्रवण गरेको कथा समाप्त भयो ।

........................



Downloaded from http://dhamma.digital

# ११. आगन्तुक पाँचसय भिक्षुहरूको कथा

*"कण्हं धम्मंविप्पहाय"* भन्ने यो धर्मदेशना शास्ता जेतवन महाविहारमा बास गर्नुभएको बेलामा पांचसय आगन्तुक भिक्षुहरूको कारणमा आज्ञा हुनुभएको हो ।

कोशल राष्ट्रमा पांचसय भिक्षुहरू वर्षावास समाप्त गरी शास्ताको दर्शन गर्न भनी जेतवनमा गएर शास्तालाई वन्दना गरी एक छेउमा बसे । शास्ताले तिनीहरूको यात्राको थकान शान्त भैसकेपछि धर्मदेशना गर्नुभई यी गाथा आज्ञा गर्नुभयो--

*"कण्हं धम्मं विप्पहाय, सुक्कं भावेथ पण्डितो ।*
*ओका अनोकमागम्मं, विवेके यत्थ दूरमं ॥*
*तत्राभिरतिमिच्छेय्य, हित्वा कामे अकिञ्चनो ।*
*परियोदपेय्य अत्तानं, चित्तक्लेसेहि पण्डितो ॥*
*येसं सम्बोधियङ्गेसु, सम्मा चित्तं सुभावितं ।*
*आदानपटिनिस्सग्गे, अनुपादाय ये रता ।*
*खीणासवा जुतिमन्तो, ते लोके परिनिब्बुता"ति ॥*

अर्थ-- पण्डित जनहरूले काय दुश्चरित्र आदि कालो धर्मलाई छाडी, काय सुचरित्र आदि सेतो धर्मलाई भावना गर । साक्षात गरी लिन गाहारो भएको आशक्तिबाट अनाशक्त भएर विवेक रूपी निर्वाणलाई हस्तगत गरी लेउ ।

अनाशक्त भएको निर्वाणको इच्छा गर, वस्तुकाम क्लेशकामलाई छाडी क्लेश रहित होउ, पण्डितहरूले आफुलाई चित्तक्लेशबाट मुक्त पारी परिशुद्ध हुन खोज ।

जसले सम्बोधि अङ्गमा आफ्नो चित्त राम्रोसंग भावना गरेको हुन्छ, जो संग्रह नगर्ने, त्याग गर्नेमा लागीरहन्छ, आश्रव



Downloaded from http://dhamma.digital

क्षीण भैसकेका अरहन्त मार्गज्ञान ज्योतिले प्रभावित पारी स्कन्धादि भेद धर्मले चम्कीई रहेका हुन्छन् यस लोकमा त्यस्ता क्षीणाश्रव ज्योति भएका अरहन्तहरू परिनिर्वाण भएर जानेछ ।

(पदार्थ– त्यहां *"कण्हं धम्मं"* भनेको काय दुश्चरित्र आदि प्रभेद अकुशल धर्मलाई छाडी । *"सुक्कं भावेथ"* भनेको पण्डित भिक्षुहरूले घरबाट निस्केदेखि अरहन्त मार्ग सम्म काय सुचरित्र आदि प्रभेद उत्तम शुद्ध धर्म भावना गर्नु पर्दछ । कसो भने ? *"ओका अनेकं आगम्म"* भनेको ओक भनी आशक्तिलाई भनेको हो । अनोक भनेको आशक्तिबाट मुक्त हुनेलाई भनेको हो । आशक्तिबाट निस्केर अनाशक्तरूपी निर्वाण लक्ष गरेर, त्यसलाई प्रार्थना गर्न सक्ने होवोस भनेको हो । *"तत्राभिरतिमिच्छेय्य"* भनेको जुन अनाशक्ति रूपी विवेक= निर्वाणमा यी सत्व प्राणीहरू त्यसमा प्रसन्न भएर रहन्न गाहारो हुनेमा प्रसन्न भएर बस्ने इच्छा गर । *"हित्वा कामे"* भनेको वस्तुकाम, क्लेशकामलाई त्यागेर कोही नभएको केही नभएको भएर, विवेक एकान्तमा लागी रहने इच्छा गर भनेको हो । *"चित्तक्लेसेहि"* भनेको पांच प्रकारका नीवरणले आफुलाई स्वच्छ परिशुद्ध पार भनेको हो । *"सम्बोधि अङ्गेसु"* भनेको स्मृति सम्बोध्यङ्ग आदिमा । *"सम्माचित्तं सुभावितं"* भनेको हेतुको नियमबाट चित्तलाई राम्रोसंग भाविता गरी राख्ने अभिबृद्धि गरी अभ्यास गरी राख्नु हो । *"आदान पटिनिस्सग्गे"* भनेको आदान भनेको ग्रहण गरी लिनेलाई भनिन्छ, त्यसलाई प्रतिनिसर्ग संख्याहरू ग्रहण गरी नलिने, चार प्रकारका उपादानले कुनै एउटा मात्र पनि ग्रहण गरी नलिईकन लीन भई रहनेलाई भनेको हो । *"जुतिमन्तो"* भनेको आनुभाव सम्पन्न भई, अरहन्त मार्गज्ञानको ज्योतिले स्कन्ध आदि भेदधर्म प्रज्वलित गरी रहेकालाई



Downloaded from http://dhamma.digital

भनेको हो । *"ते लोके"* भनेको यस स्कन्ध आदि लोकमा परिनिर्वाण भएकाहरू अरहन्त भाव प्राप्त भएदेखी क्लेशरूपी संसारलाई समाप्त पारीसकेका हुनाले सउपादिशेसबाट पहिलेको चित्त निरोध भैसकेको हुनाले, स्कन्ध संसारलाई समाप्त पारी सकेको हुनाले, अनुपादिशेस भनेको यी दुवैमा पनि तिनीहरू परिनिर्वाण भैसकेको, फेरी एकपटक उत्पन्न नहुने जन्म मरण भावले मुक्त भएको भन्ने अर्थ हो । धर्मदेशनाको अन्तमा धेरै मानिसहरू स्रोतापत्ति आदि फलमा पुग्न गए ।।

**आगन्तुक पाँचसय भिक्षुहरुको कथा समाप्त भयो ।**

**पण्डित वर्ग वर्णन समाप्त भयो ।**

**छैठौं वर्ग समाप्त भयो ।**

................



Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

## धर्मरत्न शाक्य "त्रिशुली" को अन्य प्रकाशित पुस्तकहरू:-

### नेपाल भाषा

१. बुद्धोपदेशित सार संग्रह,
२. चैत्य वन्दना,
३. खुद्दक पाठ (अर्थ सहित),
४. चरिया पिटक,
५. अंगुलिमाल व वया पूर्वकथा,
६. उदान,
७. विपश्यना ध्यान निर्देश, (पद्य),
८. धात्थेंगु बुद्ध वन्दना,
९. भीगु बाजा भीगु संस्कृति (ग्वारा संग्रह),
१०. नमस्कार गाथा,
११. श्रामणेर विजय,
१२. माँ बौया सेवा,
१३. देवधम्म जातक (निको),
१४. सुत्तनिपात पारायण वर्ग,
१५. विश्वन्तर नातक,
१६. प्रचलित दान गाथा (निको),
१७. हिरण्यवर्ण महाविहार संक्षिप्त परिचय,
१८. स्वस्तिवाक्य व मङ्गलाष्टक,
१९. असारपुन्ही छगू लुमन्ति,
२०. सतिपट्ठान अन्तरमुखी ध्यान,
२१. भीगु भाषा शास्त्रीय संगीत,
२२. बौद्ध दर्शनया विकास,
२३. कर्म व उकिया विपाक,
२४. Golden Temple (क्वा:बाहा:),
२५. मध्यममार्ग र सतिपट्ठान देशना,
२६. उपासक परिहानी तथा सद्धर्म चिरस्थायी मज्वीगु कारण,
२७. स्वाक्खात गुण धर्म देशना,
२८. चतुरारक्ख भावना,
२९. शील समाधि प्रज्ञाया सारांश,
३०. भीगु बाजा भीगु संस्कृति निगूगु भाग- (राग, धा:, खिं, नायृखिं, दम: खिंया न्हेगू ताल),
३१. धम्मुद्देस देशना,
३२. जिमिगु म्यानमार (वर्मा) यात्राया संक्षिप्त संस्मरण
३३. भीगु बाजा भीगु संस्कृति स्वंगूगु भाग- (डबडब बाजाया परिचय व उकिया न्हेगू तालया बोल)
३४. विमानवत्थु
३५. अङ्गुत्तर निकाय प्रथम भाग
३६. सुत्तनिपात अट्ठकथाया खग्गविसाण सूत्र वर्णन
३७. भीगु बाजा भीगु संस्कृति प्यंगूगु भाग (मृदङ्गया विभिन्न ताल)
३८. भीगु बाजा भीगु संस्कृति न्यागूगु भाग (न्यकूबाजा, नगडा व द:बाजाया न्हेगू तालया बोल)

### नेपाली भाषा

१. परित्राण (अर्थ सहित),
२. छक्क सूत्र,
३. तीन सूत्र,
४. बुद्धशासनको इतिहास,
५. त्रिशुली बजारको संक्षिप्त परिचय,
६. गार्हस्थ धर्म,
७. विश्वन्तर जातक,
८. परित्राण पाँचौं संस्करण,
९. ज्ञानमाला भजन संग्रह,
१०. विपश्यना ध्यान निर्देश (पद्य),
११. अंगुलिमाल पूर्णाङ्की नाटक,
१२. उदान,
१३. मङ्गल र पराभव,
१४. स्तुति तथा भजन संग्रह,
१५. आमा बाबुको सेवा,
१६. बौद्ध संस्कार पद्धति,
१७. त्रिरत्न वन्दना,
१८. शाक्यराजधानी कपिलवस्तु,
१९. धर्मचक्र सूत्र (अर्थ सहित),
२०. जातक माला
२१. परित्राण सातौं संस्करण-(शब्दार्थ सहित),
२२. विश्वमा बुद्धधर्म
२३. पच्चय उद्देस निद्देस पट्ठान (पालि अर्थ स
२४. चतुरार्यसत्य स्मृतिप्रस्थान र सप्तत्रिंस बोधिपक्षिक धर्मको संक्षिप्त परिचय
२५. धम्मपदट्ठकथा (दोश्रो)
२६. श्रामणेर विनय
२७. परित्राण (एघारौं संस्करण)
२८. धम्मपदट्ठकथा तेश्रो भाग (तपाईंकै हातमा)

Downloaded from http://dhamma.digital